# सामाजिक परीक्षण प्रतिवेदन




**उर्लाबारी नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**आइतबारे, मोरङ**

**कोशी प्रदेश, नेपाल**

## आ. व. ०८१/०८२

# उर्लाबारी नगरपालिकाको सामाजिक परिक्षण प्रतिवेदन

# Social Audit Report of Urlabari Municipality

**परामर्शदाता**

**श्री पकली टेक्नोलोजी इन्स्टिटच्युट प्रा.लि.**

**इटहरी, सुनसरी**

# परिच्छेद - एक
# अध्ययनको पृष्ठभुमि, परिचय

## १.१ अध्ययनको पृष्ठभूमि, परिचय

नेपालको संविधान २०७२ ले सङ्घीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको व्यवस्था गरेको छ। नेपालको राज्यशक्तिको प्रयोग यी तीन तहहरूले संविधान तथा कानूनबमोजिम कार्य गर्ने व्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन गर्ने अधिकार दिएको छ। स्थानीय सरकार जनताको घरदैलोमा सेवा दिने निकटतम प्रशासनिक तह (निकाय) हो। अधिकार र जिम्मेवारीले सम्पन्न स्थानीय सरकारको संस्थागत विकास र अनुशासन अनिवार्य पक्ष हुन्।

सुशासनका विभिन्न आयामहरूमध्ये जनताप्रति सरकार पक्षको जवाफदेहिता एक महत्त्वपूर्ण तत्व हो। जवाफदेहिताका विभिन्न संयन्त्रहरूमध्ये सामाजिक परीक्षण पनि एक महत्त्वपूर्ण सूचक हो। नगरपालिकाको आर्थिक वर्ष समाप्त भएपछि वर्षभरिका कामहरूको सामाजिक लेखाजोखा गर्न सामाजिक परीक्षण गरिन्छ। यस कार्यका लागि संविधान र ऐनले स्थानीय तहहरू (जस्तै, जिल्ला समन्वय समिति र नगरपालिका/गाउँपालिका) लाई स्पष्ट जिम्मेवारी प्रदान गरेको छ।

नेपाल सरकारले लक्षित समुदायहरूको समग्र विकासका लागि स्थानीय तहलाई अनुदान उपलब्ध गराउँदै आएको छ। यसका लागि विशेष बजेटको समेत व्यवस्था गरिएको छ। विगतका वर्षहरूमा स्थानीय तहको अनुदान रकम क्रमशः वृद्धि हुँदै आएको छ, जसले स्थानीय तहलाई थप जिम्मेवार र उत्तरदायी बनाएको छ। जनतासँग प्रत्यक्ष रूपमा नजिक रहेर सेवा प्रवाह गर्ने संस्था भएकाले स्थानीय तहसँग जनताका इच्छा-आकांक्षाहरू बढ्नु स्वाभाविक हो।

स्थानीय तहहरूको काम कारवाहीमा पारदर्शिता र सेवाग्राहीप्रति जवाफदेहिता अभिवृद्धि गर्न नेपाल सरकारले विभिन्न नीतिहरू अवलम्बन गर्दै आएको छ। स्थानीय स्तरमा गरिएका कामहरूको सामाजिक उत्तरदायित्व बहन गर्नका लागि अपनाइएका विधिहरूमध्ये सामाजिक परीक्षण एक महत्त्वपूर्ण प्रक्रिया हो।

सामाजिक परीक्षणको मुख्य उद्देश्य भनेको स्थानीय तहका योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक तथा सामाजिक विकासमा पुऱ्याएको समग्र योगदानको लेखाजोखा, विश्लेषण, र मूल्याङ्कन गर्नु हो। यस कार्यलाई व्यवस्थित रूपमा सम्पन्न गर्न नेपाल सरकारले न्यूनतम शर्त र कार्यसम्पादन मापनका सूचकहरूमा सामाजिक परीक्षणलाई समावेश गरेको छ। यसले गर्दा स्थानीय तहहरूले आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिकभित्र सामाजिक परीक्षण गर्नुपर्ने अनिवार्य व्यवस्था लागू गरेको छ।

सामाजिक परीक्षणको अन्तिम प्रतिवेदनमा छलफलमा उठेका सवालहरूको जवाफ पनि समेट्नुपर्ने हुन्छ। यस प्रतिवेदनलाई स्थानीय तहको योजना तर्जुमा, सामाजिक तथा जनसङ्ख्या समिति र परिषदमा पेश गरिन्छ। सामाजिक परीक्षण कार्यविधिको प्रभावकारी कार्यान्वयनले सामाजिक विकासका दायित्व पूरा गर्न र भविष्यका

रणनीति तथा योजनाहरू तयार गर्न ठोस आधार प्रदान गर्छ । यसले स्थानीय तहलाई थप सुदृढ र प्रभावकारी बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याउँछ ।

### १.२ सामाजिक परिक्षणका उद्देश्यहरू

एक आर्थिक वर्षमा नगरपालिकाका समग्र सामाजिक उत्तरदायित्व परीक्षण (लेखाजोखा) गर्नु यस सामाजिक परीक्षणको मुख्य उद्देश्य हो । सामाजिक परीक्षणका सैद्धान्तिक र व्यावहारिक पक्षलाई समेट्दै नगरपालिकालाई ऐन र नियमले तोकेको सामाजिक जिम्मेवारीअनुसार सञ्चालित कार्यक्रम र योजनाले ल्याएको सामाजिक उपलब्धि , र सामाजिक जिम्मेवारी वहन गर्न सक्ने संस्थागत क्षमता आदिको लेखाजोखा गर्नु यसको केन्द्रबिन्दु हुनेछ । यस कार्यक्रमका उद्देश्यहरू निम्नानुसार रहेका छन्:

- उर्लाबारी नगरपालिकाको एक आर्थिक वर्षमा समग्र सामाजिक उत्तरदायित्व परीक्षण (लेखाजोखा) गर्नुका साथै नगरपालिकालाई ऐन र नियमले तोकेको सामाजिक जिम्मेवारी, नगरपालिकाको नीति, योजना र सोअनुसार सञ्चालित कार्यक्रम, सामाजिक उपलब्धि  र सामाजिक जिम्मेवारी वहन गर्न सक्ने संस्थागत क्षमता आदिको लेखाजोखा गर्नु,
- नगरपालिकाको आगामी कार्यदिशा वा कार्यक्रमहरूको पहिचानका लागि सहज बनाउनु ।

### १.३  सामाजिक परीक्षण अध्ययनका विधिहरू

सामाजिक परिक्षण गर्दा अनुसन्धानात्मक ढङगबाट देहाय बमोजिमका विधि तथा क्रियाकलापहरूको प्रयोगद्वारा सञ्चालन गरियो ।

#### क. सरोकारवाला व्यक्तिहरूसँग अभिमुखीकरण कार्यक्रम

कार्यक्रम सञ्चालनपश्चात् मिति २०८२/१०/१५ गतेका दिन उर्लाबारी नगरपालिकाका पदाधिकारीहरू (प्रमुख, उपप्रमुख) सहित प्रमुख प्रशासकीय अधिकृत, सम्पूर्ण वडाका वडा अध्यक्षहरूका प्रत्येक शाखाका शाखा प्रमुखहरूलाई कार्यक्रमबारे १ दिने अभिमुखीकरण सञ्चालन गरियो । (यस कार्यक्रमको उपस्थिति माईन्युट र फोटोहरू अनुसूची १ र अनुसूची २ मा राखिएको छ)

#### ख. सन्दर्भ सामग्री समीक्षा र अध्ययन :

- स्थानीय तहसम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू
- स्थानीय तहको सामाजिक जिम्मेवारी, लक्ष्य उद्देश्य
- उर्लाबारी नगरपालिकाको आवधिक तथा वार्षिक योजना विषयगत शाखाहरूको समेत
- सामाजिक उपलब्धि , कार्य सम्पादन परिणाम र प्रभावसम्बन्धी अभिलेख तथा सूचनाहरू

- नगरपालिकाको आवधिक योजना, मध्यकालीन खर्च संरचना
- वार्षिक नीति र कार्यक्रम
- नगरपालिकाको पार्शचित्र (प्रोफाइल)
- वार्षिक प्रतिवेदनहरू तथा यस वर्षका चौमाषिक प्रतिवेदनहरू
- उर्लाबारी नगरपालिकाको नागरिक वडापत्र
- सामाजिक परिक्षण कार्यविधि
- उर्लाबारी नगरपालिकाको स्थानीय पाठ्यक्रम (१-८)
- नगरपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M)
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन
- उर्लाबारी नगरपालिकाको बालबालिकासम्बन्धी स्थिति प्रतिवेदन
- उर्लाबारी नगरपालिकाको रोजगार रणनीति योजना
- सामाजिक परिक्षण  कार्यविधि अनुसूची २ र ३ फारम
- स्थलगत अध्ययन तथा अवलोकन, परामर्श र छलफल

### ग. अन्तर्वार्ता र समूह छलफल :

नगरपालिकाका पदाधिकारीहरू (प्रमुख, उपप्रमुख) सहित प्रमुख प्रशासकीय अधिकृत, महाशाखा तथा शाखा प्रमुख, प्रयेक वडाका वडा वडा अध्यक्ष तथा वडा सचिवहरू, आयोजना क्षेत्रभित्रका व्यक्तिहरूसँग अन्तर्वार्ता तथा छलफल गरी गरिएको थियो । अन्तर्वार्ता तथा छलफलबाट गत आ.ब.मा भएका योजनाहरूको विवरण लिने तथा योजना सञ्चालनका प्रमुख समस्या, चुनौती, तिनीहरूको सम्पादनको अवस्था र भावी कार्य, दिशाका बारे गहन अध्ययन गरी अन्तिम प्रतिवेदन तयार गरिएको छ ।

### घ. प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल :

प्रारम्भिक प्रतिवेदन छलफल गर्दा देहायअनुसारको शीर्षकमा केन्द्रीकृत रही सम्पन्न गरियो :

- सामाजिक परीक्षणका निष्कर्षहरू
- सामाजिक परीक्षणले औँल्याएका सवालहरू
- सवालहरूको प्राथमिकीकरण

- यी सवालहरूलाई सम्बोधन गर्ने प्रतिवद्धता र सीमा
- सामाजिक प्रतिवेदनले समेट्न नसकेका विषयवस्तु
- सुझावहरू

### ङ. प्रतिवेदन तयारी :

छलफलमा उठेको सुझाव तथा निर्णयहरू र कार्य योजनासहित अन्तिम प्रतिवदेन तयार गरिएको छ। विषयगत कार्यालयहरू र नगरपालिकाको वार्षिक योजनामा समावेश भएका कुराहरूलाई समेत अन्तिम प्रतिवेदनमा समावेश गरिएको छ।

## १.४ सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन र प्रस्तुतिको तयारी :

मिति २०८२/१२/११ गतेका दिन उर्लाबारी नगरपालिकाको कार्यालय, शाखा कार्यालय तथा सरोकारवाला व्यक्ति र उपभोक्ता प्रतिनिधिहरूसँग अन्तरक्रिया गरी निर्देशिकाको अनुसूची २ र ३ अनुसारको सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन तयार गरिएको थियो । सो प्रतिवेदन प्रस्तुतिका क्रममा उपस्थित नगरपालिकाका पदाधिकारीहरू, कर्मचारीहरू, सरोकारवालाहरू आदिसँग अन्तरक्रियाका लागि आह्वान गरिएको थियो । उनीहरूको प्राप्त सुझावहरूलाई आधार मानी अन्तिम प्रतिवेदन तयार पारिएको छ।

## १.५ प्रारम्भिक प्रतिवेदन प्रस्तुति कार्यक्रम सञ्चालन विधि

निर्देशिकाले तोकेबमोजिम सामाजिक परीक्षणको क्रममा अनुसूची २ र ३ बमोजिमको ढाँचामा तयार गरिएको विवरण प्रस्तुत गरिएको थियो। कार्यक्रममा प्रारम्भिक प्रतिवेदन प्रस्तुत भएपछि कार्यक्रमका सहभागीहरूले उक्त प्रतिवेदन माथि छलफलका माध्यमबाट तथा लिखित रूपमा प्रतिक्रिया तथा सुझाव दिएका र उक्त सुझावहरू सङ्कलन गरिको थियो।

- नगरपालिकाले गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेको प्रभाव,
- नगरपालिकाले गरेका विकास योजनाहरूमा जन सहभागिताको स्थिति,
- नगरपालिकाले समयमा सेवा सुविधा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरू,
- नगरपालिकाको तर्फबाट पेश गरेको विवरण प्रतिको विश्वसनीयता
- नगरपालिकाले बालबालिका, महिला, दलित, जनजाति, गरिब, जेष्ठ नागरिक तथा पिछडिएका वर्गलाई मूलधारमा ल्याउन गरेका प्रयासहरूको प्रभावकारिता,
- नगरपालिकाले दिएको सेवाको गुणस्तर दस्तुर सेवा दिन लगाएको समय र व्यय सम्पादनको स्तर,

- सामाजिक उत्तरदायित्व पूरा गर्न नगरपालिकाको वर्तमान कार्य शैलीमा सुधार ल्याउन प्राप्त सुझावहरू ।

सहभागीले राखेका जिज्ञासा तथा विचारमा थप स्पष्ट पार्ने प्रयास गरिएको थियो । साथै सामाजिक परीक्षण कार्यक्रममा उठेका विषयवस्तुहरूको आधारमा सार सङ्क्षेप तयार पारिनुका साथै कार्यक्रममा उठेका विषयवस्तुको टिपोट गरिएको थियो ।

## १.६ सामाजिक परीक्षण आचारसंहिता

सामाजिक परीक्षण प्रतिवदेन कार्यक्रममा उपस्थित आयोजक, सहजकर्ता तथा सहभागीहरूले निम्नाअनुसारका आचारसंहिता पालना गर्नुपर्ने कुराहरूको अवगत गराई प्रतिवदेन प्रस्तुत गरिएको थियो ।

- विषयवस्तुमा मात्र केन्द्रित रही छलफल गर्ने तथा तथ्य र सूचनाका आधारमा रहि विचार राख्ने ।
- नीजि र व्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा व्यक्तिगत आक्षेप नलगाउने ।
- सहभागीहरूले व्यक्त गरेका विचारमा प्रतिवाद नगर्ने, प्राप्त सुझाव र टिप्पणीलाई सकारात्मक रूपमा लिने।
- व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचारलाई कायम राख्ने ।
- सहभागीहरूलाई विचार राख्न प्रोत्साहन गर्ने र विचारका लागि धन्यवाद दिने ।
- सामाजिक परीक्षकले बोल्ने समय दिएपछि मात्र सहभागीहरूले आफ्नो कुराहरू राख्ने ।
- बोल्दा पालै पालो बोल्ने र एउटा व्यक्तिले एकपटक मात्र बोल्ने । आफ्नो कुरालाई छोटकरीमा स्पष्ट रूपमा राख्ने र बीचमा अर्काको कुरा नकाट्ने ।

# परिच्छेद - दुई

## उर्लाबारी नगरपालिकाको परिचय

### २.१ उर्लाबारी नगरपालिकाको स्थापना र नामाकरणः

उर्लाबारी नगरपालिका कोशी प्रदेशको मोरङ जिल्लामा अवस्थित एक रमणीय नगरपालिका हो । यो नगरपालिका जिल्लाको सदरमुकाम विराटनगरबाट ५५ कि.मि. पूर्वीमा रहेको छ। वि. सं. २०७१।०१।२५ गतेको निणर्यानुसार घोषणा भएपश्चात् नेपाल सरकारको मिति २०७३।११।२७ को पुर्नसरचनाको निर्णयानुसार साविक उर्लाबारी नगरपालिकामा साविक राजघाट गा.वि.स. र साविक मधुमल्ला गा.वि.स.को ७, ८ र ९ समायोजन भई उर्लाबारी नगरपालिका निर्माण भएको हो।

मोरङ जिल्लाकै नमूना नगरको रूपमा परिचिति उन्मुख रहेको यस नगरपालिकाको पूर्वमा झापा जिल्लाको दमक नगरपालिका, पश्चिम क्षेत्रमा पथरीशनिश्चरे नगरपालिका र लेटाङ नगरपालिका, उत्तरमा मिक्लाजुङ गाउँपालिका र दक्षिणमा रतुवामाई नगरपालिकासँग सीमाना जोडिएको छ । यस नगरपालिकाको क्षेत्रफल भने ७४.६२ वर्ग कि.मि. रहेको छ। समुन्द्री सतहबाट २६.६७ डिग्री उत्तरी अक्षांश तथा ८७.६१ डिग्री पूर्वी देशान्तर भूभागमा यस नगरपालिका अवस्थित रहेको पाइन्छ। यस नगरमा करिव ७०,६०५ जनसङ्ख्यामध्ये ५१.१३ प्रतिशत महिला र ४८.८७ प्रतिशत पुरूष सहित १३७६१ घरधुरी रहेको पाइन्छ। अधिकांश भू-भाग खेतीयोग्य जमिन भए तापनि बढ्दो शहरीकरणले यस क्षेत्रको विकासमा व्यवस्थित योजना बनाई कार्य गर्नुपर्ने देखिएको छ। सन्थाल भाषाका दुई शब्दहरू उर्ला (बाघ) र वाडि (ठाउँ) अथवा बाघ बस्ने ठाउँको रूपमा परिचित पुरानो जङ्गल क्षेत्र क्रमिक रूपमा मानिसको बसोवास वृद्धिसँगै नगर क्षेत्रको रूपमा विकसित भएको मान्न सकिन्छ। उर्लाबारी चौकदेखि उत्तर मधुमल्ला हुँदै पाँचथरको रविसम्म जाने बाटो एवं दक्षिणतर्फ सिधा सदरमुकाम पुग्ने वैकल्पिक सडक भएबाट पनि यसको विकासको सम्भावना प्रचुर मात्रामा देख्न पाइन्छ। बेतिनी सिमसार, बुढा ठाकुर, लामपाते सिमसार हुनु र यसको प्रबर्धनमा नगरपालिका र स्थानीय स्तरमा भएको प्रयासले उर्लाबारी नगरपालिले पर्यटन विकासमा बढी मात्रामा सम्भावना बोकेको देखिन्छ।

### २.२ राजनैतिक तथा प्रशासनिक केन्द्र


संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले गठन गरेको गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको सङ्ख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३ पुस २२ मा पेश गरेको प्रतिवेदन अनुसार संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२७ मा देहायबमोजिम प्रशासकीय हिसाबमा

यस नगरपालिकाका तत्कालीन् मधुमल्ला, राजघाट र उर्लाबारी नगरपालिकालाई समेटेर यो नगरपालिका निर्माण गरिएको हो जुन वडागत रूपमा निम्नानुसार रहेको छ।

***तालिका नं.१: उर्लाबारी नगरपालिकाको राजनीतिक तथा प्रशासनिक विभाजन***

| **वडा. नं** | **समावेश भएका गा.वि. स. तथा न.पा.** | **साविक वडा नं** | **वडा कार्यालयमा रहेका मुख्य बस्तीहरू** |
|---|---|---|---|
| १ | मधुमल्ला | ७, ८ र ९ | झारसाँदी |
| २ | उर्लाबारी | ७, ८ र ९ | कटहरे |
| ३ | उर्लाबारी | ६ | थापाचोक |
| ४ | उर्लाबारी | १ र ५ | उर्लाबारी |
| ५ | उर्लाबारी | २ | शान्ती मार्ग |
| ६ | उर्लाबारी | ३ | जनपथ चौक |
| ७ | उर्लाबारी | ४ | पशुपती मार्ग |
| ८ | राजघाट | १,२,३,४ र ९ | दुर्गापुरी |
| ९ | राजघाट | ५, ६, ७ र ८ | राजघाट, कुलझोडा |

***श्रोत: उर्लाबारी नगरपालिकाको वस्तुस्थिति विवरण २०७६***




*नक्सा १: उर्लाबारी नगरपालिकाको वडा विभाजन*

## २.३ जनसङ्ख्याको विवरणः

नेपालमा जनसङ्ख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै नगरस्तरमा घरधुरी तथ्याङ्क सङ्कलनमार्फत समेत प्राप्त हुने गरेको छ । तथापि उर्लाबारी नगरपालिकाको वस्तुस्थिति विवरण २०७६ को आधारमा जनसङ्ख्याका विविध पक्षहरूको विश्लेषण यसप्रकार गरिएको छ।

***तालिका नं.२: उर्लाबारी नगरपालिकाको जनसाङ्ख्यिक विवरण***

| **विवरण** | **वि.स.२०७६** | **राष्ट्रिय जनगणना २०७८** |
|---|---|---|
| जम्मा जनसङ्ख्या | ७०,६०५ | ७०,९०८।- |
| पुरूष | ३४,४९८ | ३३३५६।- |
| महिला | ३६,०९२ | ३७,७५२।- |
| तेस्रो लिङ्गि | १५ | - |
| जम्मा घरधुरी | १३,७६१ | १७,६५०।- |
| औषत घरधुरी आकार | ४.०२ | ४.३७ प्रति घरधुरी |
| जनघनत्व (प्रतिवर्ग कि.मी.) | ९४६।२५ | |
| कुल साक्षरता | ८४.८ % | |
| अपाङ्गताको जनसंख्या | ६८५ (०.९७%) | |
| वैदेशिक रोजगारमा गएको जनसङ्ख्या | ७५४३ | |

*श्रोत : उर्लाबारी नगरपालिकाको वस्तुस्थिति विवरण २०७६ तथा राष्ट्रिय जनगणना २०७८*

## २.४ उर्लाबारी नगरपालिकाको जनसङ्ख्या र जातजातिको विवरणः

उर्लाबारी नगरपालिकामा विभिन्न जातजातिका र समुदायका मानिसहरूको बसोबास रहेको देखिन्छ । यस नगरपालिकाभित्र रहेका विभिन्न जात जाति तथा भाषा समुदायका मानिसहरूको विवरण यसप्रकार रहेको छ।

**तालिका नं.३ : उर्लाबारी नगरपालिकाको जनसङ्ख्या र जातजातिको विवरण**

| **क्र.स.** | **भाषा** | **जम्मा** | **प्रतिशत** | **क्र.स.** | **भाषा** | **जम्मा** | **प्रतिशत** |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाली | ५०,०७५ | ७०.९२ | ११ | गुरूङ | २५७ | ०.३६ |
| २ | लिम्बू | ४१३२ | ५.८५ | १२ | थारू | ३१४ | ०.४४ |

| क्र.स. | भाषा | जम्मा | प्रतिशत | क्र.स. | भाषा | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ३ | धिमाल | ४११६ | ५.८३ | १३ | हिन्दी | ३१७ | ०.४५ |
| ४ | नेवार | २८१२ | ३.९८ | १४ | राजवंशी | २११ | ०.३० |
| ५ | राई | २४०० | ३.४० | १५ | मैथिली | ३९७ | ०.५६ |
| ६ | तामाङ | २६१४ | ३.७० | १६ | उर्दु | ४० | ०.०६ |
| ७ | मगर | १२४२ | १.७६ | १७ | राजस्थानी | १७ | ०.०२ |
| ८ | माझी | ४३९ | ०.६२ | १८ | कुमाल | ५७ | ०.०८ |
| ९ | सन्थाल | ५३७ | ०.७६ | १९ | शर्पा | ३० | ०.०४ |
| १० | दनुवार | ५४१ | ०.७७ | १५ | बंगाली | ५७ | ०.०८ |

*श्रोत: उर्लाबारी नगरपालिकाको वस्तुस्थिति विवरण २०७६*

## २.५ उर्लाबारी नगरपालिकाको वडागत जनसङ्ख्याको वितरण:

उर्लाबारी नगरपालिकाको वस्तुस्थिति विवरण २०७६ अनुसार उर्लाबारी नगरपालिकाको जम्मा जनसङ्ख्या ७०,६०५ जनामध्ये वडा नं १ मा सबैभन्दा बढी १०२४६ जना जनसङ्ख्याको बसोबार रहेको छ । जसमा महिलाको जनसङ्ख्या ५३८४ जना र पुरूषको सङ्ख्या ४८६२ जना रहेको छ। दोस्रो ठूलो जनसङ्ख्या भएको वडा ८ नं. रहेको छ। जसमा महिला ४८११ र पुरूष ४८४० गरी जम्मा ९६५२ रहेको छ। त्यसै गरी उर्लाबारी नगरपालिकाको सबैभन्दा कम जनसङ्ख्या भएको वडा वडा नं. ५ रहेको छ जसमा महिला २७८६ जना पुरूष २७६९ जना गरी जम्मा ५५५५ जना रहेको छ। जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं.४ : उर्लाबारी नगरपालिकाको वडागत जनसङ्ख्याको वितरण**

| वडा नं. | घरधुरी सङ्ख्या | जनसङ्ख्या | | | औषत घरधुरी | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | जम्मा | | |
| १ | २१९० | ४१६१ | ४६४३ | ८८०४ | ४.०२ | ८९.६२ |
| २ | २१०१ | ३९५५ | ४४५८ | ८४१३ | ४.०० | ८८.७२ |
| ३ | १९०२ | ३४८६ | ३८१६ | ७३०२ | ३.८४ | ९१.३५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | २४४८ | ४६२१ | ५१६९ | ९७९० | ४.०० | ८९.४० |
| ५ | १३९० | २५६६ | २९६९ | ५५३५ | ३.९८ | ८६.४३ |
| ६ | १४४० | २६४९ | ३०२१ | ५६७० | ३.९४ | ८७.६९ |
| ७ | २६०० | ५०६८ | ५६५१ | १०७१९ | ४.१२ | ८९.६८ |
| ८ | १९५५ | ३६३९ | ४२१२ | ७८५१ | ४.०२ | ८६.४० |
| ९ | १६२४ | ३२११ | ३६१३ | ६८२४ | ४.२० | ८८.८७ |
| **जम्मा** | **१७६५०** | **३३३५६** | **३७५५२** | **७०९०८** | **४.०२** | **८८.८३** |

**श्रोतः राष्ट्रिय जनगणना-२०७८, नगर पार्शचित्र २०७६**

## २.६ नगरपालिकाको धार्मिक महत्व, अवसर र सम्भावना

उर्लाबारी नगरपालिका प्रमुखको प्रमुख दायित्वमा नगर विकासको विद्यमान स्थितिको चित्रण गर्नु, नगर विकासका सरोकारवाला र साझेदार निकायहरू (सरकारी, निजी, गैरसरकारी, र नागरिक) बीच समन्वय, सहकार्य र साझेदारी विकास गर्नु, स्थानीय र बाह्य श्रोत साधनको पहिचान र परिचालन गर्नु, नगरपालिकाका विकासका आवश्यकता र सम्भावनाका आधारमा रणनीति र वार्षिक योजना तर्जुमा गर्नु, स्वीकृत कार्यक्रम र आयोजनाको प्रभावकारी कार्यान्वयन गर्नु गराउनु, र आयोजना तथा कार्यक्रमको नतिजामूलक अनुगमन र मूल्याङ्कन गर्नका लागि नेतृत्व गर्नु आवश्यक देखिन्छ।

भौगोलिक रूपमा समुन्द्री सतहबाट ११६ मि. देखि १६४ मि. उचाईसम्म फैलिएको यो नगरपालिका तराई मैदान र आवादी क्षेत्र भएकोले यस क्षेत्रमा केही जङ्गल र सिमसार क्षेत्रहरू रहेको पाइन्छ। यहाँको केही भागमा धार्मिक तथा ऐतिहासिक सङग्रालयहरू पाउन सकिन्छ। उष्ण मनसुनी हावापानीको असर पर्ने यस क्षेत्रमा उत्तरतर्फ भन्दा दक्षिणतर्फ तापक्रम बढी हुने गर्दछ। प्राकृतिक सम्पदा र भौगोलिक दृष्टिले महत्त्वपूर्ण स्थानमा अवस्थित यो नगरपालिका मोरङ जिल्लाको बिराटनगर पछिको दोस्रो ठूलो शहर हो। नदीनाला तथा केही स्थानमा पानीको श्रोत रहेको यो नगरपालिकाको अधिकांश भू-भाग पछिल्लो समय शहरीकरण हुँदै गइरहे पनि उर्लाबारी बजार क्षेत्रभन्दा बाहिरको भू-भाग भने कृषि र पशुपालनका लागि पनि उत्तिकै महत्वपूर्ण रहेको पाइन्छ। साथै कृषि, नगदेबाली र पशुपन्छी पालनका लागि उपयोगी रहेको यो नगरपालिका उद्योग, कृषि र पशुपन्छी उत्पादन र व्यवसायका लागि प्रचुर सम्भावना रहेको देखिन्छ।

उर्लाबारी नगरपालिकामा धार्मिक तथा पर्यटकीय महत्त्वका स्थानहरू पनि प्रशस्त छन् वेतनि सिमसार क्षेत्र, सङ्ग्रहालय तथा धिमाल जातिको संस्कृतिले यस नगरको आफ्नै विशिष्टता ओगटेको छ। जसमा अन्य विभिन्न सिमसार क्षेत्रहरूले यस नगरपालिकाको प्राकृतिक सुन्दरतालाई टेवा पुऱ्याइरहेको छ। श्री नवनाथ चौरासिद्ध गुरूगोरक्ष, धिमाल जातीय विकास केन्द्र, राम जानकी मन्दिर, वराह वराही मन्दिर, दुर्गा मन्दिर, सत्यनारायण मन्दिर, महारूद्र शिव मन्दिर, किराँत राई यायोख्या, साङ्गके छेमोलिङ्ग गुम्बा, ॐ शान्ति पाठशाला, विन्दावासिनी मन्दिर, सोमलिंग शिव मन्दिर, लक्ष्मी नारायण मन्दिर, शिवालय मन्दिर, सोमनाथ शिवालय मन्दिर, नेपाल बौद्ध गुम्बा, पूर्वाञ्चल बौद्ध गुम्बा, ॐ शान्ति भवन, मगर गुम्बा, ज्येष्ठ नागरीक मिलन चौतारी, किराँत राई यायोख्या, महारूद्र शिवालय मन्दिर, शिद्धेश्वर शिव वावा धाम, गुरू गोरखनाथ मन्दिर, तमु बौद्ध गुम्बा, आम्मा नन्द मिड्सो माहीम, किराँत, कृष्ण मन्दिर, धिमाल विकास केन्द्र, सिद्धेश्वर धाम, ढुंगाना प्रतिष्ठान, तामाङहरूको गुम्बा, गणेश मन्दिर, दुर्गा मन्दिर, बौद्ध विहार, राधाकृष्ण मन्दिर, शिवालय मन्दिर, हनुमान मन्दिर, देवदाग मन्दिर, नागेश्वर शिव मन्दिर, गणेश मन्दिर, काली मन्दिर, सिद्धेश्वर मन्दिर, सत्सङ्ग भवन, राधा कृष्ण मन्दिर, मस्जिद, चर्च, शिवालय मन्दिर, सिंह काली मन्दिर, दुर्गा मन्दिर, जाल्पादेवि मन्दिर, किराँत याक्थुङ चुम्लुङ्ग, चर्चहरू यस क्षेत्रका धर्मिक तथा पर्यटकीय महत्त्वका स्थानका रूपमा विकास हुदैँ गएका छन्।

उर्लाबारी नगरपालिकामा यातायातको सञ्जाल राम्रोसँग जोडिएको छ। उर्लाबारी बजारसँगै पूर्व-पश्चिम महेन्द्र राजमार्ग अस्थित छ। यहाँ कृषि, पशु र अन्य उत्पादनहरूको तत्काल निकासी गर्न सकिने भएकाले बाह्य बजार सञ्जालसँग सीधा सम्बन्ध राख्न सकिन्छ। यसले व्यावसायिक र व्यापारिक सम्भावनालाई प्रोत्साहन दिएको छ।

## २.७ नगरपालिकाको आर्थिक, सामाजिक तथा भौगोलिक अवस्था

मोरङ जिल्लाकै नमूना नगरको रूपमा परिचिति रहेको यस नगरपालिकाको पूर्वमा झापा जिल्लाको दमक नगरपालिका, पश्चिम क्षेत्रमा पथरीशनिश्चरे नगरपालिका र लेटाङ नगरपालिका, उत्तरमा मिक्लाजुङ्ग गाउँपालिका र दक्षिणमा रतुवामाई नगरपालिकासँग सीमाना जोडिएको छ। यस नगरपालिकाको क्षेत्रफल ७४.६२ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ।

उर्लाबारी नगरपालिका तराईको मैदान आवादी क्षेत्र हो, जसले कृषि र पशुपालनका लागि उपयुक्त हावापानी प्रदान गर्दछ। यस नगरपालिकाको कुल भू-भागको ७८.१५ प्रतिशत जमिन खेतीयोग्य रहेको देखिन्छ त्यस्तै गरी आवासीय क्षेत्रले करिब ६.९ प्रतिशत भू-भाग, खोला नालाले ९.४ प्रतिशत भू-भाग तथा बाटो तथा सार्वजनिक क्षेत्रले २.९५ प्रतिशत भू-भाग अगटेको छ। केही स्थानमा सिचाइ सुविधाको राम्रो उपलब्ध रहेको तथा ५० प्रतिशत (६००२) घरधुरी मानिस अहिले पनि धान उत्पादन गरिरहेका छन् भने अधिकांश मानिसहरू पशुपन्छी

पालनमा निर्भर रहेका छन्, तर पनि यस पालिकामा कृषिको आधुनिकीरण र व्यवसायीकरणको प्रक्रिया अझै भइरहेको छैन।

यो नगरपालिका तराई क्षेत्रका विभिन्न ठूला शहरहरूलाई जोड्ने एक महत्त्वपूर्ण सङ्गम स्थलको रूपमा रहेको छ। उर्लाबारी बजार उद्योग, कृषि तथा पशुपन्छीको व्यापारिक हब तथा व्यापारिक नाकाको रूपमा कार्य गर्न तथा यस क्षेत्रबाट पहाड र तराईका साथै अन्य बजारहरूमा सामान निकासी र पैठारी गर्न सकिने बजारको रूपमा विकास हुँदै गएको छ।

यहाँका स्थानीय बासिन्दाहरू परम्परागत व्यवसायबाट केही हदसम्म भएपनि नगदे कृषि बालीमा आकर्षित हुँदै गएका छन् । यहाँका प्रमुख नगदे उत्पादनहरू तरकारी, मुसुरो, तोरी, सिमी, आलु, बन्दा, सुपारी तथा पशुपन्क्षीहरूमा कुखुरा, बाख्रा, खसी, राँगा, गाई, गोरू, वंगुर आदि व्यवसायिक रूपमा गर्दै आएका छन्। यस नगरपालिका क्षेत्रका विभिन्न स्थानहरू पर्यटनको लागि उपयुक्त रहेकोले, पर्यटन क्षेत्रको विकासले नगरबासीहरूको आर्थिक समृद्धि ल्याउन सक्ने सम्भावना छ। नगरपालिका क्षेत्रमा वनजङ्गल, रूख विरूवा र जीवजन्तुको आरक्षण स्थल निर्माण गरी यहाँका प्राकृतिक स्थानहरू, धार्मिक र सांस्कृतिक सम्पदाहरू पनि पर्यटकीय दृष्टिले महत्त्वपूर्ण छन्। यहाँका धार्मिक ऐतिहाँसिक स्थलहरू तथा होमस्टेहरू दृष्यावलोकन गर्नका साथै मनोरन्जनका दृष्टिले समेत उपयुक्त रहेका छन्। यी पर्यटकीय स्थलहरूको विकास र प्रवर्द्धन गर्न पूर्वाधार विकास, व्यवस्थापन र बजारीकरणका कार्यहरूलाई प्राथमिकता दिनुपर्ने आवश्यकता देखिन्छ । यदि यी स्थानहरूको सही योजना र विकास गरियो भने, उर्लाबारीबासीको समृद्धिमा महत्त्वपूर्ण योगदान पुर्याउँछ।

## २.८ नगरपालिकाको अन्तर गाउँपालिका/नगरपालिकासँग सम्बन्ध :

नगरपालिकाहरू बीच सम्बन्ध विभिन्न प्रकारका र फरक-फरक प्रकृतिका हुन सक्छन्, जसमा दूरी र परिमाणका आधारमा भिन्नताहरू पाइन्छ। यी सम्बन्धहरू प्रायः मानव विकासका लागि अत्यन्त महत्त्वपूर्ण हुन्छन्, जहाँ आवत-जावत, श्रोत र साधनको परिचालन, र एक स्थानबाट अर्को स्थानमा निर्भरता हुने अवस्था व्याप्त हुन्छ। नगरपालिकाहरू बीचको अन्तरनिर्भरता धेरै क्षेत्रहरूमा देखिन्छ, जसमा यातायात, बसाइसराई, कृषि तथा पशुजन्य उपज, वन पैदावर, पर्यटन, रोजगारी, प्राकृतिक श्रोतको उपयोग र व्यवस्थापन, शिक्षा र स्वास्थ्य सेवा प्रमुख हुन्। यी क्षेत्रहरू एक आपसमा जोडिएर नगरपालिकाहरूलाई एकअर्कामा निर्भर बनाउन र त्यसबाट लाभ प्राप्त गर्न मद्दत पुर्याउँछन्।

यस नगरपालिकाको अन्य नगरपालिकासँगको सम्बन्ध विशेष गरी नजिकको बजार केन्द्रहरूसँग रहेको छ। उर्लाबारी नगरपालिकाले आसपासका नगरपालिकासँग व्यापारिक, सामाजिक र सांस्कृतिक आदानप्रदानको माध्यमबाट आपसी सम्बन्धलाई सुदृढ गरेको देखन्छ । विशेष गरी दमक, मधुमल्ला, पथरी, कानेपोखरी, उर्लाबारीबाट दक्षिणतर्फका बजारहरूका साथै बेलवारी तथा बिराटनगर, इटहरी र धरानसम्म यहाँका नगर

बासिहरू आर्थिक र व्यापारिक केन्द्रका रूपमा कार्य गर्दै आएका छन् । यहाँका बासिन्दा नियमित रूपमा यी बजारहरूमा आवतजावत गर्ने गर्दछन्, जसमा सामानहरूको किनबेच, सामाजिक मिलनजुलन, र विभिन्न व्यावसायिक गतिविधिहरू संलग्न हुन्छन् ।

यस नगरपालिकामा अन्य नगरपालिकासँगको सम्बन्धलाई सुदृढ पार्ने प्रमुख मार्गहरूको निर्माण गरिएको छ, जसले स्थानीय बासिन्दाहरूलाई सहज आवागमन र व्यापारिक अवसरहरूको विस्तार गरेको छ । उर्लाबारी-बाट चल्ने पूर्व पश्चिम राजमार्ग तथा उर्लाबारीबाट उत्तर दक्षिणतर्फ जोड्ने सडकहरू प्रमुख आवागमन मार्गका रूपमा परिचित छन्, जसले नगरपालिकाका विभिन्न भौगोलिक क्षेत्रहरूलाई सँगै जोडेको छ । यी मार्गहरूको माध्यमबाट यहाँका बासिन्दाहरू नजिकका बजार तथा नगरपालिकासम्म सहज र छिटो यात्रा गर्न सक्षम छन् ।

मदन भण्डारी राजमार्ग यो नगरपालिकाको उत्तरतर्फ मधुमल्ला हुँदै अन्य बजारसम्म पुग्ने निर्माणाधिन वैकल्पिक मार्गको रूपमा विकास हुँदै गइरहेको छ । यसले व्यापारिक र सामाजिक क्रियाकलापहरूको सहजता बढाउँछ जसले अन्य नगरपालिका र बजारसँगको समन्वय र सहयोगलाई पनि सहज बनाउँछ । व्यापार र उत्पादनका दृष्टिले, यहाँका बासिन्दा प्रायः उर्लाबारीमा रहेका साना तिना बजार तथा दमक बजारमा रहेको पशुबजार केन्द्रमा पशुपन्छीहरूको खरिद-बिक्री गर्ने गर्दछन् । यस्ता क्रियाकलापहरूले नगरपालिकाका आन्तरिक र बाह्य सम्बन्धलाई प्रगाढ बनाउँदै लैजान्छ ।

नगरपालिका भित्रका प्रमुख वस्तुहरू जस्तै कृषि उत्पादन, दैनिक उपभोग्य वस्तु र अन्य सामग्रीहरूलाई सहज रूपमा अन्य स्थानबाट आयात गरिन्छ । विशेष गरी दमक, बिराटनगर, इटहरी, र पथरी जस्ता शहरहरूबाट यहाँका बासिन्दाहरूले यस्ता वस्तुहरू आयात गर्दछन्, जसले व्यापारिक सञ्जालको मजबुती र वस्तुहरूको सहज आपूर्ति सुनिश्चित गर्दछ । यसको अलावा, यहाँका स्थानीय बासिन्दा परम्परागत व्यावसायिक गतिविधिहरूमा संलग्न रहेर नगदे कृषि बालीको उत्पादनमा रूचि राखिरहेका छन्, जसमा बेमौषमी तरकारीहरू तथा पशुपन्छीहरूमा कुखुरा, बाख्रा, खसी, राँगा, गाई, गोरू, वंगुर आदि प्रमुख रूपमा रहेका छन् ।

यस नगरपालिकामा पर्यटनको पनि प्रचुर सम्भावना रहेको छ । यहाँको प्राकृतिक सौन्दर्य र सांस्कृतिक धरोहरहरूले पर्यटकहरूलाई आकर्षित गर्दछ साथै नगरपालिकामा रहेका धार्मिक र सांस्कृतिक सम्पदाहरू पर्यटकीय दृष्टिले महत्त्वपूर्ण छन् । यस नगरपालिकामा पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन गर्नका लागि विशेष योजना र पूर्वाधार विकासमा ध्यान दिनु पर्ने छ । यी पर्यटन स्थलहरूको योजनाबद्ध विकासले नगरबासीहरूको आर्थिक समृद्धि ल्याउन मद्दत पुर्याउने छ र यस नगरपालिकालाई आर्थिक दृष्टिले उचाइमा पुर्याउने सम्भावना राख्छ ।

यसरी, उर्लाबारी नगरपालिका र अन्य नगरपालिकाहरू बीचको आपसी सम्बन्ध र सहकार्यले समग्रमा नगरको विकास र सामाजिक समृद्धिमा महत्त्वपूर्ण योगदान पुर्याइरहेको छ । व्यापारिक, सामाजिक, र सांस्कृतिक गतिविधिहरूले यी नगरपालिकाहरूलाई एकअर्कामा थप नजिक बनाउँछन् र उनीहरूको समृद्धि र विकासको मार्गदर्शन गदर्छ ।

## २.९ नगरपालिकाको सामाजिक तथा भौतिक पूर्वाधारको अवस्था

नगरपालिकाका ९ वटै वडा कार्यालयहरूले आफ्नै कार्यालयबाट सेवा सुविधा दिँदै आएको भए तापनि भाद्र २३ र २४ गतेको आन्दोलनका कारण ४, ५ र ८ नं. वडा कार्यालय पूर्ण रूपमा क्षति भई अन्यन्त्र स्थानबाट कार्य सञ्चालन गर्दै आएको देखियो भने अन्य वडाहरूको मर्मतसंभार गरी कार्यसञ्चालन पहिलेकै कार्यालयबाट भएको देखियो । नगरपालिकाले कार्यालयको काममा सहजता ल्याउन नगरपालिका तथा केही वडा कार्यालयहरूलेसमेत सूचना अधिकारीको व्यवस्था गर्नुका साथै नगरपालिका, नगरपालिका भित्रका सम्पूर्ण वडा कार्यालय, नगरभित्र रहेका स्वास्थ्य संस्था तथा अस्पतालमा नागरिक वडापत्रको व्यवस्था भएपनि आन्दोलनको क्षतिका कारण केहीमा कार्यालयमा पुन वडापत्र राखिएको तथा केही कार्यालयमा राख्ने चरणमा रहेको देखियो । समय समयमा जनप्रतिनिधि तथा कर्मचारीहरूका लागि क्षमता विकास तालिम कार्यक्रम सञ्चालन गर्नु पनि यस नगरपालिकाको सबल पक्ष रहेको बुझ्न सकिन्छ । नगरपालिका तथा वडा कार्यालयका कामहरू सम्पूर्ण नगरपालिका बासीहरूमा पुगोस् भन्नाका लागि नगरपालिकाको सूचना पाटीमा टाँस गर्नुका साथै हरेक कार्यक्रम तथा सूचनाहरू फेसबुक पेज तथा वेवसाइडमा राख्ने तथा समय समयमा सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, जेसी अडिट, नागरिक सन्तुष्टि सर्वेक्षण गर्ने जस्ता कार्यहरू यस नगरपालिकाले गर्दै आएको देखियो । यस्ता कार्यले यो नगरपालिका मोरङ जिल्लाका अरू पालिकाहरूभन्दा सुशासन र संस्थागत क्षमतामा अव्वल रहेको देखिन्छ । विभिन्न जातजातिको बाक्लो बसोबास रहेको यस क्षेत्रमा प्राय जसो वडामा +२ सम्मको अध्ययन तथा नगरपालिकाभित्र प्राविधिक धारको पठनपाठन समेत हुने गरेको देखियो । यसै गरी बालविकास केन्द्र, सामुदायिक विद्यालयहरू, मंगलबारे अस्पताल, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्रहरू, आयुर्वेदिक औषधालय, खोप केन्द्र, कृषि बजार, इलाका प्रहरी कार्यालय तथा प्रहरी चौकी, खोपकेन्द्रहरू केही पुराना भवनमा रहेपनि अधिकांश कार्यालयहरू नयाँ र पक्की भवनमा सञ्चालन हुनका साथै निर्माण सम्पन्न भएका केही कार्यालयहरूबाट गत आ.व. बाटनै सेवा सञ्चालन गर्ने काम भइरहेको देखियो । त्यस्तै सार्वजनिक स्थानहरूमा मानिसहरूलाई सहजताका लागि ठाउँ-ठाउँमा सार्वजनिक शौचालय निर्माण कार्य सम्पन्न भएको तथा केही स्थानमा निर्माणाधिन अवस्थामा रहनुका साथै, शुद्ध खानेपानिका लागि ट्यांङ्कीसहित धारा निर्माण भएका तथा केही निर्माण प्रक्रियामा रहेको देखियो । यस नगरपालिका भित्रका मुख्य बजारहरूको रूपमा उर्लाबारी, मंगलबारे रहे तापनि साना तथा तीव्र विकसित बजारका रूपम अन्य साना तिना हाट बजारहरू सञ्चालनमा रहेको पाइयो ।

नगर विकासको विद्यमान स्थितिको चित्रण गर्ने, नगर विकासका सरोकारवाला तथा साझेदार (सरकारी, निजी, गैरसरकारी र नागरिक) निकायबीच समन्वय, सहकार्य तथा साझेदारी विकास गर्ने, स्थानीय तथा बाह्य श्रोत साधनको पहिचान तथा परिचालन गर्ने, नगरपालिका विकासका आवश्यकता र सम्भावनाहरूका आधारमा

नगरपालिकाको रणनीतिक तथा वार्षिक योजना तर्जुमा गर्ने, स्वीकृत कार्यक्रम तथा आयोजनाको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने तथा गराउने, आयोजना तथा कार्यक्रमको नतिजामूलक ढङ्गले अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यहरूमा नगर प्रमुखको दायित्व रहेको छ। नगरपालिकाभित्र नयाँ बस्ती विकास भइरहेको भए तापनि बस्ती विकास योजनाअनुसार कार्य नभएको तथा हाल विकास भइरहेका बजार क्षेत्रहरूमा समेत ढल निकासको काम भइरहे पनि राम्रोसँग व्यवस्था हुन सकेको छैन साथै स्वच्छ खानेपानी आपूर्तिको सवाल पनि यस नगरपालिकामा उतिकै बढी महत्वपूर्ण देखिन्छ। खानेपानी सेवाबाट विमुख समुदायमा यथाशक्य छिटो खानेपानी आयोजना व्यवस्था गरी नगरपालिकाभित्रका सबै घरधुरीमा नियमित रूपमा स्वच्छ र पर्याप्त खानेपानी आपूर्तिको सुनिश्चित गर्नु वर्तमानको आवश्यकता रहेको छ। खेतीयोग्य जमीन प्रसस्त भए तापनि व्यवसायिक रूपमा खेती हुन सकेको देखिँदैन। पशुपालनका लागि उपयुक्त भौगोलिक बनावट भए तापनि पशुपालन व्यवसायलाई व्यवसायीकरण गर्न अझै सकिएको छैन। वनजङ्गलको यथोचित प्रयोग हुन नसक्नु, गाई वस्तुहरू खुल्ला रूपमा चराउनु, तथा  वनजङ्गल भित्र घाँस दाउरा गरी उचित संरक्षण हुन नसक्नु साथै वनजङ्गलको विनास दिन प्रतिदिन बढ्दै गएको देखिन्छ। भावी सन्ततिका लागि यसको विविधताको संरक्षण गर्नु, जैविक विविधताको उपयोग गर्नुपर्ने आजको आवश्यकता रहेको छ। वनजङ्गलको विनासबाट उत्पन्न समस्या दिनानुदिन बढ्दै गएको छ। शैक्षिक गुणस्तरमा केही विद्यालयहरू नमुना विद्यालयका रूपमा रहेका तथा केही विद्यालयको शैक्षिक स्थितिमा सुधार देखिए पनि नगरपालिका भित्रका सबै विद्यालयको शैक्षिक गुणस्तर सन्तोषजनक भने रहेको देखिँदैन यसका लागि सामूदायिक विद्यालयहरूको सिकाइ विधि, विद्यार्थीको सिक्ने क्षमता, तालिम प्राप्त शिक्षक, इमान्दार र वफादारीपूर्ण प्रभावकारी सेवा प्रवाह गर्नु, निरन्तरको अनुगमगन मूल्याङ्कन गर्नु, शिक्षा क्षेत्रका चुनौति रहेका छन् । त्यस्तै नगरपालिका क्षेत्रको आफ्नो पक्की सडक प्रशस्त नभएकोले प्रत्येक वर्ष योजना छनौटमा यसलाई प्राथमिकतामा पार्न खोजिदैछ। पालिकाको विकासका लागि युवाशक्तिको परिचालन गरी सम्पूर्ण चुनौतिहरूलाई पन्छाउदै समृद्ध, समुन्नत, सुन्दर हरियाली सहितको नगरपालिका निर्माणमा एक भएर लाग्नुपर्ने देखिन्छ, उत्कृष्ट विद्यालय (नमुना विद्यालय), उत्कृष्ट अस्पताल (नमुना अस्पताल) निर्माणमा पालिका प्रयासरत रहेको छ साथै नगरपालिकाले आउने दिनमा शिक्षा, स्वास्थ्य र शान्ति सुरक्षाका लागि केहि सुधारका कार्यहरू गरेमा यस क्षेत्रको शिक्षा तथा स्वास्थ्यको स्थितिमा कोशी प्रदेशकै  उत्कृष्ट नगरपालिका हुन सक्नेछ। मानव विकास सूचकहरू अध्ययन गर्दा यो नगरपालिका सामाजिक विकासका सूचाङ्कहरूमा अरू पालिकाभन्दा अब्बल नै देखिन्छ। बहुजाति, बहुसभ्यता, बहुभाषा, बहुधार्मिकता भएको यो नगरपालिकामा धार्मिक तथा ऐतिहासिक पर्यटन पूर्वाधारको पनि राम्रो सम्भावना रहेको छ। त्यस्तै साना तिना बजार र हाल स्तरोन्नति हुँदै गएका सडक पूर्वाधारले यो नगरपालिकामा व्यापार, उद्योग धन्दा, कलकारखानाको पनि राम्रो सम्भावना रहेको छ

। हाल यस क्षेत्रमा साना ठुला गरी दाल, चामल, म.म., साबुन, बेकरी, बिष्कुट, ईटा, टायल, कोल्ड स्टोर, साना तथा मझौला राइस मिलहरू, फर्निचर/ स-मिल, गृल/आल्मुनियम, प्रिन्टिङ प्रेस, दुधको उद्योग, बाख्रा, बङ्गुर र कुखरा फर्म, कृषि फर्म लगायतका उद्योग तथा कलकारखानाहरू सञ्चालनमा रहेका छन् । समग्रमा उर्लाबारी नगरपालिकाको चिनारी भन्नु पर्दा तराईको मैदान र त्यस क्षेत्रमा हुने कृषि पेशा तथा ऐतिहासिक र धार्मिक स्थलहरूलाई नै महत्व दिनुपर्ने देखिन्छ ।

# परिच्छेद-तीन

## स्थानीय तह सञ्चालनसम्बन्धी विद्यमान व्यवस्था

### ३.१ स्थानीय तह सञ्चालन र यसको अधिकार:

नेपालमा आर्थिक समानता, समृद्धि, र सामाजिक न्याय सुनिश्चित गर्न संविधान सभाबाट नेपालको संविधान २०७२ जारी गरिएको हो। यस संविधानले समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तलाई आत्मसात् गर्दै, समतामूलक समाज निर्माण गर्ने सङ्कल्प गरेको छ। २०६२/६३ को जनआन्दोलनको उपलब्धि , दिगो शान्ति स्थापना, र जनतामा सुशासन, विकास, र समृद्धिको आकाङ्क्षालाई मूर्त रूप दिन संघीय शासन प्रणालीको व्यवस्था गरिएको छ। राज्यको पुनःसंरचना गर्दै यसलाई संघ, प्रदेश, र स्थानीय गरी तीन तहमा विभाजन गरिएको छ। यसले एकात्मक र केन्द्रीकृत शासन प्रणालीलाई अन्त्य गर्दै स्थानीय तहलाई लोकतान्त्रिक, सहभागितामूलक, र उत्तरदायी शासन प्रणालीको रूपमा स्थापित गर्ने प्रयास गरेको छ।

संविधानले संघ, प्रदेश र स्थानीय तहका लागि अधिकारहरूको बाँडफाँड स्पष्ट पार्न अनुसूची ५, ६, ७, ८ र ९ समावेश गरेको छ। यी तहहरूले राज्य शक्ति प्रयोग गर्दा एकल वा सहकार्यात्मक भूमिका खेल्ने व्यवस्था गरिएको छ। संविधानप्रदत्त अधिकारहरूको प्रभावकारी कार्यान्वयनका लागि, संविधानको धारा २९५ (३) अनुसार गाउँपालिका, नगरपालिका, तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको सङ्ख्या र सिमाना निर्धारण गर्न आयोग गठन गरिएको थियो।

संघीयताको मर्म भनेकै राज्यका सबै तहहरूलाई सशक्त बनाउँदै जनतालाई विकासका प्रक्रियामा समावेश गराउनु हो। स्थानीय तहले शिक्षा, स्वास्थ्य, खानेपानी, पूर्वाधार विकास, र सामाजिक सुरक्षाजस्ता जनसरोकारका विषयमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ। स्थानीय तह सुदृढ भएमा मात्र संघीय शासन प्रणालीको उद्देश्य सफल हुने विश्वास गरिएको छ। यसले सेवा प्रवाहलाई सहज बनाउनुका साथै स्थानीय स्तरमा सुशासन र समृद्धि ल्याउन योगदान पुऱ्याउँछ।

### ३.२ स्थानीय तहको संरचना

नेपालको संविधान २०७२ अनुसार, स्थानीय तह भन्नाले गाउँपालिका, नगरपालिका, र तिनका सभाहरूलाई बुझिन्छ। यी तहहरू स्थानीय प्रशासनको आधारशिला हुन्, जसले लोकतान्त्रिक शासन प्रणालीलाई स्थानीय स्तरसम्म पुऱ्याउँछ। नगरपालिकालाई एक भौगोलिक तथा शासकीय तहको रूपमा परिभाषित गरिएको छ, जसमा **नगरसभा** र **नगरकार्यपालिका** गरी दुई प्रमुख अङ्ग रहेका छन्।

### अ) नगरसभाः

नगरसभा नगरपालिका सञ्चालनको व्यवस्थापकीय निकाय हो। नगरसभा ५० जना सदस्यहरू गठन हुने व्यवस्था गरिएको छ, जसमा निम्न सदस्यहरू समावेश हुन्छन्:

१. नगरपालिकाका प्रमुख र उपप्रमुख।
२. प्रत्येक वडाका वडा अध्यक्ष।
३. प्रत्येक वडाबाट निर्वाचित ४ जना सदस्य (२ महिला र १ जना दलित सदस्य सहित)
४. नगरपालिकाका दलित र अल्पसङ्ख्यक समुदायबाट निर्वाचित ३ जना सदस्य।

दलहरूले दुई महिला वडा सदस्यका लागि मनोनयन पत्र दर्ता गर्दा एक दलित महिलाको नाम अनिवार्य रूपमा समावेश गर्नुपर्ने व्यवस्था छ। तर, एक जना मात्र महिला सदस्यको लागि मनोनयन दर्ता गर्दा दलित महिलाको नाम समावेश नगरे पनि हुने छुट प्रदान गरिएको छ।

### अ) नगरकार्यपालिका

नगरकार्यपालिका नगरपालिकाको कार्यकारिणी निकाय हो, जसले नीतिगत निर्णयको कार्यान्वयन सुनिश्चित गर्दछ। यसमा निम्न सदस्यहरू समावेश छन्:

१. नगरपालिकाका प्रमुख र उपप्रमुख।
२. प्रत्येक वडाका वडा अध्यक्ष।
३. नगरसभाबाट निर्वाचित ५ जना महिला सदस्य।
४. दलित वा अल्पसङ्ख्यक समुदायबाट नगरसभाले निर्वाचित ३ जना सदस्य।

नगरकार्यपालिका नगरपालिकाका नीतिगत र कार्यान्वयन सम्बन्धी जिम्मेवारीहरूको नेतृत्व गर्ने निकाय हो। यसले नगरपालिकाको दैनिक प्रशासनिक तथा विकासात्मक कार्यहरू सञ्चालन गर्दै, जनसरोकारका विषयमा निर्णय लिने महत्त्वपूर्ण भूमिका खेल्छ।

## ३.३ स्थानीय तहको काम कर्तव्य र अधिकार

### १. नगरप्रहरी

स्थानीय तहमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउधन र स्वतन्त्रताको संरक्षण गर्ने कार्य अब स्थानीय तहको मुख्य जिम्मेवारीको रूपमा संविधानले सुम्पेको छ। स्थानीय प्रशासनलाई सबल र सक्षम बनाई जनतामा सुरक्षाको अनुभूति दिलाउन र सेवा प्रवाहलाई प्रभावकारी बनाई सुशासन कायम गर्न

सरकारले लागु गरेका नीति, कानून मापदण्ड र निर्णय कार्यान्वयन र स्थानीय तहको सम्पति संरक्षण गर्ने, सभा, समारोह, जात्रा, चाँडपर्व, बजार व्यवस्थापन, स्थानीय न्यायिक समितिले गरेको आदेश फैसला कार्यान्वयन, व्यवस्थापन र अपराध रोकथाम लगायतमा सहयोग गर्न स्थानीय तहले नगर प्रहरी परिचालन गर्न सक्ने व्यवस्था संविधानले गरेको छ।

## २. सहकारी संस्था

कृषक, कालिगढ, कम पूँजीवाल र निम्न आय भएका श्रमिक, भूमिहीन तथा बेरोजगार वा सामाजिक कार्यकर्ताले सर्वसाधारण उपभोक्ताको आर्थिक तथा सामाजिक विकासको लागि पारस्परिक सहयोग र सहकारिताको लागि सञ्चालन गरिने सहकारी संस्था दर्ता, अनुमति, खारेजी र विघटन जस्ता कार्य स्थानीय तहबाटै हुने व्यवस्था संविधानले गरेको छ। यसभन्दा अगाडि रजिस्ट्रारको अधीनमा हुने सम्पूर्ण कार्य अब स्थानीय तहको जिम्मेवारीमा आएको छ।

## ३. एफ. एम रेडियो सञ्चालन

स्थानीय तहमा एफ एम रेडियो सञ्चालन अनुमति नवीकरण र नियमन स्थानीय तहबाटै गरिने व्यवस्था गरिएको छ। एफ. एम. रेडियो राख्ने र प्रयोग गर्ने काम कार्यहरूलाई नियन्त्रण र नियमित गरी शान्ति र सू-व्यवस्था एवं सर्वसाधाण जनताको सदाचार कायम राख्ने जिम्मेवारी पनि स्थानीय तहको हुने छ। रेडियो ऐन २०१४ मा उल्लेखित दफा ५ अनुसार लाइसेन्स प्राप्त गर्न यसअघि नेपाल सरकारबाट तोकिने अधिकारी पनि अब स्थानीय तहबाटै तोकिने छ।

## ४. राजस्व सङ्कलन

स्थानीय तहको खर्च व्यवस्थापन, वित्तीय व्यवस्थापन, राजस्व सङ्कलन, समष्टिगत आर्थिक स्थायित्व र आर्थिक विकास तथा स्थानीय सरकारको अल्पकालीन् र दीर्घकालीन खर्च व्यवस्थापनसम्बन्धी कार्यभार पनि स्थानीय तहमा आएको छ। सो व्यस्थापनको लागि स्थानीय तहले अब आफ्नो क्षेत्र भित्रको सम्पति र घरबहाल कर, घर जग्गा रजिस्ट्रेशन शूल्क, सवारी साधन कर, सेवा शूल्क दस्तुर, पर्यटन शूल्क, विज्ञापन कर व्यवसाय कर, भूमिकर दण्ड जरिवाना लगायतका राजस्व सङ्कलनको अधिकार संविधानले नै तोकेको छ। त्यस्तै स्थानीय पूर्वाधार तथा सेवामा निर्धारण र सङ्कलन तथा व्यवस्थापन, ट्रेकिंङ र राफ्टिङ्ग शूल्क, स्थानीय राजस्व प्रवर्धनका लागि प्रोत्साहन, राजस्व सूचना तथा तथ्याङ्कको आदानप्रदान,राजस्व नियन्त्रणसम्बन्धी नीति, कानून मापदण्ड निर्धारण र नियन्त्रणका कामहरू पनि स्थानीय तहबाटै हुनेछ।

## ५. स्थानीय सेवाको व्यवस्थापन

स्थानीय सेवाको व्यवस्थापन स्थानीय तहको महत्वपूर्ण संयन्त्र हो । यसले नीति कार्यान्वयनको साथै नीति निर्माता तथा नागरिकहरूबीच सेतुको भूमिका समेत निर्वाह गर्दछ । तसर्थ स्थानीय सेवाको व्यवस्थापन सम्बन्धमा नीति मापदण्ड र सेवाशर्त निर्धारण, योजना निर्माण, कार्यान्वयन र नियमन स्थानीय सरकारलाई नै दिएको छ। स्थानीय प्रशासनका काम कारवाहीमा पारदर्शिता र जवाफदेहिता प्रशासनिक सुशासनका लागि महत्वपूर्ण नीति नियम स्थानीय तहमै बनाउने अधिकार संविधानले दिएको छ। संविधानको धारा ३०२ लाई समेत आधार मानेर कर्मचारी समायोजनपछि वित्तीय श्रोतको अधीनमा रही आवश्यकताअनुसार स्थानीय सेवाको गठन, सञ्चालन र व्यवस्थापन स्थानीय तहको सङ्गठन विकास, जनशक्ति व्यवस्थापन र कृषि विकास लगायतका काम पनि स्थानीय तहको संवैधानिक काम कर्तव्यमा पर्दछ।

## ६. स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन

स्थानीय तथ्याङ्कसम्बन्धी नीति कानून र मापदण्ड निर्धारण गर्ने कार्यभार स्थानीय तहको मातहतमा परेको छ। योजना तर्जुमा कार्यान्वयन तथा अनुगमन, तथ्याङ्क अद्यावधिक तथा संरक्षण, पञ्जीकरण व्यवस्थापन, स्थानीय तहको तथ्याङ्कीय अभिलेख, सूचना तथा सञ्चार प्रविधियुक्त अभिलेख राख्ने कार्य पनि संवैधानिक स्थानीय तहलाई सुम्पेको छ।

## ७. स्थानीय स्तरका विकास आयोजना तथा परियोजना

जबसम्म स्थानीय विकासका कदमलाई स्थानीयकरण गर्दै तीब्र बनाइँदैन तबसम्म समग्र देश विकासमा प्रभावकारी नतिजा प्राप्त हुन नसक्ने तथ्यलाई ध्यानमा राखेर संविधानले सहभागितात्मक विकासशैली अबलम्बन गर्ने नीति ल्याएको छ । संविधानले समता र सामाजिक न्यायमा आधारित सन्तुलित दिगो विकास सुनिश्चित गर्न स्थानीय तहमा सामाजिक समावेशीकरण, सामाजिक परिचालन,आदिवासी  जनजाति दलित सीमान्तकृत, उत्पीडित वर्ग एवं समुदायको क्षमता विकास र सशक्तिकरण गर्नका लागि आवश्यक आयोजना तथा परियोजना बनाउन स्थानीय तहलाई अधिकार सम्पन्न बनाएको छ।

## ८. आधारभूत तथा माध्यमिक शिक्षा

स्थानीय क्षेत्रको शैक्षिक क्षेत्रमा द्रुत गतिमा विकास एवं बिस्तारको लागि आवश्यक नीति, योजना र कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन र अनुगमन गर्ने निकायका रूपमा स्थानीय तहलाई जिम्मेवारी सुम्पेको छ। प्रारम्भिक बाल शिक्षा तथा विद्यालय, अनौपचारिक शिक्षा, खुल्ला तथा वैकल्पिक एवं निरन्तर सिकाइ तथा विशेष शिक्षासम्बन्धी नीति, कानून, मापदण्ड निर्माण, योजना कार्यान्वयन र नियमन गर्नेदेखिका कार्यभार स्थानीय तहलाई दिइएको छ।

## ९. आधारभूत स्वास्थ्य र सरसफाई

आधारभूत स्वास्थ र सरसफाईसम्बन्धी नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन तथा नियमन गर्ने जिम्मेवार निकाय संविधानले स्थानीय तहलाई बनाएको छ। स्वास्थ्यसेवा सञ्चालन र प्रवर्धन,अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन, रक्तसञ्चार सेवा, स्थानीय तथा शहरी स्वास्थ्यसेवा सञ्चालन, तथा व्यवस्थापनको काम पनि स्थानीय तहलाई संविधानले जिम्मा दिएको छ।

## १०. स्थानीय बजार व्यवस्थापन वातावरण संरक्षण र जैविक विविधता

स्थानीय वातावरणीय नीति नियमसम्बन्धी संयन्त्रको सवलीकरण र संस्थागत क्षमता विकास गर्ने जनस्तरमा वातावरणीय सचेतना जगाउने, प्रदुषण रोकथाम, प्राकृतिक सम्पति तथा जैविक विविधताको संरक्षण गर्ने जिम्मेवारी अब स्थानीय तहलाई दिइएको छ। त्यसै गरी स्थानीय व्यापार, बजार व्यवस्थापन तथा अनुगमन र उपभोक्ता अधिकार एवं हितसम्बन्धी नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन गर्ने कार्यहरू पनि यसैअन्तर्गत पर्दछ साथै स्थानीय स्तरको व्यापारिक फर्म दर्ता, अनुमति, नवीकरण र खारेजी तथा नियमन पनि स्थानीय तहबाट हुनेछ।

## ११. सडक, कृषि, सिँचाइ

स्थानीय, ग्रामीण र कृषि सडक निर्माण तथा विस्तार गर्ने, सिँचाइसम्बन्धी नीति, कानून, मापदण्ड निर्माण, योजना कार्यान्वयन र नियमन गर्ने। सडक, कृषि, सिँचाइ, तटबन्ध, झोलुङ्गे पुल, पुलेसालगायतको निर्माण र प्रवर्धनबारे गूरूयोजना तर्जुमा, स्तरोन्नतिका आयोजना पहिचान, अध्ययन, कार्यान्वयन, मर्मतसम्भार र नियमन गर्ने। स्थानीय तहमा ट्रलीबस सञ्चालन, राष्ट्रिय रेल पूर्वाधार उपयोग गरी महानगरीय मेट्रोसिटी क्षेत्रभित्र सहरी रेलसेवा सञ्चालन, व्यवस्थापन, मर्मत सम्भार, समन्वय र सहकार्यका काम पनि स्थानीय तहबाट हुने छन्।

## १२.गाउँ सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन

गाउँसभा वा नगरसभासम्बन्धी नीति, कानून र कार्यविधि स्थानीयस्तरका विषय क्षेत्रगत नीति तथा रणनीति, आवधिक तथा वार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृति, सभाका समितिहरूको गठन र सञ्चालन, स्थानीय तहबीच साझा सरोकार तथा साझेदारीका विषयमा संयुक्त समिति गठन, कार्यपालिका तथा न्यायिक समितिबाट सभामा प्रस्तुत प्रतिवेदनमाथि छलफल तथा सो सम्बन्धमा आवश्यक निर्देशन, विकास योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा सुशासनको लागि कार्यपालिकालाई निर्देशन, गाउँपालिका तथा नगरपालिकालाई आर्थिक व्ययभार पर्ने विषयको नियमन, स्थानीय मेलपिलाप र मध्यस्थता, गाउँ सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन सम्बन्धी अन्य कार्य पनि स्थानीय तहबाट हुने छन्।

## १३. स्थानीय अभिलेख व्यवस्थापन

स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन, अनुगमन र नियमन, जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैङ्गिक सशक्तीकरण सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्धता र पार्श्वचित्र तथा श्रोत नक्साको अद्यावधिक अभिलेखन, सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन, सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यावसायको विवरण सहितको अद्यावधिक अभिलेख, आफ्नो क्षेत्रभित्र सम्पन्न भएका तथा चालु योजनाको विवरण र त्यस्तो योजनाको सम्पत्तिको अद्यावधिक अभिलेखन, स्थानीय अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको उपयोग, तथा स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी अन्य कार्य स्थानीय तहबाट हुने छन्।

## १४. घर जग्गा धनीपूर्जा वितरण

आधुनिक सूचना प्रविधिको उपयोग गरी भूमिसँग सम्बन्धित स्रेस्ता, नक्सा लगायतका सम्पूर्ण सूचनाहरू कम्प्युटर प्रणालीमा प्रविष्ट गराई जनतालाई भरपर्दो सरल र सहज सेवा प्रवाह गर्ने, प्रादेशिक मापदण्डबमोजिम स्थानीय घरजग्गा तथा धनीपूर्जा वितरण, लगत व्यवस्थापन, भूमिको वर्गीकरण अनुसारको लगत, जग्गाको विवादको समाधानको काम पनि स्थानीय तहबाटै हुनेछ।

## १५. कृषि तथा पशुपालन

कृषि वस्तुको बढ्दो माग परिपूर्ति गर्न उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने, साना र सीमान्त वर्गका किसानका लागि आवश्यक कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्यसम्बन्धी मापदण्ड निर्माण गर्ने। कृषि विकास र वातावरण संरक्षणबिच सन्तुलन कायम राखी दिगो कृषि विकास कार्यक्रमहरू सञ्चालन गर्ने। कृषिसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन गर्ने संवैधानिक अधिकार स्थानीय तहको हुनेछ।

## १६. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन

संविधानको धारा ४३ ले सामाजिक सुरक्षाको हक सुनिश्चत गरेको छ। जसले आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका बालबालिका, आफ्नो हेरचाह गर्न नसक्ने लोपोन्मुख जातिका नागरिकलाई कानूनबमोजिम समाजिक सुरक्षाको हकको व्यवस्था गरेको छ। सो नागरिक अधिकारलाई संघ, प्रदेशले निर्धारण गरेको मापदण्डबमोजिम जेष्ठ नागरिक, अपाङ्गता भएका

व्यक्ति र अशक्तहरूको व्यवस्थापन लगाएतका सामाजिक सुरक्षासम्बन्धी काम गर्ने जिम्मेवारी स्थानीय तहको हुनेछ।

## १७. बेरोजगारको तथ्याङ्क सङ्कलन

संविधानको धारा ३३ ले नागरिकलाई रोजगारीको हकअन्तर्गत प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ भनी व्यवस्था गरेको छ। रोजगारीको शर्त, अवस्था र बेरोजगार सहायता संघीय कानूनबमोजिम हुनेछ भनी व्यवस्था गरिएकोले अव रोजगार र बेरोजगारको तथ्याङ्क सङ्कलन, विदेशी श्रमिकको सूचना व्यवस्थापन गर्ने कार्यभार स्थानीय तहको हुनेछ।

## १८. कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण

कृषि प्रसारसम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन, कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन, कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण, कृषि बिउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन, कृषक समूह, कृषि सहकारी र कृषिसम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन, स्थानीयस्तरमा कृषिसम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण, कृषिसम्बन्धी सूचनाको प्रचारप्रसार, स्थानीयस्तरका श्रोत केन्द्रहरूको विकास र व्यवस्थापन, प्राङ्गारिक खेती तथा मलको प्रवर्द्धन र प्रचार प्रसार, कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रणसम्बन्धी अन्य कार्यहरू स्थानीय तहको हुनेछ।

## १९. खानेपानी तथा साना जलविद्युत् आयोजना, वैकल्पिक उर्जा

स्थानीय खानेपानीसम्बन्धी नीति, कानून, मापदण्ड निर्माण, योजना कार्यान्वयन र नियमन, साना जलविद्युत् आयोजना र स्थानीय विद्युत् वितरण प्रणाली तथा सेवाको व्यवस्थापन र सञ्चालन, नियमन, खानेपानी महसुल निर्धारण र सेवा व्यवस्थापन लगायतका कामहरू पनि स्थानीय तहबाटै हुनेछ।

## २०. विपद् व्यवस्थापन

विपद् व्यवस्थापनसम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड निर्माण, योजना कार्यान्वयन र नियमन। स्थानीय स्तरमा विपद् पूर्वतयारी खोज तथा उद्धार, राहत सामग्रीको पूर्ण भण्डारण र वितरणमा समन्वय गर्ने। विपद् जोखिम क्षेत्रको नक्साङ्कन, बस्तीहरूको पहिचान र स्थान्तरणलगायतका कामहरू गर्ने कामहरू पनि स्थानीय तहबाटै हुनेछ।

## २१. जलाधार तथा वन्यजन्तु र खानी तथा खनिज पदार्थको संरक्षण

जलाधार तथा वन्यजन्तुसम्बन्धी नीति, कानून, मापदण्ड निर्माण, योजना कार्यान्वयन र नियमन। पानीका

मुहान संरक्षण, भूसंरक्षण, अनुकूलन खानी तथा खनिजको संरक्षणसम्बन्धी गर्ने काम पनि स्थानीय तहबाटै हुनेछ।

## २२. भाषा संस्कृति र ललितकलाको संरक्षण

भाषा संस्कृति र ललितकलाको संरक्षण र विकाससम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड निर्माण र योजना कार्यान्वयन र नियमन, पुरातत्व, प्राचीन स्मारक र सङ्ग्रहालयको संरक्षण स्थानीय तहबाटै हुनेछ। यसरी संवैधानिक व्यवस्था अनुरूपको प्रशासनिक बन्दोवस्तीका साथै कानुनी, भौतिक, वित्तीय एवं सङ्गठन संरचनादेखि लिएर एकात्मक शासनमा चलेका कामहरूलाई पुर्नसंरचनामा ल्याउनु चुनौती हो। तसर्थ संघ प्रदेश र स्थानीय सरकारको काम कर्तव्य र अधिकार संविधानको व्यवस्थाअनुसार कार्य विश्लेषण गरी तीनवटै तहमा कार्य जिम्मेवारी हस्तान्तरण भएमा मात्र कार्यसम्पादन शुरूबाट तथा दिगो रूपमा सुचारू हुन सक्छ। सरकारका तहहरूबीच कार्य विभाजन, तीनवटै तहको निर्वाचन, तीनवटै तहको सरकारको सङ्गठन तथा जनशक्ति व्यवस्थापन, सम्पति र दायित्वको बाँडफाँडलाई राजनैतिक दलहरू र जनताले बुझ्न अत्यावश्यक छ। स्थानीय तहमा सुशासन र समुचित विकास गर्ने मुख्य ध्येयले पुरानो संरचना विस्थापन गरेर नयाँ संरचना ल्याउनु मात्र आफैँमा कायापलट हुने होइन। तसर्थ हरेक तहको शासन व्यवस्थापन तथा सञ्चालनसम्बन्धी जनतालाई सुसूचित गरी अभिमुखीकरण गर्न अत्यावश्यक छ।

## २३. न्याय सम्पादनको भूमिका

स्थानीय तह कार्यान्वयनसँगै अब सामान्य झैझगडा असहमति र मुद्दा मामिलाका विषयलाई लिएर जिल्ला अदालत जाने झन्झट अन्त्य भएको छ। अब नगरपालिकाको उपाध्यक्ष अथवा नगरपालिकाको उपप्रमुखले एक हदसम्म न्यायाधीशको भूमिका खेल्ने छन्। नयाँ संविधानको आधारमा गठन भएको स्थानीय तहको संरचनाले जिल्लाबाट मात्र मुद्दाको छिनोफानो हुने व्यवस्था खारेज गरेको छ। संविधानको धारा २१७ बमोजिम अब हरेक स्थानीय तहमा एक न्यायिक समिति गठन हुनेछ। यस्तो न्यायिक समिति स्थानीय तहको निर्वाचन पछि गाउँ\नगर सभाले गठन गर्नेछ। गाउँपालिकको उपाध्यक्षको अथवा नगरपालिकाको उपप्रमुखको संयोजकत्वमा हरेक स्थानीय तहमा ३ सदस्यीय न्यायिक समिति गठन हुनेछ। उक्त समितिमा गाउँसभा अथवा नगरसभाले आफूमध्येबाट निर्वाचित गरेको २ जना सदस्यलाई न्यायिक समितिको सदस्य छनौट गर्नेछ। त्यसरी गठन हुने न्यायिक समितिले सामान्य खालका मुद्दा मामिला जग्गा जमिन अंशबण्डा विवाद जस्ता मुद्दाको टुङ्गो लगाउने छ। तर यस्तो न्यायिक समितिले हत्या, गाली बेइज्जती, सार्वजनिक अपराध जस्ता फौजदारी प्रकृतिका मुद्दाहरूको फैसला गर्न सक्दैन। न्यायिक समितिले गरेको मुद्दाको फैसलामा चित्त नबुझेमा त्यस्तो पक्षले उच्च अदालतमा पुनरावेदन दिन सक्ने व्यवस्था गरिएको छ।

# परिच्छेद - चार
# अध्ययन तथा अवलोकन

## ४.१ उर्लाबारी नगरपालिकाले गत आर्थिक वर्ष (२०८१।०८२) मा लिएका उद्धेश्यहरू:

### क) उद्धेश्यहरू:

शिक्षा, स्वास्थ्य, कृषि, पशु, महिला बालबालिका, पूर्वाधार तथा शुशासनको क्षेत्रमा उर्लाबारी नगरपालिकाले गत आ.ब. (२०८१।०८२) मा **"दिर्घकालिन सोच, स्वच्छ, सम्मृद्ध र समतामूलक उर्लाबारी"** नाराका साथ मुख्य मुख्य उद्देश्य तथा प्राथमिकताहरू निर्धारण गरेको थियो जुन निम्नानुसार रहेका छन् ।

- नगरपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरूबाट गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गरिनुका साथै स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य केन्द्रहरूमा आवश्यकताका आधारमा क्रमशः निःशुल्क आधारभूत प्रयोगशाला (ल्याब) सेवा विस्तार गरिदै लगिने ।
- अति विपन्न तथा गरिब नागरिकहरूलाई उपचारका सहायता प्रदान गर्दै पूर्णखोप दिगोपना कायम राखिने ।
- स्वास्थ्य संस्थाहरूले गर्ने प्रतिवेदनलाई गुणस्तरीय, अनलाइन तथा डिजिटल प्रविधिमा पूर्णरूपमा लगिने तथा सेवाको गुणस्तरलाई सुधार गर्न न्युनतम सेवा मापदण्ड लाई कार्यान्वयन गरिने ।
- नवशिशु मृत्युदर, शिशु मृत्युदर, मातृमृत्युदर र बालमृत्युदरहरूलाई घटाई औषत आयु बढाइने किसिमका कृयाकलापहरू सञ्चालन गरिने ।
- आधारभूत स्वास्थ्य सेवा तथा महामारी नियंत्रणका लागी आवश्यक पर्ने औषधि तथा उपकरणको प्रयाप्त व्यवस्था गरिने ।
- सामुदायिक विद्यालयहरूले विद्यालय सेवा क्षेत्रमा प्रत्येक वर्ष भर्ना अभियान सञ्चालन गरी विद्यालय सेवा क्षेत्रमा रहेका पढ्ने उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्ने नीतिलाई निरन्तरता दिइने ।
- नगरस्तरीय परीक्षालाई गुणस्तरीय रूपमा सञ्चालन तथा प्रारम्भिक बाल विकासमा भौतिक पूर्वाधार विस्तारका साथै बालबालिकाको सर्वाङ्गिण विकास गरिँदै लगिने ।
- शैक्षिक क्षेत्रमा गुणस्तर कायम गर्न अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण तथा शिक्षण सिकाइमा सूचना तथा प्रविधिको प्रयोग बढाउन लगिने ।

- उच्च शिक्षामा सहज पहुँच र सहभागिता सुनिश्चित गर्नुका साथै प्राविधिक शिक्षा अध्ययन गर्न चाहने विपन्न तथा जेहेन्दार, सीमान्तकृत, अल्पसङ्ख्यक समुदायका विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराइने।
- नगरपालिकाबाट अनुमति नलिई विद्यालय, मन्टेश्वरी, कोचिङ सेन्टर, परामर्श केन्द्र, ट्युसन सेन्टर तथा तयारी कक्षाहरू सञ्चालन गर्न नियन्त्रण गरिने।
- नगर शिक्षा योजना निर्माण गर्नुका साथै स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरिने।
- विभिन्न खेलकुद कार्यक्रमहरूको सम्बर्द्धन र प्रबर्द्धन गर्दै लगिने।
- महिलाहरूलाई श्रोत, साधन, अवसर तथा लाभमा समान पहुँच सुनिश्चित गर्न प्रयास गर्ने।
- महिलाहरूलाई आर्थिक, सामाजिक र राजनीतिक रूपमा सशक्तिकरण गर्दै लगिने तथा महिला पुरूष, लैगिक तथा यौनिक अल्पसङ्ख्यकबीच समानता स्थापित गर्दै लगिने।
- विभेदमा परेका, विशेष संरक्षण गर्नुपर्ने पक्षहरूलाई सकारात्मक विभेद कार्यक्रमको माध्यमबाट संरक्षण गर्दै लगिने।
- बाल अधिकार सुनिश्चितताका लागि सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिने।
- बालमैत्री नगर घोषणा गर्न वडाहरूलाई क्रमशः बालमैत्री वडा स्थापित गरिदै लगिनेछ।
- अपाङ्गता भएका व्यक्तिलाई समाजमा प्रभावकारी रूपमा समावेशीकरण गर्ने तथा अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तिकरण गर्दै सम्मानपूर्ण जीवनयापनको वातावरण सुनिश्चित गर्दै लगिने।
- ज्येष्ठ नागरिकको संरक्षण, सम्मान र मिलन चौतारीको व्यवस्थापनका कार्य गरिने।
- सडक बालबालिका, सडक मानव, असहाय बालबालिका तथा असहाय ज्येष्ठ नागरिकहरूको उचित व्यवस्थापनका लागि कार्यक्रम सञ्चालन गरिने।
- प्रत्येक कर्मचारीलाई काम, कर्तव्य, अधिकार र जिम्मेवारी हितको कार्य विवरण उपलब्ध गराई कर्मचारीहरूसंग कार्यसम्पादन सम्झौता गरी कार्य सम्पादन मूल्याङ्कनका आधारमा दण्ड र पुरस्कारको व्यवस्था गर्ने।
- नगरपालिका अन्तर्गतका सम्पूर्ण कार्यालयहरूमा जनगुनासोलाई सम्बोधन गर्न राखिएका सुझाव पेटीकालाई नियमित खोल्ने व्यवस्था गरी यथासक्य छिटो जनगुनासोको सम्बोधन गर्ने।

- गुणस्तरीय सेवा प्रवाहको मूल आधार स्तम्भको रूपमा रहेका कर्मचारी तथा शिक्षकहरूको मनोबललाई उच्च राखी गुणस्तरीय प्रतिफल दिन सक्ने गरी समर्पित गराउन उत्प्रेरणामूलक कार्यक्रमको व्यवस्था मिलाउने।
- नगरको विकास निर्माण तथा सेवा र ढिलासुस्ती हुन नदिई सुशासनको वास्तविक अनुभूति दिलाउन मितव्ययिता, पारदर्शिता, वित्तीय अनुशासन, उत्तरदायित्व तथा जवाफदेहिता सुनिश्चितता गर्दै यसका लागि सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण उपभोक्ता सर्भेक्षण जस्ता विधि एवम् प्रकृयाको अवलम्बन गरी सार्वजनिकीकरण गर्ने कार्यलाई थप प्रभावकारी बनाउने।
- नागरिकको सूचना माग्ने, पाउने र प्रसार गर्ने अधिकार सुनिश्चित गर्न सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ अनुसार प्रभावकारी कार्यान्वयन गर्दै प्रत्येक त्रैमासिकमा स्वतः प्रकाशन नगरपालिकाको सूचना पाटी र वेबसाई मार्फत प्रकाशन गरिने।
- नागरिक सहायता कक्षको व्यवस्था, ज्येष्ठ नागरिक, असहाय, बिरामी, अपाङ्गता, अशक्तलाई सेवा पहुँचमा सहयोग पुर्याउने व्यवस्था मिलाउने।
- सेवा प्रवाहका हरेक क्षेत्रमा प्रविधिको विकास तथा विस्तार गरी ई-गभरनेन्सलाई तिव्रता दिने तथा अनलाईनमार्फत उपलब्ध गराउन सकिने सबै प्रकारका सेवाहरूलाई इमेल इन्टरनेटको माध्यमबाटै उपलब्ध गराउन डिजिटल डिमाण्ड, डिजिटल्ली सर्भको नीति अवलम्बन गरिने।
- यस नगरपालिका अन्तर्गत बसोबास गर्ने विभिन्न क्षेत्रमा विज्ञता प्राप्त व्यक्तिहरूको पहिचान गरी ज्ञान, सिप, क्षमता र अनुभवहरूलाई नगरपालिकाको सर्वाङ्गिण विकासमा पूर्ण उपयोगका लागि विज्ञ समूह गठन गरिने।
- नगरवासीहरूलाई स्वच्छ खानेपानीको दीगो व्यवस्थापन गर्न नयाँ खानेपानी आयोजनाहरूको सम्भाव्यता अध्ययन र सञ्चालनमा आएका आयोजनाहरूको मुहान संरक्षण, नियमित मर्मत सम्भार गरी उपभोक्ताको पहुँच वृद्धि गर्ने व्यवस्था मिलाईने।
- नगरपालिका भित्रका सवै खानेपानीका मुहान सुचिकृत गरी नगरबासीमा शुद्ध खानेपानीको लागि गुणस्तर परीक्षण गर्ने व्यवस्था मिलाउदै लगिने साथै खानेपानीको मूहान संरक्षण गर्न मापदण्ड बनाई कार्यान्वयन गर्ने।
- पानीको श्रोत र मुहान संरक्षण गर्न समुदाय सचेतना र परिचालन कार्यक्रमहरू सञ्चालन गर्ने।

- पशुपन्छी सेवा शाखाको प्राविधिक सेवा, पशु स्वास्थ्य उपचार सेवा र प्रयोगशाला सेवालाई निरन्तरता दिइने ।
- महामारी सङ्क्रामक रोगहरू (लम्पि स्किन, खोरेत, पि.पि.आर, स्वाइन फिबर, रेबिज, एच एस वि क्यु र इन्टेरोटक्सिमिया आदी) बिरूद्धको निःशुल्क खोप कार्यक्रमहरूलाई निरन्तरता दिइने ।
- उन्नत जातका पशुपन्छीहरूको बिस्तार गर्दै पशुनश्ल सुधार कार्यक्रमहरू सञ्चालन गरिने ।
- पशुजन्य उत्पादनमा लागत कम गर्न घाँसमा आधारित पशुपालनलाई प्रोत्साहन गर्दै बिकास कार्यक्रमहरू सञ्चालन गरिने ।
- विशेषज्ञ सहितको पशु स्वास्थ्य शिबिर/घुम्ति शिविरहरू/सामुदायिक कुकुरबाट हुने जोखिम कम गर्न सामुदायिक कुकुर बन्ध्याकरण शिविर सञ्चालन गरिने ।
- व्यवसायिक फर्म समूह, समिति, सहकारी संघ सस्थाहरूसंग सहकार्य/साझेदारी कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइने । साना तथा अल्पकालिन आवश्यकताका योजना तथा कार्यक्रमहरूलाई निरूत्साहित गर्दै ठूला तथा दिर्घकालिन महत्व कायम गर्ने योजना तथा कार्यक्रमहरूको कार्यान्वयनलाई प्राथमिकता दिने ।
- उपभोक्ताहरूको प्रत्यक्ष सहभागिता लाभ, साझेदारी र अपनत्व कायम हुने कार्यक्रम तथा योजनाहरूको कार्यान्वयन उपभोक्ता समितिबाट गरिने ।
- आर.आर.एन. सँगको साझेदारीमा उर्लाबारी नगरपालिका वडा नं. २ को तेली खोलामा तटबन्धन कार्यलाई सहजीकरण गरिने ।
- नगरपालिकाबाट सञ्चालित अधुरा र क्रमागत योजनालाई उच्च प्राथमिकता दिइ सम्पन्न गरिने ।
- नगर सडक यातायात गुरूयोजना (MTMP) अद्यावधिक गरी सोहीअनुरूप माग र आवश्यकताका आधारमा योजना तथा कार्यक्रम सञ्चालन गरिने ।
- पशुपन्छी सेवा शाखाको प्राविधिक सेवा, पशु स्वास्थ्य उपचार सेवा र प्रयोगशाला सेवालाई निरन्तरता दिइने ।
- महामारी सङ्क्रामक रोगहरू (लम्पि स्किन, खोरेत, पि.पि.आर, स्वाइन फिबर, रेबिज, एच एस वि क्यु र इन्टेरोटक्सिमिया आदी) बिरूद्धको निःशुल्क खोप कार्यक्रमहरूलाई निरन्तरता दिइने ।
- उन्नत जातका पशुपन्छीहरूको बिस्तार गर्दै पशुनश्ल सुधार कार्यक्रमहरू सञ्चालन गरिने ।

- पशुजन्य उत्पादनमा लागत कम गर्न घाँसमा आधारित पशुपालनलाई प्रोत्साहन गर्दै विकास कार्यक्रमहरू सञ्चालन गरिने ।
- पशुधन क्षतिबाट कृषकलाई हुने आर्थिक नोक्सानीको जोखिम कम गर्न पशु बिमा कार्यक्रम सञ्चालन गरिने ।
- व्यवसायिक फर्म समूह, समिति, सहकारी संघ सस्थाहरूसंग सहकार्य/साझेदारी कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइने ।

### ख) उर्लाबारी नगरपालिकाकले लिएका गत आ.ब. का प्राथमिकताहरू:

- कृषि तथा पर्यटन क्षेत्रको विकास र विस्तार,
- गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको विस्तार,
- सामाजिक, आर्थिक, पूर्वाधार विकास लगायतका योजनाहरू तथा निर्माणाधीन र अधुरा आयोजनाहरूको निर्माण कार्य सम्पन्न,
- गुणस्तरीय शिक्षा, मानव संशाधन र रोजगारी सिर्जना,
- आन्तरिक श्रोतको अभिवृद्धि गर्दै श्रोतको दिगो परिचालन,
- प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरण र वातावरण संरक्षण,
- उत्पादन अभिवृद्धि तथा स्वरोजगारी सिर्जना,
- सबै नागरिकमा विद्युत सेवाको पहुँच, गुणस्तरीय खानेपानीको प्रबन्ध, खोला तथा नदी नियन्त्रणका लागि तटबन्धन र दिगो सिँचाई,
- लक्षित वर्ग, क्षेत्र, समुदायको क्षमता अभिवृद्धि तथा गरिवी न्यूनीकरण,
- असङ्गठित श्रमिकका लागि काम र रोजगारीका अवसर लक्षित समूहका लागि सामाजिक सुरक्षा, तथा
- शासकीय क्षमताको अभिवृद्धि र सुशासन ।

### ४.२ नगरपालिकाले गत आर्थिक वर्ष (२०८०।०८१) मा हासिल गरेका मुख्य मुख्य उपलब्धिहरू

गत (आ.व. २०८१।०८२) मा नगरपालिकाबाट क्षेत्रगत रूपमा विनियोजित गरी कुल स्वीकृत बजेट रू १ अरब २६ करोड ३९ लाख ८५ हजार ५ सय ९६ मध्ये खर्च रकम रू १ अरब २२ लाख ३१ हजार ४ सय ९६ रहेको छ, अर्थात कुल स्वीकृत रकमको ७९.२९ प्रतिशत खर्च भएको देखियो।

**तालिका नं. ५ क्षेत्रगत बजेट विनियोजन र यस आ.व. मा हाल सम्म भएको खर्चको विवरण**

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन रकम | खर्च रकम | वित्तीय प्रगति |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४,३७,८२,३३२/- | २,९३,५४,७३६/- | ६७.०५ % |
| २ | सामाजिक विकास | ३०,९०,६०,६३५ /- | २७,३४,१२,५६६/- | ८८.४७ % |
| ३ | पूर्वाधार विकास | ७०,८०,८३,५३८/- | ५२,७६,२८,२१२/- | ७४.५१ % |
| ४ | सुशासन तथा अर्न्तसम्बन्धित क्षेत्र | ३,६९,५४,६१२/- | ३,११,५३,२८६/- | ८४.३ % |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासन | १६,६१,०४,४७९/- | १४,०६,८२,६९४/- | ८४.७ % |

बजेट र खर्चको विश्लेषण गर्दा यस नगरपालिकाले आर्थिक विकास र पूर्वाधार विकासमा वित्तीय प्रगति केही सुधार गर्नुपर्ने रहे पनि अन्य क्षेत्रको वित्तीय प्रगति राम्रो देखिन्छ। गत आ.ब. मा यस नगरपालिकाले प्राप्त रकमबाट निम्न प्रकारका सामाजिक तथा आर्थिक उपलब्धिहरू हासिल गरेको छ। नगरपालिकाभित्रका विषयगत (क्षेत्र) कार्यालयहरू र गै.स.स.हरूबाट समेत सामाजिक उपलब्धि हासिल गर्न टेवा पुगेको छ। संक्षिप्त रूपमा नगरपालिकाले हासिल गरेका सामाजिक उपलब्धिहरू तल उल्लेख गरिएको छ।

- यस नगरपालिकाले गत आ.ब. मा ११ वटा नियमित तथा २ वटा बिशेष गरी जम्मा १३ वटा नगरसभा अधिवेसन सम्पन्न भएका देखियो।
- यस पालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण अद्यावधिक गरी कुल दरबन्दी सङ्ख्या १८८ स्वीकृत भएकोमा हाल १४१ कर्मचारीहरूबाट सेवा प्रवाह भइरहेको देखियो।
- हालसम्म कार्यपालिका र नगरसभाबाट जम्मा १३३ वटा कानूनहरू निर्माण भएको देखियो।
- उर्लाबारी नगरपालिकामा रहेका सम्पूर्ण संस्थागत विद्यालयहरूको आ.व. २०७२/०७३ देखिको व्यवसाय करको वक्यौता रकम रू १६ लाख ८८ हजार २७० राज्श्व सङ्कलन भएको देखियो।

- हालसम्मको अद्यावधिक वेरूजुमध्ये रू १५ करोड ७९ लाख ५५ हजार २ सय रूपैया सम्परीक्षण गरिएको देखियो।
- गरिब घरपरिवार पहिचान तथा परिचय पत्र वितरणका लागि प्रारम्भिक सूची ७२१ जनाको प्रकाशन गरिएको र थप ६८० जनाको गुनासो सुनुवाईको कार्य सम्पन्न गरिएको देखियो।
- आ.व २०८०।०८१ को नगरपालिकाको संस्थागत क्षमता स्व-मूल्याङ्कन र वित्तीय सुशासन जोखिम मूल्याङ्कनको कार्य सफ्टवेयरमा प्रविष्ट गरिएको जसमध्ये उर्लाबारी नगरपालिकाले संस्थागत क्षमता स्व-मूल्यांकनमा ९१.५ र वित्तीय सुशासन जोखिम मूल्याङ्कनमा ८६ अङ्क प्राप्त गरेको देखियो।
- उर्लाबारी नगरपालिका वडा नं ३ र २ कृष्ण चौकदेखि सुनझोडा सामुदायिक वनसम्मको सडक स्तरोन्तिको कार्य भएको देखियो।
- नगर गौरवको योजनाको रूपमा रहेको बक्राहा विष्णु गंगाघाट निर्माण योजना सम्पन्न भएको देखियो।
- वडा नं ३ स्थित अपाङ्ग मैत्री भवनको निर्माण कार्य सम्पन्न भई हस्तान्तरण भएको देखियो।
- संघीय सरकारको विशेष अनुदानमार्फत विद्यालयहरूको संस्थागत क्षमता तथा भौतिक पूर्वाधारको कार्य सञ्चालन भइरहेको।
- उर्लाबारी-८ सन्ठीखाडीमा बक्स कल्भर्ट तथा वडा नं. २ स्थित दनुवार टोल स्थित तेलि खोलामा पक्की कल्भर्ट निर्माण कार्य सम्पन्न भएको देखियो।
- आगामी आर्थिक वर्षमा सम्पन्न हुने गरी बहुवर्षीय योजनाको रूपमा उर्लाबारी नगरपालिका वडा नं ४ को वडा कार्यालय भवन निर्माण, वडा नं ५ र ६ को बजार सौन्दरीकरण योजना अन्तर्गत रेलिङ पेभिङ निर्माण, वडा नं ५ को पुष्प सौन्दरीकरण, बलभद्रमार्ग, मिलिजुली मार्ग, उद्योग वाणिज्य संघ पश्चिममा पेभिङ ब्लक निर्माणको कार्य अगाडी बढेको पाइयो।
- गत आ.व. मा १०.३६ किलोमिटर कालोपत्रे निर्माण, ७.३४ किलोमिटर ड्रेन निर्माण, ६.८८ किलोमिटर ग्राभेल, १२.२६ कि.मी पेभिङ ब्लक, साइडवाल ४ कि.मी, ६ वटा पुल/कल्भर्ट साथै २६ वटा भवनहरूको निर्माण तथा मर्मत कार्य सम्पन्न भएका देखियो।
- पालिकाले विपद् जोखिम न्यूनीकरण तथा वातावरण संरक्षणको क्षेत्रमा नदी नियन्त्रण तथा तटबन्धन निर्माण, डुवान नियन्त्रण, वृक्षारोपण कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गरिदै आइएको।
- आपतकालीन् कार्य सञ्चालन केन्द्रमार्फत २४ सै घण्टा सेवा प्रवाह हुने व्यवस्था मिलाइएको।

- आगलागी नियन्त्रणको लागि सञ्चालित बारूण यन्त्र सेवाबाट गत आर्थिक वर्षमा मात्र ८६ वटा आगलागिका घटना नियन्त्रणमा लिइएको ।
- गत आर्थिक वर्षमा विभिन्न प्रकृतिका विपदका घटनाहरूमा जम्मा रू, ५,४६,०००।- रकम राहतस्वरूप वितरण गरिएको ।
- विपन्न आर्थिक सहायताबाट ४९ जनालाई रू ३ लाख ९२ हजार ३२ रूपैया प्रदान गरिएको ।
- नगरपालिका क्षेत्रको कृषियोग्य भूमिलाई अधिकतम् रूपमा उपयोग गर्ने नीतिअनुरूप फूलखेती प्रवर्द्धन, मौरी कृतिम आहारा, उन्नत जातको धान, गहुँ, मकैको बीउ वितरण, कृषि चुन वितरण, मकै गोड्ने औजार वितरण लागायतका कार्यक्रम सम्बन्धित कृषकहरूको लागत साझेदारीमा सञ्चालन गरिएको ।
- पालिकाबाट सञ्चालन भएको वगरखेती कार्यक्रममार्फत १५ विगाहा जग्गाबाट करिब २७ लाख मूल्य बराबरको खरबुजा उत्पादन भएको छ ।
- माटो सुधारका लागि सञ्चालन गरिएको सूक्ष्म खाद्यतत्व वितरण कार्यक्रमबाट समेत कृषकहरू लाभान्वित भएका छन् ।
- पशुपंक्षी विकास सेवाबाट प्रयोगशाला सेवा, पशुपंक्षी उपचार सेवा, रोग निरोधक खोप सेवा, पशु आहारा विकास कार्यक्रम, सामुदायिक कुकुर बन्ध्याकरण सेवा, बाखा पकेट विकास कार्यक्रम लगायतका कार्यक्रमहरू सञ्चालन गरिएको छ ।
- सहकारी क्षेत्रतर्फ सहकारीहरूको सघन तथा नियमित अनुगमन कार्य गरिदै आइएको छ ।
- रोजगार सेवा केन्द्र मार्फत १५६ जना सूचीकृत बेरोजगारलाई न्यूनतम रोजगारी प्रदान गरिएको, श्रम स्वीकृति तथा पुन श्रम स्वीकृतिमार्फत ३२१ जना लाभान्वित भएका तथा वैदेशिक रोजगार वोर्डबाट बैदेशिक रोजगारीमा गएका परिवारले प्राप्त गर्ने कल्याणकारी तथा क्षतिपूर्तीको रकम १७ जनालाई दिलाउन सहजीकरण भएको, वैदेशिक रोजगारमा जानु पूर्वको अभिमुखीकरण कार्यक्रम सबै वडाहरूमा सञ्चालन गरिएको ।
- कार्यस्थलमा आधारित ५० दिनको डकर्मी तालिम सञ्चालन गरी सो तालिम प्राप्त जनशक्तिबाट १ जना विपन्न नागरिकको आवाससमेत निर्माण गरीएको देखियो ।
- विद्यालयहरूको अनुगमन गरी विद्यालयको भौतिक अवस्था, शिक्षकको नियमितता, लेखा व्यवस्थापन, जिन्सी व्यवस्थापन लगायतका पक्षहरूको अनुगमन तथा निरीक्षण गर्दै आइएको ।

- बालविकास केन्द्रलाई सबलीकरण गर्ने प्रयोजनार्थ सबै सामुदायमा आधारित र विद्यालयमा आधारित बालविकास केन्द्रको अनुगमन सुपरीवेक्षण गरी आवश्यकताको विश्लेषण गरी कार्यक्रम कार्यान्वयनको प्रक्रिया अघि बढाइएको ।
- ४० जना अति बिपन्न, गरिब, सर्वहारा वर्गहरूलाई आकस्मिक स्वास्थ्य सेवा तथा दिर्घरोगहरूको उपचारको लागी आर्थिक सहायता प्रदान गरिएको ।
- ५० नयाँ बिपन्न परिवारलाई निःशुल्क स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध गरिएको तथा हालसम्म १८४३ बिपन्न परिवारलाई निःशुल्क स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध गरिएको ।
- बिपन्न नागरिकहरूलाई कडा आठ रोगहरूको एकलाख बराबरको सहुलियत उपचारको लागि ८६ जना बिरामीहरूलाई सिफारिस गरिएको छ।
- नियमित खोप सुदृढीकरण गर्दै नगरपालिकालाई पूर्ण खोप सुनिश्चित नगरपालिका घोषणा गरिएको ।
- कक्षा ६ देखि १० सम्मका ३,८६१ जना किशोरीहरूलाई पाठेघरको मुखको क्यान्सर विरूद्धको HPV खोप लगाइएको छ भने पाठेघरको मुखको क्यान्सर विरूद्धको शिविर सबै वडाहरूमा सञ्चालन गरिएको
- १३७ जना मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गरिरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षघातका बिरामीहरूलाई औषधि उपचार बापत मासिक ५ हजारको दरले उपचार खर्च उपलब्ध गराइएको ।
- वडा नं १ र ६ बालमैत्री वडा घोषणा गरिएको देखियो भने वडा नं २, ७ र ८ लाई बालमैत्री वडा घोषणा हुने गरी कार्यक्रम कार्यान्वयन भइरहेको ।
- रोजागरी प्रवर्द्धन र आत्मनिर्भर वनाउन विभिन्न लक्षित समूहलाई सीप विकास तालिम प्रदान गरिएको ।
- लघु उद्यम कार्यक्रममार्फत ढाका बुनाइ तथा सिलाइ बुनाइ तालिम प्रदान गरिएको छ ।
- समय समयमा सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण गर्ने तथा लैंगिक समानता तथा समावेशीकरण परीक्षणको कार्य सम्पन्न गर्नुका साथै नियमित कार्यापालिकाको निर्णयहरू खरिदसम्बन्धी सूचना समीक्षा प्रतिवेदन त्रैमासिक प्रगति प्रतिवेदन तथा स्वतः प्रकाशन गर्नुपर्ने सूचनाहरू र अन्य दस्तावेजहरू नगरपालिकाको वेभसाइट तथा फेसबुक पेजहरूमा राख्ने गरेको ।
- नगरपालिकामा डिजिटल बडापत्र र कर्मचारीसहित हेल्पडेस्क सञ्चालन भइहेको तथा वडा वडामा नागरिक वडापत्र राखिएको ।

- आ.व. ०७९।८० मा LISA तर्फ र FRA मा प्राप्त अङ्कका आधारमा संस्थागत क्षमतामा सुधार गरिँदै लगिएको छ।
- महालेखा परीक्षणको कार्यालयको प्रतिवेदनमा औल्याएका विगत वर्षहरूका बेरूजुलाई क्रमशः घटाउदै लगिएको।

## ४.३ उर्लाबारी नगरपालिकाकाका चालु आ.ब. का उपलब्धिहरू:

- भाद्र २३ र २४ गतेको जेन्जी आन्दोलनले क्षतिग्रस्त भएको नगरपालिका तथा केही वडा कार्यालयहरूको पूर्ण रूपमा मर्मत सम्भार गरी नियमित सेवा सञ्चालन गरिएको देखियो।
- जेन्जी आन्दोलनले क्षतिग्रस्त भएको नगरपालिका भित्रका वडा कार्यालयहरू केही मर्मत सम्भार गरी सेवा सञ्चालनमा आएको देखियो भने केही वडाकार्यालय पुन प्रयोगगर्न नमिल्ने रहेकोले अन्य भवनमा कार्यालयराखी सेवा प्रवाह भइरहेको देखियो।
- जेन्जी आन्दोलनले क्षतिग्रस्त भएको वडा कार्यालयहरूले मर्मत सम्भार पूर्व अन्य नगरपालिकाका भवन तथा स्वास्थ्य केन्द्रहरूबाट नागरिकलाई सेवा प्रवाह गरेको पाइयो।
- उर्लाबारी नगरपालिकामा वडाका जनप्रतिनिधिदेखि नगरपालिका प्रमुख, उपप्रमुख, कर्मचारी, क्रियाशील राजनीतिक दलहरू, विषयगत शाखाहरू र नागरिक समाजहरूबीच सहयोग र सहकार्यमा कामहरू भइरहेको देखियो।
- नगरपालिकाको योजना तर्जुमा प्रक्रिया, कार्यपालिकाको नियमित बैठक, नगरसभा, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नागरिक सन्तुष्टी सर्वेक्षण, बहुसरोकारवाला सामाजिक जवाफदेहिता जस्ता सार्वजनिक काममा नगरपालिका बासीको सहभागिता र चासो हुने गरेको।
- क्रमगत योजना तथा पालिका भित्रका ठुला योजनाहरूको ठेक्का अबधि थप गरी कार्य सञ्चालन भइरहेको देखियो।
- गत आ.ब.मा झैँ यस आ.ब.मा पनि नगरपालिकाले सडक, पुल, भवन, खानेपानी, बिजुली बत्ती जस्ता आयोजनाहरूको निर्माण र सञ्चालनमा निरन्तरता दिएर काम गरी बजेट विनियोजन गरेको देखियो।
- उपभोक्ता समितिमार्फत विकास निर्माणको कार्य सञ्चालनको चरणमा रहेको देखियो।

- नगरपालिकाले आफ्नो राजस्व वृद्धि गर्ने लक्ष्यमा योजना बनाएर काम गरिरहेको देखियो ।
- ठेक्का तथा उपभोक्ता समितिमार्फत वडादेखि पालिकासम्मका कार्यक्रम र योजनाहरूको काम सञ्चालन भइरहेको देखियो ।
- उर्लाबारी नगरपालिकाले आदिवासी तथा जनजाति समन्वय समिति, दलित वर्ग उत्थान समन्वय समिति, मधेशी मुस्लिम पिछडा वर्ग, जेष्ठ नागरिक सरोकार समाज समूह, महिला समन्वय समिति, बाल समूह सञ्जाललाई बजेट तर्जुमामा जिम्मेवार बनाएको देखियो भने यस्ता समितिहरूले योजना छनोट र तर्जुमामा भाग लिई विषयगत बजेटहरू गाउँसभाबाट स्वीकृत गराई योजनाअनुसारको कार्यमा प्रयोग गर्दै लगेको देखियो ।
- गरिबी निवारणका लागि मेड्पा कार्यक्रमअन्तर्गत प्रारम्भिक चरणका कार्यसम्पन्न गरी उद्यमशिलता तालिम सञ्चालन भइरहेको पाइयो ।
- स्रोत साधनले भ्याएसम्म कच्चीबाटोहरू भएका स्थानमा ग्राबेल बाटो, ग्राबेल बाटोहरू उच्चस्तरीय ग्राबेल गर्दै लगिएको र उच्चस्तरीय ग्राबेल भएको स्थानमा पालिका तथा अन्य कार्यालयको सहयोगमा ईन्टर्लक बाटो तथा कालोपत्रेको काम गर्ने गरी कार्य गर्दै गरेको देखियो ।
- केही वडामा स्वास्थ्य सेवा तथा स्वास्थ्य, पशु कृषि तथा महिलाबालबालिका शाखामार्फत सचेतनामूलक तालिम, सिपविकास तालिम तथा शिविरका कार्यक्रम सञ्चालन हुने थालेको पाइयो।
- विद्यालय दिवा खाजा कार्यक्रमअन्तर्गत गुणस्तरीय खाजा खुवाउने कार्यका लागि पालिकाले समय समयमा अनुगमन गर्ने गरेको देखियो ।
- विद्यालयको शैक्षिक गुणस्तर सुधार नभएका विद्यालयमा गुणस्तर सुधारका लागि  योजनासहित कार्य गरिहेको देखियो ।
- स्रोतले भ्याएसम्म स्व-रोजगारमूलक कार्यक्रम सञ्चालन गर्न नगरपालिका प्रयासरत रहेको ।
- स्वरोजगारमूलक  तालिमहरू सञ्चालन गर्न द्धिपक्षीय सम्झौता भई कार्य सञ्चालन भएको ।
- नगरपालिकाको स्रोतले भ्याएसम्म गर्न सकिने कार्यमा विपद् व्यवस्थापन बारे पूर्व तयारी गर्दै गरेको देखियो ।
- पशु तथा कृषिशाखाबाट सञ्चालन हुने कृषक अनुदानका कार्यक्रम सञ्चालन सुरू भएको देखियो ।

- शिक्षा शाखाबाट विद्यार्थीहरूका लागि विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन तथा विद्यालयकामार्फत गरिने निरन्तरका कार्य विद्यालय अनुगमन गर्दै लगेको देखियो ।
- सबै शाखा तथा वडा कार्यालयहरूले चौमासिक प्रतिबेदन तयार पारी प्रतिवेदन माथि छलफल भइहेको देखियो ।
- स्वास्थ्य विमाका कार्यक्रमहरू सञ्चालन भइरहेको देखियो ।
- SaMi अन्तर्गत पालिका तथा सम्पूर्ण वडाहरूमा सुरक्षित वैदेशिक रोजगारसम्बन्धी अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्मन्न भएको देखियो ।
- नगरपालिकाले आवश्यकता अनुसारका कानुन, ऐन, आचारसंहिता, निर्देशिका, कार्यविधि/नियमावली तथा नीति र मापदण्ड निर्माणगरी कार्यपालिका र नगरसभाबाट पारित गरेको देखियो ।
- सुनौला १००० दिनका आमाहरूलाई पोषणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गर्नुका साथै महिला स्वास्थ्य स्वयसेविकाहरूलाई नसर्ने र मानसिक स्वास्थ्यसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिरहेको।
- सुशासन कायम गर्न नगरपालिका र अन्तर्गतका कार्यालयमा विधुतीय हाजिरीको व्यवस्था गरिएको । नगरपालिकाको ठेक्का प्रणालीलाई E-bid मार्फत सञ्चालन गर्ने नीतिलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिएको ।
- सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता ल्याउन नगरपालिकाको कार्यालय र वडा कार्यालयमा रहेको सिसिटिभि क्यामेरालाई नियमित मर्मत गरिएको साथै यस आ.व.मा नगरको विभिन्न सार्वजनिक स्थलमा सिटिभि क्यामेरा जडान गरिएको ।
- नगरबाट भए/गरेका काम कारवाहीको अद्यावधिक विवरणलाई नगरवासीलाई सुसूचित गराउन त्रैमासिकरूपमा नगरपालिकाको वेबसाईटमार्फत स्वतः प्रकाशन गरिदै आएको ।

## ४.४ सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा (गत आर्थिक वर्षहरूमा गरिएका कामहरूबाट प्राप्त नतीजाहरूको तुलनात्मक अध्ययन।

**तालिका नं.६ : सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा**

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था ७१३५० | प्रयास | उपलब्धी |
|---|---|---|---|
| **स्वास्थ्य** | | | |
| **५ वर्षमुनिका बालबालिकाको सङ्ख्या तथा प्रतिशत** | ४९९४ जना अर्थात (करिब ७ प्रतिशत) | • ५ वर्ष मुनिका बालबालिकाहरूका लागि विभिन्न प्रकारका खोप अभियान चलाएको। | **५८१५ जना अर्थात (करिब ८ प्रतिशत)**<br>• सबै बालबालिकाले खोप लगाएका तथा पूर्ण खोपयुक्त नगर घोषणा भएको। |
| **स्वास्थ्य चौकी एक घण्टाभित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या।** | १०० प्रतिशत घरधुरीमा पहुँच पुगेको। | • ग्रामीण सडकको मर्मत तथा सम्भारमा जोड।<br>• हरेक वडामा यातायातका साधन पुग्ने वातावरण निर्माण<br>• वडा स्तरमा खोप कार्यक्रम सञ्चालन तथा महिला स्वास्थ्य कार्यकर्ताहरूलाई तालिम सञ्चालन | **१०० प्रतिशत घरधुरीमा पहुँच पुगेको**<br>• हरेक वडा स्तरमा क्रमिक रूपमा स्तरिय यातायातको पहुँच विस्तार भएको,<br>• वस्ती स्तरसम्म खोप सेवाको उपलब्धता हरेक वडामा एउटा स्वास्थ्य चौकी अथवा आधारभूत स्वास्थ्य केन्द्रको व्यवस्था गरिएको। |
| **खोपमा पहुँच भएको जनसङ्ख्या (एक वर्ष मुनिका बालबालिकाको आधारमा)** | **(१०७४ जना) अर्थात** सबै बालबालिकाले खोप प्राप्त गरेका। | • BCG,DPT,FIPV2, OPV, PCV3, DPT3, JE, Rota2, TYPHOID,Mr2 जस्ता खोप प्राप्त गरेका<br>• म. स्वा.स्वं से. परिचालन भएको तथा विभिन्न सचेतना कार्यक्रम सञ्चालन भएको।<br>• १ देखी ९ वडाका सबै खोप केन्द्रमार्फत खोप अभियान सञ्चालन भएको। | **(८४१ जना) अर्थात सबै बालबालिकाले खोप प्राप्त गरेका।**<br>• पूर्ण खोप अभियानको लागि स्वास्थ्यकर्मीले घरधुरी सर्वेक्षण गर्दा खोपको नीति अनुरूप सबै बालबालिकाले खोप प्राप्तगरेको।<br>• गत वर्षको तुलनामा उपलब्धी बढेको। |

| | | | |
|---|---|---|---|
| **पटक गर्भवती जाँच गरिएको महिलाहरूको सङ्ख्या ( प्रतिशतमा)** | **(८४.५ प्रतिशत)** गर्भजाँचको पहिलो, भिजिटबाट चोथौ हुँदै आठौं भिजिट सम्म पुग्दा ८४.५ प्र. रहेको । | ● म. स्वा. स्वं से.परिचालन गरिएको ।<br>● स्वास्थ्य कर्मी करारमा नियूक्ति गरिएको ।<br>● परिवार स्वास्थ्यसम्बन्धी समीक्षाका साथै विभिन्न प्रकारका सचेतना कार्यक्रम सञ्चालन भएको ।<br>● स्वास्थ्य स्वयं सेबिकालाई प्रोत्साहन गरिएको । | **(९७ प्रतिशत अर्थात १२३२ जना)**<br>● गर्भवती भएका महिलाहरूमा ४ पटकको स्वास्थ्य जाँच गराउनेको सङ्या १२३२ जना<br>● अर्थरात ४ पटक जाँच नगराउनेको सङ्या ११९५ जना ९७ प्रतिशत रहेको पाईयो ।<br>● मातृशिशु र बाल मृत्यूदर शून्यमा झर्नुका साथै गत वर्षको तुलनामा उपलब्धी बढेको<br>● स्वास्थ्यकर्मीबाट गर्भ जाँच गराउनुपर्छ भन्ने सन्देश नागरिकमा प्रवाह हुँदै गएको । |
| **दक्ष प्रसुति कर्मीबाट प्रसुति गरिएका महिलाको संख्या** | (९९.६ प्रतिशत) ११२१ गर्भवती भएका महिलाहरू मा १११७ जनाले अस्पतालमा बच्चा जन्माएका छन् । | ● प्रसूति सेवा केन्द्र बिस्तार, स्वास्थ्य चौकीमा दक्ष प्रसूतिकर्मीको व्यवस्था ।<br>● विभिन्न प्रकारका प्रसूति स्वास्थ्यसम्बन्धी तालिम प्रदान गर्नु।<br>● आमा सुरक्षा कार्यक्रम लागू गरिएको । | **(९९ प्रतिशत) ३५८ जना ।**<br>● सबै गर्भवती महिलामा दक्ष स्वास्थ्य कर्मी तथा स्वास्थ्य संस्थामा नै सुत्केरी गराउनुपर्छ भन्ने भावनाको विकास भएको ।<br>● गत वर्षको तुलनामा उपलब्धी प्रतिशत बढेको । |
| **झाडा पखालाबाट मृत्यु हुने बालबालिकाको सङ्ख्या** | नपाईएको | ● स्वास्थ्यसम्बन्धी सचेतना, सफा पिउने पानीको प्रयोग, बढ्दो सरसफाई, झाडा पाखाला प्रतिको धारणामा परिर्वतन र खुला दिशा मुक्त क्षेत्र घोषणा । | (नपाईएको)<br>● स्वास्थ्य तथा सरसफाईसम्बन्धी सचेतना बढेको। |
| **कडा खालका निमोनिया भएका बालबालिका सङख्या** | नपाईएको | ● स्वास्थ्यसम्बन्धी सचेतना बढदै गएको तथा शिक्षामा पहुँच भएकाले स्वास्थ्यप्रति सजग भएको ।<br>● इन्टरनेटको तिब्रतर विकास, रेडियो, पत्रपत्रिका तथा विभिन्न | **( १० जना रहेको)**<br>● गत आ.ब. मा कडाखालका निमोनिया देखिएकोले नगरपालिकाले त्यस सम्बन्धी रोग |

| | | | |
|---|---|---|---|
| | | कार्यक्रमबाट चेतनामुलक कार्यक्रमको सन्देस प्रवाह भएको। | बढ्न र त्यसको कारण पत्ता लगाउने कार्य गरिरहेको।<br>● नगर बालमैत्री घोषणाका कार्यक्रमले बालबालिका, अभिबावकमा सचेतना बृद्दी हुँदै गएको।<br>● सचेतनामूलक कार्यक्रम र ती कार्यक्रम बाट सन्देश प्रवाह भएको। |
| **सब हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिनेको सङ्ख्या** | करिब ९९ प्रतिशत रहेको। | ● हरेक वडामा हेल्थ पोष्ट, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी रहेको।<br>● मंगलबारे अस्पतालले २४ सै घण्टा सुबिधा दिंदै आएको हेल्थ पोष्ट, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकीहरू मा निशुल्क बितरण हुँदै आएको। | **करिब ६६९९२ जनाले लिएको देखियो**<br>● हरेक घर परिवारका मानिसले सेवा लिँदै गएको।<br>● अत्यावसेकिय औषधी र सेवा बाह्रै महिना निःशुल्क दिने प्रयास।<br>● सब हेल्थपोष्ट वा हेल्थपोष्ट प्रति मानिसको विश्वास बढेको। |
| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गत वर्षको अवस्था** | **प्रयास** | **उपलब्धी** |
| **शिक्षा** | | | |
| **आधा घण्टाभित्र प्राथमिक विद्यालय नपुग्ने वालवालिकाको सङ्ख्या** | १०० प्रतिशत अर्थात सबै विद्यार्थी आधा घन्टा भित्रै पुग्ने गरेको। | ● विद्यार्थीको सङ्या रहेको स्थान तथा हरेक वडा तथा टोल बस्तीमा बिद्यालय रहेको। | **(१०० प्रतिशत)**<br>● शिक्षामा पहुँच वृद्धि भएको । शिक्षाप्रति सचेतना बढेको । बाल बिकास केन्द्रमा बालबालिकाको पहुँच बृद्धी भएको। |

| | | | |
|---|---|---|---|
| **पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर** | ७२.२ प्रतिशत | • स्थानिय तहको सहयोग र बाल विकास केन्द्रहरूको उल्लेख्य वृद्धिका कारण पूर्व प्राथमिक विद्यालयको भर्नादर बढेको। | **(७७.४ प्रतिशत)**<br>• आफ्नो घर टोल नजिकै रहेको बाल विकास केन्द्रमा भर्ना हुने क्रम बढेको।<br>• पहिलेको तुलनामा उपलब्धि बढ्दै गएको। |
| **प्राथमिक विद्यालयमा पहुँच नभएका सो उमेर समूहका बालबालिका सङ्ख्या वा प्रतिशत** | १०० प्रतिशत बालबालिकामा पहुँच पुगेको। | • प्रत्येक वर्ष नयाँ शैक्षिक सत्र सुरू हुँदा भर्ना अभियान चलाएको, निःशूल्क शिक्षा, छात्रवृत्ति, खाजा कार्यक्रम पोशाक र पाठ्यपुस्तक लगायतका सुबिधा दिने गरेको। | **१०० प्रतिशत रहेको।**<br>• प्राथमिक विद्यालयमा पुगेका बालबालिकाहरूमा कक्षा छोड्ने दर घट्दै गएको।<br>• प्रत्येक वर्ष गुणस्तरीय सिकाइ दर बढ्दै गएको।<br>• विद्यालयमा विद्यार्थी टिकाउदरमा जोड दिँदै गएको। |
| **कक्षा १ मा खुद भर्नादर छात्र,छात्रा** | **९७.२ प्रतिशत रहेको।** | • प्रत्येक गाउँ र टोलमा बाल विकास केन्द्र रहेकोले भर्नादर बढेको।<br>• विद्यालय भर्ना बारे सचेतना बढ्दै गएको। | **९९.६ प्रतिशत रहेको।**<br>• प्रत्येक विद्यालय प्रत्येक वर्ष नयाँ शैक्षिक सत्र सुरूहुँदा भर्ना अभियान चलाएकोले भर्नादर बढेको।<br>• पहिलेको तुलनामा (भर्नादर) उपलब्धि बढ्दै गएको। |
| **प्राथमिक तहमा कक्षा छोडने कक्षा दोहोर्याउने र कक्षा उत्तीर्ण हुने दर** | कक्षा छोड्ने दर शुन्य रहेको। कक्षा दोहोर्याउने दर १ | • प्रत्येक वर्ष नयाँ शैक्षिक सत्र सुरू हुँदा भर्ना अभियान चलाएको, निःशुल्क शिक्षा, छात्रवृत्ति, खाजा कार्यक्रम पोशाक र पाठ्यपुस्तक लगायतका सुबिधा दिने गरेको। | **कक्षा छोड्ने दर ० प्रतिशत रहेको। कक्षा दोहोर्याउने दर २.४ प्रतिशत र ऊत्रिर्ण दर ९०.६ प्रतिशत रहेको।** |

| | | | |
|---|---|---|---|
| | प्रतिशत र उत्रिर्ण दर ९५ प्रतिशत रहेको। | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने गरेको।<br>• विद्यालयमा पुगेका बालबालिका निःशुल्क शिक्षा, छात्रवृत्ति खाजा कार्यक्रम पोशाक र पाठ्यपुस्तक लगायतका सुबिधाले बालबालिकाको कक्षामा सङ्ख्या बढेको। | शैक्षिक सत्र २०८१ मा कक्षा छोडने दर नभएको त्यस्तै कक्षा दोहोर्याउने दर २.४ प्रतिशत र उत्तिर्ण प्रतिशत ९०.६ प्रतिशत रहेको।<br>हाल ९५ प्रतिशत विद्यार्थीमा टिकाउदर रहेको। |
| **प्राथमिक तहमा तालिम प्राप्त शिक्षक सङ्ख्या** | **१३८ जना** सेवाकालिन तालिम प्राप्त गरेका। | • सबै शिक्षकहरू शिक्षाशास्त्र अध्ययन गरेका मात्र सेवा प्रवेश गर्ने गरेका।<br>• शिक्षाशास्त्र अध्ययन नगरेका शिक्षकहरूले तालिम केन्द्रबाट तालिम लिएका।<br>• शिक्षा विकास तथा समन्वय एकाईबाट टि.पि.डि.तालिम लिएका। | **१३७ जना।**<br>• शिक्षाशास्त्र अध्ययन गरेका वा टि.पि.डि. तालिम, सेवाकालिन तालिम तथा शिक्षण सिकाइसँग सम्बन्धित तालिम प्राप्त गरेका। |
| **प्रति कक्षा कोठा विद्यार्थी सङ्ख्या** | **औषतमा ३० देखि ३५ सम्म रहेको** । | • विद्यालय भवनको सुधार तथा मर्मत सम्भार गरेको।<br>• विद्यालय भवन अपर्याप्त भएको बिद्यालयमा एक वा एक भन्दाबढी सेसन सञ्चालन गरेको। | **औषतमा २० देखि २७ सम्म रहेको**<br>• विद्यालय कक्षा कोठा सुहाउँदो विद्यार्थी रहेको। |
| **बाह्य सहयोगमा निर्मित विद्यालय कोठा सङ्ख्या** | गत. आ.ब. मा निर्माण नरहेको। | • विद्यालय भवन पर्याप्त भएकोले कक्षाकोठामा कोचिएर बस्नुपर्ने बाध्यता हटेको।<br>• विद्यार्थीलाई घाम, पानी, गर्मी र जाडोबाट तनाव नभएको। | **नरहेको।** |
| **नगरपालिकाबाट निर्मित विद्यालय कोठा सङ्ख्या** | **गत. आ.ब. मा १०** ओटा कक्षा कोठा निर्माण हुनुका साथै शौचालय तथा खानेपानिका,भवन | • स्थानीय निकायबाट मर्मत, विद्यालय घेराबेरा र लैङ्गिकता मैत्री शौचालय, खेल मैदान, खेलकुद सामग्री वितरण तथा अतिरिक्त कार्यक्रम सहित उत्कृष्ठ विद्यार्थी पुरस्कारको व्यवस्था गरेको। | **८ वटा कक्षाकोठा निर्माण भएका।**<br>• ८ ओटा कक्षा कोठाको निर।माण सम्पन्न भएको।<br>• कक्षा कोठाको साथै विद्यालयमा खेल मैदान, |

| | | | |
|---|---|---|---|
| | मर्मत धाराहरूको निर्माण भएको। | | विद्यालय सम्म पुग्नका लागि सडक मर्मत, विद्यालयमा रहेको शौचालय तथा खानेपानिको धाराहरूको निर्माण तथा स्तरोन्नतिको कार्य भईरहेको। |
| **दलित बालबालिकाको शिक्षामा पहुँच** | **१०० प्रतिशत रहेको।** | • दलित छात्रबृति, विद्यालय खाजा कार्यक्रम सञ्चालन विद्यालय स्वागत कार्यक्रम तथा सम्मान कार्यक्रम विद्यार्थी भर्ना तथा पोसाक अभियान कार्यक्रम<br>• निःशुल्क पाठ्यपुस्तक वितरण | **१०० प्रतिशत रहेको**<br>• तुलनात्मक रूपमा दलित विद्यार्थीको शिक्षामा पहुँच बढेको।<br>• विद्यार्थीको सिकाइस्तर बृद्धी हुँदै गएको। |
| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गत वर्षको अवस्था** | **प्रयास** | **उपलब्धि** |
| **खानेपानि तथा सरसफाई** | | | |
| **स्वच्छ पानी पुगेको परिवार सङ्ख्या वा प्रतिशत** | **५०.९१ प्रतिशत**<br>१७६५० घरधुरी मध्ये ८९८५ घरघुरीले पाईपको पानि प्रयोग गर्ने गरेको देखियो भने ८६६५ भरघुरीले परम्परागत कलबाट पानि प्रयोग गरेका देखिन्छ। | • हिलटेक बनाएर पानी वितरण गरेको। कलको पानी प्रयोग गर्ने परिवारले फिल्टरको प्रयोग तथा पानि उमालेर पिउने गरेको।<br>• मानिसहरूमा शुद्ध पानि पिउने बारे सचेतना बृद्धी हुँदै गएको।<br>• प्राय विद्यालयमा शुद्धपनि वितरणका लागि नगरपालिका बाट सचेतना कार्यक्रम सञ्चालन गरिएको।<br>• गरिब तथा विपन्न परिवारमा नगरपालिका तथा वडा कार्यालयबाट निःशुल्क रूपमा धारा वितरण गरिएको। | **करिब ५४ प्रतिशत घरधुरीमा स्वच्छ खानेपानि पुगेको देखिन्छ**<br>• पालाका भित्रका वडा नं. १, ३ र ८ वडाका अधिकांश घरधुरीमा अझै पनि स्वच्छ खानेपानि नपुगेको देखिन्छ।<br>• १७६५० घरधुरीमध्ये करिब ५४ प्रतिशत घरघुरीले पाईपको पानि प्रयोग गर्ने गरेको देखियो भने ४६ प्रतिशत घरघुरीले अन्य स्रोत जस्तै परम्परागत कल, बोरिङ्, पालिको मुहानबाट पानि प्रयोग गरेका देखिन्छ। |

| | | | |
|---|---|---|---|
| | | | • खानेपानीबाट लाग्ने रोगमा कमी आएको ।<br>• अधिकांस स्थानमा पाइपलाइनबाट खानेपानिको वितरण गरिएको । |
| **शौचालय नभएको सङ्ख्या वा प्रतिशत** | **३ प्रतिशतमा <u>(करिब ५३० घरधुरी)</u>**<br>केही घरमा सामान्य शौचालय रहेको अर्थात सेफ्टि ट्याङ्की नभएको शौचालय रहेको । | • शौचालय प्रयोगबारे सचेतना बृद्धी हुँदै गएको ।<br>• शौचालय भएको परिवारले शौचालय प्रयोग गरी हात धुने गरेको ।<br>• सरसफाईमा चेतना वृद्धि भएको ।<br>• सबै वडाहरू दिसामुक्त क्षेत्र घोषणा भएको । | **२ प्रतिशतमा <u>(करिब ३५३ घरधुरी)</u>**<br>• ३५३ घरमा सामान्य शौचालय रहेको अर्थात सेफ्टि ट्याङ्की नभएको शौचालय लाई आधुनिक र सेफ्टि ट्याङ्की सहितको निर्माण भइरहेको ।<br>• पालिका भित्रका ३, ४ र ८ नं. वडाका घरधुरीमा शौचालय नरहेको ।<br>• पहिलेको तुलनामा शौचालय बनाउने सङ्या बढेको तथा शौचालय प्रयोग गनुपर्ने चेतनाको विकास भएको । |
| **सुधारिएको चुलो भएको परिवार सङ्ख्या** | **(४३८४ घरधुरी रहेको सुधारीएको चुलो रहेको ।** | • स्वास्थ्यसम्वन्धी चेतना बढेको, धुवाँबारे लाग्ने रोगका बारेमा जानकारी हुँदै गएको ।<br>• विद्यार्थीहरूलाई स्कुल शिक्षा, चुलो प्रदर्शनी, होर्डिङ्वोर्ड, क्यालेण्डर, पुस्तक, पर्चा वितरणबाट चुल्हो निर्माण गर्न सन्देशमूलक शिक्षा प्रदान गर्ने गरेको ।<br>• खाना पकाउन तथा सामान्य प्रयोगका लागि अधिकांश घरपरिवारले विद्युतिय उपकरणको प्रयोग तथा ग्यास चुलोको प्रयोग गर्ने गरेको । | **(सुधारिएको चुलोको प्रयोग नरहेको)**<br>• पालिका भित्र सुधारिएको चुलो नरहेको तर अझैपनि केही घर परिवारकाहरूले काठ, दाउरा, गोबर तथा गुइँठाको प्रयोग गर्ने गरेको ।<br>• पालिका तथा वडा कार्यालयले गरिब तथआ विपन्न परिवारलाई ग्यास तथा विद्युतीय चुलो निःशुल्क रूपमा वितरण गर्दै लगेको ।<br>• गाउँघरमा धुवाँरहित चुलोको प्रयोग बारे |

| | | | |
|---|---|---|---|
| | | | सचेतना बढेको। |
| **स्रोतमा फोहोर छुट्याउने घरधुरी सङ्ख्या र प्रतिशत** | बजार क्षेत्रमा बाहेक अन्य स्थानमा छुट्याउने नगरेको। | ● धैरै मानिसहरूमा घर आँगन, भान्सा तथा अन्य स्थानबाट निस्कने फोहोरबारे सचेतना वृद्धि भएको।<br>● फोहोर फाल्ने डस्बिनहरू केही स्थानमा वडा तथा नगरपालिकाबाट बजार क्षेत्रका बाटो घाटो तथा शार्वजनिक स्थानमा राखिएको।<br>● फोहोर छुट्याएर व्यवस्थापन गर्ने तथा प्लास्टिक तथा प्लास्टिक जन्य वस्तु, बोतल, बाल्न हुने, बाल्न नहुने तथा गल्ने र नगल्ने फोहोरबारे विभिन्न प्रकारका सचेतना कार्यक्रम सञ्चालन भइरहेको। | **एकिन तथ्याङक नरहेको**<br>● फोहोर छुट्याउने र नछुट्याउने घरपरिवारको एकिन तथ्याङ्क नरहेता पनि अस्पताल र प्राथमिक स्वास्थ्य केन्द्रहरूले छुट्याउने गरेको तथा उर्लाबारी बजार, आसपासका चोक बजारमा भने छुट्याएर फाल्ने नगरेको।<br>● पहिलेको तुलनामा बजारका क्षेत्रमा फोहोर छुट्याएर व्यवस्थापन गर्ने क्रम बढ्दै गएको<br>● प्रयोग गर्न मिल्ने फोहोरलाई बजार क्षेत्रमा पनि कौशी खेतिमा प्रयोग गरी प्रयोग गर्न नमिल्ने फोहोर मात्र फाल्ने गरेको। |
| **पूर्ण सरसफाई वातावरणमैत्री भएको घर** | नगरपालिकाका भित्रका केही क्षेत्रहरू सफा र स्वच्छ क्षेत्र घोषणा भएका। पकिन तथ्याङ्क नरहेको। | ● उत्पादनमा हुने फोहोरमा कुहिने र नकुहिने छुट्याएर फोहोर व्यवस्थापनको कार्यक्रम र जानकारी दिएको।<br>● बजार क्षेत्रमा छुट्याएर नराखेको फोहोर नगरपालिकाको गाडिले नउठाउने गरेको। बजार क्षेत्रमा कुहिने फोहोरको प्रयोग गरी कौशी खेति गरिएको।<br>● फोहोर छुट्याएर राख्नेबारे सचेतना कार्यक्रम सञ्चालन गरिएको।<br>● महिला स्वयम् सेविका र विद्यालय बीच सहकार्य भएको। विद्यालयमा चेतनामूलक कार्यक्रम सञ्चालन भएको। | **एकिन तथ्याङ्क नरेहेको**<br>● नगरपालिका भित्रका केही क्षेत्रहरू सफा र स्वच्छ क्षेत्र (पूर्ण सरसफाई वातावरणमैत्री) घोषणा हुँदै गएको।<br>● बजार क्षेत्रका अधिकाशं क्षेत्रहरू पूर्ण वातावरणमेत्री बन्दै गएको।<br>● गत वर्षको तुलनामा फोहोर व्यवस्थापन बारे उपलब्धी बढ्दै गएको। |

| | | | |
|---|---|---|---|
| **फोहोर प्रशोधन केन्द्रको व्यवस्थापनको अवस्था** | फोहोर प्रशोधन र व्यवस्थापन बारे नगरपालिकाले कार्य गरिरहेको । | • ल्याडफिल्ड साइडको निमार्ण गर्ने कार्यमा नगरपालिका प्रयासरत रहेको ।<br>• उपयुक्त ल्याडफिल्ड साइडको स्थानको खोजि भइरहेको ।<br>• फोहोर फाल्ने, प्रशोधन गर्ने तथा दिगो रूपमा फोहोर फाल्ने स्थान नगरपालिकासँग नरहेकोले अस्थायि रूपमा व्यवस्थापन गरिरहेको ।<br>• बजार क्षेत्र तथा मानिसको ओहोर दोहोर हुने स्थान भन्दा बाहिर फोहोर फाल्ने गरेको ।<br>• बजार क्षेत्रभित्र वडा तथा नगरपालिकाको ट्र्याक्टरद्धारा फोहोर उठाउने र फाल्ने कार्य भईरहेको । | **(संघ, प्रदेश तथा गै.स.स. सँग साझेदारीका लागि नगरपालिका प्रयासरत रहेको)** |
| **टुबेल, धारा वा पानीको मुहानमा सरसफाई प्रतिशतमा** | यकिन तथ्याङ्क नरहेको | • यहाँका प्राय धारा, कल तथा पानी आउने अन्य स्रोतहरूमा सरसफाई भइरहेको ।<br>• स्थानिय तहका साथै विभिन्न संघ संस्थाको सहयोगमा सरसफाई बारे सचेतना कार्यक्रम सञ्चालन भइरहेको ।<br>• पानिको मुहान सफा राख्ने बारे सचेतना विकास भएको ।<br>• खानेपानीका मुहान, धारा तथा अन्य क्षेत्रहरूमा सरसफाइको कार्य समय-समयमा हुने गरेको । | **यकिन तथ्याङ्क नरहेको**<br>• पालिका भित्रका अधिकांश ट्याङ्कीको पानि प्रयोग गर्ने घरपरिवारले पानीको धारा तथआ पानि प्रयोगगर्ने छेउछाउ सरसफाई **राख्ने गरे**को देखियो।<br>• कल तथा अन्य स्थानको पानि प्रयोग गर्ने अधिकांश घरधुरीले समेत पानीको मुहान तथा धारा सफा राख्ने गरेको पाइयो ।<br>• खानेपानी तथा सरसफाई शाखाले यसबारे कार्य गरिरहेको । पहिलेको तुलनामा उपलब्धि बढेको । |

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|
| **बालबालिका, महिला तथा समावेशी क्षेत्र** | | | |
| **बाल बिवाहको सङ्ख्या** | **४२ जना रहेको।** | • पालिका तथा वडा कार्यालयहरूद्धारा बालबिवाह, बहु बिबाह तथा अनमेल बिबाह विरूद्धको अभियान सञ्चालन र सहकार्य भइरहेको।<br>• बाल बिवाह भएमा कानुनी उपचारको लागि नजिकैको प्रहरी कार्यालय जानेबारे पालिका बासिमा सचेतना बढेको।<br>• बाल विवाह कानुनी रूपमै दण्डित रहेकोले मानिसहरूमा कानुनी सचेतना बढेको। | **यकिन तथ्याङ्क नरहेको।**<br>• यकिन तथ्याङक नरहे पनि १ देखि ९ नं. वडाका १७६५० घरधुरीलाई केलाउँदा १५-२० बर्ष उमेरका ८ नं. वडाका केही बालबालिकाको बाल बिवाह भएको भन्ने रहे पनि वडामा डाटा रहेको तथा इलाका प्रहरीकार्यालयको रिपोट अनुसार पनि बाल विवाह नरहेको।<br>• हरेक मानिसमा बालविवाह बारे सचेतना अभिवृद्धी भएको। |
| **बालगृहको अवस्था** | **(६६ जना रहेको)** | • असहाय, अशक्त, अनाथ तथा अभिभावक नभएका बालबाच्चाहरूलाई सुरक्षित रूपमा राखिएको।<br>• नगरपालिका, विभिन्न प्रकारका संघ संस्थाहरूको सहयोगबाट संन्चालन भइरहेको। | **(६१ जना रहेको)**<br>• यस नगरपालिका भित्र रहेको एउटा बालगृहमा ३६ जना बालिका तथा बालक २५ जना गरी जम्मा ६१ बाल बालिका रहेका देखियो। |
| **सामाजिक बिकृति, विसङ्ती** | अपहरण – नरहेको<br>ज.क.मुद्धा – ५ जना<br>मानव बेचबिखन – नरहेको<br>आत्महत्या – ३४ | • नगरपालिका कार्यालय, वडा कार्यालयहरू तथा इलाका प्रहरी कार्यालय उर्लाबारीका साथै समाजका प्रबुद्ध व्यक्तिहरूको सक्रियताले बिभिन्न सामाजिक बिकृति, विसंगतिमा कमी आएको। | **ईलाका प्रहरी कार्यालय उर्लाबारीद्वारा प्राप्त तथ्याङ्क यस्तो रहेको छ**<br>• अपहरण – ३ जना रहेको<br>ज.क.मुद्धा – ३ जना |

| | | | |
|---|---|---|---|
| | जना<br>एक्सिडेन्ट – २० जना<br>विभिन्न प्रकारका हिंसामा परेका महिलाहरू - ४४<br>हिंसामा परेर मिलापत्र भएका -३२ | • वडा कार्यालयहरू तथा इलाका प्रहरी कार्यालय उर्लाबारीका साथै विभिन्न संघ संस्था तथा कार्यक्रमहरूको माध्यमबाट दुव्र्यसन विरूद्ध जनचेतना बढाइएको ।<br>• विकृति र विसङ्गति नियन्त्रणमा नेपाल प्रहरीको संलग्नता रहने गरेको ।<br>• महिला हिंसा, दहेज प्रथा विरूद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन हुने गरेको ।<br>• कानुनी रूपमै सामाजिक विकृतिमा सम्लग्न ब्यक्तिहरूलाई कडा सजायको व्यवस्था गरिएको । | मानव बेचबिखन – नरहेको<br>आत्महत्या – ३९ जना<br>सवारी दुर्घटना – १३ जना<br>विभिन्न प्रकारका हिंसामा परेका महिलाहरू रहेका र केही हिंसामा परेर मिलापत्र भएको देखियो नगरपालिका स्तरमा **सामाजिक बिकृति र विसङ्ती** नियन्त्रणका लागि सम्वाद, छलफल तथा कार्यक्रम भइरहेको । |
| **सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, एकलमहिला, अपाङ्ग, पिछडिएको क्षेत्र तथा लोपोन्मुख जाति) भत्ता प्राप्त लाभग्राही** | यहाँका १०० प्रतिशत मानिसहरू प्रक्रियामा आएका । | • कोही नछुटुन तथा कोही नदोरिउन भनेर कार्यक्रम सञ्चालन गरिएको ।<br>• टोल टोलमा सुरक्षा भत्ता नविकरणका गर्नका लागि कर्मचारी खटाइएको ।<br>• नगरपालिकाबाट अपाङ्गता परिचय र जेष्ठ नागरिक परिचयपत्र वितरण गरिएको ।<br>• वार्षिक रूपमा तथ्याङ्क अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरूको विवरण वडाअनुसार प्रकाशन गरिएको ।<br>• सुरक्षा भत्ता उपलब्ध गराउन समयमा बजेट निकासा गरिएको ।<br>• भत्ता वितरणको प्रभावकारिताका लागि अनुगमन गरेको । | **१०० प्रतिशत मानिसहरू प्रक्रियामा आएका**<br>• जेष्ठ नागरिक, दलित, एकल महिला, विधवा, पूर्ण अपाङ्गता, अति अशक्त अपाङ्गता, दलित बालबालिकाहरू गरी चौथो चौमासिकमा जम्मा- **७२६८** जनाले यस नगरपालिकाबाट विभिन्न प्रकारका सामाजिक सुरूक्षा भत्ता प्राप्त गरेका । |

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
| --- | --- | --- | --- |
| **जनचेतना तथा गरिवी निवारण** | | | |
| **बाल श्रमको अवस्था** | नगरपालिकाभित्र बाल श्रम नरहेको । | • बाल श्रम विरूद्धको अभियान सञ्चालन तथा बालमैत्री नगरपालिकको घोषणा भएको ।<br>• वालश्रम विरूद्धमा जनचेतना कार्यक्रम सञ्चालन भईरहेको ।<br>• बालक्लवहरूको गठन तथा परिचालन भएको ।<br>• बाल मैत्री नगर घोषणाका लागि बालबालिका सम्बन्धी कार्य भइरहेको । | **नगरपालिकाभित्र बाल श्रमिक नरहेको ।**<br>• बालमैत्री नगर घोषणाकालागि कार्यक्रम भइरहेको।<br>• बालश्रम विरूद्धमा जनचेतना र अनौपचारिक छलफल हुन थालेको ।<br>• बालश्रमको प्रयोग गरेमा कानूनको व्यवस्था बारे सबै नागरिक जानकार रहेको । |
| **जनचेतना तथा गरिबी निवारणका प्रयासहरू** | गरिबी निवारणका लागि सरोकारवाला निकायहरूसँग सहकार्य र समन्वय | • गरिबी निवारणका लागि सञ्चालन गर्ने विभिन्न प्रकारका कार्यक्रम र लक्षित वर्गका कार्यक्रममार्फत गरिबी निवारणका उपायहरूको खोजि भइरहेको । | • गरिबहरूको सङ्यामा कमी ल्याउन नगरपालिकाले स्व-रोजगारमूलक तालिम, मेड्पा कार्यक्रमका साथै संघ सरकार, प्रदेश सरकार तथा विभिन्न गैर सरकारी संस्थाहरूसँग प्रयास गरिरहेको । |
| **बाल क्लवहरूको अवस्था** | हरेक वडामा बाल संन्जाल रहेको बाल संन्जाल जम्मा ११ जटा रहेका छन् भने नगर संन्जाल ९ वटा रहेका छन् । | • बाल क्लबका सदस्यहरूलाई विभिन्न प्रकारका तालिम exposer visit सर सफाई अभियान, सडक नाटक, अतिरिक्त क्रियाकलापमा सहभागिता गराउने काम भइरहेको ।<br>• समय समयमा बालक्लबहरूको पुनर्गठन गरिएको ।<br>• एच आई भि एड्ससम्बन्धी अभियान सञ्चालन तथा लागू औषध दुव्र्यसनी बारे जागकारी गराएको । | • हरेक वडामा बाल संन्जाल रहेको बाल संन्जाल जम्मा ११ वटा रहेका छन् भने नगर संन्जाल ९ वटा रहेका छन् ।<br>• हरेक विद्यालयहरूमा बाल क्लबहरू गठन र पुनर्गठन गरिएको ।<br>• बाल क्लबहरू सुदृढीकरण भएको । |

| | | | |
|---|---|---|---|
| | | | ● बालबालिकाहरूमा नेतृत्व गर्ने क्षमताको विकास भएको। |
| **महिला हिंसाको अवस्था** | मानसिक यातना, कुटपिट, झैझगडा तथा अंङ्गभङ्ग, लैंङिगक बिभेद, दाईजो प्रथाका कारण प्रताडित हुने गरेपनि धेरै हिंसा कानुनी दायारामा नपुग्ने गरेको। | ● पालिकाका विभिन्न वडामा महिला हिंसा विरूद्धका अभियान र कार्यक्रम सञ्चालन भएको।<br>● लैंगिक हिंसासम्बन्धी हरेक वर्ष १६ दिने अभियान सञ्चालन भएको।<br>● लैंगिक हिंसासम्बन्धी घटनाहरूको विवरण सङ्कलन गर्ने गरिएको।<br>• न्यायिक समितिमार्फत दुई पक्षलाई झिकाई छलफल गर्ने गरिएको। | **महिला हिंसासम्बन्धीका घटनाहरू**<br>● मानसिक यातना, कुटपिट, झैझगडा तथा अंङ्गभङ्ग, लैंङिगक बिभेद, दाईजो प्रथाका कारण प्रताडित हुने गरेपनि धेरै हिँसा कानुनी दायारामा नपुग्ने गरेको।<br>● महिला हिँसाका घटनाहरू न्यायिक समितिमा आएकालाई मिलापत्र गरी पठाउने तथा केही घटनालाई प्रहरी कार्यालय तथा न्यायिक कार्यालयमा पठाउने गरेको। |
| **बहु विवाह र अनमेल बिवाहको स्थिति** | कतै बहु विवाह र अनमेल बिवाह भएपनि कानुनी प्रक्रियामा नआएको | ● सामाजिक विकृति र विसङ्गतिका विरूद्धमा कार्यक्रम भएकाले बहु विवाह र अनमेल बिवाहमा कमी आएको।<br>● कानूनी रूपमा बहुबिवाह दण्डित रहेकोले कम भएको। | ● कतै कतै बहु विवाह र अनमेल बिवाह भएपनि तल्लो तहमै मेलमिलाप गरी लुकाउने गरेको कानुनी प्रक्रियामा नआएको। |
| **रोजगारीको अवस्था** | अल्पकालीन तथा दीर्घकालीन रोजगारीको खोजी तथा समन्वय | ● विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गरिएको।<br>● पालिकमार्फत अल्पकालीन तथा दीर्घकालीन रोजगारीको खोजी तथा समन्वय भईरहेको।<br>● प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत ९० दिनको रोजगारी सिर्जना। | ● यस वर्ष मात्र वडा र नगरपालिकाबाट करिब १००० जना भन्दा बढीलाई विभिन्न प्रकारका स्व-रोजगारमूलक तालिम सञ्चालन गरिएको।<br>● तालिम प्राप्त व्यक्तिहरू केही स्व-रोजगार बनेको, सिप सिकेर बैदेशिक रोजगारीमा |

| | | | |
|---|---|---|---|
| | | • सडक निर्माण, भवन निर्माण जस्ता योजनाहरूबाट अल्पकालीन र प्रत्यक्ष रोजगारीको सिर्जना भएको। | गएको तथा केही व्यक्तिहरूले साना ठुला आयोजनाहरूमा रोजगारी प्राप्त गरेका।<br>• पहिलेको तुलनामा स्व-रोजगारीमा अभिवृद्धि भएको ।<br>• प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत २०३ जनाले ९० दिनको न्युनतम रोजगारी प्राप्त गरेका।<br>• वैदेशिक रोजगारमा जानेहरूको कार्यदक्षतामा वृद्धि भएको। |
| **सामाजिक परिचालन** | अवसर, रोजगारी, अधिकार आदि क्षेत्रमा समावेशी तथा समान अधिकार रहेको। | • अति विपन्न बस्तीमा सचेतना कार्यक्रम सञ्चालन।<br>• अति विपन्न तथा दलित परिवारहरूमा आय आर्जनका लागि जीविकोपार्जनसम्बन्धी कार्यक्रम सञ्चालन।<br>• नीतिगतरूपमा सम्पूर्ण जात जाति, लिङ्ग, वर्ग, धर्महरूको समावेशिताअनुसार कार्यक्रम सञ्चालन भएको। | • विपन्न समुदायका मानिसहरूलाई प्राथमिकता दिइएको।<br>• स्वरोजगारको वृद्धि, आय आर्जनमा वृद्धि, समान अवसर आदि। |
| **वातावरण सुधारका प्रयासहरू** | वातावरण प्रदूषण जाँच, पानी धुँवा धूलो परीक्षण वातावरणमैत्रि कार्यहरूगर्न नगरपालिका प्रयासरत रहेको। | • विभिन्न समितिबाट वातावरण सुधारसम्बन्धी समन्वय गरेको।<br>• वन उपभोक्ता समूह तथा समितिको व्यवस्थापन गर्ने,<br>• वनजङ्गल, वन्यजन्तु, चराचुरुंगी, जलउपयोग वातावरण पर्यावरण तथा जैविक विविधतासम्बन्धी स्थानिय नीति, कानुन, मापदण्ड निर्धारणका साथै योजना कार्यान्वयन र नियमन गर्ने काम भएको। | • नगरपालिका भित्र रहेका साना, ठुला उद्योगहरूमा धुवाँ नियन्त्रणमा सुधार हुँदै गएको।<br>• नगरपालिका भित्रका उधोगहरूमा प्रदूषणको जाँच गर्ने, वायु प्रदूषण बारे जनचेतनाको कार्य भएको।<br>• नगरका बिभिन्न स्थानमा सार्वजनिक |

| | | | |
|---|---|---|---|
| | हरेक वडा खुला दिशामुक्त घोषणा भएको। | ● ध्वनि नियन्त्रणका लागि नगरपालिका तथा नेपाल प्रहरी मार्फत समन्वयमा कार्य भईरहेको। | शौचालयहरू निर्माण हुँदै गएको तथा निर्माणको चरणमा रहेको।<br>● खुला दिशामुक्त क्षेत्र घोषणा भएको। |
| **वन संरक्षण र सुधार** | वन संरक्षणसम्बन्धी कार्य भइरहेको | ● खुला स्थान, शार्वजनिक स्थान तथा बाटोको दाया- बायाँ बृक्षारोपण कार्यक्रम तथा सरसफाई अभियान सञ्चालन भएको।<br>● ग्यास चुलो, विद्युतीय चुलोको प्रयोग, सुधारिएको चुलो तथा केही घर परिवारमा गोबर ग्यासको प्रयोग भएको। | ● वन जोगाउने तथा वन विस्तार गर्ने काममा नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्रको कार्य गरिरहेको।<br>● वन उपभोक्ता समिति गठन गरी वन संरक्षण तथा सुधारसम्बन्धी कार्य भइरहेको।<br>● आगलागी तथा वोटबिरूवा कटान नियन्त्रणका कार्यहरू भईरहेको।<br>● वृक्षारोपण तथा अन्य कार्य भइरहेको। |
| **एच.आई. भि. र एड्स** | रोगीको विवरण नरहेको। | ● पालिकाले एच आइ भी एड्सको अनुगमन र न्यूनीकरणको लागि काम गरिरहेको।<br>● पालिकाले बसाइसराई गरी आएका तथा वैदेशिक रोजगारीबाट फर्किएका मानिसहरूलाई विशेष ध्यान दिने गरेको। | ● एच.आई. भि. एड्ससम्बन्धी मानिसहरूमा सचेतना स्तर बढ्दै गएको।<br>● सुरक्षित यौन सम्पर्क (अस्थायी साधन) प्रयोग गर्नेको सङ्ख्या बढ्दै गएको विभिन्न तथ्याङ्कले देखाएको। |
| **विकासमा समान सहभागिता** | नगरपालिकको कार्यालय र नागरिक बिच विकास कार्यमा समान सहभागिताको रूपमा कार्य हुँदै | ● विभिन्न प्रकारका अध्ययन, अनुसन्धान तथा स्थलगत अवलोकन तथा विभिन्न प्रकारका नीतिका आधारमा विकासमा समान सहभागिता बढेको सुनिश्चितता गरिएको।<br>● नगरपालिकको कार्यालयले दलित वर्ग समन्वय समिति, महिला समन्वय समिति र आदिवासी तथा जनजाति समन्वय | ● महिला समन्वय समिति, आदिवासी तथा जनजाति समन्वय समिति, दलित वर्ग उत्थान समन्वय समिति लगायतका नीतिगत समितिहरूको गठन तथा परिचालन हुनु।<br>● बाल सञ्जाल, महिला सञ्जाल, समन्वय |

| | | | |
|---|---|---|---|
| | आएको छ। | समिति, पिछडा वर्गअन्तर्गत समावेशी प्रक्रिया अवलम्बन गरेको ।<br>● सम्बन्धित विषयहरूका लागि सम्बन्धित समन्वय समितिबाट नै वजेट खर्चहरू गरेको। | समितिद्धारा सहभागिता सुनिश्चित भएको।<br>● सकारात्मक सोचको विकास तथा विकासमा समानताको बृद्धी हुँदै गएको। |
| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गत वर्षको अवस्था** | **प्रयास** | **उपलब्धी** |
| **सेवाहरूमा पहुँच** | | | |
| **स्थानीय बजारको अवस्था र पुग्न लाग्ने समय** | प्रत्येक वडामा लाग्ने साना ठुला हाट बजार रहेको र आधा घण्टा भित्र पुग्ने दुरी रहेको। | ● सबै वडामा सडक सञ्जाल पुगेको।<br>● साइकल, सिटीसफारी तथा यातायातको साधन प्रयोग हुने भएकोले बजारमा सहज पहुँच भएको।<br>● स्थानीय बजार सम्मको पहुँच बढाउन सडक बिस्तारमा जोड दिएको प्रत्येक वडामा लाग्ने साना ठुला हाट बजारमा भने १० देखि १५ मिनेटसम्म पैदल हिडेर, साईकल तथा सिटिसफारीमा पुग्ने वातावारण भएको | ● सबै वडामा हरेक वर्ष गुणस्तरीय सडक सञ्जालको बिस्तार हुँदै गएको।<br>● टोल टोलमा स्थानीय हाटबजार लाग्ने हुनाले बजार पुग्न लाग्ने समयमा कमी आएको। |
| **कृषि सेवा केन्द्र जान लाग्ने समय** | प्रत्येक वडामा कृषि प्राविधिक तथा घुम्तिसेवा दिएको। | ● कृषि परामर्श दिने तथा बजारीकरण र स्तरोन्नतिका लागि म भइरहेको।<br>● कृषि सेवा केन्द्रको बिस्तार हुँदै गएको। | ● नेपाल सरकारको नीतिअनुसारको कृषि सेवाकेन्द्र रहेको।<br>● नगरपालिकाले वडामा कृषि प्राविधिक तथा घुम्तिसेवा दिएको। |
| **भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सीमान्तकृत वर्गको** | विभिन्न समन्वय समितिबाट कामहरू भइरहेको। | ● विभिन्न सीप विकास तालिम, रोजगारमूलक तालिम, छात्रबृत्तिको कार्यक्रम, निःशुल्क शिक्षाको सञ्चालन तथा आयोजनाहरूमा विभिन्न समुदायको सहभागिता गराएको | ● दलित तथा आदिवासी छात्र छात्राहरूलाई शिक्षामा छात्रवृति वितरण गरिएको।<br>● महिलाहरूलाई पुरूषसरह नीति नियम तथा |

| | | | |
|---|---|---|---|
| **सङ्ख्या, निजहरूले पाएको सेवा तथा दिएको विशेषअवसरहरू** | | ● नगरपालिकले आन्तरिक स्रोतबाट उक्त समितिहरूका लागि बजेट विनियोजन गरेको ।<br>● नगरपालिकको कार्यालयले दलित वर्ग समन्वय समिति, महिला समन्वय समिति र आदिवासी तथा जनजाति समन्वय समिति, पिछडा वर्गअन्तर्गत समावेशी प्रक्रिया अवलम्बन गरेको ।<br>● सम्बन्धित विषयहरूका लागि सम्बन्धित समन्वय समितिबाट नै वजेट खर्चहरू गरेको | अधिकारको क्षेत्रमा समावेस गरिएको । |
| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गतवर्षको अवस्था** | **प्रयास** | **उपलब्धि** |
| **संस्थागत क्षमता** | | | |
| **जनशक्ति** | | ● जनताको काम छिटो छरितो गर्ने गरेको ।<br>● सेवा प्रवाह देखि सेवाग्राहीहरू सन्तुष्ट रहेको । | ● सङ्गठन संरचना निर्माण गरी कुल दरबन्धी १८३स्वीकृत गरिएको (स्वास्थ्य संस्था बाहेक) नगर सुरक्षाका लागि नगर प्रहरी तथा कार्यालय सरसफाईकर्मीहरू रहेको ।<br>● भएको जनशक्तिले सकेसम्म राम्रोसँग काम गरेको। |
| **नीतिगत कार्यक्रम** | योजना तथा कार्यक्रम चरणबद्ध रूपमा टोल बस्तीदेखि गाउँसभासम्म | ● स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार कार्यक्रमहरू सञ्चालन भएको ।<br>● स्थानिय सरकारको वार्षिक बजेट कार्यक्रम तर्जुमा । तल्लो तहदेखि नगरपालिकाको वार्षिक योजना ( बजेट तथा | ● बजेट स्रोत साधनले भ्याएसम्मको काम भएको। |

| | | | |
|---|---|---|---|
| | ल्याएको | कार्यक्रम) तर्जुमाका चरणहरू समावेस गर्ने प्रयास गरेको । (चरणहरूः वित्तिय हस्तान्तरणको खाका र मार्गदर्शन प्राप्ति, श्रोत अनुमान र कुल बजेट सीमा निर्धारण, बस्ती/टोल स्तरबाट योजना छनोट, वडास्तरिय योजना प्रायमिकता निर्धारण, एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा, कार्यपालिकाबाट स्वीकृती, सभाबाट स्वीकृति) | |
| **भौतिक अवस्था** | नगरपालिकाको कार्यालय र ९ वटै वडाकार्यालयहरू सञ्चालनमा रहेको । | ● बिद्युत समस्या समाधानका लागि इन्भटर जडान गरी कार्यालय सञ्चालन ।<br>● नगरपालिकाको कार्यालय र ९ वटै वडा कार्यालयहरूका आफ्नै भौतिक संरचना रहेको ।<br>● कार्यालय भवन मर्मत सुधार, इन्भटर मर्मत सम्भार गरिरहनु पर्ने, विद्युतको सुधार, सडक यातायतमा सुधार गरेको ।<br>● आवश्यकताअनुसार प्रत्येक कोठामा डेस्कटप, ल्यापटप, फोटोकपी मेसिन, प्रिन्टर, मल्टिमिडिया प्रोजेक्टर, फयाक्स, टेलिफोन, स्क्यानर, इमेलइन्टरनेटको राम्रो व्यवस्था भएको ।<br>● नगरपालिकाको कार्यालयमा कार्यालय प्रयोजनका लागि गाडी, मोटरसाइकलका, कार्यालय प्रमुखलाई आवश्यक पर्ने सवारिका साधनको उपलब्धता रहेको तथा अन्य आवश्यक पर्ने साधनहरू कार्यालयमा रहेको । | ● नगरपालिका तथा पालिका भित्रका केही वडा कार्यालयहरू जेन्जी आन्दोलनले क्षतिग्रस्त भएका सर-सामानहरू खरिद तथा नागरिकको सहयोगद्धारा व्यवस्थापन गरी कार्यालयको नियमित कार्य सञ्चालन भएको ।<br>● व्यक्तिगत घटनासम्बन्धी तथ्याङ्कहरू कम्प्यूटरमा राख्ने गरेको ।<br>● नगरपालिका तथा सबै वडाहरूमा Email internet को सुबिधा भएको ।<br>● कार्यालयका हरेक कामहरू डिजिटाइज गर्दै लगिएको ।<br>● नगरपालिकाको वेवसाईट www. urlabarimun.gov.np पुर्नताजगी भईरहेको।<br>● नगपालिकाबाट दिएको सेवा सुबिधा तथा नगरपालिकाबाट सम्पन्न भएका कार्य विवरणहरू नगरपालिकाको वेवसाईट राख्ने गरिएको । |

| | | | |
|---|---|---|---|
| **विद्यतीय सुशासन** | कार्यालयबाट गरिने सम्पूर्ण कार्यमा कम्प्युटर प्रविधिको प्रयोग। | • विद्युतीय शुसासन कम्प्युटरबाटै व्यक्तिगत घटना दर्ता तथा विभिन्न प्रकारका सिफारिसहरूको काम हुने गरेको। <br> • सम्पूर्ण सिफारिस, दर्तासम्बन्धी  तालिम, सफ्ट्वेयर र अन्य कार्य नगरपालिका वेवसाईट सञ्चालनसम्बन्धी अभिमुखीकरण हुने गरेको। | • विद्युत सेवाको स्तरोन्नति गर्दै पहुँच विस्तार। <br> • हरेक वर्ष विद्युतीय प्रणालीबाट हुने कार्यमा प्रगति बढ्दै गएको। |
| **समन्वय र सहकार्यका प्रयासहरू** | प्रदेश सरकार र न.पा.को सहकार्यमा अपाङ्गता रोकथाम कार्यक्रम, निजी साझेदारीमा सहकार्य भएको | • नगरपालिकासँग समन्वय गरेर मात्र विभिन्न दातृ निकायहरूले काम गरिरहेको। <br> • राष्ट्रिय  तथा अन्तर्राष्ट्रिय गैर सहकारी संस्थाहरूसँग सहकार्य भइरहेको । <br> • खुला र पारदर्शिताको अभ्यासमा हातेमालोमा काम भइरहेको। | • एकअर्का प्रतिको सहकार्यको भावना बढेको। <br> • खुला र पारदर्शिताको विषयमा हातेमालो गर्ने कार्य भएको। <br> • अपाङ्गता रोकथाम तथा पुर्नस्थापना कार्यक्रम मार्फत अपाङ्गता भएका व्यक्तिहरूलाई औषधी उपचार खर्च वितरण गर्ने। |
| **अन्य सामाजिक सम्पादनका क्षेत्रहरू** | प्रधानमन्त्रि रोजगार कार्यक्रम, मेड्पा कार्यक्रम सञ्चालन , रेमी कार्यक्रम तथा सामी परियोजना सञ्चालन | • स्व-रोजगारका क्षेत्रमा नगरपालिकाले काम गरिरहेको स्व-रोजगारमूलक तालिम सञ्चालनमा रहेको। <br> • व्यवसायिक तालिम पश्चात सिप तालिम सञ्चालन हुने गरेको। <br> • अपाङ्ता क्षेत्रमा क्षमता विकास तथा सिपविकास कार्यक्रम सञ्चालन भएको र आत्म निर्भर हुँदै गएको। <br> • लैंङ्गिक हिंसामा परेकालाई उद्धार तथा एक द्धारा प्रणालिद्धारा सेवा प्रदान गरेक। | • कार्यक्रमको प्रकृति अनुसार कार्य सञ्चालन भइरहेको। <br> • कार्यक्रमअनुसार थप उपलब्धी बढ्दै गएको। <br> • बैदेशिक रोजगारिबाट फर्किएका व्यक्तिहरूको पुन एकिकरण कार्यक्रम अन्तर्गत रेमी कार्यक्रमलाई थप व्यवस्थित गर्दै लगिएको। <br> • महिला अधिकार क्षेत्रमा सचेतना जगाउन सकेको। |

## ४.५ नगरपालिकाले आयोजना कार्यान्वयन गर्दा भोगेका समस्या तथा चुनौतिहरू

उर्लाबारी नगरपालिकाको स्थापना भएपश्चात उर्लाबारी नगरपालिकाकाले प्राप्त गरेको बजेटलाई दिगो विकासको प्रतिफल प्राप्त गर्ने योजनाहरूमा वाँडफाँड गरी योजनाहरूको कार्यान्वयन गर्ने जमर्को गरेको देखियो । नयाँ व्यवस्था नयाँ स्थानीय सरकार भए तापनि पुरानो संस्कारलाई परिवर्तन गर्न नसकी रहेको समाजमा एकैपटक परिवर्तनको आशा गर्न नसकिने र उर्लाबारी नगरपालिकामा पनि योजनाहरूको कार्य सम्पादनमा तिनै समस्याहरू केही न केही रूपमा देखापरेका कुरा अवगत भएको छ । साथै कार्यसम्पादनमा विभिन्न कुराका चुनौतीहरू पनि देखिएका छन् ।

- कतिपय कानुहरू जस्तै शिक्षा, संघीय निजामती ऐन हालसम्म नबनेकोले जनशक्तिको उत्प्रेरणा र मनोबल उच्च बनाउन समस्या रहेको तथा व्यवस्थापनमा समस्या भैरहेको देखियो ।
- वित्तीय समानीकरण, राजस्व बाँडफाड र आन्तरिक राजस्व कमी हुँदा श्रोतको कमी रहेको ।
- आवधिक योजना, वार्षिक योजना छनौट र योजना सञ्चालनमा गुणस्तर सुनिश्चित गर्न कठिनाइ रहेको।
- श्रोत अभावमा सन्तुलित विकासका कार्यक्रमहरू सञ्चालन गर्न कठिनाई भइरहेको ।
- पालिका वासिको स्वास्थ्य र शिक्षाको अवस्थामा हिजोको तुलनामा सुधार देखिएपनि स्वास्थ र शिक्षामा अझै धेरै सुधारका कार्यहरू गर्नुपर्न देखिएकाले पालिकालाई चुनौति रहेको देखियो ।
- स्वास्थ्यको गुणस्तर सुधार, निःशुल्क स्वास्थ, औषधिउपचार, महिलाको प्रजन्न स्वास्थ्य जस्ता कुराको सुधार गर्नुपर्ने देखिन्छ ।
- विद्यालयमा विद्यार्थी शतप्रतिशत भर्ना, शतप्रतिशत टिकाउने तथा शतप्रतिशत उतीर्ण गराउनुका साथै निःशुल्क र अनिवार्य शिक्षालाई गुणस्तरीय कायम गर्दै लैजान सबैसँग सहकार्य र पालिकाले योजना बनाएर कार्य गर्नुपर्ने देखिन्छ ।
- पालिकाबासीमा स्वच्छ खानेपानी पुर्याउन बजेटको व्यवस्था नहुनु तथा फोहोरमैलाको उचित रूपमा व्यवस्थापन गर्न नसक्नु ।
- आफ्नो भूगोल, जनशक्ति, सामाजिक संरचनाअनुसारको सिपमूलक कार्यक्रम नभएकाले गर्दा स्वरोजगारी बन्ने अवसरको सृजना नहुनु ।
- नगरपालिकालाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन आन्तरिक राजस्व सङ्कलन गर्ने कार्यक्रम कम हुनु।
- कृषि, पशु, चौपायहरूको उत्पादन भए पनि त्यसको वेच विखनको कृषि बजार सम्मको लागि ढुवानीको समस्या हुनु तथा कृषकले कृषि उपजको उचित मुल्य नपाउनु जसले गर्दा कृषकलाई पेशाप्रति वितृष्णा हुनु ।

- कृषकहरूमा राम्रो र गुणस्तरिय उत्पादन गर्ने भन्दा पनि छोटो समयमा बढी उत्पादन गर्ने र धेरै कमाउने उद्धेश्यले कृषि वस्तुमा अत्याधिक मात्रामा विषादीको प्रयोग गरिनु।
- व्यवस्थित कृषि उत्पादन भण्डारण गर्ने चिस्यान केन्द्र नहुनु जसले गर्दा छोटो समय रहने उत्पादित सामग्रीहरू सड्ने, बिग्रने हुनाले त्यस्ता वस्तु उत्पादन गर्न कृषकले मन नगर्नु।
- शिक्षा,स्वास्थ्य, मनोरञ्जन तथा पर्यटकीय स्थलहरू र सम्भावित ठाउँहरूको व्यवस्थापन राम्रोसँग हुन नसक्नु।
- ऐतिहासिक, धार्मिक पर्यटन र मनोरञ्जन गर्ने स्थानहरूको व्यवस्थापन गर्ने र प्रचार प्रसारका कार्यक्रममा कमी हुनु।
- कतिपय स्थानमा निर्माण भएका ढलान वाटाहरूमा नालाको समस्या हुनु तथा कतिपय बजार स्थानमा खुल्ला ड्रेन निर्माण गरिनु।
- नगरपालिकाको क्षेत्रभित्र आवश्यक रोजगारमूलक उधोगधन्दा, कलकारखाना नहुनु।
- फोहोरमैला छुट्याउने, प्रयोगगर्ने तथा व्यवस्थापन गर्ने कार्य प्रभावकारी रूपमा सञ्चालन हुन नसक्नु।
- कृषियोग्य भूमि खण्डीकृत हुँदै प्रयोगविहीन हुनु नगरपालिका भित्रका धेरै सडकहरू कच्ची हुनु तथा पक्की सडकहरू पनि कम गुणस्तरका हुनु।
- खरिद गुरू योजना तयार गरी वार्षिक खरिद योजना वनाई काम गर्न नसक्दा खरिद प्रकृयामा समस्या हुनु।
- कर्मचारीहरू परिवर्तन भइरहँदा संस्थागत संस्मरण तथा कार्य सम्पादनमा समस्या हुनु।
- उपभोक्ता समिति समयमा गठन नहुनाले समयमा योजना सम्झौता र सम्पन्न हुन कठिनाई हुनु।

## ४.६ उर्लाबारी नगरपालिकाको अवसर, सम्भावना तथा आगामी दिनमा चाल्नु पर्ने कदमहरू

- नगरपालिकामा रहेको खेतीयोग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, तोरी, तरकारी तथा पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेकाले त्यसतर्फ कार्ययोजना बनाई काम गर्नुपर्ने देखियो।
- खाद्यान्न बाली, तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनलाई बजारको लागि समस्या नभएकोले व्यवसायिक कृषि उत्पादनलाई जोड दिनु, सहज तथा उचित देखिन्छ जसको बजार क्षेत्र दमक, उर्लाबारी, पथरी, रंगेली, इटहरी, धरान र बिराटनगर समेत हुने देखियो।
- उर्लाबारी नगरपालिकाको पर्यटकीय स्थलहरूको विकास र विस्तार साथै प्रचारप्रसार गरी पर्यटन विकास र विस्तारमा नगरपालिकाले जोड दिनु तथा पर्यटकिय स्थल वरपर होमस्टे तथा स्थानीय क्षेत्रको

कार्यहरू जल्कने खालका साना तथा घरेलु उद्यम व्यवसायको सञ्चालन गर्न नगरपालिकाले कार्ययोजना बनाएर सञ्चालन गर्नुपर्ने देखियो।

- उर्लाबारी नगरपालिकाभित्र सङ्कलन हुने पटके कर लागायतका अन्य कर, सेवा शूल्कहरूलाई प्रभावकारी कार्यान्वयनमा ल्याउनुपर्ने तथा व्यवसाय करलाई अझ प्रभावकारी बनाउँदै उद्योगी व्यवसायीहरूसँग सहकार्य गर्दै बजार विस्तार र विविधीकरणमा भूमिका खेल्नुपर्ने देखियो।
- उद्योग, शिक्षा, स्वास्थ्य, सञ्चार क्षेत्रमा तीब्र विकास भइरहेकाले नगरपालिकामा दक्ष जनशक्तिको उत्पादन वृद्धितर्फ विशेष कदम चाल्नुका साथै शिक्षा, स्वास्थ्य र उद्योगको क्षेत्रमा रणनीति बनाई कार्य गर्नुपर्ने देखियो।
- सहकारीहरूको समन्वयमा श्रोत परिचालनमार्फत चौतर्फी विकास गर्न सक्ने सम्भावना रहेकाले त्यसतर्फ कार्य गर्नुपर्ने देखियो।
- नगरपालिकाको आम्दानी निर्माण गर्न पर्यटन क्षेत्रको सम्भाव्यता अध्ययन र गुरू योजना निर्माण गरी प्रचार प्रसार गर्नुपर्ने। नगरपालिकाको सौन्दर्य निमार्ण एवम् सिर्जनात्मक कामको पहल गर्नुपर्ने देखियो।
- गाउँको फोहोरमैला व्यवस्थापन सार्वजनिक निजी साझेदारीको माध्यबाट प्रवावकारी रूपमा सञ्चालन गर्नुपर्ने देखियो।
- नगरपालिकाले निर्माण गरेको पार्शचित्र धैरै पुरानो भएकाले आवश्यक तथ्याङक खोज्न समस्या हुने भएकोले तत्काल पार्श्चित्र निर्माण गर्नुपर्ने देखियो।
- श्रोतमा नै फोहोर छुट्टयाउने कार्यलाई प्रथमिकतामा राख्नुपर्ने।
- फोहोरमैला व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन गाउँका बजार क्षेत्रमा आवश्यकताअनुसार फोहोर सङ्कलन हुने अवस्था हेरी दैनिक रूपमा वा हप्तामा सरसफाई गर्ने कार्यलाई अभियानको रूपमा अगाडि बढाउनुपर्ने।
- उर्लाबारी नगरपालिकाले तयार गरेको रोजगार रणनीति योजना अनुसार रोजगारी सृजना गर्न विशेष पहलका साथ कार्य गर्नुपर्ने देखियो।
- नगरपालिकाले आउँदा दिनमा योजना बैङ्क निर्माण गरी योजना बैङ्क अनुसारको योजनाको सञ्चालन र बजेट व्यवस्थापन गर्नुपर्ने देखियो।
- नगरपालिकाले गर्ने सार्वजनिक सुनुवाई, नागरिक सन्तुष्टि सर्वेक्षण, सामाजिक परिक्षण तथा लै.स.स.सा. परिक्षणबाट प्राप्त सुझाबलाई अनुसरण गर्दै लैजानुपर्ने देखियो।
- नगरपालिकाले तयार गरेको आवधिक योजना, वार्षिक योजना तथा मध्यकालीन् खर्च संरचनाअनुसार बजेटको बिनियोजन र सञ्चालनलाई व्यवस्थित गर्दै लैजानुपर्ने देखियो।

## ४.७ विषयगत क्षेत्र/शाखागत रूपमा गत आ.ब. (०८१।०८२) का मुख्य मुख्य कार्य तथा उपलब्धिहरू

आर्थिक वर्ष २०८१/८२ मा उर्लाबारी नगरपालिकामा विषयगत/शाखागत रूपमा निम्न अनुसारका सामाजिक उपलब्धिहरू देखिएका छन् । देखिएका उपलब्धिहरूलाई सामाजिक सूचकका आधारमा निम्नअनुसार प्रस्तुत गरिएको छ ।

### ४.७.१ स्वास्थ्य क्षेत्रको विवरण

#### ४.७.१.१ स्वास्थ्य क्षेत्रका मूख्य लक्ष्य तथा उद्देश्यहरू:

- नगरपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरूबाट गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गरिनुका साथै स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य केन्द्रहरूमा आवश्यकताका आधारमा क्रमशः निःशुल्क आधारभूत प्रयोगशाला (ल्याब) सेवा विस्तार गरिदै लगिने ।
- अति विपन्न तथा गरिब नागरिकहरूलाई उपचारका सहायता प्रदान गर्दै पूर्णखोप दिगोपना कायम राखिने।
- स्वास्थ्य संस्थाहरूले गर्ने प्रतिवेदनलाई गुणस्तरीय, अनलाइन तथा डिजिटल प्रविधिमा पूर्णरूपमा लगिने तथा सेवाको गुणस्तरलाई सुधार गर्न न्यूनतम सेवा मापदण्ड लाई कार्यान्वयन गरिने ।
- निजी अस्पताल, पोलिक्लिनिक, क्लिनिक तथा सहकारी अस्पतालहरूको सेवालाई व्यवस्थित गराउन समन्वय तथा सहयोग गर्ने ।
- नवशिशु मृत्युदर, शिशु मृत्युदर, मातृमृत्युदर र बालमृत्युदरहरूलाई घटाई औषत् आयु बढाइने किसिमका कृयाकलापहरू सञ्चालन गरिने ।
- आयुर्वेद, प्राकृतिक चिकित्सा, योग तथा होमियोप्याथिक लगायतका चिकित्सा प्रणालीलाई विकास र विस्तार गरिने ।
- नसर्ने रोगहरू रोकथामका कृयाकलापहरू सञ्चालन गरिने ।
- आधारभूत स्वास्थ्य सेवा तथा महामारी नियंत्रणका लागि आवश्यक पर्ने औषधि तथा उपकरणको पर्याप्त व्यवस्था गरिने ।
- गुणस्तरीय सेवा तथा स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धीका विभिन्न कृयाकलापहरू सञ्चालन गरीने । महिला तथा बालबालिका लगायत विभिन्न उमेर समूहको शुक्ष्म पोषण अवस्था सुधारका साथै

बालबालिकाहरूको नियमित पोषण अवस्थाको लेखाजोखा गरिने।

- विपन्न परिवारलाई स्वास्थ्य विमा कार्यक्रममा गरिएको निःशुल्क आबद्धता गरिने।
- सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गतको ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम सञ्चालन गरिने।
- माहामारी प्रकोप तथा किटजन्य रोगहरूको रोकथामको लागी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिने।
- नसर्ने रोगको प्रकोपको न्यूनीकरणका लागि स्वास्थ्य प्रवर्दनात्मक सेवामा विशेष जोड दिइने।
- नगरबासीहरूका लागि सबबहान र एम्बुलेन्स सेवाको नियमित व्यवस्था मिलाइने।

### ४.७.१.२ उर्लाबारी नगरपालिकाले सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधार तथा कार्य उपलब्धि हरू:

- स्वास्थ्य संस्थाहरूबाट निःशुल्क रगत, सुगर जाँच तथा विपन्न जेष्ठ नागरिकहरूलाई सुगर तथा प्रेसरको औषधि नि:शुल्क वितरणको गरिएको।
- सरकारले कडारोग भनि परिभाषित गरेका आठओटा रोगहरूको उपचारका लागि ११८ जनालाई विपन्न नागरिक औषधि उपचार सिफारिस समितिबाट सिफारिस गरी उपचारको लागि पठाइएको छ।
- दिर्घ रोग सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षघातका बिरामीहरूलाई औषधि उपचारबापत खर्च उपलब्ध गराउने सम्बन्धि कार्यविधि २०७८ बमोजिम यस नगरपालिकाबाट मासिक रू ५००० रूपयाँ १६६ जनालाई प्रधान गरिएको छ।
- विपन्न नागरिक उपचार सहायता तथा एम्वुलेन्स भाडा कार्यक्रमअन्तर्गत नगरपालिका भित्रका ६१ जना नागरिकलाई भाडा वापतको रकम रू. ३५०० तिन हजार पाऊच सयदेखि १०००० दश हजारसम्म प्रदान गरिएको।
- विपन्न नागरिक स्वास्थ्य विमा कार्यक्रमअन्तर्गत स्वास्थ्य विमामा लाग्ने प्रिमियम शुल्कको दायित्व वापत ११३ परिवारको नयाँ विमा गरिएको तथा १७३९ जनाको विमा नवीकरण गरिएको देखियो।
- विपन्न नागरीक स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गतका १७४१ घर परिवारको नि:शुल्क बीमा गरिएको।
- नियमित खोप, क्षयरोग, कुष्ठरोग, मातृ तथा नवजात शिशु कार्यक्रम, परिवार नियोजन सेवा, एकीकृत बाल स्वास्थ्य एवं पोषण, माहामारी रोग नियन्त्रण, हात्तिपाईले रोग नियन्त्रण, डेङगु लगायत किटजन्य

रोगहरूको रोकथाम तथा नियन्त्रण र स्वास्थ्य प्रर्वधनका लागी सामुदायीक महिला स्वास्थ्य स्वयंसेविका परिचालन जस्ता आधारभूत स्वास्थ्य सेवा कार्यक्रमहरूलाई सबै वडास्तरमा विस्तार गरिएको।

- नगरपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरूबाट तोकिएका औषधिहरू निःशुल्क वितरण हुने व्यवस्था मिलाइएको।
- निःशुल्क ग्रामीण भिडियो एक्सरे (RUSG) सेवा अन्तर्गत गर्भवती अवस्थामा देखिने जटिलताको समयमा पहिचान गरी व्यवस्थापन गर्न तथा भिडियो एक्स रे सेवाको पहुँच अभिवृद्धि गरी मातृ तथा शिशु मृत्युदर कम गर्न यस निःशुल्क ग्रामीण भिडियो एक्स रे सेवा सञ्चालन गरिएको देखियो जस अन्तर्गत आ.व. २०८१।८२ मा ३९९ जनालाई निःशुल्क ग्रामीण भिडियो एक्सरे (RUSG) सेवा उपलब्ध गराइएको देखियो।
- पूर्ण खोप सुनिश्चितता कार्यक्रमअन्तर्गत आ.व. २०८१।८२ मा पनि घरधुरी सर्वेक्षण गरि छुटेका ४२ जना लक्षित बच्चा पत्ता लगाई खोप लगाईएको देखियो। पूर्ण खोप सुनिश्चितता घोषणाका लागि यस नगरपालिकामा सम्पन्न गरिएका कृयाकलाप देहायबमोजिम छन्ः
    - नगरपालिका स्तरीय खोप समन्वय समितिको बैठक बसेको
    - पूर्ण खोप सुनिश्चितताको कार्ययोजना बनाएको
    - घरधुरी सर्वेक्षण र लक्षित बालबालिकाहरूको सुचि अद्यावधिक गरिएको
    - पूर्ण खोपयुक्त घरमा स्टिकर टाँस गरिएको
    - छुट बालबालिकाहरूलाई खोप लगाइएको
    - प्रतिवेदनको समीक्षा र भेरिफिकेसन गरिएको
    - वडा पूर्ण खोप सुनिश्चितता र दिगोपन योजना बनाएको
    - वडा घोषणाको अनुमति लिएको
    - वडा पूर्ण खोप घोषणा
    - सुलभ सर्वेक्षण र समीक्षा गरिएको
- सर्पदंश उपचार कार्यक्रमका लागि १० लाख रूपैयाँ विनियोजन गरिएको तथा यस उपचार केन्द्रबाट २३ जनाले उपचार सेवा लिएको देखियो।

- १२७ जना महिलाहरूलाई सुत्केरी पोषण कार्यक्रमअन्तर्गत सुत्केरी समयमा पोषक खाद्यसामग्री वितरण गरिएको ।
- पाठेघरको मुखको क्यान्सरबाट बराउन एच.पि.भि. खोप लक्ष्यभन्दा बढीलाई सञ्चालन गरिएको देखियो ।
- महिलाहरूमा हुने पाठेघरको मुखको क्यान्सरको स्क्रिनिंङ गरि रोगको निदानका साथै यसको बारेमा सचेतनासमेत अभिवृद्धि गर्न कल्प ईम्पावर वोमेन, नेपाल र विराट मेडिकल कलेज तथा टिचिङ्ग हस्पिटलको सहकार्यमा आ.व. २०८१।८२ मा नगरपालिकाको ९ वटै वडामा VIA क्याम्प सञ्चालन गरिएको जसमा १२५७ जनाको परीक्षण गरिएकामा २३ जनाको परिक्षण पोजिटिभ देखिएकाले महिलाहरूलाई अप्रेषण गरिएको।
- राष्ट्रिय भिटामिन ए कार्यक्रम वर्षको दुई पटक कार्तिक र वैशाख महिनामा अभियानको रूपमा सञ्चालन गरिएको देखियो । रतन्धो तथा जुकाको संक्रमण न्यूनीकरणमा यो कार्यक्रम निकै प्रभावकारी देखिएको ।
- जीवन बचाउ उपचार सेवाअन्तर्गत यस उर्लाबारी नगरपालिका अन्तर्गतका नागरिकहरू विभिन्न कुलत, लागूऔषध दुर्व्यसनी तथा नसाको दुर्व्यसनको उपचार आवश्यक भएको भनि सम्बन्धित वडाबाट सिफारिस भइ आएका १० जना विरामीहरूहरूलाई आर्थिक वर्ष २०८१।८२ मा निःशुल्क/छुट उपचार तथा व्यवस्थापनको लागि जीवन बचाउ उपचार सेवा गृह, उर्लाबारीमा सिफारिस गरिएको छ ।
- उर्लाबारी नगरपालिकाको सांगठनिक संरचनाबमोजिम राजघाट आयुर्वेद औषाधलय सञ्चालनमा रहेको र जसअन्तर्गत विभिन्न स्वास्थ्यसम्बन्धी सेवा प्रवाह भइरहेको देखियो ।
- ओ पि डि मार्फत ४६३१ जना बिरामीहरूलाई सेवा दिइएको ।
- १४० जना बिरामीहरूलाई पुर्बकर्म सेवा दिइएको ।
- ६० जना स्तनपायी आमाहरूलाई दुग्धबर्धक औषधी दिइएको ।
- १५० ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक स्वास्थ्य प्रबर्धन कार्यक्रममार्फत सेवा दिइएको ।
- दुईवटा विद्यालयमा 'विद्यालय आयुर्वेद शिक्षा सञ्चालन गरिएको ।

### ४.७.१.३ स्वास्थ्य क्षेत्रमा गत आर्थिक वर्षमा सञ्चालित विकास योजना तथा कार्यक्रमको विवरण:

**तालिका नं.७ : स्वास्थ्य क्षेत्रको कार्य सम्पादनको लेखाजोखा**

| योजनाको नाम | लक्ष्य | उपलब्धि |
|---|---|---|
| **एकीकृत प्रजनन तथा महिला स्वास्थ्य** | महिला सामूदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम सञ्चालन गर्ने। | क) सुरक्षित सुत्केरी गराउने आमाहरूको सङ्ख्या बढेको। ख) स्थानीय तहमा जनसङ्ख्याको व्यवस्थापन सम्बन्धी कार्यक्रम स्वास्थ्य संस्थाका इन्चार्जहरूलाई लैँङ्गिक हिंसा र समावेशीकरण सम्बन्धी तालिमप्रदान गर्न स्वास्थ्य संस्थाका इन्चार्जहरूलाई लैँङ्गिक हिंसा र समावेशीकरण सम्बन्धी तालिम प्रदान गरिएको। |
| **खोप कार्यक्रम** | स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र, अस्पताल मार्फत खोप सेवा प्रदान गर्ने। | नियमित खोप सेवा सञ्चालन गरेको र अभियानमासमेत काम गरेको। |
| **परिवार नियोजन** | स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र, अस्पताल मार्फत परिवार नियोजनको स्थायी र अस्थायी साधनको बारेमा सेवाग्राहीलाई जानकारी दिने। | परिवार नियोजनको स्थायी र अस्थायी साधनको बारेमा जानकारी भई परिवार नियोजनका साधनहरूको प्रयोगमा वृद्धि भई अनिच्छुक गर्भ रहने दरमा कमी आएको। |
| **ओपिडि सेवा** | मंगलबारे अस्पताल, स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य केन्द्रमार्फत नियमित आएका बिरामीहरूलाई स्वास्थ्य परिक्षण र औषधी वितरण गर्ने। | मंगलबारे अस्पताल, स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य केन्द्रमार्फत स्वास्थ्यका बारेमा जानकारी लिन आउने सेवाग्राहीको सङ्ख्यामा वृद्धि हुँदै गएको। |
| **निःशूल्क औषधि वितरण** | अस्पताल, स्वास्थ्य चौकी र आधार भूत स्वास्थ्य केन्द्रमार्फत सरकारले घोषणा गरेका विभिन्न प्रकारका औषधीहरू निःशूल्क प्रदान गर्ने। | उर्लाबारी अस्पताल, स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रमार्फत सरकारले घोषणा गरेका विभिन्न प्रकारका औषधिहरू निःशूल्क प्रदान गर्ने भएकोले विपन्न परिवारको पनि पहुँच बढेको। |

### ४.७.१.४ स्वास्थ्य क्षेत्रमा सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता:

**तालिका नं.८ : स्वास्थ्य क्षेत्रमा सामाजिक जिम्मेवारी बहन**

| सामाजिक विकासको क्षेत्र सूचक सहितको कामको विवरण | सामाजिक जिम्मेवारिको क्षेत्र | २०८१ असाढ मसान्तसम्मका प्रयासहरू |
|---|---|---|
| **एकीकृत प्रजनन् र महिला स्वास्थ्य** | एकीकृत प्रजनन् तथा महिला स्वास्थ्य सबै | एकीकृत प्रजनन् तथा महिला स्वास्थ्यका लागि स्वास्थ्कर्मी थपिएको र स्वयम् सेविकाको माध्यमबाट प्रचार । |
| **खोप कार्यक्रम** | खोप कार्यक्रम सबै वडामा | खोप कार्यक्रमका लागि गाउँघर क्लिनिक, खोप क्लिनिक तथा महिला स्वंयम् सेविकाको माध्यमबाट प्रचार । |
| **परिवार नियोजन** | परिवार नियोजन सबै | परिवार नियोजनका साधनहरूको प्रयोग सम्वन्धी जनचेतना । |
| **ओपीडि सेवा** | ओपीडि सेवा नियमित | ओपीडि सेवा नियमित सेवा प्रवाह गरिएको। |
| **नि:शुल्क औषधि वितरण** | नि:शुल्क औषधि वितरण नियमित | सरकारले तोकेको नि:शूल्क औषधि वितरण भएको । |

### ४.७.१.५ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

- आवश्यकताबमोजिम बजेट, जनशक्ति, औजार उपकरणको व्यवस्था नहुनु ।
- नेपाल सरकारले निर्धारण गरे अनुसारको आधारभूत स्वास्थ्य सेवा लिनको लागि स्थानीय स्तरमा चेतनामूलक कार्यक्रमलाई पूर्ण प्रभावकारी बनाउन नसकिएको ।
- खोप, सुरक्षित मातृत्व, परिवार नियोजनसम्बन्धी स्वास्थ्य सूचकहरूमा प्रगति न्यून हुनु ।
- समुदायमा नसर्ने रोगहरूको परिमाण बढदै जानु ।
- अस्वस्थकर बानी व्यहोरा, आहार विहार, धुम्रपान तथा मद्यपान बढ्दै जानु ।
- मानसिक रोग तथा आत्महत्याको समस्या बढ्दो क्रममा रहनु ।
- निजी क्षेत्रका स्वास्थ्य संस्थाहरूको नियमन कमजोर हुनु ।

- अन्तर तह समन्वय प्रभावकारी नहुनु।
- स्वास्थ्य संस्थाहरूको पूर्वाधार विकासमा लगानी बढाउन नसक्नु।
- नगरपालिका भित्रका स्वास्थ्य संस्थामा शल्यक्रियाद्वारा प्रसूति गराउने सेवालाई नगरपालिकाबासीको चाहना अनुसारको र निजि स्वास्थ्य संस्थाहरूको तुलनामा व्यवस्थित गर्न नसकिएको।
- नगरपालिकाको जनसङ्ख्यालाई हेर्दा नगरपालिकामा विशेसज्ञ सहित सुविधा सम्पन्न अस्पताल नभएको कारण नगर अस्पताल, स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रमा भन्दा सामान्य रोग लाग्दा पनि नगरपालिका बासीहरू उपचार गराउन नगर वाहिरका निजी अस्पतालहरूमा जाने गरेको।

### ४.७.१.६ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

- समयमै बजेट, जनशक्ति, औजार उपकरणको आवश्यक मात्रामा व्यवस्थापन गर्नुपर्ने।
- लक्ष्य प्राप्त गर्न कार्ययोजना तथा रणनीति तयार गरी कार्यान्वयन गर्नुपर्ने।
- सरकारी तथा निजी सबै स्वास्थ्य संस्थाहरूको तर्फबाट उपलब्ध गराएका स्वास्थ्य सेवाहरूलाई समयमै एकीकृत गरी विवरण अध्यावधिक गरी राख्नुपर्ने।
- स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य सेवा केन्द्रहरूमा आवश्यकताका आधारमा क्रमशः निःशुल्क आधारभुत प्रयोगशाला (ल्याब) सेवा विस्तार गर्दै लग्नुपर्ने।
- स्वास्थ्य संस्थाहरूमा औषधि तथा उपकरणको उपलब्धतामा वृद्धि गरिनुपर्ने।
- समयमै कार्यक्रम र सेवाको विस्तार भएबमोजिम जनशक्ति, औजार उपकरणको आवश्यक मात्रामा व्यवस्थापन गर्नुका साथै अवकाश भएका कर्मचारीहरूको स्थान समयमै पदस्थापना वा भर्ना गरिनुपर्ने।
- नगरपालिकाका तथा नगरपालिका मातहत संन्चालनना रहेका अस्पतालमा विषेश पहल गरी दक्ष चिकित्सकद्वारा शल्यक्रिया र प्रसूति गराउनुका साथै बिशेसज्ञ जनशक्तिको व्यवस्था गर्नुपर्ने।
- स्वास्थ्य सेवा लिन तथा सरकारले तोकेको आधारभूत सेवा लिनका लागि स्थानीय स्तरमा प्रचारात्मक कार्यलाई थप प्रभावकारी बनाई सामाजिक सहजीकरणमा प्राथमिकता दिनुपर्ने।
- कार्यक्रम र सेवा विस्तारको दाँजोमा थप जनशक्तिको व्यवस्था गर्नुपर्ने।
- कर्मचारीको कार्य सम्पादनको आधारमा दण्ड र पुरस्कारको प्रवन्ध गर्न सक्ने कानुनी व्यवस्था गर्नुपर्ने।
- जनसङ्ख्याअनुसार स्वास्थ्य क्षेत्रको लक्ष्य निर्धारण गरिनुपर्ने।
- कार्यक्रम र सेवा विस्तारको दाँजोमा जनशक्ति न्यून भए (देखिए) आवश्यक जाँचबुझ गरी तत्काल सेवा करारमा कर्मचारी नियुक्ति गरी सेवा प्रवाह चुस्त दुरूस्त बनाउनुपर्ने।

#### ४.७.१.७ अवलोकनको क्रममा भेटिएका तथ्यहरू

- स्वास्थ्यसम्बन्धी चेतनामूलक कार्यक्रम तथा निःशूल्क औषधि वितरण कार्यक्रम वडा वडामा पुर्याएको देखियो ।
- नगरपालिकाबाट संन्चालित अस्पताल, स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रमा प्रभावकारी ढङ्गले सेवा दिन विषेशज्ञ कर्मचारीको अभाव देखियो ।
- प्रत्येक वडामा स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रले सेवा दिएको पाइयो ।
- पहिलेको तुलनामा स्वास्थ्य सेवाप्रति नगरबासीहरूको सकारात्मक प्रतिक्रिया पाइयो ।
- पहिलेको तुलनामा स्वास्थ्य बिमा थप व्यवस्थित बनाउँदै लगिएको तथा औषधि र उपचार गर्ने अन्य उपकरणहरू नगरपालिकाले समयमैं खरिद गरी उपलब्ध गराएको पाइयो ।
- स्वास्थ्य सम्बन्धी चेतनामूलक सामग्रीहरू गाँउघरमा पुर्याएको देखियो ।
- नगरले सिमित श्रोतसाधनका बाबजुत बेलावेला स्वास्थ शिविरको आयोजना गरी नगरिकलाई सेवा दिदै अएको पाईयो ।

### ४.७.१.८ नगरपालिकामा स्वास्थ्यसेवा प्रदान गरिरहेका सेवा प्रदायक कार्यालयहरू:

तालिका नं.९ : स्वास्थ्यसेवा प्रदान गरिरहेका सेवा प्रदायक कार्यालयहरूको विवरण

| क्र.सं. | संस्थाहरूको विवरण | सङ्ख्या | क्र.सं. | संस्थाहरूको विवरण | सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | अस्पताल | १ | ९. | सुरक्षित गर्भपतन साइड | ० |
| २. | निजी अस्पताल | ३ | १०. | हेल्थ पोस्ट | १ |
| ३. | स्वास्थ्य चौकी | १ | ११. | DOTS सेन्टर DR Sub सेन्टर | ९ |
| ४. | आयूर्वेद औषधालय | १ | १२. | सहरी स्वास्थ्य किल्निक | ० |
| ५. | आधारभूत स्वास्थ्य केन्द्र | ८ | १३. | प्रयोगशाला सेवा | २ |
| ६. | बर्थिङ् सेन्टर | ० | १४. | गाउँघर क्लिनिक | ४ |
| ७. | क्षयरोग माइक्रोसकोपी सेन्टर | १ | १५. | खोप क्लिनिक | १८ |
| ८. | OTC सेन्टर | २ | १६. | महिला स्वास्थ्य स्वयमं सेविका (LLG) | २६+8=३४ |
| यी स्वास्थ्य संस्थाहरूबाट आवश्यकताअनुसार गुणस्तरीय सेवा प्रदान गर्न सक्ने बनाउने तथा सेवा विस्तार गर्दै लैजानुपर्ने देखिन्छ। | | | | | |

## ४.७.२ शिक्षा क्षेत्रको विवरण

### ४.७.२.१ गत आ.ब. का शिक्षा क्षेत्रका मुख्य लक्ष्य तथा उद्देश्यहरू

- सामुदायिक विद्यालयहरूले विद्यालय सेवा क्षेत्रमा प्रत्येक वर्ष भर्ना अभियान सञ्चालन गरी विद्यालय सेवा क्षेत्रमा रहेका पढ्ने उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्ने नीतिलाई निरन्तरता दिइने।
- नगरपालिकाले सञ्चालन गरेको नगरस्तरीय परीक्षालाई गुणस्तरीय रूपमा सञ्चालन गरिने छ।
- प्रारम्भिक बाल विकासमा भौतिक पूर्वाधार विस्तारका साथै बालबालिकाको सर्वाङ्गिण विकास गर्दै लगिने।
- प्रत्येक सामुदायिक विद्यालयका प्र.अ. र विद्यालय व्यवस्थापन समिति अध्यक्षसँग भएको करार सम्झौताअनुसार शैक्षिक गुणस्तरलाई थप प्रभावकारी बनाउँदै लगिने।
- विद्यालयमा शुद्ध पिउने पानी, उपयुक्त शौचालय, घेराबारा र विद्यालय भवनहरूको व्यवस्था गरिने।
- शैक्षिक क्षेत्रमा गुणस्तर कायम गर्न अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण विषय विज्ञहरूबाट गरिने।
- शिक्षण सिकाइमा सूचना तथा प्रविधिको प्रयोग बढाउन सामुदायिक विद्यालयहरूलाई प्रविधिमैत्री बनाउँदै लगिने।
- उच्च शिक्षामा सहज पहुँच र सहभागिता सुनिश्चित गरिनेछ। प्राविधिक शिक्षा अध्ययन गर्न चाहने विपन्न तथा जेहेन्दार, सीमान्तकृत, अल्पसङ्ख्यक समुदायका विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराइने।
- संस्थागत विद्यालयहरूलाई सामुदायिक विद्यालयहरूसँग समन्वय गरि आवश्यक शैक्षिक परामर्श उपलब्ध गराइने।
- कक्षा थप, विषय थप जस्ता विषयहरूलाई प्रक्रियागत रूपमा अघि बढाइ अनुमति प्रदान गरिने।
- नगरपालिकाबाट अनुमति नलिई विद्यालय, मन्टेश्वरी, कोचिङ सेन्टर, परामर्श केन्द्र, ट्यूसन सेन्टर तथा तयारी कक्षाहरू सञ्चालन गर्न नियन्त्रण गरिने।
- विद्यालयहरूमा हुने दुर्घटना न्युनिकरण गर्न अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालयमा छात्राहरू र महिला शिक्षिकाहरूका लागि चेन्जिङ रूमको व्यवस्थालाई निरन्तरता दिइने।
- विद्यालयहरूमा निशुल्क सेनेटरी प्याड उपलब्ध गराइनेछ।

- नगर शिक्षा योजना निर्माण गर्नुका साथै स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरिने।
- बाल अधिकार तथा सामाजिक क्रियाकलापमा बाल सहभागिता सुनिश्चित गर्न सामुदायिक विद्यालयहरूमा स्काउटको गठन र परिचालन गरिने।
- विद्यालयको भौतिक संरचनाको क्रमिक सुधार गर्दै बालमैत्री र अपाङ्गमैत्री बनाउँदै लगिनेछ।
- नमूनायोग्य, समाजका अगुवा व्यक्तिहरूलाई कक्षा कोठामा लगेर अनुभव सुनाउने कार्यका सञ्चालन गरिने।
- फरक क्षमता भएका बालबालिकाकाहरूको सुधारका लागि कार्यक्रम सञ्चालन गरिने।
- विद्यालयमा ल्याउने, टिकाउने र सिकाउने कार्यक्रम सञ्चालन गरिने।
- लिडर र फिडर विद्यालय तोकेर अघि बढिनेछ।
- योजनावद्ध सिकाइ सञ्चालन गर्न विद्यालयहरूलाई उत्प्रेरित गरिनेछ।
- शिक्षक कक्षाकोठामा आउने र बाहिरिने समय सुधार योजना (समय ख्याल गर्ने) लागु गरिनेछ १७३. विद्यालय व्यवस्थापन समितिको नियमित बैठक बस्नका लागि पहल गरिने।
- विद्यालयमा तालिम प्राप्त खेलकुद शिक्षकको व्यवस्थापन गर्न पहल गरिने।
- अन्तर विद्यालय स्तरीय खेलकुद कार्यक्रम सञ्चालन गरिने।
- विभिन्न खेलकुद कार्यक्रमहरूको सम्बर्द्धन र प्रबर्द्धन गर्दै लगिने।

### ४.७.२.२ उर्लाबारी नगरपालिका सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था, प्रक्रियागत सुधार तथा कार्य उपलब्धीहरू:

- **संघीय सरकारको बजेटमार्फत**: उर्लाबारी नगरपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयका भवन निर्माण, विद्यालयमा जस्ता पाता फेर्ने, विद्यालयको शौचालय निर्माण, चमेना गृह निर्माण, कक्षा कोठा ढलान, विद्यालयको भवन रङ्गरोगन गर्ने, ज्याल ढोकाको मर्मत, शुद्ध खानेपानीको व्यवस्थापन, खेल मैदानको स्तरोन्नती, कम्पाउन्ड वाल निर्माण तथा आवश्यक मात्रामा कम्प्युटर वितरण, कक्षा कोठामा पङ्खा जडान तथा ल्याव तथा प्रयोगशालाहरू निर्माण गरिएको देखियो।
- **सेनेटरी प्याड तथा डिस्पोजल मेसिन वितरण विवरण:** संघीय सशर्त कार्यक्रमअन्तर्गत गत आ.ब. मा यस नगरपालिकाभित्र रहेका सामुदायिक विद्यालयमा विद्यार्थी संख्याका आधारमा किशोरीहरूका

लागि सेनेटरी प्याड खरिद गरी वितरण गरिनुका साथै २१ वटा प्याड डिस्पोजल मेसिन खरिद गरी वितरण गरिएको।

- **स्थानीय पाठ्यक्रम: हाम्रो उर्लाबारी** नामक स्थानीय पाठ्यक्रम निर्माण गरी स्थानीय भौगोलिक विशेषता, स्थानीय समुदाय, सामाजिक तथा सांस्कृतिक सम्पदाहरू, स्थानीय आर्थिक विकास तथा व्यावसायिक सम्भावनाहरू र जीवनोपयोगी सीपहरूको विकास गर्न सकिने अपेक्षा सहित शैक्षिक वर्ष २०८१ बाट कक्षा १ देखि कक्षा ८ सम्म यस उर्लाबारी नगरक्षेत्रभित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरूमा पाठ्यक्रम लागु गरिएको।
- **विद्यालयको सामाजिक परीक्षण र अन्तिम लेखापरीक्षण:** सामुदायिक विद्यालयहरूलद्वारा सामुदायिक परिचालन अभिवृद्धि गर्न, आन्तरिक सुशासन प्रवर्धन तथा उत्तरदायित्व निर्वाहनका लागि प्रत्येक वर्ष सामाजिक लेखा परिक्षण तथा अन्तिम लेखा परिक्षण गर्ने गरिएको।
- भवनको अभाव भएका विद्यालयमा अपाङ्गमैत्री र बालमैत्री भवन निर्माण गरिँदै लगिएको।
- दरबन्दी अभाव भएका विद्यालयहरूमा शिक्षकको उपयुक्त व्यवस्थापन गर्दै लगिएको तथा न्यून दरबन्दी भएका विद्यालयहरूमा निजी स्रोतबाट शिक्षक व्यवस्थापन गरी विद्यालयमा अतिरिक्त क्रियाकलाप लगायतका कार्यक्रम सञ्चालनका लागि आवश्यक स्रोतको साधनको व्यवस्थापन गर्दै लगिएको।
- विद्यालय कर्मचारीलाई लेखा तथा खरिदसम्बन्धी तालिम, बालविकास सहयोगी सहजकर्ताहरूलाई क्षमता विकाससम्बन्धी तालिम शिक्षकहरूलाई पाठ्यक्रम सम्बन्धी कष्टमाइज्ड तालिम तथा शिक्षकहरूलाई कम्प्युटरसम्बन्धी तालिम सञ्चालन गरिएको।
- सबै सामुदायिक विद्यालयमा ई-हाजिरीको व्यवस्थापन गरी ई-हाजिरीलाई प्रयोगमा ल्याइएको।
- सबै सामुदायिक विद्यालयहरूमा बालक्लव गठन गरिएको।
- सामुदायिक, धार्मिक तथा संस्थागत विद्यालयलाई विभागको सूचनाबमोजिम इमिस सफ्टवेयरमा विद्यार्थी विवरण अद्यावधिक गर्न लगाई व्यवस्थापनमा सहजीकरण गर्दै लगिएको।
- पालिकास्तरीय फुटबल, भलिवल, क्रिकेट लगायतका खेलकूदसम्बन्धी विविध कार्यक्रमहरू सञ्चालन गरी सम्पन्न गरिएको।
- गुणस्तरीय आधारभूत तथा माध्यमिक शिक्षा प्रदान गर्न सञ्चालित शैक्षिक कार्यक्रमहरू प्रभावकारी बनाउन विद्यालयहरूको सञ्चालन व्यवस्थापनमा आवश्यक अनुगमन र निरीक्षण गरिएको।
- बालविकास केन्द्रको अनुभवसहित विद्यालय भर्ना हुने बालबालिकाको सङ्ख्या बृद्धि भएको।

- शिक्षक व्यवस्थापन गर्दा आयोगको करार सूचीलाई प्राथमिकता दिई व्यवस्थापन गर्ने अभ्यास गरिएको ।
- विद्यालयमा शौक्षिक सामग्री व्यवस्थापन र मूल्याङ्कनलाई सिकाइका लागि उपयोग गर्न सबै विद्यालयमा आर्थिक र प्राविधिक सहयोग गरिएको।
- गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्तिमार्फत उच्च शिक्षा अध्ययनमा सहयोग गरिएको।
- बालिकाहरूलाई विद्यालय र समुदायमा विभेद, असमानता, हिसाबाट मुक्त गर्न सचेतना र सशक्तिकरण गर्न निःशुल्क सेनीटरी प्याड वितरण, छात्रासँग उपमेयर कार्यक्रमबाट सबै विद्यालयका बालिकासँग प्रत्यक्ष कार्यक्रम सञ्चालनमा रहेको।
- विद्यालयमा इन्टरनेट सुविधा सुनिश्चित गरी अनलाईनबाट प्रशासनिक र प्राविधिक काम गर्न सकिने व्यवस्था क्रमिक रूपमा विस्तार गर्दै लगिएको।
- विद्यालयहरूले नियमित रूपमा अतिरिक्त क्रियाकलाप सञ्चालन र विद्यार्थीको सिकाइ प्रगति सार्वजनिकीकरण कार्यक्रम, वार्षिक उत्सव, सामाजिक परीक्षण र विशेष भेलामार्फत विद्यालयमा अभिभावकको चासो र सहभागिता बढ्दै गएको ।
  - विद्यालय तहका विद्यार्थीहरूको लागि राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन गरी जिल्ला स्तरको प्रतियोगितामा नगरको सहभागिता गराइएको।
  - मठ मन्दिर, माङहिम, ग्रामथान, गुम्बा, चर्च निर्माण, जात्रा र पर्वहरू संरक्षण र विकास गर्न आवश्यकता अनुसार बजेट विनियोजन गरी धार्मिक सहिष्णुता विकासका कार्यहरू गरिएको।
  - प्रत्येक वडाहरूले शिक्षा तथा शिक्षा क्षेत्रसँग सम्बन्धी बजेटको व्यवस्था गरी विद्यालयका विद्यार्थीहरूलाई छात्रवृत्ती प्रदान गर्ने, झोला, किताबकापी, ड्रस तथा अन्य विद्यार्थीकेन्द्रित सामग्रीहरू वितरण गर्नुका साथै विद्यालयको घेराबारा, मर्मत सम्भार गरेको देखियो।

### ४.७.२.३ गत आर्थिक वर्षमा सञ्चालित योजना तथा कार्यक्रमको विवरण

**तालिका नं.१० : विकास योजना तथा कार्यक्रमको विवरण**

| आयोजनाको नाम | लक्ष्य | उपलब्धि |
|---|---|---|
| **विद्यालय क्षेत्र सुधार कार्यक्रम** | लैङ्गिक अनुपात अनुकूल हुनेछ। विद्यालय छोड्ने दर शून्य हुनेछ वा न्यून हुनेछ । सिकाइ पद्धतिलाई समायानुकूल सुधार गरिने छ । शिक्षकहरूलाई तालिमको व्यवस्था गरिने छ। अनुसाशित र लगनशील जनशक्ति तयार गरिने छ । | पहिलेको तुलनामा शिक्षण प्रक्रियामा सुधार भएको, व्यवस्थापन समितिको काम कारबाही प्रभावकारी भएको, पूर्वाधार निमार्णमा नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाको समन्वयमा विद्यालय पूर्वाधार निर्माणको लागि पहल भईरहेको, विद्यालय छोड्ने दर न्यून रहेको, लैङ्गिकता मैत्री शौचालय निमार्ण भएको, छात्रावृत्ति प्रदान गरेको, शिक्षण सिकाई प्रक्रिया व्यावहारिक बनाऊने कार्य भइरहेको। |
| **वार्षिक छात्रवृत्ति प्रदान गर्ने।** | दलित, जेहेन्दार तथा अन्य छात्र, छात्राहरूलाई छात्रावृत्ति प्रदान गर्ने । | दलित, जेहेन्दार तथा अन्य छात्र, छात्राहरूलाई छात्रावृत्ति प्रदान गर्ने तथा शिक्षाप्रतिको बुझाइले बालबालिकाको शिक्षाप्रति आकर्षण बढेको। |
| **निःशूल्क पाठ्य पुस्तक वितरण गर्ने,** | सबै विद्यार्थीलाई पाठ्यपुस्तक वितरण गर्ने। | निःशूल्क पाठ्यपुस्तक पाउने भएकाले सबै बालबालिकाले पढ्न पाउने भएका। |
| **५ वर्ष मुनिका बालबालि कालाई शिशुमा भर्ना गर्ने** | २.५ वर्षदेखि ५ वर्षमुनिकालाई बालविकास केन्द्रमा ल्याउने। | प्रा.वि. तहमा शिक्षामा प्रवेश र जग बलियो पार्ने काम भएको। |
| **विद्यालय भर्ना अभियान** | विद्यालयबाहिर रहेकालाई शिक्षामा पहुँच बढाउने। | शिक्षाको प्रचार प्रसार भएको र विद्यालयमा पहुँच बढाउने भएको। |
| **मूल्याङ्कन परिक्षा** | विद्यालयमा पढाएको विषय र शिक्षाको स्तर मापन गर्ने। | कक्षा टेष्ट, त्रैमासिक, अर्धवार्षिक परीक्षा दिँदै आएको र शिक्षकले विद्यार्थीलाई पृष्ठपोषण दिँदै आएको। |
| **शिक्षामा समावेशीकरण** | सबैलाई समान अवसर प्रदान गर्ने। | कोही कसैले भेदभावको महसुस विद्यालयमा नगरेको। |

### ४.७.२.४ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

- पूर्ण साक्षर, अनिवार्य तथा निःशूल्क आधारभूत शिक्षा सुनिश्चित गर्न व्यवहारिक रूपमा नसकिएको तथा आधुनिक सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसङ्ख्यक विद्यालययरू अझै पनि वञ्चित रहेका।
- न्यून दरबन्दीका कारण कर्मचारी व्यवस्थापनमा कठिनाई हुनु, विद्यालयमा विषयगत रूपमा शिक्षक दरबन्दी नहुँदा पठनपाठनमा कठिनाई हुनु तथा शिक्षक दरबन्दी मिलान तथा आवश्यक स्रोतको व्यवस्थापन सुनिश्चित नभई कक्षा थपको लागि माग हुनु।
- कतिपय विद्यालयहरूमा अझै पनि भौतिक संरचनाको अभाव कायमै रहनु, भौतिक संरचना भएका विद्यालयमा बालमैत्री संरचनाको अभाव हुनु।
- बजेट अभावका कारण विद्यालयमा शैक्षिक क्यालेण्डर अनुसारका क्रियाकलापहरू सञ्चालन गर्न कठिनाई हुनु।
- राजनीतिक पार्टीहरूले शिक्षकहरूको सङ्गठनमार्फत शिक्षकलाई आफ्नो पार्टीस्वार्थ पूरा गर्न साधनको रूपमा पर्योग गर्नुका साथै विद्यालयका कार्यक्रम सञ्चालन गर्न विभिन्न निकाय तथा राजनीतिक र सामाजिक सहयोगको वातावरण सिर्जना नभएको।
- अभिभावक, शिक्षक, विद्यार्थीहरू विद्यालयप्रति चनाखो नहुनु तथा आर्थिक रूपले विद्यालयहरू कमजोर हुनु।
- बालबालिकाको क्षेत्रमा छुट्टाइएको बजेट तोकिएको क्षेत्रमा तथा प्रबावकारी रूपमा समयमा खर्च नहुनु।
- मानवीय श्रोत साधन परिचालनमा कठिनाइ भएकाले बालविकास केन्द्रमा धेरै व्यक्तिले रोजगार पाउन सक्ने सम्भावना भए पनि बजारमा यो विषयमा दक्ष व्यक्तिको अभाव रहेको।
- नतिजामा आधारित दण्ड र पुरस्कार प्रणाली लागु नहुँदा शिक्षा क्षेत्रमा स्वाच्छन्दता मौलाएको।
- शिक्षक विद्यार्थी अनुपात र भौतिक पूर्वाधारको अवस्था बीच तालमेल नहुँदा कतिपय विद्यालयमा विद्यार्थी न्यून र कतिपय विद्यालयमा धेरै हुनेगरेको।
- मध्यम तथा उच्च वर्गका छोरा, छोरीलाई सामूदायिक विद्यालयमा आकर्षण गर्न नसकिरहेको।

### ४.७.२.५ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव

- विद्यालयहरूमा आवश्यक पूर्वाधार विकास गरी शिक्षण सिकाइका लागि उपयुक्त वातावरण बनाउनु पर्ने।
- व्यवस्थापन समितिलाई राजनीतिक प्रभावबाट मुक्त तथा विद्यालयमाथि स्थानीय सहयोग, सहकार्य, अनुगमन र मूल्याङ्कन गर्नुपर्ने।
- वार्षिक रूपमा विद्यालय भर्ना अभियान अझ प्रभावकारी रूपमा सञ्चालन गर्दै लैजानुपर्ने।
- उत्कृष्ट शिक्षक र विद्यार्थिलाई पुरस्कारको व्यावस्था गरी उत्प्रेरणा जगाउने व्यवस्था गर्नुपर्ने।
- विद्यालयलाई एकआपसमा आवश्यकता, औचित्यता तथा विद्यार्थी शिक्षक अनुपातका आधारमा गाब्दै (मर्ज गर्दै) लैजानुपर्ने।
- पहुँच वृद्धिका लागि छात्रवृत्ति लगायतका कार्यक्रमहरू अझ सशक्त बनाउँदै सञ्चालन गर्नुपर्ने।
- गुणस्तरीय पठन पाठनका लागि सरोकारवालाहरूसँग सहयोग र सहकार्य गर्नुपर्ने।
- नगरपालिकाका पदाधिकारी, शिक्षा शाखा प्रमुख, शिक्षा अधिकृत तथा जिल्ला शिक्षा समन्वय अधिकारीबाट समय समयमा विद्यालयको अनुगमन भइरहनुपर्ने।
- विद्यालय व्यवस्थापन तथा शिक्षक अभिभावक संघको प्रभावकारी व्यवस्थापन तथा परिचालनका लागि प्रभावकारी प्रयास हुनुपर्ने।
- विद्यालय सुधार योजनामा आधारित शैक्षिक कार्यक्रमहरूको सञ्चालनमा जोड दिनुपर्ने।
- समुदायमा विद्यालय व्यवस्थापनका लागि आवश्यक प्रचार प्रसार तथा छलफलको निरन्तरता दिनुपर्ने।
- विद्यालयको भौतिक वातावरण विकासका लागि विद्यालय भवन निर्माण, बाहिरी वातावरण विकास तथा विद्यालय मर्मत सम्भारको कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन हुनुपर्ने।
- दरबन्दीअनुसारका विषगत शिक्षकहरू विद्यालयहरूमा हुनुपर्ने।
- विद्यालयहरूमा पूर्वाधार निर्माण गर्दा र निर्माण गरिएका विद्यालयहरू अपाङ्गमैत्री र बालमैत्री हुनुपर्ने।
- विद्यालयको कामको आधारमा विद्यालयलाई प्रोत्साहन तथा सहयोगका कार्यक्रमरू सञ्चालन हुनुपर्ने।
- कक्षा छाड्ने र दोहोर्याउने प्रवृत्तिका कारण पत्ता लगाइ कक्षा छाड्ने र दोहोर्याउने प्रवृत्ति घटाउनुपर्ने तथा विद्यालय टिकाउदर र गुणस्तरीय शिक्षामा विशेष ध्यान दिनुपर्ने।
- स्थानीय तह, गै.स.स. सँगको सहकार्यमा शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने।
- वैकल्पिक शिक्षा तथा अनौपचारिक शिक्षा, समाहित शिक्षाको व्यवस्था एंव सुदृढीकरण गरी सबैमा शिक्षाको पहूँच पुर्याउने।
- बाल विकास केन्द्रहरूको विस्तार र सुदृढीकरणमा जोड दिने।

- माध्यमिक शिक्षाका लागि वैकल्पिक कार्यक्रम तथा अनौपचारिक शिक्षा तथा राष्ट्रिय साक्षरता कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

## ४.७.३ लैङ्गिक समानता, महिला, बालबालिका तथा सामाजेशी क्षेत्रको विवरण

### ४.७.३.१ मूख्य लक्ष्य तथा उद्देश्यहरू:

- महिलाहरूलाई श्रोत, साधन, अवसर तथा लाभमा समान पहुँच सुनिश्चित गर्न प्रयास गर्ने ।
- महिलाहरूलाई आर्थिक, सामाजिक र राजनीतिक रूपमा सशक्तिकरण गर्दै लगिने तथा महिला पुरूष, लैगिक तथा यौनिक अल्पसङ्ख्यक बीच समानता स्थापित गर्दै लगिने ।
- विभेदमा परेका, विशेष संरक्षण गर्नु पर्ने पक्षहरूलाई सकारात्मक विभेद कार्यक्रमको माध्यमबाट संरक्षण गर्दै लगिने ।
- बाल अधिकार सुनिश्चितताका लागि सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिने ।
- बालमैत्री नगर घोषणा गर्न वडाहरूलाई क्रमशः बालमैत्री वडा स्थापित गरिदै लगिनेछ ।
- अपाङ्गता भएका व्यक्तिलाई समाजमा प्रभावकारी रूपमा समावेशीकरण गर्ने तथा अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तिकरण गर्दै सम्मानपुर्ण जीवनयापनको वातावरण सुनिश्चित गर्दै लगिने ।
- ज्येष्ठ नागरिकको संरक्षण, सम्मान र मिलन चौतारीको व्यवस्थापनका कार्य गरिने ।
- सडक बालबालिका, सडक मानव, असहाय बालबालिका तथा असहाय ज्येष्ठ नागरिकहरूको उचित व्यवस्थापनका लागि कार्यक्रम सञ्चालन गरिने ।
- सीमान्तकृत तथा लक्षित वर्गको आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक तथा क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिइने ।
- अशक्त, ज्येष्ठ नागरिकहरूलाई सामाजिक सुरक्षा भत्ता घरघरमा पुत्र्याउने व्यवस्था गरिने ।
- उपमेयर किशोर किशोरी कार्यक्रममार्फत हिंसा, कुरितीको विरूद्धमा सचेतना कार्यक्रमलाई निरन्तरता दिने ।
- आदिवासी, जनजाति, दलित, मधेसी, मुस्लिम, तथा पिछडा वर्गः दलित समुदायको परम्परागत सिप र ज्ञानलाई प्रबर्द्धन गरी रोजगारमूलक बनाउने नीति लिइने ।

- महिला विकास कार्यक्रमलाई निरन्तरता दिँदै महिला विकास कार्यक्रम अन्तर्गत वडा स्तरिय समिति र नगर स्तरीय समितिहरूको काम, कर्तव्य र स्थायित्वमा कार्यविधि परिमार्जन गरी प्राथमिकता दिने।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणालाई सबै विषय क्षेत्रमा संस्थागत गर्दै लगिने।
- गैर सरकारी संस्थाले गरेका कामको सघन अनुगमन गरी राम्रो काम गर्ने संस्थालाई मात्र कार्यक्रम/परियोजना सञ्चालन/कार्यान्वयनको अनुमति/नविकरण गर्दै लाने।
- नगरपालिकाले स्वीकृत गरेका बाहेक अन्य आयोजना तथा कार्यक्रमहरू सञ्चालन गर्ने गैरसरकारी संस्थालाई कारबाही गर्ने तथा नगरपालिकासँगको साझेदारीमा गरिने विकास साझेदार संस्था बाहेक अन्य संस्थाले आफ्नो मात्र लगानीमा आयोजना तथा कार्यक्रम सञ्चालन गर्दा अनिवार्य रूपमा नगरपालिकामा सूचीकृत हुनुपर्ने व्यवस्था मिलाउने।

### ४.७.३.२ उर्लाबारी नगरपालिका सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था, प्रक्रियागत सुधार तथा कार्य उपलब्धिहरू:

- नगरपालिकाको समग्र शासकीय प्रणाली, योजना तर्जुमा तथा कार्यान्वयनलाई लैससास दृष्टिले परिक्षण (GESI Audit) गरिएको तथा यसअन्तर्गत कार्यदल गठन तथा जनप्रतिनिधि तथा कर्मचारी सम्मिलित कार्यशाला सञ्चालन गरिएको देखियो। यस परिक्षणबाट पालिकाले ७९.५४ अंक सहित उत्तम श्रेणी प्राप्त गरिएको।
- नगर उप प्रमुखको नेतृत्वमा १७ वटा विद्यालयमा किशोरावस्था, हिंसा र कुरीती सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएकोमा ७०४ जना विद्यार्थी लाभान्वित भएका।
- October १ मा १४१ जनाको उपस्थितिमा जेष्ठ नागिरक दिवस, December ३ मा ४५ जनाको उपस्थितिमा अपांगता दिवस तथा March ८ मा ९ वटै वडामा अन्तर्राष्ट्रिय महिला दिवस मानाईएको।
- उद्यमी पहिचानका लागि वडा नं ५ मा व्यावसायिक सम्भावयता अध्ययन गरिएको। वडा न. ५ र ६ मा सीप सिकेका महिला समूहलाई टेवा पूँजी प्रदान गरिएको।
- ३१ वटा महिला विकास समितिकरूको लेखा परिक्षण गरिएको।

- ९० वर्ष माथिका जेष्ठ नागरिकहरूलाई सम्मान कार्यक्रमअन्तर्गत २७ जना जेष्ठ नागरिकहरूलाई सम्मान गरिएको ।
- प्रत्येक वडा तथा नगर स्तरीय गरी जम्मा १० स्थानमा ज्येष्ठ नागरिक एकता समन्वय केन्द्रमा फर्निचर व्यवस्थापन गरिएको।
- नगरपालिकामा ३० जना जेष्ठ नागरिक, ४५ जना बालबालिका र ३ जना शिक्षकहरू माझ अन्तर पुस्ता हस्तान्तरण कार्यक्रम सञ्चालन गरिएको।
- अल्जाइमरसम्बन्धी अभिमुखीकरणअन्तर्गत जेष्ठनागिरक र संरक्षक गरी जम्मा ७० जनालाई अभिमुखीकरण गरिएको।
- बालमैत्री स्थानीय शासन घोषाणा भएको वडा न. १ र २ मा वाल विवाह न्यूनीकरणसम्बन्धी सचेतनामूलक कार्यक्रम ८०/८० जना सहभागीहरू सहित २ पटक संचालन गरिएको छ।
- मेड्पा कार्यक्रममार्फत वडा न. ५ का २० जनालाइ ८ दिने उद्यमशीलता विकास तालिम सञ्चालन गरिएको।
- सिप विकास तालिमअन्तर्गत वडा न. ५ का २० जना लाइ ढाका बुन्ने तालिम प्रदान गरी १४० जना उद्यमीहरूलाइ वित्तीय सेवाको जानकारी दिईएको।
- मेड्पा कार्यक्रम स्तरोन्नती अन्तर्गत २० जना सहभागीहरूलाई ४५ दिने सिलाइ कटाइ तालिम सञ्चालन गरिएको तथा सिलाइ कटाई तालीम लिएका २० जना सहभागीहरूलाई सिलाई मेशिन वितरण गरिएको।
- अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत नव दम्पत्तिहरूलाई परिवार योजना, सुरक्षित मातृत्व तथा अपाङ्गता रोकथामसम्बन्धी सचेतनामूलक सन्देश सहितको शुभकामना कार्ड वितरण गरिएको।
- जन्मजात अपाङ्गता पहिचानअन्तर्गत ५३० जनाको जाँच गरिएकोमा २ जना बच्चामा जन्म दोष पहिचान गरिएको।
- अपाङ्गता भएका ब्यक्तिहरूलाई बिशेषज्ञ चिकित्सकद्वारा मदन भण्डारी अस्पताल तथा ट्रमा ५ सेन्टर, मंगलबारेमा प्रारम्भिक जाँच गरी ५० जनाको परिचयपत्र बनाउन सिफारिस गरिएको।
- १४ जना अपाङ्गता भएका व्यक्तिहरूलाई स्वास्थ्य उपचार खर्च उलब्ध गराइको।

- १४ जना अपाङ्गता भएका व्यक्तिहरूलाई सहायक सामग्री वितरण गरिएको।
- ११ जना अपाङ्गता भएका व्यक्तिहरूलाई सीपमूलक तालिम दिइएको ।
- अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा १८ जना अपाङ्गता भएका व्यक्तिलाई फाइबरको सिरक वितरण गरिएको ।
- मिलीजुली समूहका सदस्यहरू ३० जनालाई बचत तथा ऋण परिचालनसम्बन्धी तालिम प्रदान गरिएको।
- अपाङ्गता कल्याण संघलाई कार्यक्रममा आधारित अनुदान प्रदान गरिएको।
- महिला उद्यमशिलता अन्तर्गत व्युटीपार्लर, सिलाइकटाइ र ढाका समुहलाई टेवा पूँजी दिईएको।
- लैंगिक हिंसा सम्बोधनका लागि नगरपालिकाका कर्मचारी र अग्रपंक्तिमा रहेर संरक्षण सेवा प्रदान गर्ने संस्थाका सदस्यहरूलाई क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिएकोमा ४०० जना सहभागी भएका।
- सन्थाल समुदायका २० जनालाई पन्ची बुन्ने तालिम दिईएको ।
- सामाजिक विकास मन्त्रालयबाट प्राप्त कार्यक्रमहरू अन्तर्गत नमुना बाल गूहका लागि खाद्यान्न सहयोग, सेनेटरी प्याड उद्योगकालागि रकम हस्तान्तरण, अपाङ्ग रोकथाम कार्यक्रम र जेष्ठ नागरिक दिवा सेवा केन्द्रको लागो बजेट व्यवस्था भएअनुसारको कार्य भएको।
- विपन्न महिला समूह गठन र परिचालन (निगरानी समूह समेत) कार्यक्रमबाट ३०० जना महिलाहरू लाभान्वित भएका।
- बालमैत्री स्थानिय साशन युक्त वडा घोषणाको नभएका वडाहरूमा घोषणाका लगि कार्यहरू भइरहेको।
- अपाङ्गता भएका १०० जना व्यक्तिहरूलाई अपाङ्गता परिचय पत्र वितरण तथा ७७५ जनाको अद्यावधिक गरिएको।
- नगरपालिकाबाहेक प्रत्येक वडाहरूले विभिन प्रकारका सिप विकास तालिम, चेतनामुलक कार्यक्रम तथा प्रविधि हस्तान्तरण सहितको कार्यक्रम सञ्चालन गरेको देखियो।
- ७० वर्ष माथिका १४२ जनालाई जेष्ठनागरिक परिरयपत्र वितरण गरिएको हालसम्म ४०४७ जनालाई जेष्ठनागरिक परिचयपत्र वितरण गरिएको।
- नगरपालिकाका १ देखि ९ वटै वडाका २० जना अपाङ्गता भएका व्यक्तिहरूलाई ह्विल चियर, ट्वालेट चियर, वाइट क्यान, एल स्टिक, ईल्बो क्रचेज र फोल्डिङ् ह्विल चियर वितरण गरिएको।

- अपाङ्गता भएका १४ जना व्यक्तिहरूलाई स्वास्थ्य उपराचारका लागि ८ हजार देखि १७ हजारसम्म सहयोग गरिएको।

#### ४.७.३.३ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेको समस्याहरू

- बजेट कम हुनु सहभागि धैरै हुनु।
- तालिममा लक्षित वर्गको मानिसहरूभन्दा बेलवाला र पहुँच वालाको उपस्थिति बढी हुनु।
- बजार स्तरमा कार्यक्रम बढी सञ्चालन हुनु गाउँस्तरमा कम कार्यक्रम सञ्चालन नहुनु।
- वालक्लव तथा वाल संरक्षण समितिहरू क्रियाशील नहुनु।
- हिंसामा परेका महिलाले आफू हिंसामा परेको कुरा नभन्नु तथा महिलाहरूमा हिंसाविरूद्ध चेतना अभिवृद्धि आवश्यक समन्वय र सहयोगको वातावरण सिर्जना नहुनु।
- सीपमूलक तथा रोजगारीमूलक तालिमहरू समयमै सञ्चालन नहुनु तथा सञ्चालन भएका तालिम कच्चा पदार्थको उपलब्धता, सहभागिको माग र बजारको सम्भाब्यता अध्ययन नगरी तालिम सञ्चालन हुनु।
- विपन्न परिवारका लागि विभिन्न प्याकेज कार्यक्रम र छात्रवृतिको व्यवस्था यथोचित नहुनु तथा गरिबी घटाउन नीतिगत व्यवस्था नगरिनु।
- सामाजिक परिचालनअन्तर्गत अति विपन्न, गरिब, दलित तथा लक्षित परिवारहरूमा आय आर्जनका लागि जीविकोपार्जन परियोजना कार्यक्रमहरू पालिका र गैर सरकारी संस्थाबीच समन्वय नहुनु।
- नीतिगतरूपमा सम्पूर्ण जातजाति, लिङ्ग, वर्ग, धर्म, भाषाहरूको समावेशी अवसर, रोजगारी सृर्जना भएजस्तो देखिए पनि यथार्थमा त्यस्तो नहुनु।
- वातावरण सुधार, ध्वनि नियन्त्रण, घर तथा उद्योगहरूबाट निस्कने धूवाँ नियन्त्रणमा सुधार नहुनु।

#### ४.७.३.४ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावः

- समयमै बजेटको व्यवस्था गर्नु तथा बजेट कम हुन नदिनुपर्ने।
- तालिममा लक्षित वर्गको मानिसहरूलाई प्रथमिकताका साथ उपस्थिति गराउनुपर्ने।
- बजार स्तरमा भन्दा गाउँस्तरमा कार्यक्रम बढी सञ्चालन गर्नुपर्ने।

- बालक्लव तथा वाल संरक्षण समितिहरूमा वृद्धि गर्दै लैजानु तथा बाल क्लबहरूको सुदृढीकरणमा जोड दिँदै बालबालिकाहरूमा नेतृत्व गर्ने सक्ने क्षमताको विकास गराउनुपर्ने ।
- हिंसामा परेका महिलालाई हिंसा न्यूनीकरण गर्न दुबै पक्षलाई झिकाई छलफल तथा मिलापत्र गराउने वातावरण सृजना गर्नुपर्ने ।
- विभिन्न सीपमूलक  तथा रोजगारीमूलक तालिमहरू समयमै पाठ्यक्रमअनुसार सञ्चालन गर्नुका साथै साहभागिको माग, कच्चा पदार्थको उपलब्धता र बजारीकरणको अध्ययन गरेर मात्र तालनम सञ्चालन गर्नुपर्ने ।
- विपन्न परिवारका लागि विभिन्न प्याकेज कार्यक्रम र छात्रवृतिको व्यवस्था गरी गरिबी घटाउन विभिन्न संघसंस्थाहरू सँग नगरपालिकाले आवश्यक समन्वय र सहकार्य गेरर कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने ।
- सामाजिक परिचालनअन्तर्गत अति विपन्न तथा दलित परिवारहरूमा आय आर्जनका लागि जीविकोपार्जन परियोजनाअन्तर्गत नागरिक सचेतना कार्यक्रम सञ्चालन गराउनुपर्ने ।
- नीतिगतरूपमा सम्पूर्ण जात जाति, लिङ्ग, वर्ग, धर्महरूको समावेशी, अवसर, रोजगारी, अधिकारको ब्यवस्था गर्नुपर्ने ।
- वातावरण सुधारका लागि घर तथा उद्योगहरूबाट निस्कने धूवाँ तथा ध्वनि नियन्त्रणका लागि सम्बन्धित निकायहरूलाई पत्राचारमार्फत जानकारी गराउनु र तत्काल त्यस्तो कार्य कम गराउनुपर्ने ।
- एच आइ भी एड्सको निरन्तर अनुगमन, न्यूनीकरणको लागि योजना बनाई, बसाइसराई गरी आएका तथा वैदेशिक रोजगारीबाट फर्किएका कामदारहरूलाई विशेष ध्यान दिने तथा गाउँ वडा समन्वय समितिलाई परिचालन गराउनुपर्ने ।
- तेस्रो लिङ्गी व्यक्तिहरूका लागि कानुन बनाई विषेश कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- विभिन्न नीति तथा कार्यक्रमबाट विकासमा समान सहभागितामा सुनिश्चितता गराउनु तथा बाल सञ्जाल, महिला सञ्जाल, समन्वय समिति, अन्य लक्षित वर्गका समितिहरू मार्फत सहभागिता सुनिश्चित गराउनुपर्ने ।

## ४.७.४ भौतिक पूर्वाधार क्षेत्रको विवरण

### ४.७.४.१ लक्ष्य तथा उद्देश्यहरू:

- साना तथा अल्पकालीन् आवश्यकताका योजना तथा कार्यक्रमहरूलाई निरूत्साहित गर्दै ठूला तथा दिर्घकालिन महत्व कायम गर्ने योजना तथा कार्यक्रमहरूको कार्यान्वयनलाई प्राथमिकता दिने।
- उपभोक्ताहरूको प्रत्यक्ष सहभागिता लाभ, साझेदारी र अपनत्व कायम हुने कार्यक्रम तथा योजनाहरूको कार्यान्वयन उपभोक्ता समितिबाट गरिने।
- आर.आर.एन. सँगको साझेदारीमा उर्लाबारी नगरपालिका वडा नं. २ को तेली खोलामा तटबन्धन कार्यलाई सहजीकरण गरिने।
- नगरपालिकाबाट सञ्चालित अधुरा र क्रमागत योजनालाई उच्च प्राथमिकता दिइ सम्पन्न गरिने।
- नगर सडक यातायात गुरूयोजना (MTMP) अद्यावधिक गरी सोहिअनुरूप माग र आवश्यकताका आधारमा योजना तथा कार्यक्रम सञ्चालन गरिने।
- सडक निर्माण कार्यमा गुणस्तरको सुनिश्चितता गर्दै पेभिङ ब्लकको प्रयोगलाई बढाउदै लगिने।
- पूर्वाधार विकासका योजनाहरूको गुणस्तरीयता सुनिश्चित गर्न कार्यालय परीसरभित्र ल्याब स्थापना गरी प्रयोगमा ल्याइने।
- विश्व बैंकको लगानीमा संचालन भइरहेको कृष्णचौक देखि सुनझोडा सामुदायिक वन सम्मको सडक स्तरोन्नति कार्यलाई समयमानै सम्पन्न गर्न सहजिकरण गरिने।
- भौतिक पूर्वाधार तर्फ साना तथा टुक्रे योजना निर्माण कार्यलाई निरूत्साहित गरिनेछ। भौतिक पूर्वाधार निर्माण तर्फ चार लाख भन्दा कम लागतको योजना तर्जुमा गरिनेछैन। प्रत्येक वडामा कम्तिमा एउटा १५ लाखको योजना तर्जुमा गरिने।
- छ लाखसम्म लागत अनुमान भएका योजनाहरू वडास्तरीय अनुगमन समितिको निर्णय भई वडा कार्यालयको सिफारीसमा साथै सो भन्दा बढी लागत अनुमान भएका योजना/कार्यक्रमहरू वडास्तरीय अनुगमन समिति र नगरस्तरीय अनुगमन समितिबाट अनुगमन गरिने व्यवस्था मिलाइने।
- दर्तावाला संस्थाबाट योजना सञ्चालनका लागि प्रोत्साहित गर्न टोल विकास संस्थाहरूको क्षमता अभिवृद्धि, अभिमुखीकरण गरी टोल विकास संस्थामार्फत योजना माग सङ्कलन र योजना संचालन गर्न प्राथमिकता दिइनेछ।
- नगरपालिका क्षेत्रमा निर्माण हुने बाटोहरूमा आर.सि.सि ड्रेन निर्माणलाई प्राथमिकता दिइने।

- १० लाख भन्दा माथिको भौतिक निर्माण तर्फका योजनालाई इ-विडिङ गरिने तथा त्यस्ता योजनाहरूलाई आवश्यकताअनुसार प्याकेज समेत बनाइ इ-विडिङ गर्न सकिने।
- सहरी क्षेत्रमा नगरका योजनाअन्तर्गत मागका आधारमा नगरपालिकाको ६० प्रतिशत र उपभोक्ताको ४० प्रतिशत लागत साझेदारीमा योजना सञ्चालन गर्न प्रोत्साहित गरिने।
- किनारमा करिडोर निर्माणको कार्य समेत सुरू गरिने तथा नगर प्रमुख कृषि करिडोर निर्माण कार्य सञ्चालन गरिनुका साथै वैकल्पिक मार्गको रूपमा खोला उत्खनन् विषयमा सेनि ट्र्याप निर्माणका लागि राष्ट्रपति चुरे लगायत अन्य निकायमा पहल गरिने।
- नगरको आवश्यक स्थानमा कालोपत्रे मर्मतको कार्यलाई निरन्तरता दिँदै लैजाने तथा सोल्टी खोला र सुनझोडा खोलामा झोलुङ्गे पुल निर्माणको कार्य गरिने।
- खोला, नदी नियन्त्रण र सार्वजनिक जग्गा/क्षेत्रभित्रको तटबन्ध र आपतकालीन् विपद् व्यवस्थापनमा लागत सहभागिता अनिवार्य नगर्ने नीति अबलम्वन गरिने।

### ४.७.४.२ उर्लाबारी नगरपालिका सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था, प्रक्रियागत सुधार तथा कार्य उपलब्धिहरू:

- उर्लाबारी नगरपालिका वडा नं ३ र २ कृष्ण चौक देखि सुनझोडा सामुदायिक वनसम्मको ५.२७६ कि. मि. सडक स्तरोन्तिको निर्माण सम्पन्न भइ प्रयोगमा आएको।
- नगर गौरवको योजनाको रूपमा रहेको बक्राहा विष्णु गंगाघाट निर्माण योजना सम्पन्न भएको।
- वडा नं ३ स्थित अपाङ्गमैत्री भवनको निर्माण कार्य सम्पन्न भई हस्तान्तरण गरिएको।
- संघीय सरकारको विशेष अनुदानमार्फत विद्यालयहरूको संस्थागत मर्मत संभार, टिनको छाना फर्ने तथा भौतिक पूर्वाधार सुधारको कार्य सञ्चालन भएको।
- उर्लाबारी बसपार्क निर्माण, उर्लाबारी-६ को ठेक्का सम्झौता भएको तथा संघीय समपुरक योजना अन्तर्गत उर्लाबारी-९ लामाटोली सडक कालोपत्रे तथा प्रदेश तर्फ उर्लाबारी-१ कार्की चोक-फट्टे टोल योजना निर्माण सम्पन्न भएको।
- कृषि हाटबजारलाई सफा र व्यवस्थित बनाउने उद्धेश्यका साथ उर्लाबारी ३ चन्दने र मंगलबारे बजारमा टहरा निर्माण गरिएको।
- उर्लाबारी-८ सन्ठीखाडीमा बक्स कल्भर्ट तथा वडा नं २ स्थित दनुवार टोल स्थित तेलि खोलामा पक्की कल्भर्ट निर्माण कार्य सम्पन्न भएको।

- उपभोक्ता समितिको ४० प्रतिशतको लागत साझेदारीमा कालोपत्रे निर्माण कार्यलाई प्राथमिकता साथ अगाडि बढाइएको।
- आगामी आर्थिक वर्षमा सम्पन्न हुने गरी वहुवर्षिय योजनाको रूपमा उर्लाबारी नगरपालिका वडा नं ४ को वडा कार्यालय भवन निर्माण, वडा नं ५ र ६ को बजार सौन्दरीकरण योजना अन्तर्गत रेलिङ पेभिङ निर्माण, वडा नं ५ को पुष्प सौन्दरीकरण, बलभद्रमार्ग, मिलिजुली मार्ग, उद्योग वाणिज्य संघ पश्चिममा पेभिङ ब्लक निर्माणको कार्य अगाडि बढाइएको छ।
- नगरपालिकाको लगानीमा वडा नं. ४ को वडा कार्यालय भवनको निर्माण कार्य भइरहेको।
- चालु आ.व. मा १०.३६ किलोमिटर कालोपत्रे निर्माण, ७.३४ किलोमिटर ड्रेन निर्माण, ६.८८ किलोमिटर ग्राभेल, १२.२६ कि.मी पेभिङ्ग ब्लक, साइडवाल ४ कि.मी, ६ वटा पुल/कल्भर्ट साथै २६ वटा भवनहरूको निर्माण तथा मर्मत कार्य सम्पन्न भएका छन्।
- विपन्न नागरिक आवास कार्यक्रम अन्तर्गत लागत साझेदारीमा वडा समिति मार्फत् विपन्न नागरिकको पहिचान गरी ९ जना विपन्न नागरिको आवास निर्माण गरिएको ।
- उर्लाबारी-३ स्थित सालवारी खेलमैदानको स्तरोन्नतिका लागि घेरावारा, प्लेयर बक्स निर्माण र प्याफिट निर्माण कार्यको सुरूवात भएको।
- सडक बोर्ड नेपाल तथा उर्लाबारी नगरपालिकाको लागत साझेदारीमार्फत विभिन्न स्थानका जीर्ण अवस्थामा रहेका करिव २.२८ कि.मी. कालोपत्रे सडकको Overlaying कार्य सम्पन्न भएको तथा उपभोक्ताहरूको ४० प्रतिशत लागत साझेदारीमा नगरपालिकाको वडा नं ४, ६ र ७ मा करिव ५.५ कि.मी बाटो कालोपत्रे भएको।
- नगरपालिकाभित्र स्वच्छ खानेपानी व्यवस्थापन गर्ने योजना अनुरूप यस आ.व.मा १०८ घरधुरीमा नगरपालिका, उपभोक्ता तथा उर्लाबारी खानेपानी तथा सरसफाइ संस्थाको लागत साझेदारीमा खानेपानीको धारा जडान गरिएको।
- उज्यालो उर्लाबारी कार्यक्रम अन्तर्गत उपभोक्ता समितिको लागत साझेदारीमा नगरपालिकाका विभिन्न बाटोहरूमा सडक बत्ती जडान तथा मर्मतको कार्य समेत गरिएको ।
- मिक्लाजुङ गाउँपालिकाको सिमानाबाट उर्लाबारी नगरपालिका जोड्नका लागि बैकल्पिक बाटो निर्माण गर्ने उद्देश्यका साथ उर्लाबारी-१ स्थित बक्राहा नदिको किनारमा ट्र्याक्क खोल्ने कार्यको सुरूवात गरिएको।
- उर्लाबारी-४ र सिमाना स्थित नगर प्रमुख कृषि करिडोर योजना अन्तर्गत १.६ कि.मी. नयाँ ग्राभेल तथा होमपाइप व्यवस्थापनको कार्य गरिएको छ।
- उपभोक्ता समितिबाट सञ्चालन हुने बाहेकका आयोजनाहरू E-bidding मार्फत सञ्चालन गरिएको।

➤ जस्तापाता, तारजाली, ह्युम पाइप, डिजिटल एक्सरे, पशु औषधी, नि:शुल्क तथा औषधीजन्य सामग्री खरिद कार्य समयमै सम्पन्न गरी उपयोग गरिएको ।

**तालिका नं. ११- पूर्वाधार विकास तर्फको हालसम्मको भौतिक प्रगति विवरण:**

| क्र.सं. | पूर्वाधारको प्रकार | नयाँ निर्माण | २०७४।०७५ देखि हालसम्म |
|---|---|---|---|
| १ | सडक कालोपत्रे | १५.३ कि.मि. | ६३.४ कि.मि. |
| २ | ड्रेन निर्माण | १.१ कि.मि. | ९३.७४ कि.मि. |
| ३ | साइडवाल निर्माण | ५.४ कि.मि. | २८.६ कि.मि. |
| ४ | कलभर्ट निर्माण | ५ वटा | ६६ वटा |
| ५ | ग्राबेल सडक निर्माण | २१.९४ कि.मि. | १८५.९२ कि.मि. |
| ६ | सडक कालोपत्रे मर्मत | १.६ कि.मि. | २.२८ कि.मि. |
| ७ | पेम्बिङ ब्लक निर्माण | १.५ कि.मि. | ६.५६ कि.मि. |

### ४.७.४.३ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

➤ केही निर्माण सामग्रीहरूको हकमा स्वीकृत स्थानीय दररेट र बजारको दरमा भिन्नता हुन आएको कारण वास्तविक बिल भरपाई प्राप्त नहुने गरेको ।

➤ अधिकांश निर्माण व्यवसायीले सम्झौताको म्याद भित्र काम सम्पन्न नगर्ने ।

➤ केही उपभोक्ता समितबाट सञ्चालन हुने योजनाहरूमा सम्बन्धित प्राविधिक सँग समन्वय नगरी काम गर्ने गरेको कारण भुक्तानीमा समस्या हुने ।

➤ केही बोलपत्रदाताहरूले गलत मनसायका साथ अनाधिकृत कागजात पेश गरी कार्यालयलाइ समस्यामा पार्ने ।

➤ कुनै कुनै निर्माण सामग्रीको कर विजक उपलब्ध नहुनु (माटो) उपलब्ध भए पनि स्वीकृत दरमा उपलब्ध नहुनु (ढुङ्गा गिट्टी)।

➤ निर्माण व्यवसायी वा उपभोक्ता समितिको कारण काम समयमा सम्पन्न भए पनि अनुगमन र शाखागत ढिलाइ तथा कानुनी समस्याले बजेट निकासा ढिलो हुनु ।

➤ केही प्राविधिकहरूको बदमासीको कारण सबै प्राविधिकहरूलाइ गलत नजरले हेरिनु ।

- कुनै योजनाहरूको (प्रदेश र संघको श्रोतबाट सञ्चालित) समयमा भुक्तानी गर्न नसकिने कारण निर्माण व्यवसायीलाई समयमै काम सम्पन्न गर्न कठिनाइ हुने गरेको।
- कुनै निर्माण सामग्री स्थानीय स्तरमा उपलब्ध नहुने र उक्त सामग्री उपलब्ध हुने ठाउँको पहिचान गरी ढुवानी गर्दा व्यवसायीहरूलाई ढुवानी अन्य समस्या हुने गरेको।
- लागत सहभागितामा सञ्चालन गर्नुपर्ने योजना तथा कार्यक्रमहरूमा लागत सहभागिता जुटाउन समस्या हुने गरेको।

#### ४.७.४.४ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावः

- उपभोक्ता समितिका पदाधिकारीहरूलाई निर्माण कार्यसम्बन्धी ज्ञानको कमी हुने र हर समय प्राविधिकको उपलब्धता नहुने भएको कारण जनप्रतिधिहरूलाई तालिम दिइ जिम्मेवार बनाउने।
- उपभोक्ता समितिमार्फत सञ्चालन गरिने योजनाहरूको लागत अनुमान सकेसम्म नेपाली भाषामा तयार गर्ने।
- वार्षिक खरिद योजना बनाइ सो अनुरूप कडाइका साथ योजनाहरू कार्यान्वयन गर्ने र सोको लागि आवश्यक श्रोत साधन तथा मानव सम्साधनको पर्याप्ततामा जोड दिने।
- निर्माण व्यवसायीहरूलाई अभिमुखीकरण गराइ योजना सञ्चालनमा जिम्मेवार बनाउने।
- निर्माण कार्यमा सकेसम्म स्थानीय स्तरमा उपलब्ध सामग्रीहरू समावेश गर्ने।
- नगरपालिकाबाट सञ्चालित योजनाहरूको सङ्ख्या छनोट गर्दा आजश्यकता र प्राथमिकताको आधारमा छनोट गर्ने त्यसका लागि योजना बैँकको निर्माण गरी प्राथमिकता निर्धारण गर्ने।
- लागत सहभागितालाई वैज्ञानिक बनाउने तथा लागत सहभागिता उठाउन नसक्ने परिवारका लागि नगरपालिकाले यथोचित प्रबन्ध गर्ने, मिलाउने।
- ढुङ्गा, गिट्टी र वालुवा वर्षातको समयमा उत्खनन्न गर्न नमिल्ने भएकाले योजना समयमै सम्झैता गरी सञ्चालन सम्पन्न गर्नुपर्ने।

### ४.७.५ भवन, बस्ती, भू-उपयोग तथा विपद्सम्बन्धी क्षेत्रको विवरण

#### ४.७.५.१ लक्ष्य तथा उद्देश्यहरूः

- नगरपालिका भएपछि निर्माण भइसकेको भवनहरूको अभिलेख व्यवस्थापनका लागि कार्यविधिमा व्यवस्था भएबमोजिम कार्यान्वयन गरिने।

- घरनक्शा पासका लागि सञ्चालनमा रहेको सफ्टवेयर EBPS लाई व्यवस्थित गरिने।
- नगर क्षेत्र भित्र रोजगार बढाउन नगरका इच्छुक व्यक्तिहरूलाई भवन निर्माणसम्बन्धी डकर्मी तालिमलाई निरन्तरता दिईने।
- यस नगरमा बनेका र बन्ने सार्वजनिक भवनहरू पहुँचयुक्त बनाउने गरि डिजाइन गर्ने व्यवस्था मिलाइने।
- उर्लाबारी नगरपालिकामा जग्गाको विवादहरूको बढ्दो समस्यालाई न्यूनीकरण गर्न नगरपालिकाबाट सरपट (पुन) नापीको पहल गरिने।
- नगरका बाटाहरूको कोडिङ र नम्बरिङ गर्नुका साथै घर नम्बरिङ्ग र सडक नामाकरणको कार्य अगाडि बढाइने।
- घर निर्माणमा नगरपालिकाबाट कलर कोडिङ गर्ने नीति अवलम्बन गरिने।
- प्राकृतिक प्रकोप (चट्याङ, बाढी, भूकम्प, आगलागी, डढेलो, भूक्षय, हावाहुरी, असिना पानी, सरूवा तथा महामारी रोग आदि) बाट हुने क्षति न्यूनीकरण गर्नको लागि वार्षिकरूपमा कार्यक्रम बनाई कार्यान्वयन गरिने।
- नगरपालिकाको विपद् व्यवस्थापन कोषलाई निरन्तर वृद्धि गर्दै विपदको पूर्वतयारी, उद्दार, राहत र पुर्नस्थापना कार्यमा कार्ययोजना बनाई खर्च गरिने।
- स्थानीय विपद् व्यवस्थापन तथा जलवायु उत्थानशिल योजना, विपद् प्रतिकार्य योजना र विपद् संवेदनशिल भूउपयोग योजना तयार भैसकेको हुँदा उक्त योजनाहरू लागू गरिने ।
- चौबिसै घण्टा प्रदान गरिदै आएको दमकल सेवालाई थप व्यवस्थित गरिदै लगिने।
- आपतकालीन कार्य सञ्चालन केन्द्र थप व्यवस्थित गरिदै लगिनेछ।
- विपद जोखिम न्यूनीकरण, उद्दार, प्रतिकार्य र विपद व्यवस्थापनसम्बन्धी आवश्यक तालिमको व्यवस्था गरिने।
- ग्याँसबाट हुने सम्भावित दुर्घटनालाई न्यूनीकरण गर्न ग्याँस डिलरले शहर भन्दा बाहिर गोदाम बनाएर राख्ने व्यवस्था लागु गरिने।
- विपद् जोखिम न्यूनीकरण सम्बन्धमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने।
- पेटोलपम्पलाई तालिम प्राप्त अग्निनियन्त्रक/सुरक्षा गार्ड राख्ने व्यवस्था मिलाउन पहल गरिने।

- विपद् पूर्वतयारी, विपद् प्रतिकार्य र विपद् पश्चातको अवस्थालाई व्यस्थापन गर्न गैरसरकारी संघ संस्थासँगको समन्वय र साझेदारीमा कार्यक्रम सञ्चालन गरिने।
- नदी नियन्त्रणको कार्य जोखिमको आधारमा बहुवर्षीय योजनाको रूपमा राष्ट्रपति चुरे तराई मधेश संरक्षण आयोजना, एसियाली विकास बैंक, कोशी बक्राहा आयोजना, जनताको तटबन्ध कार्यक्रम समेतको सहभागितामा योजना सञ्चालन गरिने।

### ४.७.५.२ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरू

- उर्लाबारी नगरपालिकाको पुरानो घर अभिलेखीकरण (सूचीकृत) कार्यविधि, २०८१ कार्यान्वयमा भवन निर्माण इजाजत नलिई बनेका पुरानो भवनहरूको अभिलेख राखी राजस्वको दायरामा ल्याएको।
- भवनको नक्सापास कार्यलाइ सहज बनाउन अनलाइनमार्फत घर नक्शापास गरी सेवा दिदै आएको।

यस शाखाबाट आ.व. आ.ब. मा प्रवाह भएका सेवासम्बन्धी विवरण देहाय बमोजिम रहेको छः

**तालिका नं.१२ :** घर नक्सा सम्बन्धी प्रगति विवरण

| क्र.सं. | विवरण | जम्मा सङ्ख्या |
|---|---|---|
| १ | जम्मा नयाँ घर निर्माण अनुमति निवेदन दर्ता | १८२ |
| २ | जम्मा नयाँ घर निर्माण सम्पन्न | १५७ |
| ३ | पुरानो घर नक्शा अभिलेखीकरण प्रमाण पत्र जारी | ७० |
| ४ | जम्मा निर्माणधीन घर (प्रथम वा दोस्रो चरण लिएको) | १८४ |
| ५ | जग्गा नाप जाँच | ६५ |

- यस शाखाको लागि तोकिएको वार्षिक स्वीकृत कार्यक्रम अनुसार पुरानो घर अभिलेखीकरण कार्यविधि निर्माण गरी सोहीअनुसार सेवा प्रदान गरिएको।
- पूर्व नै निर्माण भइ सकेका निजी घरहरूको नक्सा पाससम्बन्धी गरिएका कार्यलाई नीतिगत निकास दिन कार्य गरेको।

### ४.७.५.३ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

- सेवाग्राहीमा घर नक्सा पास गर्ने प्रक्रिया पालना नगर्ने प्रवृत्ति ।
- भवन निर्माण आचारसंहिताको उल्लङ्घन गर्नुका साथै नगर क्षेत्र भित्र निर्माण हुने तथा भएका निजी तथा सार्वजनिक भवनहरूलाई नियमनको दयरामा ल्याउन कठिनाई हुन ।
- पूर्ण डिजिटलाइज प्रणालीको अभाव हुनु ।
- घर नक्सा पाससम्बन्धी सचेतनाको अभाव हुनु ।
- अव्यवस्थित शहरीकरण बढनु ।
- निजी सेवा प्रदायक संस्थाहरूको क्षमता विकास हुन नसक्नु ।
- ऐलानी तथा सार्वजनिक जग्गामा निजी स्वामित्वसम्बन्धी विवाद कायम रहनु ।
- भू-उपयोग योजनाको वर्गीकरण र कित्ताकाट कार्यमा जटिलता ।
- भूमिहीन, सुकुम्बासी, र अव्यवस्थित बसोबासी व्यवस्थापन प्रक्रियामा समन्वयको कमी ।
- जग्गा नापजाँच र धनीपूर्जा वितरणमा प्राविधिक र कानूनी समस्या हुनु ।
- भवन निर्माणका लागि दक्ष डकर्मीहरूको अभाव हुनु ।

### ४.७.५.४ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावः

- घरनक्सा पास गर्ने अनिवार्यता कार्यान्वयनका लागि कानूनी कार्यवाही थप कडाइ गर्दै घर नक्सा अभिलेखिकरण र प्रमाणपत्र वितरण प्रक्रिया छरितो बनाउने ।
- भवन निर्माण आचारसंहिताबारे जनचेतना कार्यक्रम सञ्चालन गर्ने तथा भवन निर्माण आचारसंहिताको पालना सुनिश्चित गर्न निरीक्षण प्रणाली सुदृढ गर्ने ।
- स्थानीय तह र समुदायबीच समन्वय गरी समस्याको दिगो समाधान खोज्ने तथ सार्वजनिक भवनहरूमा अपाङ्गतामैत्री मापदण्ड लागू गर्ने ।
- भूमिहीन र सुकुम्बासीहरूको व्यवस्थित पुनःस्थापनाका लागि केन्द्र सरकारसँग समन्वय गर्दै ऐलानी तथा सार्वजनिक जग्गामा निजी स्वामित्व सम्बन्धी विवाद भूमि सम्बन्धी समस्या समाधान संरचना मार्फत् समाधानमा सहजीकरण गर्नु ।

- पूर्ण डिजिटलाईज प्रणालीको विकास गर्दै जग्गा नापजाँच, कम्प्युटर इन्ट्री, र धनीपूर्जा वितरण कार्यलाई प्रभावकारी बनाउने ।
- डकर्मीहरूका लागि नियमित सिप विकास तालिम आयोजना गर्ने तथा तालिम प्राप्त डकर्मीहरूद्वारा मात्र भवन निर्माण सुनिश्चित गर्ने प्रणाली लागू गर्ने ।
- भू-उपयोग योजनाको कार्यान्वयनका लागि श्रोत साधन र प्राविधिक जनशक्ति परिचालन तथा थप गर्ने ।

## ४.७.६ कृषि क्षेत्रको विवरण

### ४.७.६.१ लक्ष्य तथा उद्देश्यहरू:

- सुख्खाग्रस्त क्षेत्रमा मोटर/बोरिङ जडानमा सहयोग साथै कलो (पैनी) मर्मत गरेर सिंचित क्षेत्र विस्तार गर्ने।
- माटो परिक्षण गरी माटो सुधार गर्नको लागि आवश्यक व्यवस्थापन गरिने ।
- बेमौसमी तरकारी उत्पादन गरेर उर्लाबारी नगरलाई आत्मनिर्भर बनाउन कार्य सञ्चालन गरिने छ । कृषि बालीलाई पकेट विकासको रूपमा कार्यक्रम सञ्चालन गरिने ।
- नगरभित्र उत्कृष्ट कृषि कार्य सञ्चालन गर्ने कृषकहरूलाई सम्मान/प्रोत्साहन स्वरूप उत्पादनको आधारमा सम्मान गर्ने कार्य सञ्चालन हुने ।
- कृषि मजदुर परिचालन गर्ने नीति लिनुका साथै । व्यवसायिक फलफुल बगैचा निर्माण गर्न चाहने किसानलाई सहुलियत रूपमा बिरूवा उपलब्ध गराइने ।
- सामुदायिक वनहरूसँग साझेदारीमा मसला, जडिबुटीजन्य उत्पादन र बेसार, अदुवासँगै केरा खेतीलाई प्रोत्साहन गरिने ।
- वैदेशिक रोजगारबाट सीप सिकेर स्वदेशमा आई आफ्नो श्रम, सिप र पुँजीको उपयोग गरी कृषि व्यवसाय सञ्चालन गर्ने कृषकलाई सहयोग गरिने ।
- बाली र वातावरणलाई संरक्षण गर्दै रोग/किरा न्यूनीकरण गर्ने नीति लिइने ।
- नगरलाई आत्मनिर्भर बनाउनको लागि बिभिन्न बालीको बीउ उत्पादन गर्ने कृषक/संस्थालाइ सहयोग गरिने ।
- कृषिमा यान्त्रिकीकरण, व्यवसायीकरण गर्न चाहने कृषक/संस्था लाइ प्रविधिमैत्री खेती गर्न आवश्यक कृषि औजार/उपकरण व्यवस्था गरिने ।

- नगरको भू-वर्गीकरणअनुसार कृषि क्षेत्रलाई प्राथमिकता दिएर कार्य सञ्चालन गरिने ।
- कृषि थोक बजार निर्माण सम्पन्न गरिने तथा मिनि कोल्ड रूम निर्माण कार्य सुरूवात गरिने ।
- फूलखेतीमा विशेष महत्व दिंदै रैथाने बीऊ बिजनको प्रयोग गर्ने नीति लिइने ।
- जैविक कृषि प्रणाली र जैविक कृषि उत्पादनलाई प्रोत्साहित गर्दै लगिने ।
- कृषिजन्य उत्पादनको बिक्रीका लागि डिजिटल मार्केटिंग प्रणालीको विकास गरिदै लगिने ।
- बालीमा लाग्ने रोगहरूका लागि विशेषज्ञ सहितको बाली उपचार शिविर सञ्चालन गरिने ।
- नदी उकास जग्गामा सामुहिक कृषि खेतीको अवधारणा ल्याइ प्रोत्साहन गरिने ।
- वैदेशिक रोजगारबाट फर्केका युवायुवतीको कृषक समूह निर्माण गरेर विशेष कार्यक्रम सञ्चालन गरिने ।
- नगरस्तरीय कृषि प्रोफाइल तयार गर्न कृषकहरूको सूचीकरण गरी परिचयपत्र दिने,
- टोल विकास संस्थाको साझेदारीमा कृषि उद्यम र गरिबी निवारण कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिने।
- दिगो कृषि प्रवर्धनका लागि कृषि क्षेत्रको एकीकृत गुरूयोजना तयार गरिने ।
- स्थानीय तहमा उपलब्ध कृषिजन्य स्रोत र कच्चा पदार्थमा आधारित लघु उद्योग स्थापनामा जोड दिइने।
- हिउँदको समयमा बगरखेती कार्यक्रम सञ्चालन गरिने ।
- सहुलियतमा कृषि फर्म सञ्चालन गर्न प्रोत्साहन गरिने ।
- नगदे बाली, बेमौसमी तरकारी लगाउन प्रोत्साहन गर्दै जडीबुटीजन्य कृषि उत्पादनलाई जोड दिंदै । आफूलाई चाहिने अर्गानिक तरकारी आफै उत्पादन गर्ने, आफ्नो बजारभित्र आफ्नै उत्पादन मात्र बिक्री गर्ने, रासायनिक तथा बाहिरबाट ल्याउन निरूत्साहित गर्ने नीति लिइने ।
- वर्षे धान खेतीलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याइने तथा कृषि सहकारीलाई जोड्ने नीति लिइने ।
- पत्रु खाना (जङ्क फुड) लाई निरूत्साहित गर्दै खाद्यको गुणस्तर कायम गर्न जोड दिने,
- कृषि पेशालाई थप सम्मानित र आकर्षक बनाउन उत्कृष्ट किसान पुरस्कार प्रदान गर्ने,
- नगरपालिकाभित्र रहेको बाँझो जमिनलाई कानूनी मापदण्ड बनाइ करार र सामूहिक खेती प्रणालीको विकास गर्न प्रोत्साहित गर्ने,
- सुख्खा ग्रस्त क्षेत्रमा पानी सङ्कलन पोखरी निर्माण र त्यसबाट थोपा सिचाँइ विस्तार गरी तरकारी उत्पादन गरी सीमान्तकृत तथा गरिब परिवारको आम्दानी वृद्धि गर्ने,

➢ बजार क्षेत्रमा करेशावारी तथा कौशी खेतीलाई प्रोत्साहन गर्दै लैजाने तथा सबै किसानहरूलाई कृषि समूह तथा कृषि सहकारीमा आवद्ध गराउने अभियान सञ्चालन गर्ने,

### ४.७.६.२ गत आ.ब. मा सञ्चालन विकास आयोजना तथा कार्यक्रमहरूको विवरण:

**तालिका नं.१३ : विकास आयोजना तथा कार्यक्रमहरूको विवरण**

| आयोजना/ कार्यक्रम | लक्ष्य | उपलब्धी | कैफियत |
|---|---|---|---|
| प्राविधिक सेवा उपलब्ध गराउने | प्याकेजिङ, प्रशोधन तथा यान्त्रीकरण, धान, मकै, गहुँ , तोरी र बेमौसमी तरकारी आदि | प्राविधिक सेवा उपलव्ध गराएको। कृषिमा व्यवसायिक रूपमा प्रवर्द्धन हुँदै गएको । प्याकेजिङ, प्रशोधन तथा यान्त्रीकरणमा सहयोग गरीएको । प्रविधिमा अधारित तालिम उपलव्ध गराईएको, | |
| घुम्ती तालिम सञ्चालन | घुम्ती तालिम सञ्चालन गर्ने, | नयाँ खेति प्रविधि तथा बाली संरक्षण सम्वन्धि घुम्ती तालिम सञ्चालन भएको। | |
| कृषि विमा | कृषि विमाका लागि अनुगमन गरी सिफारिस गर्ने | कृषि विमा गर्नेको सङ्ख्या दिन प्रतिदिन बढ्दै गएको। | |
| अनुदान लक्षित कार्यक्रम | कृषकसँग मेयर कार्यक्रम, कृषकको लागि सिंचाई मिटरको विधुत महसुल भुक्तानी, बऊविजन, विभिन्न यन्त्र उपकरण वितरण | कृषकसँग मेयर कार्यक्रम अन्तर्गत विभिन्न यन्त्रउपकरण वितरण गरिएको, सिचाईको लागि बोरिङ सामाग्री वितरण गरीएको, ईलेक्ट्रीक स्प्रेयर बितरण गरीएको, ईलेक्ट्रीक मोटर बितरण गरीएको, विभिन्न बिउविजन वितरण गरीएको, आकास्मिक बालि संरक्षणको लागि वनस्पति, जैविक, रासायिनक विषादि सहयोग गरिएको। | |
| कृषक समूह गठन | कृषकहरूलाई सङ्गठित गर्ने, कृषिमा एकद्वार प्रणाली लागु गर्ने, | कृषिकहरूको सक्रियतामा बढेको तथा कृषक समूह गठन भएको । नगरपालिकामा कृषि फर्महरू दर्ता तथा कृषि सहकारी संस्थाहरूसँग आबद्वता हुँदै गएको । कृषिमा आएका कार्यक्रम एकद्वार प्रणालीमार्फत गर्ने गरेको। | कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकिकरण, र पालिकासँग समन्वय र सहकार्य |

### ४.७.६.३ उर्लाबारी नगरपालिकाको सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था, प्रक्रियागत सुधार तथा कार्य उपलब्धिहरू:

- कृषि विकास शाखाबाट सञ्चालित कार्यक्रमहरू ऐन, नियम र कानुनहरूको आधारमा सञ्चालन भएको देखियो। जसअन्तर्गत ०८०।०८१ मा प्रदेश तथा स्थानीय तहमा शसर्त स्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालनसम्बन्धी कार्यविधि २०८१ निर्माण भएको देखियो।
- हालसम्म यस नगरपालिकाको शाखामा २११ वटा कृषक समुह रहेको देखियो।
- २०८१।८२ मा कृषि क्षेत्रमा उत्कृष्ट कार्यगर्ने १२ विधाका १२ जना कृषकहरूलाई प्रतिव्यक्ति १५००० का दरले नगदसहित टिसर्ट प्रदाणपत्र र खादा लगाएर सम्मान गरिएको।
- ७५ प्रतिशत अनुदानमा कुल ८० थान मकै गोड्ने औजार कृषक तथा कृषि संस्थाहरूलाई वितरण गरेको देखियो।
- ५० प्रतिशत अनुदानमा जम्मा १५० रोल मल्चिङ् प्लास्टिक कुल ३० जना कृषकलाई वितरण गरेको देखियो।
- ५० प्रतिशत लागत सहभागितामा अदुवा, बेसार खेति कार्यक्रम अन्तर्गत १७ जना कृषकहरूलाई बेसारको बिउ, प्राङ्गारिक मल, स्पेयर, डिजिटल काँटा, विषादी वितरण गरेको देखियो।
- कृषि सामग्री तौल गर्नका लागि ३ वटा वडाका कृषकलाई डिजिटल तराजु ५ थान तथा चिस्यान नाप्ने मेसिन २ थान वितरण गरेको देखियो।
- बगरखेती विकास कार्यक्रमअन्तर्गत ५० प्रतिशत अनुदानमा जम्मा ६४ जना कृषक तथा कृषक समुहहरूलाई वर्णसङ्कर लक्ष्मी ७७७ जातको खर्बुजाको बिऊ ३९७ प्याकेट, फोरोमेन ट्रयाप ८०० जटा, प्राङ्गारिक मल २००० के.जी मल्चिङ् प्लास्टिक २४ रोल, इलेक्ट्रिक नेपसेक स्प्रे ३० थान वितरण गरेको देखियो।
- व्यवसायिक बगैँचा स्थापना गर्ने कृषकलाई ५० प्रतिशत अनुदानमा वर्षे फूलको बिरूवा ४०० जना किसानलाई वितरण गरेको देखियो। जसमा आँप अम्रपाली ३५० ओटा बिरूवा, आँप मालदह ४०० ओटा बिरूवा, लिची सिडलेस ४४२ ओटा बिरूवा, कटहर बार्हमासे २०० ओटा बिरूवा, एप्पल बयर थाइग्रिन १५० ओटा र सुपारी सिङ्गापुरे ९००० ओटा बिरूवा किसानलाई वितरण गरिएको।

- माटो परिक्षण कार्यक्रमअन्तर्गत वडा नं. १,२ र ९ मा माटोको नमुना परिक्षणको लागिआवश्यक पर्ने रियजेन्ट खरिद गरी ४४२ ओटा माटोको नमुना परिक्षण गरिएको । (जसअन्तर्गत Beaker 100ml (P) - 200, Filter Paper 12.5 cm - 100, Test tube 15*125 – 50, Test tube Stand (p) – 50, Tissue paper – 100, Dropping (p) – 80, Buffer solution PH 7-4 -100, N.P.K. reagent kit -28, PH Meter electrode buffer -5)
- फलफूल प्रवर्द्धन कार्यक्रमअन्तर्गत सयपत्री पूलको व्यवसायोक खेती गराउने उद्धेश्यले १२ जना फूल खेति गर्ने कृषकहरूलाई कर्मा ५५५ जातको वर्णशंकर सयपत्री फूलको बिऊ १००० सिड भएको २३ प्याकेट, प्राङ्गारिक मल २००० के.जी., ढुसी नासक बिषादी ३५ प्याकेट, सूक्ष्म खाद्य तत्व ३१ प्याकेट र पि.जि.आर ममोथ स्पा ३० बोतल वितरण गरिएको देखियो ।
- मौरी कृतिम आहार कार्यक्रम ५० प्रतिशत अनुदानअन्तर्गत ५३ जना कृषकलाई चिनी र ३४३१ के.जी. र सातु ५०२ के.जी। वितरण गरिएको  देखियो ।
- आकष्मिक बालि संरक्षण सेवा कार्यक्रम अन्तर्गत मकैमा माहामारी र फौजि किरालाई न्युनिकरण गर्न ६ ओटा कृषक समुह र १५४४ व्यक्तिगत कृडकलाई ईमिडाक्लोरोपिड १९९०० प्याकेट र ईमामेट्रिन बेन्जोएट १९९०० प्याकेट वितरण गरिएको ।
- माटोमा भएको अम्लिएपना हटाउन कृषि चुना ७५ प्रतिशत अनुदानमा २२६ जना कृषक र १ ओटा कृषि सहकारीलाई ३४८ मे.टन. वितरण गरिएको ।
- सुख्काग्रस्त क्षेत्रमा सिचाई कार्यक्रमअन्तर्गत नगरपालिका क्षेत्रभित्रका पैनीहरू सफा गरिएको देखियो ।
- वडा स्तरीय मोटर बोरिङ कार्यक्रमअन्तर्गत १,२,५,६ र ९ मा ४१ सेट मोटर बोरिङ वितरण गरिएको छ यस कार्यक्रमअन्तर्गत ८० बिघा जमिन सिञ्चित सिचाँइ क्षेत्र थप भएको छ ।
- ७५ प्रतिशत अनुदानमा मकै छोडाउने औजार वडा नं. २ का कृषकलाई ४ थान ४ ओटा कृषक समूहलाई विरतण गरिएको ।
- ७५ प्रतिशत अनुदानमा मकै रोप्ने औजार वडा नं. २ का कृषकलाई ८ थान ८ ओटा कृषक समूहलाई विरतण गरिएको ।
- ७५ प्रतिशत अनुदानमा विषादी छर्ने स्प्रे मेसिन औजार वडा नं. २ का कृषकलाई १५ थान ११ ओटा कृषक समूहलाई, वडा नं. ६ का कृषकलाई १६ थान १६ ओटा कृषक समूहलाई, वडा नं. ७ का कृषकलाई १२ थान १२ ओटा कृषक समूहलाई विरतण गरिएको ।

- ७५ प्रतिशत अनुदानमा मकै रोप्ने औजार वडा नं. ६ का कृषकलाई १० थान १० ओटा कृषक समूहलाई विरतण गरिएको।
- किसान सूचीकरण कार्यक्रमअन्तर्गत हालसम्म ९ वटै वडाका ८२४५ किसान सूचीकरण भएको देखियो।
- अनुदानमा धान र गहुँको बिउ वितरण कार्यक्रमअन्तर्गत स्वर्णसव १-१०,००० के.जी., हर्दिनाथ ६-६७०० केजी. शुद्धोधन कलानमक १००० के.जी. १० ओटा कृषि समूह, ३८६ जना व्यक्तिगत कृषक १ ओटा कृषि फर्मले प्राप्त गरेको तथा ३४० हेक्टर जमिनमा उन्नत जातको धान लगाइएको।
- विजय ६००० के.जी र गौतम ३००० के.जी. गहुँको बिऊ ५ ओटा कृषि समूह, ३ ओटा कृषि फर्म तथा ७३ जना ब्यक्तिगत कृषकले प्राप्त गरे भने पहिलेको तुलनामा २० प्रतिशत उप्पादनमा बृद्धि भएको।
- चैतेधान प्रवर्द्धन कार्यक्रमअन्तर्गत उन्नत बिउ १४००० के.जी. बिउ उपचारका लागि २८ कै.जी. बिषादी, १२*१५ फुटको त्रिपाल २६५ थान, ब्याडराख्ने सेतो प्लास्टिक २४० मि. तथा टु ईन वान स्प्रेयर ९४ थान खरिद गरी ६ ओटा कृषि समूह, कृषि सहकारी १, कृषि फर्म १ र ८३ जना ब्यक्तिगत कृषकले प्राप्त गरेको देखियो।
- कृषि, पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रम अद्यावधिक गरिएको।

### ४.७.६.४ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेको समस्याहरू

- प्राविधिक जनशक्तिको कमी, श्रोत साधनको कमी,
- कृषि पेशामा नगरपालिकाबासीको प्राथमिकतामा नपरेको,
- पालिकाभित्र भइरहेको अव्यवस्थित शहरीकरणले गर्दा कृषि योग्य जमिन घट्दै गइरहेको
- स्थलगत अध्ययन अवलोकनको क्रममा अझै पनि यस नगरपालिकाको अधिकांश मानिसहरू परम्परागत कृषिमा आश्रित रहे पनि परम्परागत कृषिपेशामा नै निर्भर रहनु परेको।
- कृषि शाखाले कृषकहरूको मागलाई पर्याप्त मात्रामा सम्बोधन गर्न नसकेको।
- कृषकहरूले प्राविधिक तथा व्यवसायिक तालिमहरू सोचेअनुसार नपाएको।
- कृषि योग्य जमिनमा पर्याप्त सिँचाइको सुविधा नभएको।

- उत्पादित कृषि वस्तु, अन्न, पशुपंक्षी र तरकारीको बेचविखन गर्न  कृषि बजारको आवश्यकता रहेको।
- कृषि पेशा र कृषकको मागअनुसार कृषि शाखाका कर्मचारीहरूले कार्यस्थलमा गएर दिने सेवामा ढिलाइ हुने गरेको ।

### ४.७.६.५ कृषि क्षेत्रका अल्पकालीन् उद्देश्यहरू

- कृषि प्रणाली तथा विचारमा परिवर्तन ल्याउने ।
- कृषक समक्ष नयाँ नयाँ उत्पादनका प्रविधि, ज्ञान, सीप तथा साधनसम्बन्धी जानकारी पुर्याउने ।
- कृषि  उत्पादन र उत्पादकत्वमा वृद्दि गर्ने ।
- कृषक समूहमाफर्त कृषिका सम्पूर्ण  कार्यक्रमहरू  प्रभावकारी  ढङ्गले सञ्चालन गर्ने ।
- कृषक समूहहरूलाई सहकारी संस्थामा परिणत गर्दै लैजान प्रचार प्रसार तथा अभिप्रेरित गर्ने ।
- कृषि अनुसन्धानबाट पत्ता लगाइएका उन्नत प्रविधिहरू कृषक समक्ष पुर्याउन र कृषकको प्रतिक्रिया अनुसन्धान समक्ष पुर्याउने ।
- सम्भाव्यताको आधारमा पकेट क्षेत्र छनौट गरी खाद्यान्न, तरकारी, फलफूल र नगदेबालीका व्यावसायिक कार्यक्रमहरूलाई प्रोत्साहन दिने ।
- ग्रामीण कृषि कार्यकर्ताहरूलाई स्थानीय स्तरमा  कृषिको नेतत्वृ गर्नसक्ने गतिशील अगुवा कृषक तयार गर्ने।
- साना सिँचाइको माध्यमबाट प्रति इकाई क्षेत्रफलको उत्पादकत्व बढाउनुका साथै बाली सघनतामा वृद्धि गर्ने।

### ४.७.६.६ कृषि क्षेत्रका दीर्घकालीन् उद्देश्यहरू

- खाद्य वस्तुको बढ्दो आन्तरिक माग पूरा गर्न कृषि प्रसारको माध्यमबाट उत्पादन र उत्पादकत्व बढाई आत्मानिर्भर बनाउने ।
- निम्न आय भएका बहुसङ्ख्यक साना किसानहरूका लागि कृषि क्षेत्रका आयमूलक उत्पादनशील र स्वरोजगारका अवसरहरू वृद्धि गर्ने ।
- कृषिजन्य उत्पादनको संरक्षण, संशोधन तथा उपयक्तु बजार व्यवस्था, वितरण प्रणालीको सुधार गर्ने ।

- वातावरणीय सन्तुलन कायम राख्दै कृषक वर्गको  तुलनात्मक लाभ र न्यायोचित वितरणको आधारमा दिगो कृषि विकासको कार्यमा सहयोग पुर्याउने।
- निवार्हमूखी कृषि पद्धतिलाई व्यवसायीकरणतर्फ उन्मुख गराउने।
- पौष्टिक खाद्य वस्तुको उत्पादन र सन्तुलित उपयोगमा वृद्धि ल्याई जनताको स्वास्थ्यमा सुधार ल्याउने।

### ४.७.६.७ कृषि क्षेत्रका भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदम तथा सुझावहरू

- खाद्यान्न गोदाम, प्रशोधन केन्द्र, र शीत भण्डारको स्थापना गरी नगरपालिकाको विभिन्न ठाउँहरूमा विस्तार गरी उत्पादित फलफूल तथा तरकारीहरू विक्री वितरणमा कृषकलाई सघाउ पुर्याउने।
- कृषि विमालाई सरल र सहज रूपमा अनिवार्य गर्ने।
- रसायनिक मलको आपूर्ती समयमा सहज हुनु पर्ने तथा रसायनिक मलको विकल्पमा कम्पोष्ट मलको प्रयोग र उत्पादनमा आवश्यक तालिम दिनुपर्ने।
- कृषकहरूलाई उन्नत प्रविधि तथा बीउ विजन र तालीमको व्यवस्था हुनुपर्ने।
- नगरपालिका भित्रको सार्वजनिक जग्गाको लगत सङ्कलन गरी त्यसलाई कृषिका लागि निःशूल्क वा न्यूनतम मूल्यमा समुदाय वा सहकारीलाई दिई कृषि उत्पादनमा वृद्धि गर्नुपर्ने।

## ४.७.७ पशुपन्छी विकास क्षेत्रको विवरण:

### ४.७.७.१ लक्ष्य तथा उद्देश्यहरू:

- पशुपन्छी सेवा शाखाको प्राबिधिक सेवा, पशु स्वास्थ्य उपचार सेवा र प्रयोगशाला सेवालाई निरन्तरता दिइने।
- महामारी संक्रामक रोगहरू (लम्पि स्किन, खोरेत, पि.पि.आर, स्वाइन फिबर, रेबिज, एच एस वि क्यु र इन्टेरोटक्सिमिया आदी) बिरूद्धको निशुल्क खोप कार्यक्रमहरूलाई निरन्तरता दिइने।
- उन्नत जातका पशुपन्छीहरूको बिस्तार गर्दै पशुनश्ल सुधार कार्यक्रमहरू सञ्चालन गरिने।
- पशुजन्य उत्पादनमा लागत कम गर्न घाँसमा आधारित पशुपालनलाई प्रोत्साहन गर्दै विकास कार्यक्रमहरू सञ्चालन गरिने।

- विशेषज्ञ सहितको पशु स्वास्थ्य शिबिर / घुम्ति शिबिरहरू/ सामुदायिक कुकुरबाट हुने जोखिम कम गर्न सामुदायिक कुकुर बन्ध्याकरण शिबिर सञ्चालन गरिने।
- पशुधन क्षतिबाट कृषकलाई हुने आर्थिक नोक्सानीको जोखिम कम गर्न पशु बिमा कार्यक्रम सञ्चालन गरिने।
- व्यवसायिक फर्म समुह, समिति, सहकारी संघ सस्थाहरूसंग सहकार्य/साझेदारी कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइने।
- पशुजन्य उत्पादनमा आधारीत अनुदान कार्यक्रमहरू सञ्चालन गरिने।
- सचेतना तथा कृषकहरूको व्यवसायिक क्षमता विकासका लागि तालिमहरू सञ्चालन गरिने।
- उपभोक्ताहरूलाई स्वस्थ्यकर मासु उपभोगका लागि पशुवधशाला निर्माण गर्न सम्बन्धित निकायहरूसँग सहकार्य गर्दै लगिने।
- पशुजन्य उत्पादन दुध/फुल/माछामासुमा आत्मनिर्भर बनाउन तथा पशुजन्य उत्पादन निर्यात प्रबर्धन गर्न प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिने।
- गाई भैसीमा सुत्केरी स्याहार सहयोग कार्यक्रम सञ्चालन गरिने।
- पशुपालन व्यवसायको जोखिम कम गर्न पशु बिमा कार्यक्रम, एक घर एक गाइ नाराका साथ अघि बढाउने नीति लिइने।
- हरियो घाँसमा आधारित पशुपालनलाई जोड दिदै दूध उत्पादनमा, भण्डारण र बजारीकरणमा जोड दिइने।
- गोठदेखि ओठसम्मका नीति अवलम्बन गरिने तथा गोठ व्यवस्थापन र गड्यौले मलको उत्पादन बढाउने।
- वडामा सञ्चालनामा रहेका सेवा केन्द्रको व्यवस्थापन र पूर्वाधार विकास गर्दै लगिने।

### ४.७.७.२ उर्लाबारी नगरपालिकाको सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था, प्रक्रियागत सुधार तथा कार्य उपलब्धिहरुः

- पशुपन्छी विकास शाखाबाट सञ्चालित कार्यक्रमहरू ऐन, नियम र कानुनहरूको आधारमा सञ्चालन भएको देखियो। जसअन्तर्गत ०८०।०८१ मा प्रदेश तथा स्थानीय तहमा शसर्त वित्तिय हस्तान्तरण

भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०८१ निर्माण भएको देखियो।

- यस नगरपालिकामा दर्ता तथा सूचीकृत भएका पशुपालक कृषक समूह, समिति तथा सहकारीहरूमा ४६ वटा रहेका छन्।
- यस नगरपालिकामा दर्ता तथा सूचीकृत भएका पशुपालक कृषक फर्महरूमा गाई फार्म ६९ भैँसी ६, बाख्रा ४१, बंगुर ३८, कुखुरा ९ र माछा फार्म ४१ वटा रहेका छन्।
- बाख्रा पकेट विकास कार्यक्रम सञ्चालन गरी अनुदानमा उन्नत जातका बाख्रा ९६ वटा तथा उन्नत जातको प्रजनन बोका १ वटा खरिद गरी वितरण गरिएको।
- असल पशुपालन कार्यक्रमअन्तर्गत च्यापकटर ८ वटा तथा घाँस खाने ढुड (प्लास्टिक ड्रम फलाम फ्रेमको) ३३ वटा वितरण गरिएको।
- आहार विकास कार्यक्रमअन्तर्गत यु एम बि ब्लक खरिद तथा वितरण तथा बहु बर्षिय घाँसको बीउबेर्ना स्लिप कटिङ वितरण गरिएको।
- क्षमता विकास कार्यक्रमअन्तर्गत १ दिने अभिमुखीकरण तथा बाख्रा पालन तालिम ३ दिने कार्यक्रम सञ्चालन गरिएको।
- पशुपन्छी स्वास्थ्य प्रबर्द्धन तथा उपचार कार्यक्रमअन्तर्गत गाई, भैँसी, बंगुर, कुखुरा, हाँस तथा कुकुर, बिरालो गरी ६९३९९ मा उपचार सेवा प्रदान गरिएको।
- रोग निरोधक खोप कार्यक्रमअन्तर्गत खोरेत २३ हजार, पि पि आर १८ हजार, एच.एस.बि.क्यु ७००, स्वाइन फिबर ८ हजार, लम्पि स्किन डिजिज ३२ सय, रेविज १२८२ मा प्रदान गरिएको।
- कृतिम गर्भाधान तथा नश्ल सुधार कार्यक्रमअन्तर्गत गाई २२१६, भैँसी १२४ र बाख्रा ७ वटामा वितरण गरिएको।
- सामुदायिक कुकुर बन्ध्याकरण शिबिर कार्यक्रमअन्तर्गत १७५ वटा सामुदायिक कुकुर बन्ध्याकरण गरिएको।
- रेबिज सप्ताहा तथा रेबिज दिवश कार्यक्रम अन्तर्गत शिबिर सञ्चालन गरी कुकुर २४८ , बिरालो २६ गरी २७४ वटामा खोप लगाइएको।
- माछा प्रवर्द्धन कार्यक्रम अन्तर्गत ४ जना माछापालक किषानलाई महाजाल वितरण गरिएको।

- पशु आहार विकास कार्यक्रमअन्तर्गत ७५ प्रतिशत अनुदानमा २ प्रकारको घाँसको बिऊ हिउदे जै ४५३ परिवारलाई र वर्षे टियोसेन्टिको बिऊ ५० प्रतिशत अनुदानमा २६३ परिवारमा वितरण गरिएको जसबाट ७५ हेक्टर जमिनमा घाँस खेति विस्तार गर्दा ५०० मे.टन हरियो घाँस उत्पादन भएको ।
- काउ लिफ्टको सेवा प्रवाहअन्तर्गत ५४ वटा गाई गोरूमा सेवा सञ्चालन गरिएकोमा ३२ वटामा ठिक भएको ।
- पशु उपचारमा सहयोग पुर्याउने उद्धेश्यले वडा १,२ र ८ का पशु सेवा केन्द्रहरूमा ट्रेबिज निर्माण गरिएको।
- पशुपन्छीसम्बन्धी प्रोफाईल तयार गरी पालिकाको वेभसाइटमा राखिएको ।
- माहामारी तथा आकषिमक रोग व्यवस्थापन कार्यक्रम अन्तर्गत नगरपालिका भित्रका बाछाबाछीहरूमा ईपिडेमियोलोजी रिपोटिङ्ग गरिएकोमा लप्पी स्किन माहामारी सम्भावना ५२८ पशुको उपचार गरिएको।
- यस पालिकामा अघिल्लो वर्षको तुलनामा दुध, मासु, अण्डा र माछाको पशु उत्पादकत्व बढेको देखियो।

### ४.७.७.३ आयोजना तथा कार्यक्रम सञ्चालन गर्दा भोगेका समस्याहरू

- सीमित साधन र असिमित मागको बीचमा तालमेल नभए पनि काम गर्नुपर्ने बाध्यता रहेको ।
- पशु विमालाई तल्लो तहसम्म पुर्याउने सदस्य, औजार, उपकरण तथा श्रोत साधनको समस्या रहेको ।
- पशुपालनलाई आधुनिकीकरण र व्यवसायीकरण गर्न नसकिएको ।
- नगरपालिका भित्र पशुपालनलाई कम महत्व दिएको ।
- पशुहाटबजार तथा बिक्रिकेन्द्रलाई व्यवस्थित गर्न चुनौतति रहेको ।
- उत्पादन लागत बढ्नु / बजारमुल्य कम पाउनुः पशु घाँसमा आधारीत पशुपालन नभइ दानामा भर पर्नु .
- प्राकृतिक प्रकोप र समय समयमा माहामारि रोगको जोखिममा पशुहरूमा खोप लगाउन आनाकानी गर्नु ।
- कृषक स्तरमा व्यवसायिक सोचको कमि / प्रविधि तथा प्राविधिक ज्ञानको कमी।
- कृषि श्रमिकको अभाव ।
- खोप कार्यक्रम सञ्चालनका लागि भ्याक्सिनेटर आबस्यकता अनुसार नभेटिनु तथा नितिगत जटिलता रहनु ।

#### ४.७.७.४ भावी कार्यक्रम सञ्चालनका लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

- पशुक्षेत्र विकासका लागि पालिकाले पूर्ण नेतृत्त्व लिनुपर्ने।
- अनुदानको दायरा सरल, सजह, मितव्ययी र फराकिलो बनाउनुपर्ने।
- पशुपालनको व्यवसायीकरण गर्न पशु पालक किसानलाई ऋण अनुदान र सहुलियतको व्यवस्था गर्नुपर्ने,
- पशु बिमालाई अभियानको रूपमा सञ्चालन गर्नुपर्ने।
- भेटेरिनरी अस्पताल भौतिक पूर्वाधार विकास तथा जनशक्ति व्यवस्थापन पूर्ण रूपमा गर्नुपर्ने।
- विशिष्टिकृत प्रयोगशाला सेवा बिस्तार तथा सञ्चालन गर्नुपर्ने।
- पशुजन्य उत्पादन लागत कम गर्न पशु आहारा विकास कार्यक्रमहरू हिउदे / वर्षे घाँसका बिउ, घाँसका बिउ, बेर्ना, स्लिप, सेट्स वितरण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने।
- पशुपन्छी मत्स्य फार्म प्रबर्धन कार्यक्रमहरू सञ्चालन तथा प्रभावकारी अनुगमन प्रणालीको विकास गर्नुपर्ने।
- पशुपन्छी मत्स्य जन्य उत्पादन, संकलन केन्द्रहरूको निर्माण, क्षमता विस्तार तथा बजारीकरण विविधिकरण प्रबर्धन कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने।
- पशुबधशाला तथा व्यवस्थित मासु पसल सञ्चालन कार्यविधि बनाई अगाडि बढ्नुपर्ने।
- सामुदायिक कुकुर सङ्ख्या न्यूनीकरण तथा घरपालुवा कुकुर पालनसम्बन्धी कार्यविधि बनाई व्यवस्थित गरी रेविज रोगको जोखिम कम गर्दै लैजानुपर्ने।
- नश्ल सुधार कार्यक्रम कृत्रिम गर्भाधान सेवा बिस्तार योजना निर्माण गरी सञ्चालग गर्नुपर्ने।
- पालिका भित्रका वडा नं १,२,४,६,८ र ९ तथा अन्य सम्भावित वडाहरूमा गाई बाखा बङ्गुर पालनका लागि पकेट बिकास कार्यक्रम सञ्चालन गर्नुपर्ने।
- निःशूल्क औषधि, बन्ध्याकरण र कृत्रिम गर्भाधानलाई प्रभावकारी बनाउदै लैजानुपर्ने।
- पशुजन्य उत्पादनको बजारीकरणका लागि सरकारी संयन्त्रबाट सहयोग र न्यूनतम मूल्य तोक्ने काम हुनुपर्ने।
- मासु, अण्डा र छिटो प्रतिफल दिने पशु पंक्षीहरूको अध्ययन तथा अनुसन्धान गरी त्यस्तो व्यवसाय गराउन प्रोत्साहन गर्नुपर्ने।
- माछा तथा माछापालन गर्ने स्थानको अध्ययन तथा अनुसन्धान गरी माछा व्यवसाय गराउन धेरै कृषकहरूलाई प्रोत्साहन गर्नुपर्ने।

### ४.७.८ प्रधानमन्त्री रोजगार क्षेत्रको विवरण

#### ४.७.८.१ उद्देश्य

- रोजगारसम्बन्धी कानुन निर्माण गरी कार्यान्वयन गरिने,
- बेरोजगार व्यक्तिहरूलाई रोजगारीको सिर्जना गर्ने,
- सरल र सहज तरिकाले श्रम स्वीकृति प्रदान गर्ने,
- १०० जना व्यक्तिलाई १०० दिनको रोजगारी प्रदान गर्ने,
- सिप विकास तालिम सञ्चालनका लागि सी.टि.ई.भि.टि. सँग सहकार्य गर्ने,
- वैदेशिक रोजगारिबाट फर्केका युवाहरूलाई साना तथा घरेलु उद्योग सञ्चालन गर्न चाहेमा पाँच वर्षमा फिर्ता गर्ने गरी बिउ पूँजी प्रदान गर्ने।

#### ४.७.८.२ उर्लाबारी नगरपालिकामा सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था,प्रक्रियागत सुधार तथा कार्य उपलब्धिहरू:

- वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूको सञ्जाल गठन तथा सञ्चालनसम्बन्धी कार्यविधि २०८१ तयार गरी सञ्चालनमा ल्याएको।
- विनियोजित वजेटअनुसार कार्ययोजना बनाई समयमानै योजनाहरू सञ्चालन गरी सम्पन्न भएको पाइएको छ।
- नगरपालिकाका ९ वटै वडाका ५२४ जना बेरोजगार सूचीकृत भएका सूचीकृत बेरोजगारहरू मध्ये २०३ जनालाई न्यूनतम रोजगारी प्रदान गरिएको।
- २६ जनालाई कार्यस्थलमा आधारित ५० दिने डकर्मी तालिम प्रदान गरिएको।
- २०८१ फागुण १५ देखी २५ गतेसम्म रोजगारमेला सञ्चालन गरिएको।
- रोजगारमा खटिने श्रमिकहरूलाई ९ वटै वडाहरूमा १ दिने अधिमुखीकरण कार्यक्रम सञ्चाल गरिएको थियो।
- वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्रदान गरिने लोक कल्याणकारि सेवाहरू प्राप्तिमा सहजीकरण गरिएको (जस्तैः क्षतिपूर्ति, अङ्गभङ्ग, पारिवारिक स्वास्थ्य उपचार,छात्रवृत्ति आदि)।

- वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको लागि लागि व्यक्तिगत तथा पुनः श्रम स्वीकृतिसम्बन्धी अनलाईन आवेदन सेवा प्रभावकारी रूपमा सञ्चालन हुँदै गएको तथा वैदेशिक रोजगारीमा जान पुनः श्रम स्वीकृतिका लिने ७३६ जनालाई सहजीकरण गरिएको ।
- वैदेशिक रोजगारीबाट फर्किएको व्यक्तिहरूलाई पुनः एकीकरण कार्यक्रम रेमीअन्तर्गत ९ वटै वडामा अभिमुखीकरण कार्यक्रम, फिर्ता तथा पुनःएकीकरण कार्यक्रम, मनोसामाजिक अभिमुखीकरण, सामाजिक अभिमुखीकरण का साथै अनुभव आदानप्रदान तथा एकिकरण अभियान सञ्चालन गरिएको।
- वैदेशिक रोजगार बोर्डद्धारा सञ्चालित स्टिल फिक्चर ४० जना, इलेक्ट्रिसियन ४० जना, हाउस पेन्टर २० जना, प्लम्बर हेल्पर तालिम २० जना गरी १२० सिपविकास तालिम सञ्चालन गरीएको ।
- सिप अभिबृद्धिकरण कार्यक्रमअन्तर्गत २१ जनालाई १५ दिने एसी, फ्रिज मर्मतसम्बन्धी तालिम सञ्चालन गरिएको ।
- वडा नं. २ का १५ दिन १० जनालाई मौरीको घार बनाउने तालिम सञ्चालन गरिएको ।
- वडा नं. ३ का १५ जना सहभागीलाई १५ दिने नौमती बाजा बजाउने तालिम सञ्चालन गरीएको ।
- वडा नं. ७ का १० जना सहभागीलाई १५ दिने बेकरीसम्बन्धी तालिम सञ्चालन गरीएको ।
- वडा नं. ७ का ९ जना सहभागीलाई १५ दिने सिलाई ब्याग बनाउने सिप विकास तालिम सञ्चालन गरिएको ।
- त्यस्तै आप्रबासी प्रोत्साहन कार्यक्रम, सुरक्षित आप्रबासन कार्यक्रम सामीद्धारा विभिन्न प्रकारका कानूनी सहायतासम्बन्धी कार्यक्रम सञ्चालन भइरहेको देखियो ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमको बारेमा जनस्तरमा अभिमुखीकरण गराई लक्षित वर्गमा पहुँच स्थापना गर्न सफल हुँदै गएको ।

### ४.७.८.३ कार्यक्रम सञ्चालनका क्रममा देखिएका समस्या तथा कमजोरीहरू

- बेरोजगार मानिसहरूका लागि निरन्तर सञ्चालन हुने रोजगारीको खोजी र समन्वय हुन नसक्नु ।
- सीप विकास तालिम सञ्चालन गर्दा सहभागीको आवश्यकता, बजार माग र कच्चा पदार्थको उपलब्धताको आधारमा तालिम सञ्चालन गर्न अन्य शाखाहरूसँग समेत समन्वय हुन नसक्नु ।

- कार्यस्थलमा आधारित तालिम तथा अन्य जिवन उपयोगी सिपहरू तालिमको कार्य समापनपश्चात् अनुगदन तथा थप पृष्ठपोषण र हौसलाका कार्यक्रम सञ्चालन हुन नसक्नु ।
- शैक्षिक तथा दक्ष बेरोजगारहरूलाई उनीहरूको क्षमताअनुसार कार्य मिलान गर्न सरोकारवाला निकायहरूसँग समन्वय तथा करियर काउन्सीलिङका लागि विभिन्न कार्यक्रमहरू आयोजना नहुनु ।

### ४.७.८.४ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव

- हरेक वर्ष बेरोजगारी मानिसहरूलाई दिगो र भरपर्दो रोजगारी प्राप्त गराउने तथा आउँदा दिनमा रोजगारी सङ्ख्या बढाउनु पर्ने ।
- बेरोजगार मानिसहरूका लागि निरन्तर सञ्चालन हुने रोजगारीको खोजी र समन्वय गरिदिनुपर्ने ।
- सीप विकास तालिम सञ्चालन गर्दा सहभागीको आवश्यकता, बजार माग र कच्चा पदार्थको उपलब्धताको आधारमा तालिम सञ्चालन गर्न अन्य शाखाहरूसँग समेत समन्वय गरी अगाडि बढाउनुपर्ने आवश्यकता देखियो ।
- कार्यस्थलमा आधारित तालिम तथा अन्य जिवन उपयोगी सिपहरू लाई निरन्तरता तथा अनुगमन गरी थप हौसला र पृष्ठपोषण प्रदान गर्ने कार्यक्रम हुनुपर्ने ।
- शैक्षिक तथा दक्ष बेरोजगारहरूलाई उनीहरूको क्षमताअनुसार कार्य मिलान गर्न सरोकारवाला निकायहरूसँग समन्वय तथा करियर काउन्सीलिङका लागि विभिन्न कार्यक्रमहरू आयोजना गर्नुपर्ने ।
- पालिकाले तयार पारेको ५ वर्षे रोजगार रणनीति योजनाअनुसार कार्य सञ्चालन गर्दै लैजानुपर्ने ।

## ४.७.९ सामाजिक सुरक्षा तथा पन्जिकरण क्षेत्रको विवरण

### ४.७.९.१ उद्देश्य

- व्यक्तिगत घटना दर्तालाई सन् २०२४ सम्म शत प्रतिशत पुर्याउने तथा व्यक्तिगत घटना दर्तासम्बन्धी अभियान तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै लैजाने
- सामाजिक सुरक्षा, संरक्षण, सशक्तिकरण एवं समतामूलक न्याय मार्फत सामाजिक न्याय प्रवर्द्धन हुने कार्यक्रमहरू सञ्चालन गर्ने ।
- नगरक्षेत्रभित्र रहेका वृद्धवृद्धा, अशक्त, अपाङ्गता, कडा रोगले पीडित भएका मानिसहरूलाई सामाजिक सुरक्षा र संरक्षणको कार्यक्रममार्फत आवश्यक भौतिक तथा आर्थिक सहयोग गर्ने ।

➢ बैंकको सहज पहुँच नभएका वडाहरूमा बैंकसँग समन्वय गरी सामाजिक सुरक्षा भत्ता वडा कार्यालयबाटै वितरण गर्ने व्यवस्था मिलाइने ।

➢ व्यक्तिगत घटना दर्तालाई सहज र ब्यवस्थित गर्दै आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।

### ४.७.९.२ उर्लाबारी नगरपालिकाको सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था, प्रक्रियागत सुधार तथा कार्य उपलब्धिहरू:

गत आर्थिक वर्षमा यस नगरपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने कुल लाभग्राही सङ्ख्या ७२६८ जना रहेको देखियो । सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही १०० प्रतिशत विवरण रूजु गरिएको देखियो भने १०० प्रतिशत लाभग्राहीलाई गाउँपालिकाबाट वितरण हुने पहिलो त्रैमासिकदेखि चौथो त्रैमासिक सम्मको भत्ता विवरण गरिएको छ जसलाई तल देखाइएको छ ।

**तालिका नं.१४ : सामाजिक सुरक्षा भत्ता वितरण विवरण**

| | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | वार्षिक कायम | | कै. |
|---|---|---|---|---|---|---|---|
| भत्ता प्राप्त लाभ ग्राही | वितरण गरिएको सङ्ख्या | वितरण गरिएको सङ्ख्या | वितरण गरिएको सङ्ख्या | वितरण गरिएको सङ्ख्या | पुरूष | महिला | |
| अन्य जेष्ठ नागरिक | ४३७० | ४४६४ | ४५३५ | ४६१२ | २१२७ | २४८५ | प्रकृयामा आएका सबै नागरिकले नेपाल सरकारको नियमानुसार सा.सु भत्ता वितरण भएको देखियो । |
| जेष्ठ नागरिक दलित | २७१ | २७९ | २८७ | २८८ | १५६ | १३२ | |
| जेष्ठ ना.एकल म. | ४९९ | ४९३ | ४८६ | ४४७ | ० | ४४७ | |
| विधवा महिला | ९५३ | १००० | १०४१ | १०७७ | ० | १०७७ | |
| पूर्ण अपाङ भत्ता | १७२ | १७३ | १७९ | १६७ | १०२ | ७४ | |
| अति अशक्त भत्ता | ३११ | ३२३ | ३४१ | ३४१ | १९१ | १५० | |
| दलित वालबालिका | ३०२ | ३१३ | ३२० | ३२७ | १७२ | १५५ | |
| जम्मा | ६८७८ | ७०४५ | ७१८९ | ७२६८ | २७४८ | ४५२० | |

### घटना दर्ताको विवरण अध्ययन तथा विश्लेषण:

यस गाउँपालिकामा आ.ब. ०८१।०८२ मा १ देखि ९ वटै वडाहरूमा स्थलगत अवलोकन गरेर हेर्दा व्यक्तिगत घटना दर्ताको विवरणअनुसार जन्म दर्ता १०७१ जना भएको देखिन्छ जसमा पुरूष ५५५ र महिला ५१६ जना रहेको देखिन्छ। मृत्यु दर्ता ५०७ रहेकोमा २७५ पुरूष र २३२ जना महिलाहरूको मृत्यु एक आर्थिक वर्षमा भएको देखिन्छ। सम्बन्ध विच्छेदका घटना दर्ता १०२ रहेको छ भने ५३६ जनाको विवाह दर्ता भएको देखिन्छ। बसाई सरी जाने २६४ परिवारका (कुल परिवार सङ्ख्या ७००) रहेको छ भने बसाई सरी आउने ४९५ परिवारका (कुल परिवार सङ्ख्या १४७७) जना रहेको देखिन्छ, घटना दर्ता जम्मा २९७५ रहेको देखिन्छ।

### ४.७.९.३ कार्यक्रम सञ्चालनका क्रममा देखिएका समस्या तथा कमजोरीहरू:

- व्यक्तिगत घटना दर्तालाई हेर्दा यस नगरपालिकामा सबै वडाहरूमा अनलाइन प्रक्रियाद्धारा घटना दर्ता सञ्चालन भइरहेको देखियो समय समयमा इन्टरनेटमा आउने समस्याले काममा ढिलो हुँदा सेवाग्राहीको असन्तुष्टि रहने गरेको।
- व्यक्तिगत घटना दर्ता गर्न अझै पनि मानिसहरू ३५ दिनभित्र नआउने देखिएकोले घटना दर्तासम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने।
- फिल्डमा गएर अध्ययन गर्दा केही मानिसहरू विवाह गरेको लामो समयसम्म पनि विवाह दर्ता गर्न नआएको र बच्चा भएपश्चात बच्चाको जन्म दर्ता गराउन आउँदा विवाह दर्ता नभएकोले समस्या भएको देखियो।
- यस नगरपालिकामा पहाडी क्षेत्र तथा अन्य स्थानबाट बसाँइसराई आउने क्रमलाई व्यवस्थित गर्न नसकिरहेको।
- नगरपालिकाको घटना दर्तालाई अध्ययन गर्दा सम्बन्द विच्छेदका घटना दिन प्रतिदिन ढ्ढदै गए पनि त्यसको मुख्य कारण पत्ता लगाइ आवश्यक कार्य सञ्चालन गर्न नसकिएको।

### ४.७.९.४ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव

- हरेक काम अनलाइनबाट हुने भएकाले इन्टरनेटलाई सरल, सहज र गुणस्तरयुक्त बनाउने।
- व्यक्तिगत घटना दर्ता सप्ताहा शसक्त प्रभावकारी तथा घर घरसम्म पुर्याउनका साथै समय समयमा घटना दर्तासम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने।
- स्वास्थ्य, शिक्षा, रोजगारी, यातायातलाई सर्वसुलभ र सबैको पहुँच योग्य बनाउने तथा बसाँइ सरी आउने मानिसहरूका लागि व्यवस्थित बसोबासको प्रबन्ध मिलाउन नीतिगत रूपमै व्यवस्था गरी सञ्चालन गर्नुपर्ने।

- सम्बन्द विच्छेद हुनुका कारण पत्ता लगाई त्यससम्बन्धी कार्य गर्नुपर्ने।

## ४.७.१० खानेपानी,सरसफाई तथा फोहोरमैला व्यवस्थापन क्षेत्रको विवरण

### ४.७.१०.१ मूख्य लक्ष्य तथा उद्देश्यहरू:

- नगरवासीहरूलाई स्वच्छ खानेपानीको दीगो व्यवस्थापन गर्न नयाँ खानेपानी आयोजनाहरूको सम्भाव्यता अध्ययन र सञ्चालनमा आएका आयोजनाहरूको मुहान संरक्षण, नियमित मर्मत सम्भार गरी उपभोक्ताको पहुँच वृद्धि गर्ने व्यवस्था मिलाईने।
- नगरपालिका भित्रका सबै खानेपानीका मुहान सुचीकृत गरी नगरबासीमा शुद्ध खानेपानीको लागि गुणस्तर परीक्षण गर्ने व्यवस्था मिलाउदै लगिने साथै खानेपानीको मुहान संरक्षण गर्न मापदण्ड बनाइ कार्यान्वयन गर्ने।
- नीजि सार्वजनिक साझेदारीमा अत्याधुनिक सार्वजनिक शौचालय निर्माण गर्न पहल गर्ने। फोहोर मैला व्यवस्थापनका लागि निजी क्षेत्रसँग सहकार्य गर्ने।
- स्वास्थ्य संस्थाबाट निस्कने फोहोर स्वास्थ्य संस्था स्वयंले व्यवस्थापन गर्नुपर्ने नीति लिने तथा शार्वजनिक स्थानमा फोहोर फाल्नेलाई कानूनमा भएबमोजिम दण्ड जरिवानको व्यवस्था गर्ने।
- फोहोरमैला व्यवस्थापनमा नगरको नाराअनुरूप कार्य गर्ने उत्कृष्ट टोल विकास संस्था र वडालाई सम्मान गर्ने।

### ४.७.१०.२ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरू

- नगरपालिकाको घरधुरिलाई हेर्दा १७६५० घरपरिवार मध्ये करिब ९५३१ घरपरिवारमा पाइपलाइनबाट खानेपानी वितरण गरेको देखिन्छ भने ८११९ घरधुरिले परम्परागत कलको पानि प्रयोग गर्ने गरेको देखिन्छ, जसमा अधिकांस घरपरिवारका मानिसले खानेपानिको मुहान सफा राख्ने गरेको पाइयो।
- खानेपानी तथा सरसफाई प्रवर्धनका लागि नगरपालिकाको कार्यालय गै.स.स.हरूसँग साझेदारी को लागि पहल भैरहेको ।
- यस नगरपालिका खुल्ला दिशा मुक्त नगरपालिका रहेता पनि वडाकार्यालयका जनप्रतिनिधि तथा कार्यालय कर्मरारिलर दिएको विवरणअनुसार नगरपालिकाभित्र अझै पनि २ प्रतिशतमा (करिब ३५२

घरधुरी) मा सामान्य शौचालय रहेको अर्थात सेप्टि ट्याङ्की नभएकोमा ती घरपरिवारका मानिसले पनि आप्नो शौचालय लाई आधुनिक र सेप्टि ट्याङ्की सहितको निर्माण गरिरहेको।

- पहिलेको तुलनामा  शौचालय बनाउने सङ्ख्या बढेको तथा शौचालय प्रयोग गनुपर्ने चेतनाको विकास भएको।
- नगरपालिकाको कुल जनसङ्ख्याको मानिसहरूले घरमा काममा अझै पनि काठको दाउरा तथा गुइँठा प्रयोग गर्ने गरे पनि धुवाँरहित चुलोको प्रयोग नरहेको देखियो भने गरिब घरपरिवारका मानिसलाई नगरपालिका वडा कार्यालय तथा संघसंस्थाले समेत निःशुल्क तथा अनुदानमा विद्युतीय चुलो वितरण गर्ने तथा चुलोको प्रयोगको लागि सचेतना बढाउँदै लगेको।
- नगरबासिमा पहिलेको तुलनामा ग्यास तथा विद्युतीय चुलोको प्रयोग बढ्दै गएको।

### ४.७.१०.३ कार्यक्रम सञ्चालनका क्रममा देखिएका समस्या तथा कमजोरीहरू

- हालसम्म नगरपालिका बासिमा हरेक घरमा स्वच्छ खानेपानी पुर्याउन नसक्नु।
- नगरपालिकाको बजेटले खानेपानी विस्तारमा कठिनाई हुनु तथा नगरपालिकासँग बजेट पर्याप्त नहुनु।
- फोहोरमैला उचित व्यवस्थापन तथा फोहोरमैला व्यवस्थापनका लागि व्यवस्थित ल्यान्डफिल्ड साइडको व्यवस्था नहुनु।

### ४.७.१०.४ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव

- नगरपालिका बासीमा स्वच्छ खानेपानी पुर्याउनका लागि नीति र योजनासहित कार्य गर्नुपर्ने देखिन्छ।
- नगरपालिकाले खानेपानी तथा सरसफाईसम्बन्धी कामलाई प्राथमिकता दिनु।
- स्वच्छ खानेपानीको पहुँच नगरबासिमा पुर्याउन प्रदेश सरकार, संघ सरकार तथा अन्य दातृनिकायसँग समन्वय गरी कार्य गर्ने।
- फोहोरमैला वर्गीकरण गरी छुट्याउने  उचित व्यवस्थापन गर्न नगरपालिका बासीमा सचेतना जगाउनु।
- फोहोरमैला उचित व्यवस्थापनको लागि व्यवस्थित ल्यान्डफिल्ड साइडको व्यवस्था अन्य दातृनिकायसँग समन्वय गरी कार्य गर्नुपर्ने।

### ४.७.११ नगरपालिकाको न्याय र मेलमिलापसम्बन्धी क्षेत्रको विवरण:

#### ४.७.११.१ मूख्य लक्ष्य तथा उद्देश्यहरू:

- न्यायिक समिति तथा मेलमिलापकर्ताको क्षमता विकास गर्दै न्यायमा सबैको पहुँच स्थापित गर्नु,
- नगरपालिकाको न्यायिक समितिलाई स्वतन्त्र निष्पक्ष पहुँचयोग्य सक्षम एव विश्वसनीय बनाउन कानुनले तोकेको समयभित्र न्यायिक समितिबाट गरिदै आएको कार्य सम्पादनलाई निरन्तरता दिइने।
- न्यायिक समितिको क्षमता अभिबृद्धि गर्नुको साथै न्यायिक समितिबाट भएको मेलमिलाप र मध्यस्थता निर्णय तथा फैसला कार्यान्वयनलाई व्यावहारिक रूपमा कार्यान्वयनमा ल्याउन जिल्ला अदालतबाट अनुगमनका क्रममा दिएका निर्देशन तथा सुझाव कार्यान्वयन गर्दै न्यायिक समितिको प्रभावकारिताको अभिबृद्धि गरिने।
- न्यायिक समितिका पदाधिकारी, जनप्रतिनिधि र कर्मचारी लगायतलाई क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।
- व्यक्ति र समुदायबीच मेलमिलाप र मध्यस्थताको कार्यलाई व्यवहारिक रूपमा थप प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याईने।
- सबै वडा कार्यालयहरूमा विवाद समाधानका लागी मेलमिलापकर्ताहरूको सूचीकरण गरि मेलमिलाप केन्द्रको स्थापना गरिने छ।
- न्याय सम्पादन प्रकृयालाई प्रभावकारी बनाउने उद्देश्यले न्यायिक समितिमार्फत स्थलगत वस्तुस्थिति तथा अवस्था विश्लेषण गर्ने कार्यलाई निरन्तरता दिइने।
- वडा तथा बस्तिस्तरमा कानूनी साक्षरता तथा न्यायिक सचेतीकरणसम्बन्धी कार्यक्रमहरूलाई निरन्तरता दिइने।
- जोखिममा परेका वर्गहरूको उद्दार पस्चात पुनर्स्थापना नहुदा सम्मका लागि सुरक्षित आवासको ब्यवस्थापनको लागि सुरक्षित आवास गृह (safe house) सञ्चालनमा ल्याउन पहल गरिने।
- 'वडामा अवस्थित मेलमिलाप केन्द्र तथा मेलमिलाप कर्ताको क्षमता विकास गरी मेलमिलाप केन्द्रहरूको सेवा प्रवाहलाई थप ब्यवस्थित गर्दै लगिने।
- न्यायिक समितिबाट सम्पादन गरिने कार्यहरूलाई सफ्टवेयरको माध्यमबाट सञ्चालन गरी सेवा प्रवाहलाई चुस्त दुरूष्त तथा पारदर्शी बनाउने।

➢ कानुनी सचेतनासम्बन्धी अभिमुखीकरण कार्यक्रमलाई अभियानको रूपमा समुदायस्तरमा सञ्चालन गर्ने।

### ४.७.११.२ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरू

➢ उर्लाबारी नगरपालिकामा न्याय सम्पादनमा जनताको पहिँच अभिबृद्धि गरी प्रभाकारी बनाउन कानून बमोजिम ५२ जना मेलमिलाप कर्तालाई सूचीकृत गरी सबै मेलमिलाप कर्तालाई ४८ घण्टे आधारभूत तालिम दिनुका साथै अन्य तालिम तथा समीक्षा गरिएको देखियो।

➢ दर्ता भएका विवादहरू मेलमिलापको माध्यमबाट निरूपण गरिएको।

➢ पालिकामा सामाधान गर्न नसकिएका विवाद अदालत पठाउने गरेको।

➢ न्यायिक समिति र मेलमिलाप कर्ताको क्षमता विकासका लागि समय समयमा तालिम प्रदान गरिएको,

**तालिका नं.१५ : न्यायिक प्रक्रियाद्वारा न्याय सम्पादन गरिएका कार्यहरू**

| क्र.सं | कार्य विवरण | गत आ.ब. का जम्मा | कैफियत |
|---|---|---|---|
| १. | नयाँ मुद्धा गर्ता | ५८ | |
| २. | पुराना मुद्धा | ५ | |
| | **जम्मा मुद्धा** | ६३ | |
| ४. | फैसलामार्फत निरूपण भएका मुद्धा | ० | |
| ५. | मेलमिलापमार्फत निरूपण भएका मुद्धा | ३९ | |
| ६. | निरूपण हुन बाँकी मुद्धा | २४ | |
| ७. | न्यायिक समिति बैठक बसेको सङ्या | ५७ | |

### ४.७.११.३ कार्यक्रम सञ्चालनका क्रममा देखिएका समस्या तथा कमजोरीहरू

➢ मेलमिलाप केन्द्र र न्यायिक समितिका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक वित्तीय र मानव संशाधनको कमी।

➢ कानूनी प्रक्रियाबारे जनमानसमा पर्याप्त जानकारीको अभावले मेलमिलाप र न्यायिक समितिका सेवाको उपयोग गर्न नागरिकहरूमा अनिच्छा रहेको।

- मेलमिलापकर्ताको पर्याप्त क्षमता र तालिमको कमी जसले विवाद समाधानमा प्रभावकारिता घटाउन सक्ने सम्भावना।
- सफ्टवेयर र डिजिटल प्रणालीको सही प्रयोग नगर्नु वा सूचना प्रवाहमा समस्या हुनु जसले सेवाको पारदर्शिता र प्रभावकारिता घटाउनु।
- सहयोगको अभाव, जसका कारण मेलमिलाप प्रक्रियामा ढिलाइ र विवादको समाधानमा समस्या।

### ४.७.११.४ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव

- मेलमिलाप केन्द्र र न्यायिक समितिका कार्यहरूको लागि पर्याप्त बजेट र श्रोतहरूको व्यवस्था गर्ने।
- कानूनी प्रक्रियाबारे जनचेतनाका लागि अभियानहरू सञ्चालन गर्ने, जस्तै सूचना, पत्रिका, रेडियो र टेलिभिजनबाट सन्चालित कार्यक्रमहरू र सामुदायिक बैठकहरू गर्ने।
- न्यायिक समिति र मेलमिलाप केन्द्रको कार्यप्रणालीलाई सुधार्न नियमित अनुगमन र रिपोर्टिङको व्यवस्था गर्ने।
- मेलमिलापकर्ताहरूको लागि नियमित तालिम र कार्यशाला आयोजना गर्ने, जसले उनीहरूको क्षमता र निर्णयक्षमता अभिवृद्धि गर्दछ।
- समितिको कामको प्रक्रिया र कार्यक्षमता अभिवृद्धिका लागि वार्षिक कार्ययोजना तयार पारी कार्य गर्ने।
- मेलमिलाप केन्द्र र न्यायिक समितिहरू बीचमा नियमित बैठक र समन्वय गर्दै कामको प्रगति र समस्याहरूका बारेमा छलफल गर्ने।
- विवादमा संलग्न पक्षहरूलाई सहकार्य र समझदारीका लागि प्रेरित गर्ने, र मेलमिलाप प्रक्रिया अपनाउन प्रोत्साहित गर्ने।
- सबै कानूनी कागजातलाई डिजिटाइज गरेर सुरक्षित र पहुँचयोग्य बनाउने।

## ४.७.१२. सुशासन तथा संस्थागत क्षमता विकास क्षेत्रको विवरणः

### ४.७.१२.१ लक्ष्य तथा उद्देश्यहरूः

- प्रत्येक कर्मचारीलाई काम, कर्तव्य, अधिकार र जिम्मेवारी हितको कार्य विवरण उपलब्ध गराई कर्मचारीहरूसँग कार्यसम्पादन सम्झौता गरी कार्य सम्पादन मूल्याङ्कनका आधारमा दण्ड र पुरस्कारको व्यवस्था गर्ने।

- नगरपालिका अन्तर्गतका सम्पूर्ण कार्यालयहरूमा जनगुनासोलाई सम्बोधन गर्न राखिएका सुझाव पेटिकालाई नियमित खोल्ने व्यवस्था गरी यथासक्य छिटो जनगुनासोको सम्वोधन गर्ने।
- गुणस्तरीय सेवा प्रवाहको मूल आधार स्तम्भको रूपमा रहेका कर्मचारी तथा शिक्षकहरूको मनोबललाई उच्च राखी गुणस्तरीय प्रतिफल दिन सक्ने गरी समर्पित गराउन उत्प्रेरणामूलक कार्यक्रमको व्यवस्था मिलाउने।
- नगरको विकास निर्माण तथा सेवा र ढिलासुस्ती हुन नदिई सुशासनको वास्तविक अनुभूति दिलाउन मितव्ययियिता, पारदर्शिता, वित्तिय अनुशासन, उत्तरदायित्व तथा जवाफदेहिता सुनिश्चितता गर्दै यसका लागि सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण उपभोक्ता सर्वेक्षण जस्ता विधि एवम् प्रकृयाको अवलम्बन गरी सार्वजनिकीकरण गर्ने कार्यलाई थप प्रभावकारी बनाउने।
- नागरिकको सूचना माग्ने, पाउने र प्रसार गर्ने अधिकार सुनिश्चित गर्न सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ अनुसार प्रभावकारी कार्यान्वयन गर्दै प्रत्येक त्रैमासिकमा स्वतः प्रकाशन नगरपालिकाको सूचना पाटी र वेबसाइटमार्फत प्रकाशन गरिने।
- नागरिक सहायता कक्षको व्यवस्था, ज्येष्ठ नागरिक, असहाय, बिरामी, अपाङ्गता, अशक्तलाई सेवा पहुँचमा सहयोग पुर्‍याउने व्यवस्था मिलाउने।
- सेवा प्रवाहका हरेक क्षेत्रमा प्रविधिको विकास तथा विस्तार गरी ई-गभरनेन्सलाई तिव्रता दिने तथा अनलाईन मार्फत उपलब्ध गराउन सकिने सबै प्रकारका सेवाहरूलाई इमेल इन्टरनेटको माध्यमबाटै उपलब्ध गराउन डिजिटल डिमाण्ड, डिजिटल्ली सर्भेको नीति अवलम्बन गरिने।
- यस नगरपालिकाअन्तर्गत बसोबास गर्ने विभिन्न क्षेत्रमा विज्ञता प्राप्त व्यक्तिहरूको पहिचान गरी ज्ञान, सिप, क्षमता र अनुभवहरूलाई नगरपालिकाको सर्वाङ्गिण विकासमा पूर्ण उपयोगका लगि विज्ञ समुह गठन गरिने।
- नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा रहेका डिजिटल नागरिक वडापत्रलाई नियमित अद्यावधिक गरिदै लैजाने र बाँकी रहेका वडा कार्यालयहरूमा क्रमशः वडा डिजिटल नागरिक वडापत्रको व्यवस्था गर्ने।
- नगरपालिकाको स्वीकृत सङ्गठन संरचना भित्रका सम्पूर्ण कर्मचारीलाई प्रोत्साहन स्वरूप खाजा भत्ता दिइदै आएकोमा कामको चाँप र कर्मचारीबाट बहन गरेको कार्यबोझलाई मध्यनजर गर्दै निरन्तरता दिने।

- करार सेवामा कार्यरत ३ वर्ष समयावधि पुगेका कर्मचारीहरूलाई दिइदै आएको कर्मचारी सञ्चयकोषको सुविधालाई निरन्तरता दिइनेछ । भविष्यमा नेपाल सरकारबाट योगदानमा आधारित सामाजिक सुरक्षा लागु भएको अवस्थामा सोही अनुसार सुविधा हुने व्यवस्था मिलाउने ।
- संस्थागत विकास, सुशासन कायम गर्न आवश्यक नीति, कार्यविधि, ऐन, कानून बनाइ सोलाई आवश्यकताअनुसार संशोधन गर्ने ।
- हेल्प डेस्कलाई व्यवस्थित र प्रभावकारी बनाउँदै लैजाने तथा वडा कार्यालयमा सूचना पार्टी व्यवस्थित गरी नगर र वडाका गतिविधि प्रकाशित गरी जनता माझ सूचना प्रवाह गर्ने ।
- आवश्यकताअनुसार सङ्गठन संरचना र दरबन्दी संशोधन गरी स्थायी कार्यालय र स्थायी पद दर्ताको कार्य सम्पन्न गरिने ।
- राइट मेन एट राइट प्लेस नीति अवलम्बन गरी कर्मचारीहरू खटाइने ।
- टोल विकास संस्थालाई व्यवस्थित बनाउदै लगिनेछ, टोल कार्ड राख्ने व्यवस्था मिलाइनेछ ।

### ४.७.१२.२ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरू

- पालिकाले नीतिगत रुपमै बजेट व्यवस्थापन गरी कर्मचारी, जनप्रतिनिधि तथा उपभोक्ताहरू समितिका पदाधिकारिहरूलाई क्षमता विकास तालिम समय समयमा गर्ने गरेको देखियो ।
- नियमित तथा चौमासिक रूपमा शार्वजनिक सुनुवाई, हरेक वर्ष सामाजिक परीक्षण, जेसी परीक्षण, नागरिक सन्तुष्टि सर्वेक्षण जस्ता नागरिकसँगका सरोकारका कार्यक्महरू हुने गरेको देखियो ।
- नगरपालिकाबाट गरएका हरेक क्रियाकलाप तथा कार्यक्रमहरू नागरिकसम्म पुगोस् भन्ने हेतुले पालिकाले सार्वजनिक गर्ने सूचनाहरू पालिकाको वेभसाइड, फेसबुक पेज तथा सूचना पाटीमा सूचना टाँस गरिदिने तथा पालिकाबाट गरिएका कार्यहरू नगरपालिकाको सूचना पाटी र वेबसाईटमार्फत् प्रकाशन गरिएको देखियो ।
- मेरो नगरपालिकामा हिजो के के भए ? आज के हुँदैछ र भोलि के हुन्छ भनु नागरिकलाई जानकारी लिन मन लागेमा हरेक कार्यहरूको विवरण पालिकाको वेबसाइट www.urlabarimun.org मार्फत प्रकाशन गरिएको तथा पालिकाले शुशासन कायम गर्नकालागि सूचना अधिकारी, गुनासो सुन्ने अधिकारीसमेत कार्य जिम्मेवारीसहित तोकेको देखियो ।

- उर्लाबारी बजारभित्र ट्राफिक व्यवस्थापनको कार्य अन्य क्षेत्र तथा सरकारसँगको समन्जयमा भइरहेको तथा जेन्जी आन्दोलनपश्चात् क्षत विक्षत भएको हेल्पडेस्क लाई पुनः सञ्चालनमा ल्याएको देखियो भने आन्दोलनपश्चात् पुनः प्रयोगमा आउन नसक्ने आवस्थामा रहेको डिजिटल बोर्ड भने केही समयदेखि सञ्चालन गरीने जानकारी प्राप्त भयो ।
- रिक्त दरबन्दीहरूमा खुल्ला प्रतिस्पर्धामार्फत करारबाट पदपूर्ति गरिएको साथै पालिकाको O&M सर्वे गरी रिक्त दरबन्दीमा स्थायी नियुक्तीका लागि प्रदेश लोकसेवा आयोगमा कर्मचारी माग गरिएको पाइयो।
- नगरपालिकाको कार्यालयमा (स्थायी, करार कर्मचारी, नगर प्रहरी डोर हाजिरीका कर्मचारिहरू) द्वारा काम मितव्ययी रूपमा सञ्चालन गरिएको तथा स्थायि कर्मचारीहरूको समय समयमा तहबृद्धि हुँदै गएको ।
- गत आ.व. स्थानीय हत संस्थागत क्षमता मूल्यांकन LISA मा यस नगरपालिकाले १०० अङ्कमा ९१.५ %अंक ल्याएर मोरङ जिल्लाकै अब्बल नगरपासलिका रह्यो भने स्थानीय तह वित्तीय जोखोम मूल्याङ्कन FRA मा १०० मा ८६ अङ्क ल्याई न्यून जोखिममा रहेको देखिएको छ ।
- पालिकाले महालेखा परीक्षणको कार्यालयको प्रतिवेदनमा औल्याएका विगत वर्षहरूका बेरूजुलाई क्रमशः घटाउदै लगिएको देखियो ।
- नगरपालिकाको राजस्व अभिवृद्धि गर्ने उद्देश्यले प्रत्येक वर्ष घरदैलो कार्यक्रम गरी तथ्याङ्क सङ्कलन गरिएको साथै घरनक्सा अभिलेखीकरण गर्नका लागि तथ्याङ्क सङ्कलन तीव्र बनाउँदै लगिएको ।
- सम्पूर्ण शाखा तथा उपशाखाहरूले आफूले पाएको जिम्मेवारी पूरा गरी सम्पूर्ण विवरण अद्यावधिक गर्दै प्रगति प्रतिवेदन चौमासिक रूपमा तयार गर्ने गरेको देखियो ।
- नगरपालिकाबाट तिर्ने करलाई डिजिटल बनाउन पालिकाले आवश्यक कार्य गरिरहेको ।
- जनप्रतिनिधि, कर्मचारी र नागरिक बिचको सम्बन्ध प्रगाड रहेको देखियो ताकि जेन्जी आन्दोलन पश्चात क्षत विक्षत भएका नगरपालिकासहित वडा कार्यालय र अन्य कार्यालयहरूको पुनर्निर्माणमा यिनीहरूको परस्पर मेलमिनापको कार्यवातावरणले पुनर्निर्माणको कार्यले पूर्णता पाइ सेवा प्रवाह तत्काल सञ्चालन गरिएको थियो।

### ४.७.१२.३ कार्यक्रम सञ्चालनका क्रममा देखिएका समस्या तथा कमजोरीहरू

- नयाँ नीति र ऐनलाई समयमै लागू नगर्नु र तिनको प्रभावकारिता सुनिश्चित नगर्नु।
- कानूनी प्रावधानहरूको पालन नगर्ने र कार्यान्वयनमा ढिलाइ हुने।
- कार्यक्रम सञ्चालनका लागि आवश्यक वित्तीय र मानव संशाधनको कमी।
- बजेटको सीमितता र श्रोतको उचित वितरणमा असमर्थता।
- कर्मचारीहरूको क्षमता र प्रशिक्षणको कमी।
- कर्मचारीहरूको प्रेरणा र मनोबलमा कमी।
- कार्यक्रमको प्रगति ट्र्याक गर्न र सुधार गर्न आवश्यक अनुगमन प्रक्रिया कमजोर हुनु।
- नागरिक र समुदायको अपर्याप्त सहभागिता र समर्थन।
- परियोजनाहरू समयमा पूरा नगर्नु र ढिलाइ हुनु।
- गुणस्तरीय कामको अभाव र समयमै कार्य सम्पन्न नगरेका कारण कार्यक्रमको प्रभावकारिता घट्नु।

### ४.७.१२.४ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव

- नीति र ऐनको कार्यान्वयनलाई प्रभावकारी बनाउन नियमित निगरानी र समीक्षा प्रणाली विकास गर्नुपर्ने।
- सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षणका प्रक्रिया थप सक्रिय र सहभागी बनाउने, ताकि जनताको अभिप्रायलाई ठीक ढङ्गले समेट्न सकियोस्।
- समन्वय र संवादको दायरा बढाउने, छिमेकी पालिकाहरूसँग साझा मुद्दाहरूमा सहकार्यको लागि विशेष कार्यक्रम सञ्चालन गर्नुपर्ने।
- श्रोतको अधिकतम उपयोग सुनिश्चित गर्न, बजेट र कार्यान्वयन योजनामा तादाम्यता राखी श्रोतको प्रभावकारी वितरण सुनिश्चित गर्नुपर्ने।
- कर्मचारीहरूको क्षमता वृद्धिका लागि सय समयमा क्षमता विकास तालिम सञ्चालन गर्नु।
- कर्मचारीहरूको प्रेरणा र मनोबल सुधार्न पुरस्कार र सम्मानका प्रणालीहरू लागू गर्नु, जसले कामको प्रति निष्ठा र जिम्मेवारीको भावना जगाउँछ।

- सशक्त निगरानी र अनुगमन प्रणालीको निर्माण गर्नु, जसले योजनाहरूको सही समय र गुणस्तरमा कार्यान्वयन सुनिश्चित गर्दछ। तिनीहरूको प्रभावकारिता परीक्षण गर्न अनुगमन समितिहरूलाई प्रोत्साहन दिने र तिनीहरूको सुझावअनुसार सुधारात्मक कदम चाल्ने।
- भ्रष्टाचार र अनियमितताको शून्य सहनशीलता नीति लागू गर्ने।
- भ्रष्टाचार विरूद्ध जन जागरूकता कार्यक्रमहरू सञ्चालन गर्ने, जसले कर्मचारी र नागरिक दुवैलाई भ्रष्टाचारको दुष्परिणामका बारेमा सजग बनाउँछ।
- नागरिक सहायता कक्षको सुधार गर्दै, सहज पहुँच र गुनासो व्यवस्थापनका लागि डिजिटल प्लेटफर्म निर्माण गर्ने।
- कार्यक्रमहरूको समयमा सम्पन्नता सुनिश्चित गर्न वार्षिक कार्य योजना वनाई काम गर्ने।
- समयमा काम सम्पन्न नगर्ने ठेकेदार र व्यवसायीहरूलाई कानुनी कारवाही गर्नु।

### ४.७.१३ सुचना प्रविधि तथा राजस्व परिचालनसम्बन्धी क्षेत्रको विवरण:

#### ४.७.१३.१ लक्ष्य तथा उद्देश्यहरू:

- नगरवासी तथा आम नगरिकलाई सुचना प्रवाह गर्ने तथा कार्यालयमा प्रविधिसँग सम्बन्धित विषयमा नियमित रूपमा आवश्यक सहजीकरण गर्ने।
- नगरको समृद्धिमा म आफैँ तिर्छु कर भन्ने नारालाई सार्थक तुल्याउन कर प्रशासनलाई प्रविधिमैत्री 'चुस्त दुरूस्त र करदातामैत्री बनाइदै लगिने।
- QR कोड तथा इ-सेवा प्रयोग गरी मोबाइल वालेटबाट कर तिर्न सक्ने गरी व्यवस्था मिलाइने। करलाई अनिवार्य दायित्व मानी स्वच्छिक रूपमा कर तिर्न प्रोत्साहित गर्ने।
- करको दरलाई समयानुकूल र वस्तुगत बनाइ करको दायरा फराकिलो बनाउँदै लगिने। आन्तरिक आयमा वृद्धि गरी नगरपालिकालाई आत्मनिर्भर बनाउदै लगिने।
- राजस्वका वैकल्पिक श्रोतको खोजी गर्ने, नगरक्षेत्र भित्र घर बहालबाट आम्दानी गर्ने घरधनीबाट कार्याविधि बनाइ बहाल कर सङ्कलन गर्ने।
- धेरै कर तिर्ने करदातालाई सम्मान गर्ने।
- नगरपालिका क्षेत्र भित्रका मनोरञ्जन स्थल, पार्क, पोखरी तथा सिमसार क्षेत्रमा मनोरञ्जन कर लगाउने व्यवस्था मिलाइने।

- उर्लाबारी नगरपालिका बजार क्षेत्रभित्र लामो समय अघिदेखि अव्यवस्थित रूपमा बसोबास रहेको ऐलानी पर्ती तथा सार्वजनिक क्षेत्रमा बसोबास गर्दै आएका घरधुरीलाई समेत कानून बनाइ करको दायरामा ल्याउने ।
- राजश्व वृद्धि गर्ने राजस्व कार्ययोजनालाई पूर्णता दिइ राजश्व वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने, समयमा कर तिर्न सबै करदातालाई उत्प्रेरित गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने ।
- नगरपालिकाबाट फोहोर उठाए बापत सबैसँग अनिवार्य रूपमा फोहरमैला शुल्क लिने व्यवस्था मिलाउने।

### ४.७.१३.२ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरू

- उर्लाबारी बजार तथा यस पालिका क्षेत्रमा रहेका बजार क्षेत्रमा सिसिटिभि जडान गरिएको तथा सञ्चालन भएका नेटवर्कको मर्मत सम्भार गरी नेटवर्क सञ्चालन गरिएको छ ।
- नगरवासी तथा आम नगरीकलाई सूचना प्रवाह गर्ने तथा कार्यालयमा प्रविधिसँग सम्वन्धित विषयमा नियमित रूपमा आवश्यक सहजीकरण गरिएको ।
- धैरै कर तिर्ने करदातालाई सम्मान गर्ने गरिएको ।
- नगरपालिका क्षेत्र भित्रका मनोरञ्जन स्थल, पार्क, पोखरी तथा सिमसार क्षेत्रमा मनोरञ्जन कर लगाउने व्यवस्था मिलाइएको ।
- नगरपालिकाले फोहोर उठाए बापत सबैसँग अनिवार्य रूपमा फोहरमैला शुल्क लिने व्यवस्था मिलाउदै पालिका अगाडि बढेको ।

### ४.७.१३.३ कार्यक्रम सञ्चालनका क्रममा देखिएका समस्या तथा कमजोरीहरू

- प्रविधिमा पहुँचको असमानता, विशेष गरी ग्रामीण क्षेत्रका नागरिकहरूको जानकारीमा कमी ।
- नागरिक प्रविधिसँगको अपरिचय र अविश्वासका कारण ई-सेवा र QR कोड प्रयोग गर्न हिचकिचाहट ।
- स्थानीय श्रोतबाट राजस्व सङ्कलनमा कमी, विशेष गरी नयाँ करदाताहरूलाई समेट्न कठिनाइ ।
- अव्यवस्थित बसोबास क्षेत्रका घरधुरीबाट कर सङ्कलनमा समस्या ।
- फोहोरमैला शूल्क सङ्कलनमा नागरिकको असहयोग र असंवेदनशीलता ।

#### ४.७.१३.४ भावी कार्यक्रम सञ्चालनका लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव

- सामुदायिक केन्द्र र गाउँमा डिजिटल तालिमको आयोजनाले नागरिकको डिजिटल साक्षरता बढाउने।
- जनचेतना अभियान चलाउँदै नागरिकलाई सूचना प्रवाहको महत्त्व बुझाउने।
- कर प्रणालीलाई पूर्ण डिजिटल बनाउने र मोबाइल वालेट र QR कोडमार्फत कर तिर्ने प्रक्रिया सजिलो र प्रोत्साहित गर्ने।
- नागरिकलाई ई-सेवा र डिजिटल कर तिर्नका फाइदाबारे जनचेतना फैलाउने।
- करदातासँग नियमित अन्तरक्रिया गर्दै प्रविधिको प्रयोगमा उनीहरूको विश्वास बढाउने।
- नयाँ करदाताहरूको समावेशीकरणका लागि प्रोत्साहन योजना लागू गर्ने।
- अव्यवस्थित बसोबास क्षेत्रलाई कानूनी दायरामा ल्याउने प्रक्रिया छिटो र प्रभावकारी बनाउने।
- फोहोरमैला शुल्क सङ्कलनमा नागरिकको सहयोग सुनिश्चित गर्न, स्वच्छता अभियान र कारवाही नीति लागू गर्ने।
- नगरपालिका स्तरमा नागरिकसँग सिधा संवाद गर्दै फोहोर सङ्कलन शुल्कलाई अनिवार्य र पारदर्शी बनाउने।
- कार्यालयमा आवश्यक सफ्टवेयर र हार्डवेयरको सुधार र नवीकरण गर्ने।
- कर्मचारीको प्राविधिक तालिमको आयोजना गरेर कार्यक्षमता बढाउने।

### ४.८ सामाजिक परिक्षणका क्रममा स्थलगत अवलोक गर्दा नगरपालिका तथा वडा कार्यालयमा सेवा लिन आएका सेवाग्राहीलाई सेवा प्रवाह, विकास निर्माण, शिक्षा, स्वास्थ्य र रोजगारको विषयमा गरिएका प्रश्नहरू तथा देखिएका केही तथ्यहरू

१. स्थानीय तहले दिने सेवा र सुविधाबारे तपाईँजानकार हुनुहुन्छ भन्ने प्रश्न करिब ४० जना सेवाग्राहीलाई सोध्दा ३५ जनाले जानकार रहेको, ३ जनाले जानकारी नरहेको तथा २ जनाले के सेवा र सुविधा दिन्छ र भनेर प्रतिप्रश्न गरेका थिए भने १ जनाले प्रश्नको उत्तरनै दिएन।

२. तपाईँले न.पा. कार्यालय तथा यसअन्तर्गतका कार्यालयबाट आफ्नो काम गर्न कतिको सहज महसुस गर्नुहुन्छ भन्ने प्रश्न करिब ४७ जना सेवाग्राहीलाई सोध्दा ४२ जनाले सहज रहेको बताए भने ५ जनाले प्रश्नको उत्तर नै दिएन।

३. स्थानीय तहको बजेट निर्माण र छनोटमा तपाईँ कतिको जानकार हुनुहुन्छ भन्ने प्रश्न करिब ४२ जना सेवाग्राहीलाई सोध्दा २१ जनाले वडा देखिनै बजेट बनाउने कार्यमा सहयोग गर्ने गरेको बताए भने बजेट निर्माण र छनोटबारे केहि पनि जानकारी नरहेको १० जनाले बताए त्यस्तै जानकारी भएर पनि बजेट निर्माण र छनोटमा चासो नराख्ने तथा कहिल्यै नजाने गरेको ११ जनाले बताए।

४. स्थानीय तहले निर्माण गरेका योजना तथा सञ्चालन गरेका कार्यक्रम बारे तपाईँको धारणा के कस्तो रहेकोछ भन्ने प्रश्न करिब ३८ जना सेवाग्राहीलाई सोध्दा ३० जनाले कमसल काम भएको, समयमा काम नभएको बताए भने ८ जनाले भने सडक निर्माण कार्यमा बजेट अभाव हुने, समयमा बजेट निकासा नहुने तथा निर्माण गरेपनि बिग्रिहाल्ने गरेको बताए त्यस्तै जनचेतना तथा सिपमूलक कार्यक्रम भने थोरै आउने गरेको बताए।

५. तपाईँको विचारमा स्थानीय तहले निर्माण गरेका योजना तथा सञ्चालन गरेका कार्यक्रम कसरी सञ्चालन गरे राम्रो हुन्थ्यो भन्ने प्रश्न करिब ३३ जना सेवाग्राहीलाई सोध्दा अधिकांश सहभागीहरूले समयमै काम सञ्चालन गर्नुपर्ने, निर्माण भएका काम स्तरयुक्त र टिकाउ बनाउनु पर्ने तथा सिपमूलक कार्यक्रममा सबैलाई सूचना पुर्याइ इच्छा, चाहना र व्यवसाय सञ्चालन गर्न खोज्नेलाई तालिममा समेट्दा राम्रो हुने कुरा सहभागीहरूद्वारा पाइयो।

६. नगरपालिकाको शिक्षा, स्वास्थ्य र रोजगारको अवस्था कस्तो रहेको छ भन्ने प्रश्न करिब ३२ जना सेवाग्राहीलाई सोध्दा अधिकांश सहभागिहरूले शिक्षामा पहिलेभन्दा उल्लेख्य सुधार आए पनि र स्वास्थ्य क्षेत्रमा भने समस्या नै रहेको बताए त्यस्तै स्वास्थ्य र शिक्षामा नगरपालिकाले अझै धेरै काम गर्न रहेको बताए भने रोजगारको अवस्थामा भने अझै पनि केही सुधार हुन नसकेको बताएका छन्।

७. तपाईँको बिचारमा शिक्षा, स्वास्थ्य र रोजगारको अवस्थामा के गर्दा राम्रो होला भन्ने प्रश्नमा सेवाग्राहीलाई सोध्दा अधिकांश सेवाग्राहीले शिक्षा, स्वास्थ्य र रोजगारमा कानूनी तथा नीतिगत रूपमै सुधार गरी संघ, प्रदेश र स्थानीय तहले कृषि, पशुपालन, पर्यटन तथा शिक्षा, स्वास्थ्यमा बजेटको आकार बढाइ नीजिक्षेत्र र सरकारको सम्युक्त लगानीमा काम गर्नुपर्ने बताएका छन्।

८. तपाई सामाजिक परीक्षणको विषयमा जानकार हुनुहुन्छ भन्ने प्रश्नमा २१ जना सेवाग्राहीलाई सोधपुछ गर्दा ६ जनाले थाहा नभएको १३ जनाले अलिअलि थाहा भएको तर ८ जनाले पूर्ण रूपमा ज्ञान रहेको बताए।

९. प्रश्न सोधोएका ९० प्रतिशत नगरपालिकाबासीहरूले कर्मचारी र जनप्रतिनिधिका सकारात्मक टिप्पणी पाइयो भने ५ प्रतिशतले नकारात्मक टिप्पणी गरे भने ५ प्रतिशत बोल्न चाहेन्न।

१०. नकारात्मक टिप्पणी गर्ने नगरबासीहरूले भौतिक निर्माण, कृषि र करमा आफ्नो असन्तुष्टि जारी गरेको पाइयो  भने रोजगार, बजार व्यवस्थापन र तालिमको व्यवस्था गर्न माग गरे।

११. कृषि र कृषिको बजेटको बारेमा १२ जना कृषकलाई प्रश्न सोध्दा ११ जनाले कृषिको बजेट अहिले चाँहि कृषि कर्म गर्नेले नै  पाउन थालेको बताए।

१२. जेष्ठ नागरिकहरूलाई नगरपालिकाप्रति के आशा छ भन्ने प्रश्नमा जेष्ठ नागरिकहरूले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न सहज भएको साथै स्वास्थ्यमा उपचारमा पनि पहिलेभन्दा सहज हुँदै गएको बताए।

१३. भौतिक पूर्वाधारको विकासलाई जोगाउन गाउँबासीले चासो नदेखाएको भेटियो।

१४. केही स्थानमा स्थलगत अवलोकन गर्दा मुख्य बाटाहरूमा चौपाया छोड्ने तथा नाला डन अत्यन्तै फोहोर र पानी बग्न नै अवरोध भएको पाइयो।

१५. सूचनाको हक प्रदान गर्ने र त्यससम्बन्धी गरिने कार्यक्रममा  सार्वजनिक सुनुवाई समय समयमा गरेको पाइयो।

१६. जनप्रतिनिधिहरूलाई आवश्यक क्षमता अभिवृद्धि तालिमको समय समयमा हुने गरेको पाइयो।

१७. सबै वडा कार्यालय कार्यालय समयमा खुल्ला हुनुका साथै सरसामान जेन्जी आन्दोलनले क्षतिग्रस्त भएको वडामा समेत आवश्यक सरसामान ल्याई कार्यसञ्चालन भएको देखियो।

१८. सुशासनको पूर्ण रूपमा पालना हुँदै गएको पाइयो।

१९. पालिकाका सबै संरचनाहरू अपाङ्ग मैत्री तथा बालमैत्री पुराना नभए पनि नयाँ बन्ने संरचना अपाङ्ग मैत्री बन्दै गरेको पाइयो।

२०. नगरपालिका र वडाहरूले प्रदान गर्ने सेवाप्रति नागरिकको सकारात्मक धारणा रहेको पाइयो।

२१. स्थानीय पाठ्यक्रम लागु भएको तथा बालमैत्री नगर घोषणाका लागि केही वडाहरू धोषणा भएको देखियो भने केही वडाहरूमा आवश्यक कार्य भइरहेको पाइयो।

२२. सबै वडाहरूमा इन्टरनेटको व्यवस्था भएको पाइयो।

२३. नगरपालिका तथा केही वडाकार्यालयहरूमा नागरिक वडापत्र जेन्जि आन्दोलनमा क्षति भएकोमा तत्काल राख्ने प्रतिबद्धता गरेको पाइयो ।

२४. हरेक वडामा मेलमिलाप कर्ताको गठन भएको पाइयो।

२५. हरेक वडामा उपभोक्ता समितिको गठन हुँदै गरेको पाइयो।

२६. उपभोक्ता समितिको अध्यक्षमा महिलाको उपस्थिति पहिलेको तुलनामा बढ्दै गएको पाइयो।

२७. बालविकास केन्द्रमा विद्यार्थीको उपस्थिति रहेपनि सबै विद्यार्थी क्रियाशील नहुने गरेको पाइयो।

२८. विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम सुरू हुँदै गएको पाइयो।

२९. सामूदायिक पुस्तकालयको निर्माण तथा विद्यालयमा छात्र छात्राहरूको लागि छुट्टै शौचालयको निर्माण हुँदै गएको पाइयो।

३०. नगरपालिकाको न्यायिक समितिबाट धेरै मुद्दाहरू पर्छोट भएको पाइयो।

## ४.९ विषयगत शाखाहरूको सामाजिक लेखाजोखा :

### ४.९.१ प्रशासन शाखा

- सहज तरिकाले काम गर्न कर्मचारीहरूको अभाव नभएको पाइयो।
- प्रशासनिक कामहरू प्रक्रिया पुर्याइ नियम सङ्गत ढङ्गले सम्पादन गरेको पाइयो।
- प्रशासन शाखाले वडा तथा अन्य शाखाहरू र जनप्रतिनिधिहरूका साथै समितिहरूसँग समन्वय गरी कार्य सम्पादन गरेको पाइयो।
- प्रशासनिक काममा अनावश्यक झमेला नदिएको कुरा पालिकाबासीहरू बाट जानकारी भयो।
- प्रशासनिक कामको जानकारी दिन नागरिक वडा पत्र राखिए पनि जेन्जि आन्दोलनका क्रममा क्षाति भएकोले पुन राख्ने कार्यमा पालिका रहेकोले सेवाग्राहीहरू सेवा लिन आउँदा सजिलो हुने देखियो।

### ४.९.२ आर्थिक प्रशासन शाखा

- नगरपालिकाको आयव्ययको दोहोरो लेखाप्रणालीको आधारमा वैज्ञानिक तरिकाले हिसाब किताब राखेको पाइयो।
- योजनासम्बन्धी भुक्तानी प्रक्रिया पुर्याएर आउँदा चाँडैनै भुक्तानी हुने देखियो।
- आन्तरिक लेखा परोक्षण र अन्तिम लेखापरीक्षणले देखाएका त्रुटीहरूलाई समयमै व्यवस्थित गर्दै लगिएको।
- यस शाखाले अन्य शाखा र जनप्रतिनिधि तथा समितिहरूसँग समन्वय गरी कार्य गरेको पाइयो।
- अव्यवस्थित तरिकाले प्रक्रिया नपुर्याई कुनै पनि भुक्तानी गरेको देखिएन।
- पेश्की भुक्तानीलाई कम गर्दै लगेको देखियो।

### ४.९.३ प्राविधिक शाखा

- नगरपालिकाबाट सञ्चालित पूर्वाधार विकाससम्बन्धी योजनाहरूका लगत इष्टमेट मूल्याङ्कन र नियमित अनुगमन गरेको देखियो ।
- नगरपालिका र अन्य क्षेत्रबाट प्राप्त बजेटको योजना र इष्टमेटअनुसार कार्य भएको देखियो ।
- यस शाखाले वडा तथा अन्य शाखा र जनप्रतिनिधि तथा समितिहरूसँग समन्वय गरी कार्य गरेको देखियो।

### ४.९.४ सामाजिक विकास शाखा तथा महिला बालबालिका शाखा

सबै प्रकारका विकासको प्रतिफल लिन र त्यसको जर्गेना गर्न सामाजिक विकास अपरिहार्य भएकाले यस्तो कार्यक्रम थोरै मात्र भएको देखियो ।

- योजना बाडँफाँडअनुसार सामाजिक विकासमा सिद्धान्तअनुसार रकम बाडँफाँड गरेको देखियो ।
- कर्मचारीले सेवाग्राहीलाई छिट्टै सेवा दिएको तथा काममा रोकावट नआएको देखियो ।
- नगरपालिकाका सबै शाखाहरूसँग समन्वय गरेर यस शाखाले काम गरेको देखियो ।

### ४.९.५ योजना शाखा

- नगरपालिकाको विकासका लागि योजना शाखाले कार्यपालिकाद्धारा र वडा समितिद्धारा छनोट गरिएका योजनाहरू समयमै कार्यान्वयनमा लगेको देखियो ।
- यस शाखामा गरिने काम छिटो, छरितो र सन्तोषजनक भएको देखियो ।
- योजना छनौट गर्न कार्यपालिका, समितिहरू र अन्य शाखाहरूसँग समन्वय गरेको देखियो ।

### ४.९.६ सूचना प्रविधि शाखा

- यस शाखाले अन्य शाखालाई आवश्यक पर्ने सबै प्राविधिक सहयोग गर्दै आएको देखियो ।
- यस शाखाले नगरपालिका तथा सबै वडाहरूमा व्यवस्थित इन्टरनेटको व्यवस्था गर्दै लगेको देखियो ।
- यस शाखाले कार्यपालिका, समितिहरू र सम्पूर्ण कर्मचारी तथा सेवाग्राहीलाई सुविधा दिएको पाइयो ।

## ४.१० सामाजिक परीक्षणका क्रममा देखिएका सबल पक्षहरू

- नगरपालिकावासीहरूलाई छिटोछरीतो रूपमा सेवा पुर्याउन सबै वडामा आफ्नै वडा कार्यालय निर्माण हुँदै गरेकोमा केही वडा कार्यालयहरू जेन्जि आन्दोलनले क्षति भइ अन्यन्त्र स्थानबाट सौवा दिइरहेको देखीयो भने केही वडा कार्यालय पुन सन्चालनमा नआउनेगरी क्षति भएको देखियो ।
- स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्रबाहेक गाउँ घर स्वास्थ्य क्लिनिक, खोप क्लिनिकमार्फत आधारभूत स्वास्थ्य सेवा प्रदान गरिरहेको पाईयो ।
- फोहरमैला व्यवस्थापनमा समुदाय तथा घरपरिवारलाई परिचालन गर्दै लगिएको र यसबाट पालिकाको वातावरण स्वच्छ सफा राख्न सहयोग पुग्दै आएपनि फोहोरको उचित व्यवस्थापनको लागि ल्यान्डफिल्ड साईड नहुँदा आउने दिनमा समस्या हुने देखियो ।
- समुदायको पहलमा खुला तथा खाली स्थानको संरक्षणमा नगरपालिकाले आवश्यक कार्य गर्दै लगेको देखियो ।
- महिला समूहहरू क्रियाशील रहेका तथा नगरपालिकाले टोल समूहहरूलाई टोल सुधार, पूर्वाधार विकास, सीप विकास तथा रोजगार सिर्जना गर्ने कार्यमा परिचालन गर्दै लगेको देखियो ।
- सामाजिक जिम्मेवारी वहनका गर्नका लागि समुदाय स्तरमा विभिन्न समिति तथा संस्थाहरू क्रियाशील रहेको पाईयो ।
- सडक बत्ती तथा ढल सुधार गर्नेतर्फ नगरपालिकाले स्थानीय समुदायहरूसँग सहकार्य गरी कार्य गर्ने गरेको देखियो ।
- नगरका सम्पूर्ण शाखाहरूले आफुले गरेका कामहरूको प्रगति तथा तथ्याङ्क चुस्तदुरूस्त रेकर्ड राखेको तथा उचित कामको वाँडफाड गरी काम गरेको पाईयो ।

## ४.११ सामजिक परीक्षणबाट देखिएका चुनौती तथा कमिकमजोरीहरू

- परिषदबाट पारित भएका केही नीति तथा कार्यक्रमहरू समयमै कार्यान्वयनमा नआएका ।
- वडा स्तरबाट योजना छनौट गर्ने प्रक्रियामा लक्षित समूहको न्यून सहभागिता हुने गरेको ।
- नगरपालिकाको समग्र योजना तर्जुमा, प्रकृया र कार्यविधिमा व्यवस्था भएअनुसार सबै लक्षित समूहलाई सहभागिता गराउन पटक-पटक सूचना गराउँदा पनि सहभागिता गराउन नसकिएको जस्तै बालबालिकाहरू, अपाङ्गता भएका व्यक्तिहरू समावेश हुन नसकेको ।

- योजनाहरू पूरा गर्न श्रोत साधन र बजेटको कमी रहेको ।
- आवधिक योजना, बार्षिक योजना तथा मध्यकालिन खर्च संरचना अनुसार बजेटनिर्माण भएपनि कार्यान्वयनमा समस्या हुने गरेको ।
- आबधिक योजना तथा वार्षिक योजनाबाट कार्यक्रम वनाउँदा आवधिक नगर योजनालाई मुख्य आधार बनाउन नसकिएको ।

## ४.१२ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

- पर्याप्त बजेट नहुनु, जनताको आवश्यकता, माग र पूर्तीगर्ने साधनबिच ठुलो खाडल हुनु ।
- पर्याप्त मात्रामा प्राविधिक कर्मचारीहरूको अभाव रहेको ।
- अनुगमन प्रक्रियालाई निरन्तरता दिन कठिनाइ रहेको ।
- वडा कार्यालय र पालिकाले दिने सामाजिक विकासका कार्यक्रम दोहोरिने गरेको ।
- सामाजिक विकासका कार्यक्रम गर्दा कुनै एन, कानुन तथा कार्यविधि नबनाई कार्यक्रम सञ्चालन भएकोले तालिम सञ्चालन र त्यसको दिगोपनामा समस्या रहेको ।

## ४.१३ भावी कार्यक्रम सञ्चालनका लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

- महिला, बालबालिका तथा अन्य लक्षित वर्गको मुद्धाका बारेमा सबै पक्षहरूको सरोकार हुन जरूरी रहेको ।
- महिला तथा बालबालिका शाखाबाट सञ्चालित कार्यक्रमहरू महिला लक्षितभन्दा पनि सबैको लागि हो भन्ने सामूहिक भावना बढाउने कार्यक्रमहरू तर्जुमा गर्नु आवश्यक रहेको ।
- सरोकारवाला संस्थाहरूबीच पर्याप्त समन्वयको आवश्यकता रहेको ।
- पालिकाले निर्माण गर्नुपर्ने एन, कानुन तथा कार्यविधि तथा पालिकाले निर्माण गरेको नीति, कार्यक्रम तथा योजनाहरूका बिच तालमेल तथा त्यसको प्रयोग र उपलब्धिबारे आवश्यक तथ्य, प्रमाण तथा प्रतिवेदन नरहेकोले त्यससम्बन्धी कार्य गर्नुपर्ने देखिन्छ ।
- महिला हिंसा न्यूनीकरण गर्न सामूहिक प्रयास आवश्यक रहेको ।

## ४.१४ लक्षित समूह कार्यक्रम तर्जुमा तथा कार्यान्वयन सम्बन्धमा

- लक्षित समूहको लागि नीति तथा कार्यक्रमहरू तय गर्दा StrategicNeeds भन्दा Practical Needs मा केन्द्रित गर्ने गरिएको अर्थात उनीहरूको दीर्घकालीन सामाजिक हैसियत बढाउने, समाजमा नेतृत्व विकास गर्नेतर्फ भन्दा स-साना आय आर्जनका कार्यक्रम, तालिम तथा पूर्वाधार निर्माणमा मात्र सीमित गरिएको।
- लक्षित समूहका कार्यक्रमहरू परम्परागत तथा एउटै प्रकारका रहेका र ती कार्यक्रम प्रत्येक वर्ष दोहोरिने गरेको।
- लक्षित समूहका लागि सञ्चालित कार्यक्रमहरूको उपलब्धि र प्रभावकारीता लेखाजोखा नभएको।
- लक्षित समूहलाई सामान्य र स्वाभाविक रूपमा फाईदा हुने कार्यक्रमहरूलाई लक्षित समूहको कार्यक्रम अन्तर्गत राखी सोहीअनुसार लक्षित समूहको वजेटलाई विनियोजन गर्ने गरिएको।

## ४.१५ सेवा प्रवाह, कार्यसम्पादन र सुशासन सम्बन्धमा

- नगरपालिकाबाट दिएको सार्वजनिक सेवाहरूलाई वडाबाट पनि दिन सक्ने गरी वडामा संस्थागत क्षमता विकास गर्ने तर्फ वार्षिक नीतिमा उल्लेख गरी त्यसतर्फ ठोस पहल गरिनुपर्ने।
- नगरपालिकाबाट नागरिकलाई दिइने सेवाहरू जनअपेक्षाअनुसार नयाँ-नयाँ प्रविधितर्फ उन्मुख गराउन नसकिएको। जस्तै e-governance, online service etc.
- समयको माग र आवश्यकताअनुसार कर्मचारीहरूको क्षमता विकासका क्षेत्रहरू पहिचान हुन नसकेको।
- वडा कार्यालयहरू नगरपालिकामा निर्भर रहेको र कार्यालय सञ्चालनको लागि वडामा पर्याप्त बजेट नहुँदा जनअपेक्षाअनुसार सेवा प्रवाहमा कठिनाइ भएको।
- नगरपालिकाको हालको कार्यकक्षहरू संरचना अपाङ्ग मैत्रि नभएको।

## ४.१६ सामाजिक जिम्मेवारी पूरा गर्न पालिकाले चाल्नु पर्ने कदमहरू वा सुझावहरू

### ४.१६.१ नीति ,योजना तथा कार्यक्रम तर्जुमा र कार्यन्वयन सम्वन्धमा

- नगर परिषदबाट पारित भएका नीति तथा प्राथमिकताहरूको प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने।
- आवधिक योजनालाई मूल आधार मानी नगरपालिकाको वार्षिक योजना तयार गर्नुपर्ने।
- नगरपालिकाले निर्माण गरेको नगर पार्शचित्र पुरानो भएकोले तत्काल निर्माण गर्नुपर्ने।
- नगरपालिकाको वार्षिक योजना तर्जुमा प्रकृयामा बालबालिका तथा लक्षित समुदायहरूलाई पनि समावेश गर्नुपर्ने।
- योजना कार्यान्वयनको गुणस्तर सुनिश्चत गर्न प्रभावकारी अनुगमन प्रणाली तयार गर्नुपर्ने।
- पचास लाख रूपैयाभन्दा बढी लागतका सवै आयोजनाहरू परिषदद्वारा स्वीकृत गर्नु पूर्व सम्भाव्यता अध्ययन गरेर मात्र स्वीकृत गर्ने व्यवस्था मिलाउनु पर्ने।
- योजनाको दिगोपनका लागि मर्मत सम्भार कोष खडा गरी आवश्यक रकम सङ्कलन गर्दै जानु पर्ने।
- नगरपालिकाको वार्षिक योजनाहरूको समयमा सम्पन्न गरी जाँचपास तथा फरफारक गर्ने कार्यलाई कडाइका साथ लागु गर्नुपर्ने।
- योजनाहरूको कार्यविधिले तोके बमोजिमको विधि र प्रक्रिया अपनाइ प्रत्येक योजनाको अलग अलग सार्वजनिक परिक्षण  गर्नुपर्ने।

### ४.१६.२ लक्षित समूह कार्यक्रम तर्जुमा तथा कार्यन्वयन सम्वन्धमा

- लक्षित समूह कार्यक्रम छनौट गर्दा आय आर्जन, गरीवी निवारणमा तथा चेतनाको स्तर अभिवृद्धि गर्न प्रत्यक्ष सहयोग पुग्ने कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने र दीर्घकालीन योजनाका लागि Practical Needs भन्दा Strategic Needs मा केन्द्रित गर्नुपर्ने जस्तै लक्षित वर्गको सामाजिक हैसियतमा परिवर्तन ल्याउने,उनीहरूको नेतृत्व विकास हुने कार्यक्रमहरूमा जोड दिनु पर्ने।
- सबै जातजाति आर्थिक एवम् सामाजिक रूपमा पिछडिएका वर्ग एवम् क्षेत्र र विपन्न वर्गका बालबालिकहरूलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रमका लागि कार्यविधिले तोकेको प्रतिशतअनुसार बजेट विनियोजन गर्नु पर्ने।
- लक्षित समूहअन्तर्गत सञ्चालित कार्यक्रमहरू के कती उपलव्धिमूलक  र प्रभावकारी रहे त्यसको Follow up र लेखाजोखा गर्नुपर्ने।

- पालिकाले हालसम्म गरेका कार्यको प्रगति प्रतिवेदन र त्यसको सकारात्मक असर र प्रभावबारे बारे मूल्याङ्कन हुनुपर्ने।
- लक्षित समूह कार्यक्रमहरू छनौट गर्दा Supply Driven भन्दा उनीहरूको Needs मा आधारित हुनुपर्ने।
- लक्षित समूहलाई आय आर्जनका तालिमहरू सँग सँगै बजार प्रवर्धनमा समेत सहयोग पुग्ने कार्यक्रम तय गरी कार्यान्वयन गर्नुपर्ने।

### ४.१६.३ सेवा प्रवाह, कार्यसम्पादन सम्बन्धमा

- नगरपालिकाकाबाट प्रदान गरिने सार्वजनिक सेवाहरूलाई वडाबाट पनि दिन सक्ने गरी वडामा संस्थागत क्षमता विकास गर्नेतर्फ ठोस कार्ययोजना वनाउनुपर्ने।
- सबै कर्मचारीहरूलाई लिखित रूपमा कार्य विवरण उपलव्ध गराइ सो कार्य विवरणमा कर्मचारीको समेत सहमति रहेको सुनिश्चितता गराउनुपर्ने र सोको आधारमा कार्यसम्पादन मापन सूचक बनाइ कर्मचारीहरूको मूल्याङ्कन गर्ने परिपाटीको विकास गर्नुपर्ने र उत्कृष्ठ कर्मचारीलाई वार्षिक रूपमा पुरस्कृत गर्ने परिपाटीको शुरूवात गर्नुपर्ने।
- नागरिक बडापत्रलाई समय सापेक्ष परिमार्जन गर्दै लैजानुपर्ने।
- नगरपालिकाकाबाट दिएको सेवाहरूलाई जनअपेक्षाअनुसार नयाँ नयाँ प्रविधिमार्फत प्रदान गर्नका लागि आवश्यक पर्ने संस्थागत क्षमताको विकास गर्नुपर्ने जस्तै (Online Services, e-Governance आदि)।
- वडा कार्यालयहरूलाई चुस्त दुरूस्त कम्प्युटराइज गरी छिटो छरितो सेवा प्रदान गर्नुपर्ने।
- नरपालिकाको योजना तथा कार्यक्रम तय गर्दा र कार्यान्वयन गर्दा नगरपालिकाको शाखा, उपशाखाबिच समन्वय बढाउनुपर्ने।
- नगरपालिकाको सेवा प्रवाहलाई सेवाग्राही मैत्री र सहज बनाउन हालको कार्यकक्षको संरचनामा सुधार गर्नुपर्ने।

### ४.१६.४ अन्य विविध सम्बन्धमा

- राजस्व सम्भाव्यता अध्ययनका आधारमा राजस्व प्रक्षेपण गर्नुपर्ने र करको दायरामा नआएका कर दाताहरूलाई करको दायरामा ल्याउनु पर्ने।

- गत आ.व.हरूमा सामाजिक परीक्षणले दिएका सुझावहरूलाई कार्यान्वयनमा ल्याउनु पर्ने ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिहरूको विवरण सार्वजनिक गर्नुपर्ने ।
- बालमैत्री नगरपालिका घोषणाका पश्चात बालमैत्री रणनीति तयार गरी अनुगमनलाई चुस्तता दिंदै लैजाउनु पर्ने ।
- फोहोरलाई जैविक र अजैविक रूपमा श्रोतमै वर्गीकरण र सङ्कलन गर्ने कार्यक्रमलाई विस्तार गर्नुपर्ने ।
- असहाय अनाथ तथा अपाङ्ग बालबालिकाको अभिलेख राख्नु पर्ने ।
- सामाजिक सुरक्षा भत्ता पाउने प्रत्येक व्यक्तिहरूको विवरण अध्यावधिक गरी दोहोरोपनालाई हटाउनु पर्ने ।
- स्वास्थ्य सेवाको बजेट वृद्धि गरी आधारभूत स्वास्थ्य सेवालाई अझ प्रभावकारी बनाउनुपर्ने ।

## ४.१७ नगरपालिकाले आगामी वर्षहरूमा लिनुपर्ने रणनीतिहरू

मोरङ जिल्लाको अति महत्वपूर्ण ठाउँमा अवस्थित उर्लाबारी नगरपालिकाको आफ्नै मौलिक र सामाजिक महत्व रहेको छ । बहु जाति, बहु भाषा, बहु सांस्कृति र बहु धार्मीक समाज रहेको यो नगरपालिका कृषि कार्यका लागि उर्बर जमीन रहनुका साथै पर्यटकीय स्थलहरू भएको यस नगरपालिकाको र नगरवासीहरूको उत्थान गर्नका लागि राम्रा रणनीतिहरू बनाएर अगाडि बढे खासै समय लाग्ने देखिदैन । पालिकाले आफ्नो नीति तथा कार्यक्रमलाई प्रभावकारी ढङ्गले लागु गर्न त्यसको रणनीति बनाएर अगाडि बडनु पर्ने देखिन्छ ।

१. नगरपालिकावासिलाई निशूल्क शिक्षा र स्वास्थ्य सेवा प्रदान गर्ने त्यसको वैज्ञानिक विश्लेषण गरी सोहीअनुसारको स्वास्थ्य तथा शैक्षिक पूर्वाधार खडा गर्ने रणनीति बनाउने ।
२. यस क्षेत्रलाई खेलकुदमा अगाडि बढाउन नगरपालिकाभित्र रहेका विद्यालयलाई समेटी हरेक वर्ष विभिन्न प्रकारका खेल प्रतियोगिता गराई त्यसबाट प्रथम, दोस्रो र तेस्रो हुनेहरूलाई माथिल्लो स्तरमा सिफारिस गरी खेलाडी उत्पादन गर्ने र व्यवस्थापन गर्ने रणनीति बनाउने ।
३. दलित तथा पिछडिएको वर्गलाई सधै राहत वितरण गर्नुभन्दा उनीहरूलाई सुरूवात पूँजीमा सर्वशुलभ व्याजदरमा ऋण उपलब्ध गराई नगदे बालि, पशु चौपाया,माछापालनका लागि कृषकलाई प्रोत्साहन गर्ने खालको रणनीति  तयार पार्नुपर्ने ।
४. दिगो विकासको लक्ष्य हासिल गर्न नगरपालिकाले सामाजिक महत्वका सडकहरूमा दीर्घकालीन रूपमा प्रयोग गर्ने सडकहरू र कृषि कार्य गर्न सहज हुने कृषि सडक खोल्न विशेष रणनीतिहरू बनाउने ।

५. समग्र कृषि, तथा पशुपालनको उत्थान गर्न कृषि तथा पशुपालनको उत्पादनको खरीद बिक्री सहज गर्न व्यवस्थित कृषि तथा पशुपंक्षी हाटबाजार लगाउन मिल्ने रणनीति र व्यापारिक स्थानको छनोट गर्ने नीति बनाउने।
६. साना साना मठ मन्दिर, मस्जिद, र अन्य धार्मिक स्थल, धार्मिक आश्था राख्ने समुदायले निर्माण गर्ने मठ मन्दिर, र मस्जिद बनाउन तथा वजेट आयआर्जनमुखी क्रियाकलापमा लगाउन नीति बनाउने।
७. शार्वजनिक जग्गाहरूमा जगेर्ना गर्दै शार्वजनिक जग्गामा ठूला पोखरीहरू निर्माण गरी त्यस्तो स्थानमा व्यवसायिक हाँस, माछा तथा अन्य जलचर पाल्न ठेक्काद्वारा दिने नीति निर्माण।

# परिच्छेद - पाँच

# निष्कर्ष तथा सुझाव

## ५. कार्यक्रमको निष्कर्ष तथा सुझाव

### ५.१ प्राप्त कार्यक्रमको निष्कर्ष

मोरङ जिल्ला स्थित उर्लाबारी नगरपालिकाको नेतृत्वमा गत आ.व. २०८१/८२ मा सामाजिक विकासको क्षेत्रमा देखिएका उपलब्धीहरूलाई यहाँ प्रस्तुत गरिएको छ । पूर्वाधार विकासबाट प्राप्त विकासका अवसरहरूलाई आम नागरिकहरूको प्रत्यक्ष संलग्नतामा सामाजिक विकासलाई अघि बढाउन सफल भएको पाइयो । स्थानीय विकासमा उर्लाबारी नगरपालिकाले उल्लेखनीय कार्यहरू गर्दै आएको देखियो । सामान्यतया कार्यक्रम गर्नका लागि सर्वप्रथम योजनाको आवश्यकता पर्दछ । यसका लागि यस नगरपालिकाले टोल बस्तीदेखि नै योजनाहरूको माग गर्ने, विभिन्न आवश्यक प्रक्रियाहरू पूरा गरी योजना तथा कार्यक्रमलाई नगर परिषदबाट पारित गरेपछि मात्र कार्यक्रमहरू सञ्चालन गर्ने गरेको पाइएको छ। त्यस्ता कार्यक्रमहरू नियमसङ्गत ढङ्गमा योजना निर्माण गरी योजनाअनुरूप नै सञ्चालन गरिएको देखियो।

उर्लाबारी नगरपालिकाको नेतृत्वमा नगरपालिकामा विकासको क्षेत्रमा काम गर्ने स्थानीय तहहरू, विभिन्न सरकारी, गैर सरकारी तथा निजी संस्थाहरूले गर्ने कामहरूलाई एकत्रित गर्न गरेको प्रयासको कारण विकासको क्षेत्रमा काम गर्ने निकायहरूको वीचमा समन्वय भई दोहोरोपनलाई न्यूनीकरण गर्न सहयोग मिलेको देखिन्छ। नगरपालिका र विषयगत कार्यालयका साथै अन्य विकासको क्षेत्रमा काम गर्ने संघ संस्थाहरूले आम नागरिकहरूको संलग्नताबाट मात्र दीगो विकास सम्भव छ भन्ने बोधका साथ अगाडी वढेको कारण धेरै योजनाहरू उपभोक्ता समितिहरूमार्फत सञ्चालन भएको पाइएको छ। यसले आम नागरिकहरूमा विकास र यसका संरचनाहरूको अपनत्व स्वीकार गर्ने वातावरण तयार भएको छ। नागरिकहरूलाई सेवा र सुविधा प्रदान गर्न सरकारले स्वास्थ्य, शिक्षा, कृषि, पशुपालन जस्ता सामाजिक विकासका कार्यहरू बस्ती बस्तीमा पुर्याएको र स्थानीय तह तथा आम नागरिकहरूले त्यसलाई संरक्षण र प्रर्वद्धन गर्दे लगेको कुरा आफैमा प्रशंसनीय कार्य हो।

सामाजिक परिचालनको माध्यमबाट आम नागरिकहरू आफ्नो हक, अधिकार र कर्तव्य प्रति चनाखो बन्दै गएको र प्राप्त सेवा र सुविधा लिने प्रक्रियामा चेतना बढेको कारण सेवा लिनेहरूको सङ्ख्या वढेको पाइएको छ। आम नागरिकहरू खास गरी महिला, बालवालिका, दलित, जनजाति, आदिले कृषि, पशु, खानेपानी, सिँचाइ, वन समूह आदि सवैले हरेक स्थानमा उपस्थितिलाई स्थापित गर्न थालेको अनुभूति भएकोले आगामी

दिनहरूमा आवश्यकतामा आधारित विकास योजनाहरू सञ्चालन हुने कुरामा विश्वस्त हुने आधारहरू देखिन्छन् ।

यस पालिकामा खास गरी शिक्षा, स्वास्थ्य, व्यवसाय र पर्यटनको क्षेत्रमा प्रगति भएको र त्यसको माध्यमबाट रोजगारी सृजना गर्न, प्रर्वद्धन गर्न र विस्तार गर्न सहजीकरण भएको देखिन्छ । नागरिकहरू आज कृषि, पशुपालन, बिभिन्न स्वरोजगारमूलक तालिम पश्चात व्यवसाय सञ्चालन गरी स्वरोजगार बनेका छन भने कतिपयले अरूहरूलाई पनि रोजगारी प्रदान गरेको देखियो । पूर्वाधार विकास र सामाजिक विकासलाई समन्वयात्मक ढङ्गले अगाडि बढाएकै कारण रोजगारीको साथमा स्थानीयहरूको आम्दानीको श्रोत पनि बढ्नुका साथै उर्लाबारी नगरपालिकाले आर्थिक वर्ष २०८१/८२ मा अवलम्बन गरेका रणनीतिहरू र कार्यक्रम अन्तर्गत पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक विकास, वन वातावरण, संस्थागत श्रोत र क्षमता विकासलाई प्राथमिकतामा राखेर कार्य गरेको देखियो ।

नगरपालिकाको कामकारवाहीमा अनिवार्य कम्प्युटरको प्रयोग गराई विद्युतीय सुशासन प्रवर्धनमा जोड दिएको छ । पालिकालाई बालमैत्री घोषणा गर्न बालश्रम उन्मूलन तथा बालमैत्रीका लागि संरक्षण र विकासमा सघाउ पुर्याउने कार्यक्रमहरूलाई उच्च प्राथमिकता दिएको छ । पर्यटन प्रवर्धन योजनाले अख्तियार गरेको कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न ग्रामीण पर्यटन प्रवर्धनमा सघाउ पुग्ने कार्यक्रमलाई उच्च प्राथमिकताका साथ छनोट गरी अघि बढाएको छ ।

उर्लाबारी नगरपालिकाले आ.व. २०८१/८२ का कार्यक्रम सञ्चालनका क्रममा विभिन्न प्रकारका चुनौतिहरूलाई सामना गर्नुपरेको देखिन्छ । केन्द्र र प्रदेश बाट समयमा बजेट निकाशा नहुने, योजनाअनुसारका कार्यक्रमहरूको बजेट नआउने, यहाँको नगरपालिकाका स्थानीय आयश्रोतलाई व्यवस्थित गर्न कानूनी अड्चन रहनु, योजना तथा कार्यक्रमहरूमा टुक्रे बजेट रहनु र राजनैतिक अस्थिरताका कारण समयमा योजना निर्माण तथा कार्यान्वयनमा समस्या सिर्जना हुनु,  राजनैतिक हस्तक्षेप, अस्थिर राजनैतिक अवस्था, बसाइसराई आउने क्रम दिनप्रतिदिन बढ्दै जानु आदि यहाँका चुनौति रहेको देखिन्छ । यति हुँदाहुँदै पनि उर्लाबारी नगरपालिकाले गत आर्थिक वर्षमा सञ्चालन गरेका कार्यक्रमहरू निकै प्रभावकारी रहेका पाइएका छन् । तिनीहरूले गरिवी निवारणमा विशेष सहयोग पुर्याएका छन् भने टोल टोलबाट आएका योजनालाई यसले आफ्ना योजनाका रूपमा समावेश गरी कार्यक्रम सञ्चालन गर्ने गरेको देखियो । यसबाट नगरपालिकाको विकासका लागि महत्वपूर्ण योगदान पुगेको देखिन्छ ।

यस नगरपालिकाको कार्यक्रमहरूबाट नगरपालिकामा सामाजिक तथा आर्थिक क्षेत्रमा सुधार भएको देखिन्छ। सडक विस्तार, विद्युत, खानेपानी तथा सिँचाइको विकासबाट प्राप्त अवसरहरूकै कारण सेवा र वस्तुमा आम नागरिकको पहुँच बढेको छ र सेवा र वस्तुको उचित प्रयोगले उत्पादकत्व बढ्ने सङ्केत देखिएको छ। यही क्रम अगाडि बढाउँदै देखा परेका समस्याहरूलाई पन्छाउने र अवसरहरूलाई उपयोग गर्दे जाने हो भने यस नगरपालिकाले आउने दिनमा आम नागरिकको जीवनशैलीमा सहजता र जीविकोपार्जनलाई स्थापित गर्ने कुरामा फड्को मार्ने कुरामा हामिले विश्वास लिएका छौँ।

### ५.२ प्राप्त कार्यक्रमका सुझावहरू

- कर्मचारी, जनप्रतिनिधि र नागरिक अझ बढी त्रिपक्षीय समझदारी कायम गरी कार्य गर्दा उपलब्धी मूलक हुने।
- नगरपालिका भित्रका सबै नागरिकले नगरपालिकाको कामकारवाहीप्रति सकारात्मक सोच राख्ने कार्यक्रमहरूलाई प्राथमिकताका साथ सञ्चालनमा ल्याउनु पर्ने।
- नगरपालिकालाई आर्थिक रूपमा आत्म निर्भर राख्न नगरबासीलाई आयआर्जन हुने क्रियाकलापबाट उनीहरूको आयआर्जन र नगरपालिकाका लागि कर सङ्कलन गर्ने वातावरण सृजना गर्नुपर्ने। जसका लागि कृषिबजार, पशुहाट सञ्चालित व्यवसायलाई प्राथमिकतामा राख्ने।
- नगर कार्यपालिकासँग सम्बन्धित सबै कार्यालय र सरोकार राख्ने स्थानहरू अपाङ्ग र बालमैत्री बनाउँदै लैजाने।
- करदातामैत्री राजश्वशाखाको स्थापना गरी राजश्व सङ्कलनमा सुधार ल्याउनुपर्ने।
- कर्मचारीहरूको वृत्ति विकास र क्षमता विकासको लागि विभिन्न किसिमका सैद्धान्तिक र प्राविधिक तालिमहरू सञ्चालन गर्नुपर्ने।
- पर्यटकीय स्थानहरूको व्यवस्थापन गरी आन्तरिक तथा बाह्य पर्यटनको लागि पूर्वाधार तयार गर्नु पर्ने। जसका लागि पर्यटन स्थलहरूमा होम स्टे निर्माण गर्ने तथा ठाउँ ठाउँमा मनोरञ्जन स्थल, झोलुङ्गे पुल र धार्मिक स्थलमा पूर्वाधार निर्माण गर्नुपर्ने।
- जेष्ठ नागरिकहरूलाई बिना झन्झट तथा घरपायक स्थानमा नै सामाजिक सुरक्षा भत्ता वितरण गरिनुपर्ने।
- जनप्रतिनिधिहरूले समयसापेक्ष आफूलाई परिवर्तित गरी आफ्नो काम, कर्तव्य र अधिकार बुझी कार्य गर्नुपर्ने।

- नगरपालिकाबासीहरूका लागि अन्य विकासको जगेर्ना गर्न सामाजिक विकासको कार्यक्रम गर्नुपर्ने, किनकि धेरै वडाहरूमा निर्माण भएका बाटाहरूमा नाला नभएको र नालामा फोहोर जम्मा भएको देखियो।
- कृषकहरूले उत्पादन गरेको कृषि वस्तुको लागि व्यवस्थित र आधुनिक कृषि तथा पशुपंक्षी बजारको स्थापना गर्नुपर्ने ।
- आफ्नो घर, टोल तथा समुदायमा निर्माणाधिन योजनाहरूको जगेर्ना गर्न समुदायस्तरमा सचेतना कार्यक्रम सञ्चालन गराउनुपर्ने ।
- स्वास्थ्य सुधार कार्यक्रम राखी आफ्नो मातहतका स्वास्थ्य चौकीहरूको समय सापेक्ष रूपमा स्तरोन्नति गर्दै लैजानुपर्ने साथै आवश्यकताअनुसार बर्थिङ स्थापना गरी व्यवस्थित गर्दै लैजानुपर्ने ।
- नगरपालिकालाई सामाजिक विकासमा अब्बल देखाउनका लागि आवश्यक सुचकाँङकहरूको व्यवस्थित तरिकाले प्रयोग गर्ने ।
- शान्ति सुरक्षा, नगरपालिकाका वडाहरूमा छाडा चौपाया नियन्त्रण र अव्यवस्थित हाट बजार नियन्त्रण गर्न नगर प्रहरी परिचालनको व्यवस्था गरिनुपर्ने ।
- नगरपालिकाका कर्मचारी जनशक्तिको यथोचित प्रयोग गरी सेवा प्रवाह सहज बनाउनुपर्ने ।
- नगरपालिका क्षेत्र भित्रका मठ, मन्दिर, धर्मशाला आदिको समुचित विकासका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- नगरपालिकाभित्र भएका प्राचीन कला, संस्कृति झल्कने जातजातिहरूको पुरानो बस्तीको संरक्षण गरी त्यसमा (होमस्टे) घरवास कार्यक्रमको व्यवस्थापन गरी आन्तरिक पर्यटन र बाह्य पर्यटनको लागि तालिम प्राप्त मानव संशाधनको तयारी गर्नुपर्ने ।
- भौतिक निर्माणको कार्यहरू गर्दा आवश्यकताअनुसार प्रारम्भिक वातावरणीय परीक्षण गर्ने नियम बसाउने।
- नगरपालिकाबासीलाई सहज रूपमा सबैको पहुँचयोग्य सूचनाको हकको प्रत्याभूती गराउनुपर्ने ।
- निर्यातमुखी कृषि कार्यालयहरू निर्माण गरी कृषि उत्पादन बढाई कृषकहरूको आयआर्जन बढाउने कार्यक्रम गर्नुपर्ने ।

- नगरपालिकाको योजना निर्माण गर्दा पालिकाका बुद्धिजिवी, व्यापारी, शिक्षक, लगायत अगुवा व्यक्तिहरूको सहभागी गराउने ।
- नीजि वन लगाउन प्रोत्साहन गर्ने नीति अख्तियार गर्नुपर्ने र स्थापना भएका नीजि वनलाई संरक्षण र प्रवर्धन गर्ने नीति निर्माण गर्नुपर्ने ।
- नगरपालिकामा कम्तिमा एउटा व्यवस्थित खेल मैदान, हरेक वडामा खुल्ला स्थान (पार्क) बनाउने ।
- नगरपालिकालाई खुल्ला दिशामुक्त घोषणा गरेपनि हरेक वडामा कम्तीमा एउटा व्यवस्थित सार्वजनिक शौचालय निर्माण गर्नुपर्ने ।
- हरेक वडाहरूमा आवश्यकताअनुसार व्यवस्थित शिशु स्याहार केन्द्र बनाउने ।
- नगरपालिकामा बेवारिसे भएका गाउँबासीहरूको लागि आश्रमहरू निर्माण गर्ने ।
- दाउरा तथा गुँईठा प्रयोग गर्ने घर परिवारमा धुवाँरहित चुलो बाल्नका लागि टोल वासीहरूमा सचेतना कार्यक्रम चलाउनुपर्ने ।
- धनका लागि वन भन्ने कार्यक्रमलाई प्रोत्साहन गर्ने ।
- विभिन्न प्रकारका मनोरञ्जन दिने कार्यक्रमहरू सञ्चालन गर्न उत्सुक समूह, व्यक्तिहरूलाई प्रोत्साहन गरी मनोरञ्जन पार्क, पिकनिक स्पट सञ्चालन गर्न उत्सुक बनाउने ।
- नगरपालिकाभित्रका स्वास्थ्यचौकीहरूमा औषधिको अभाव हुन नदिने ।
- तराई क्षेत्रमा विशालु सर्पको डसाईबाट वर्षेनी धेरैको ज्यान जाने हुँदा यस नगरपालिकामा पनि त्यस्तो समस्या भए कुनै एक स्वास्थ्य युनिटमा सर्पदंशको उपचारका लागि व्यवस्थापन गर्नुपर्ने नीति अवलम्वन गरी कार्य गर्नुपर्ने अर्थात नजिकका पालिकासँग समन्वयगरी कार्य गर्नुपर्ने ।
- पिछडा, आदिवासी, दलित, जनजातिलाई प्राविधिक शिक्षा पढ्नका लागि कोष खडा गरी उनीहरूलाई आर्थिक सहयोग गरी अध्ययन अध्यापनमा सघाउनुपर्ने ।
- विद्यालयमा स्थानीय स्तरको पाठ्क्रम व्यवस्थित रूपमा अध्ययन अध्यापन गराउनुपर्ने ।
- कार्यालयमा आवश्यक पर्ने सफ्टवेयर खरिद तथा निर्माण गरी कामकाजमा कागजी प्रयोग उन्मूलन गर्दै लैजानुपर्ने ।
- निर्माण भएका वा निर्माणाधीन बाटाहरूमा दुबै छेउमा नाला निर्माण गर्नुपर्ने ।
- नदी नालाबाट हुने क्षतिको न्यूनीकरण गर्न पालिकाले विशेष कदम चाल्नु पर्ने ।

- नगरपालिका भित्रका वनजङ्गलमा उत्पादन हुनसक्ने जडीबुटीहरूको अध्ययन गरी नगरपालिका बासीहरूलाई समूहगत रूपमा उत्पादन गर्ने जिम्मा दिने नीति तय गर्नुपर्ने ।
- नगरपालिकाको आन्तरिक आम्दानी बढाउनको लागि प्राकृतिक श्रोतहरूको समूचित प्रयोग गर्नुपर्ने ।
- दलित, पिछडा, अल्पसङ्ख्यक जातजातिको उत्थानका लागि ठोस कदम चाल्नुपर्ने ।

# तालिकासूची

**तालिका नं.१ :** उर्लाबारी नगरपालिकाको राजनितिक तथा प्रशासनिक बिभाजन

**तालिका नं.२ :** उर्लाबारी नगरपालिकाको जनसाङ्खिक विवरण

**तालिका नं.३ :** उर्लाबारी नगरपालिकाको जनसंख्या र जातजातीको विवरण

**तालिका नं.४ :** उर्लाबारी नगरपालिकाको वडागत जनसंख्याको वितरण

**तालिका नं. ५ :** क्षेत्रगत बजेट विनियोजन र यस आ.व. मा हाल सम्म भएको खर्चको विवरण

**तालिका नं.६ :** सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा

**तालिका नं.७ :** स्वास्थ्य क्षेत्रको कार्य सम्पादनको लेखाजोखा

**तालिका नं.८** : स्वास्थ्य क्षेत्रमा सामाजिक जिम्मेवारी बहन

**तालिका नं.९ :** स्वास्थ्यसेवा प्रदान गरिरहेका सेवा प्रदायक कार्यालयहरूको विवरण

**तालिका नं.१० :** विकास योजना तथा कार्यक्रमको विवरण

**तालिका नं.११ :** सडक पूर्वाधार विकास तर्फको हालसम्मको भौतिक प्रगति विवरण

**तालिका नं.१२ :** घर नक्सा सम्बन्धी प्रगति विवरण

**तालिका नं.१३ :** विकास आयोजना तथा कार्यक्रमहरूको विवरण

**तालिका नं.१४ :** सामाजिक सुरक्षा भत्ता वितरण विवरण

**तालिका नं.१५ :** न्यायिक प्रक्रियाद्वारा न्याय सम्पादनमा गरिएका विवरण

## सन्दर्भ सामग्रीहरू:


१. सामाजिक परिक्षण  कार्यविधि २०६७

२. उर्लाबारी नगरपालिकाको पार्श्वचित्र (प्रोफाईल) २०७६

३. उर्लाबारी नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम २०८१/०८२ र २०८२/०८३

४. उर्लाबारी नगरपालिकाको सामाजिक परिक्षण  २०८०/०८१

५. उर्लाबारी नगरपालिकाको वार्षिक प्रगति प्रतिवेदन २०८१/०८१

६. उर्लाबारी नगरपालिकाको पहिलो चौमाषिक प्रगति प्रतिवेदन २०८२/२०८३

७. उर्लाबारी नगरपालिकाको स्थानीय पाठ्यक्रम (१-८)

८. उर्लाबारी नगरपालिकाको आवधिक योजना २०७९/२०८०

९. उर्लाबारी नगरपालिकाको मध्यकालिन खर्च संरचना २०८०/०८१

१०. स्थानीय तह सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू

११. उर्लाबारी नगरपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) २०८१

१२. उर्लाबारी नगरपालिकाको बालबालिका स्थिति पत्र २०८०

१३. उर्लाबारी नगरपालिकाको रोजगार रणनीति योजना २०८०/२०८१

१४. स्थानीय तहको सामाजिक जिम्मेवारी, लक्ष्य उद्देश्य

१५. सामाजिक उपलब्धी, कार्य सम्पादन परीणाम र प्रभावसम्बन्धी अभिलेख तथा सूचना

१६. वार्षिक कार्यक्रमहरू तथा नागरिक वडापत्र

१७. सामाजिक परिक्षण कार्यविधि अनुसूची २ र ३ फारम

१८. गत आर्थिक वर्षका शाखागत कार्यक्रम तथा कार्य उपलव्धिहरू

१९. स्थलगत अध्ययन तथा अवलोकन, परामर्श र छलफल

**अनुसूचि १:** प्रारम्भिक प्रतिवेदन तथा मस्यौदा प्रतिवेदन प्रस्तुतिकरण कार्यक्रममा उपस्थिति विवरण

आज मिति २०८२/१०/१५ गतेका दिन उर्लाबारी नगरपालिकाको आयोजना र पकली टेक्नोलोजी इन्स्टिच्युट प्रा.लि. इटहरी, सुनसरीको सहजीकरणमा गत आ.व. ०८१।०८२ को **सामाजिक परिक्षण (Social Audit) कार्यक्रम**को सरोकारवाला व्यक्तिहरुलाई १ दिने अभिमुखिकरणसम्बन्धी कार्यशाला गोष्ठी उर्लाबारी नगरपालिकाको सभाहलमा यस नगरपालिकाका उर्लावारी नगरपालिकाका नगर प्रमुख श्री गंगा प्रसाद खरेलज्यू.को प्रमुख आथित्यतामा तपशिल वमोजिमको उपस्थीतिमा सञ्चालन गरियो ।

| क्र.स | नाम/थर | ठेगाना/पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | गंगा प्रसाद खरेल | नगर प्रमुख | | |
| २ | मिना कुमारी खतिवडा | नगर उप-प्रमुख | | |
| ३ | अभयकुमार गुप्ता | प्र.प्र. अधिकृत | | |
| ४ | चिन्तामणी पौड्याल | वडा अध्यक्ष-४ | ९८४२०३४०२२ | |
| ५ | तिलककुमार पाण्डे | वडा अध्यक्ष-१ | ९८१२०३४०६६ | |
| ६ | फूलमान कार्की | " " -८ | ९८४२९८८२६६ | |
| ७ | नर बहादुर मोक्तान | " " -९ | ९८२८३४८८९९ | |
| ८ | कृष्ण ब. वैद्य | का.पा.स -६ | ९८४२०८३४६९ | |
| ९ | कल्पना कार्कीराई | का.पा.स वडा सदस्य | ९८३२६०८२२ | |
| १० | कृष्णमाया कडरिया | " " ४ | ९८४२०२४८२९ | |
| ११ | सीता बुढाथोकी | का.पा.स.-वडा१ | ९८४२२०१६३४ | |
| १२ | मन माया तामाङ | वडा नं.6 महिला/सदस्य | ९८४२०६९०96 | |
| १३ | रोशन ठाकुर | सू.प्र.अ. | ९८४३३९८४४३ | |
| १४ | भरत अधिकारी | अधिकृत | | |
| १५ | विकास [illegible] | अधिकृत | | |
| १६ | [illegible] | [illegible] | | |
| १७ | विक्रम [illegible] | पकली टिम | ९८२६८६५९२९ | |
| १८ | प्रतिमा भण्डारी | " " फिल्ड टिम | ९८६२०२६९८६ | |
| १९ | [illegible] | पकली [illegible] | ९८६२२२८८३ | |
| २० | | | | |

Scanned with CamScanner


उर्लाबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी,मोरङ्ग





नागरिक सहायता कक्ष

जेन्जि आन्दोलन भाद्र २३ र २४ गते भएको उर्लाबारी नगरपालिकाको क्षतिग्रस्त अवस्थाको तस्बिर तथा क्षतिपश्चात भएको कार्यालय कर्मचारी, जनप्रतिनिधि, शस्त्र प्रहरी नेपाल र स्थानीय नागरिकले सरसफाई गर्दै गरेको कार्यः









**उर्लाबारी नगरपालिकाको सामाजिक परिक्षण प्रतिवेदन ०८१।०८२**

| | |
|---|---|
|  |  |
| वडा नं. ७ को कार्यालय तथा वडा नं. ७ को वडा कार्यालय अगाडिको पिच बाटो | मावा शौदर्यीकरणको व्लक निर्माण वडा नं. ७ |
|  |  |
| शान्तिमार्गको अधुरो डबल साइड ड्रेन निर्माण वडा नं. ७ | वडा नं. ६ को जेन्जि आन्दोलनमा जलेको एसि |
|  |  |

| | |
|---|---|
| सप्तकोशि मार्ग ग्राबेल वडा न ४ | वडा न ५ सिर्जना टोलमा ब्लक निर्माण |
|  |  |
| बिशालटोल साइडवाल ग्राबेल वडा नं. ४ | मकालुमार्ग पिच बाटो वडा नं. ४ |
|  |  |
| बिशालटोलको ग्राबेल बाटो बडा न ४ | शिर्जना टोल ब्लक निर्माण वडा नं. ५ |
|  |  |

| वडा नं. ५ को कार्यालयमा कार्यक्रमबारे छलफल | ५ वडा कार्यालयका लागि स्वास्थयको भवनलाई निर्माण गर्दै |
|---|---|
|  |  |
| जेन्जि आन्दोलनमा वडा नं. ५ को कार्यालयमा भएको क्षति | नुनसरी चोकको ग्राबेल बाटो वडा नं. १ |
|  |  |
| वडा नं. १ को कार्यालय | धाउन्ने चोकको ग्राबेल  बाटो वडा नं. १ |
|  |  |

| ३ न. वडाका कर्मचारीसँग कार्यक्रमबारे छलफल | ३ न. वडा जाने बाटो |
| --- | --- |
|  |  |
| वडा नं. १ को स्वास्थ्य चौकी नजिकको प्रतिक्षालय | वडा नं. ३ को वडा कार्यालयको भवन |
|  |  |
| ३ नं. वडा कार्यालय जाने बाटो ग्राबेल बाटो | वडा नं. ९ मा रहेको तामाङ समुदायको गुम्बा |
|  |  |

उर्लाबारी नगरपालिका वडा नं. ८ मा कार्यक्रमबारे छलफल



८ नं. वडा ग्राबेल बाटो खाइवा चोकको बाटो



८ नं. वडा जाने ग्राबेल बाटो



८ नं. वडा जाने ग्राबेल बाटो



६ नं. वडाको सिसौली चोकको ग्राबेल बाटो



६ नं. वडाको सिसौली चोकको ग्राबेल बाटो



| | |
|---|---|
| ५ नं. वडाको सिर्जना टोल ब्लक निर्माण<br> | सप्तकोशी मार्ग ग्राबेल<br> |
| वडा नं. ९ इन्जिनियर सर सँग छलफल<br> | २ नं. वडा कार्यालयको भवन<br> |
| वडा नं. ९ मा अनुदानामा  वितरण गरिएको पानितान्ने पम्प<br> | वडा नं. ९ को आमाली टोलदेखी गाउँसम्म जाने बाटो ग्राबेल<br> |

आज मिति २०८२/१२/११. गतेका दिन उर्लाबारी नगरपालिकाको आयोजना र पकली टेक्नोलोजी इन्स्टिच्युट प्रा.लि. इटहरी, सुनसरीको सहजीकरणमा उर्लाबारी नगरपालिकाको गत आ.ब. (२०८१/०८२) को सामाजिक परिक्षण गर्ने कार्यका लागि उर्लाबारी नगरपालिकाका सरोकारवाला व्यक्तिहरुलाई प्रारम्भिक मस्यौदा प्रतिवेदन माथिको छलफल कार्यक्रम उर्लाबारी नगरपालिकाका नगर प्रमुख श्री गंगा प्रसाद खरेलज्यू को प्रमुख अध्यक्षतामा तपशिलको उपस्थीतिमा सञ्चालन गरी सम्पन्न गरियो ।

<u>तपशिलः</u>

| क्र.स | नाम/थर | कार्यालय/पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | गंगाप्रसाद खरेल | नगर प्रमुख | ९८४२०६८६०८ | |
| २. | मिनाकुमारी खतिवडा | गौडेल नगा. उपप्रमुख | ९८४२०६८६०३ | |
| ३. | अजय कुमार गुप्ता | प्रमुख प्र. अधिकृत | ९८४२०८४९९९ | |
| ४. | तिलक कुमार पाण्डे | वडाअध्यक्ष | ९८१६०३४०६६५ | |
| ५. | चिन्तामणी पौडेल | " – ६ | ९८४२०२४०२२ | |
| ६. | कल्याण कुमार राई | " – ४ | ९८१६३८०३४५ | |
| ७ | कुलचन्द्र कार्की | " – ८ | ९८४२१८८२६६ | |
| ८ | मिस्म बुढाथोकि | " ३ | | |
| ९. | कविता लामा | " ५ | ९८०७३९३२५१. | |
| १० | कृष्ण ब. बस्नेत | उर्लाबारी ६ वडा सदस्य | ९८४२०५३२५६ | |
| ११ | सरिता धिमाल | " | | |
| १२ | कुमार कँडेल | वडा अध्यक्ष वडा २ | ९८४२०४४८५१ | |
| १३ | कल्पना सोनार | का. पा. का सदस्य (वडा नं ८) | ९८६२६०८२८ | |
| १४ | मन माया तामाङ | का.स./सं.सदस्य – ६ | ९८४२०६९०७६ | |
| १५ | कल्पना ....... | " " " ४ | ९८४२०२४२७१ | |
| १६ | सीता बुढाथोकी | " " " २ | ९८४२२०१६५४ | |
| १७ | सन्त कुमारी वि.क | का. पा. " ९ | ९८४२६२८८२६ | |
| १८. | उपेन्द्र तिमिल्सिना | सहभागी | ९८४२०२३५१ | |
| १९. | बलराम सापकोटा | पकली निर्देशक | ९८४२२१८८०३ | |
| २०. | राजेन्द्र सिंह | पकली टिम | ९८०५३४६८२२ | |
| २१. | उर्मिला थापा उर्लावारी ६ वडा | | | |
| २२ | कुबेर कोइराला | अध्यक्ष कर्मचारी | ९८४२९३०६३९ | |
| २३. | रविन्द्र भट्टराई | ०→पकली टिम | | |
| | | | | |

CS Scanned with CamScanner



